# वार्षिक प्रगति प्रतिवेदन

## आर्थिक वर्ष २०७७/०७८




नेपाल सरकार

# गृह मन्त्रालय

# वार्षिक प्रगति प्रतिवेदन

## आर्थिक वर्ष २०७७/०७८

नेपाल सरकार

# गृह मन्त्रालय

# सम्पादक मण्डल

**संयोजक**

**डा. भीष्मकुमार भूसाल, सहसचिव**

नीति, योजना अनुगमन तथा मूल्याङ्कन महाशाखा

**सदस्यहरू**

उपसचिव, मातृका आचार्य

उपसचिव, अर्जुन पौडेल

शा. अ. नरेन्द्र परियार

शा. अ. लक्ष्मी मरासिनी

शा. अ. कुल राज सुवेदी

योजना, अनुगमन तथा मूल्याङ्कन शाखा

प्रकाशकः

नेपाल सरकार

**गृह मन्त्रालय**

सिंहदरवार, काठमाडौं

छापिएको प्रतिः १०००

प्रकाशन मितिः २०७८ माघ

सर्वाधिकारः प्रकाशकमा

मुद्रकः

नेपाल सरकार
गृह मन्त्रालय
GOVERNMENT OF NEPAL
MINISTRY OF HOME AFFAIRS

गृहमन्त्री
MINISTER FOR HOME AFFAIRS



# मन्तव्य

नेपाल सरकार, गृह मन्त्रालय र अन्तर्गतका निकायहरूको आ.व. २०७७/७८ को नीति तथा कार्यक्रम र सो कार्यान्वयनका लागि विनियोजित वजेट र सञ्चालित कार्यक्रमरूको प्रगतिको आधारमा यस मन्त्रालयको वार्षिक प्रगति विवरण तयार गरिएको छ। सीमित स्रोत र साधनको उच्चतम प्रयोग गर्दै आर्थिक वर्ष २०७७/७८ मा मन्त्रालय र अन्तर्गत निकायहरुबाट सञ्चालित कार्यक्रमबाट समाजमा शान्ति, सुव्यवस्था र सुरक्षा कायम गरी जनताको जीउधन र स्वतन्त्रताको संरक्षण, मानव अधिकार र कानूनी शासनको प्रवर्द्धनका साथै कोभिड-१९ को महामारी, बाढी, पहिरो, आगलागी, शीतलहर समेतका विपदबाट नागरिकको जीवन रक्षा गर्दै जनजीवनलाई सहज र सुरक्षित बनाउन समेत मन्त्रालयले निर्वाह गरेको भूमिकामा गुणात्मक सुधार भएको विवरण प्रकाशन गर्न पाउँदा खुसी लागेको छ।

आर्थिक वर्ष २०७७/७८ मा यस मन्त्रालयले सुशासन र मानवअधिकार प्रवर्द्धन, समग्र सुरक्षा व्यवस्थापन, अपराध नियन्त्रण, नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन, सार्वजनिक सम्पत्तिको सुरक्षा, अध्यागमन तथा सीमा प्रशासन व्यवस्थापन, विपद्पश्चातको खोज, उद्धार. राहत, पुनर्स्थापना तथा पुनर्निर्माण, पञ्जीकरण र सामाजिक सुरक्षा व्यवस्थापन, लागु औषध नियन्त्रण जस्ता क्षेत्रमा व्यवस्थित ढङ्गले क्षेत्रगत कार्यक्रम र कृयाकलाप सञ्चालन गरेको देखिन्छ। यसको परिणामस्वरूप मन्त्रालय र मातहतका निकायहरूले प्रवाह गरेको सेवामार्फत बढ्दो नागरिक अपेक्षा सम्बोधन गर्ने अधिकतम प्रयास हुनुका साथै दिगो शान्ति, सुशासन, विकास र समृद्धि हासिल गर्ने राष्ट्रिय अभियानमा यस मन्त्रालयको सकरात्मक र गुणात्मक योगदान पुग्ने विश्वास लिएको छु।

वार्षिक प्रगति प्रतिवेदन प्रकाशनको माध्यमबाट मन्त्रालयले सम्पादन गरेका कार्यहरू सरोकारवाला पक्षबीच आधिकारिक रूपमा सम्प्रेषण हुने र कार्यसम्पादनको व्यवस्थित अभिलेखसमेत रहने हुँदा यस किसिमको विवरण प्रकाशन गर्ने विषय महत्वपूर्ण रहने विश्वास लिएको छु। अन्त्यमा, यो प्रगति विवरण तयार गर्ने कार्यमा संलग्न हुने र आर्थिक वर्ष २०७७/७८ को समग्र उपलब्धि हासिल गर्न योगदान गर्नुहुने सबै निकाय र अधिकारीहरूप्रति हार्दिक धन्यवाद व्यक्त गर्दै आगामी दिनमा अझ सकरात्मक र रचनात्मक ढङ्गले देश र जनताको सेवामा समर्पित हुन सवैलाई आग्रह गर्दछु।

बालकृष्ण खाण
(गृहमन्त्री)

Ministry of Home Affairs, Singha Durbar, Kathmandu, Nepal
Tel : +977-1-4211229, 4211247, Fax : +977-1-4211232

नेपाल सरकार

# गृह मन्त्रालय

पत्र संख्याः-
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:-

सिंहदरबार,
काठमाडौं, नेपाल ।



## अभिस्वीकृति

आर्थिक वर्ष २०७७/७८ को नेपाल सरकारको नीति तथा कार्यक्रम र वार्षिक बजेटको कार्यान्वयनबाट यस मन्त्रालयले हासिल गरेको समष्टिगत प्रगति विवरण, चालु बजेट वक्तव्यमा यस मन्त्रालयसँग सम्बन्धित बुँदाहरू र सोको कार्यान्वयनको अवस्था, मन्त्रालयले सामना गर्नुपरेका समस्या, चुनौती र आगामी कार्यदिशा समेतलाई समावेश गरी यस मन्त्रालयको वार्षिक प्रगति प्रतिवेदन प्रकाशन गरिएको छ।

विश्वव्यापी महामारीको रूपमा देखा परेको कोभिड-१९, बाढी, पहिरो, डुबान, शीतलहरजस्ता प्राकृतिक तथा मानवीय विपदहरू आ.व. २०७७/७८ को वार्षिक नीति तथा कार्यक्रम कार्यान्वयनमा अवरोधका रूपमा देखा परेका थिए। तथापि मन्त्रालय र मातहत कार्यालयका सुरक्षाकर्मी एवं कर्मचारीहरूको अथक मिहिनेतले कार्यसम्पादन उल्लेख्य र उपलब्धिपूर्ण रह्यो। आ.व. २०७७/७८ मा नेपाल सरकारको नीति तथा कार्यक्रम अनुसारको वार्षिक बजेट कार्यान्वयनमा चालु बजेट खर्चतर्फ ९३.०७ प्रतिशत, पुँजीगत बजेट खर्चतर्फ ८७.१३ प्रतिशत र समग्रमा ९२.६९ प्रतिशत प्रगति हासिल भएको छ। मन्त्रालय र अन्तर्गतका विभाग, कार्यालय र सुरक्षा निकायहरूको कार्यसम्पादनस्तर सन्तोषजनक रहेको छ।

यस अवधिमा सबै नागरिकको पहिचान सहितको एकीकृत विवरणलाई व्यवस्थित गर्न राष्ट्रिय परिचयपत्र कार्यक्रमलाई अभियानकै रूपमा सञ्चालन गर्न प्रारम्भ गरिएको छ। सामाजिक सुरक्षालाई थप एकीकृत र सूचना प्रविधिमा आधारित बनाउने आधारशीला तयार भैरहेको छ। अध्यागमन र सीमा प्रशासनमा निरन्तर सुधार गरिएको छ। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण गठन भई विपद न्यूनीकरणमा गरिएको एकीकृत प्रयासले विपद् व्यवस्थापनमा थप सहजीकरण भएको छ। कारागारलाई सुधार गृहको रूपमा विकास गर्न आवश्यक पर्ने पूर्वाधार विकास र क्षमता विकासमा जोड दिइएको छ। कोभिड-१९ महामारी र विपद व्यवस्थापनमा सुरक्षा निकायहरूले अग्रपङ्क्तिमा रही सीमा व्यवस्थापन, क्वारेन्टिन, आइसोलेसन वार्ड निर्माण, ट्राफिक व्यवस्थापन, सामाजिक दुरी कायम गराउने एवं भीडभाडजन्य गतिविधि व्यवस्थापन र तत्कालको राहत तथा पुनर्स्थापना कार्यक्रममा खेलेको भूमिका प्रशंसनीय रह्यो। गुणात्मक एवं तथ्यमा आधारित अपराध अनुसन्धान एवं अभियोजनमा समेत सुरक्षा निकायलाई सफलता मिलेको छ।

उपर्युक्त सुधार एवं उपलब्धिहरूका बाबजुद गृह प्रशासनबाट प्रदान गरिने सेवाहरूलाई प्रविधिमा आधारित र स्वचालित बनाउन अझ मिहिनेत गर्नुपर्ने अवस्था छ। सार्वजनिक सेवालाई जनमुखी, प्रतिस्पर्धी र गुणात्मक तुल्याउन मन्त्रालय र मातहतका निकायहरूले अझ लगनशील भई धेरै मेहनत गर्नुपर्ने देखिन्छ। सङ्घीयताको सन्दर्भमा यस मन्त्रालयले प्रदान गर्ने सेवामा तीनै तहबीच समन्वय र सहकार्य पनि उत्तिकै जरुरी छ। त्यसको लागि गृह प्रशासनलाई थप प्रभावकारी बनाई समाजमा शान्ति, सुरक्षा, सुव्यवस्था कायम गर्न र समग्र सुशासन कायम गर्नका लागि मन्त्रालय र अन्तर्गतका निकायहरुले प्रदान गर्दै आएको सेवामा गुणात्मक र परिमाणात्मक सुधार गर्नका लागि गृह प्रशासन सुधार कार्ययोजना स्वीकृत भई कार्यान्वयनको चरणमा रहेको छ।

मन्त्रालयले गरेका कृयाकलापहरुको व्यवस्थित अभिलेख सहितको संस्थागत संस्मरणको निरन्तरताको अभावमा सुधारका प्रयासलाई व्यवस्थित गर्न नसकिएको सन्दर्भमा यस वार्षिक प्रगति विवरण प्रकाशन महत्वपूर्ण कोशेढुङ्गा हुने विश्वास लिएको छु। अन्त्यमा, प्रस्तुत प्रतिवेदनका लागि आवश्यक तथ्याङ्क एवं सूचना उपलब्ध गराउने सवै निकायहरू र प्रतिवेदन तयार गर्ने कार्यमा संलग्न हुनुहुने महाशाखा प्रमुख लगायतका सवै कर्मचारीहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु।

टेकनारायण पाण्डे
सचिव

## सम्पादकीय

कुनै पनि सार्वजनिक निकायले आफ्नो कार्यसम्पादनको समग्र चित्र प्रस्तुत हुने गरी आवधिक रूपमा प्रगति प्रतिवेदन सार्वजनिक गर्नुपर्दछ। नागरिकहरूको सुसूचित हुने संवैधानिक हकको रक्षा गर्न, संस्थागत जवाफदेहिता सुनिश्चित गर्न तथा सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ६ बमोजिम प्रशासनिक कार्य सञ्चालन गर्न भएको सुनिश्चित गर्दै दफा १६ बमोजिम पारदर्शिता कायम गर्न समेत सोही ऐनको दफा ४१ को व्यवस्था बमोजिम गृह मन्त्रालयले आर्थिक वर्ष २०७७/७८ को वार्षिक प्रतिवेदन सार्वजनिक गरेको छ।

गृह मन्त्रालयको संरचना देशका प्रत्येक जिल्ला देखि इलाकासम्म फैलिएको हुँदा यस मातहतका विभाग एवं सयौं कार्यालयहरूको कार्यसम्पादनको प्रगति विवरण सङ्कलन एवं सम्पादन गर्न अनपेक्षित रूपले बढी समय लाग्ने गरेको छ। कतिपय प्रतिवेदक निकायले पेश गरेको प्रतिवेदनको गुणस्तर कमजोर भएको अवस्थामा कार्यालयको कार्यसम्पादन उत्कृष्ट भएतापनि त्यसलाई प्रतिवेदनमा झल्काउन नसकिएको अवस्था समेत विद्यमान छ।

तसर्थ यस प्रतिवेदनमा कतिपय निकायको वास्तविक कार्यसम्पादनलाई समेट्न सकिएको छैन। संस्थागत संस्मरणका हिसाबले व्यवस्थित अभिलेखीकरण नभएको कारणले पनि प्रतिवेदनमा सबै निकायको कार्यसम्पादनको विगत वर्षहरूको प्रगतिसँग तुलनात्मक प्रस्तुति हुने गरी तथ्याङ्क प्रस्तुत गर्न सकिएको छैन। आगामी वर्षहरूमा सबै निकायका अझ वस्तुनिष्ठ सूचक सहितको कार्यसम्पादनको प्रवृत्ति विश्लेषण गर्न यो प्रतिवेदनले आधार प्रदान गर्नेछ भन्ने अपेक्षा लिएका छौं।

नेपाल सकारका नीति तथा कार्यक्रम, बजेट वक्तव्यमा उल्लिखित गृह मन्त्रालय सम्वद्ध क्रियाकलापहरू र गृह प्रशासन सुधार कार्ययोजना, २०७८ समेत यो प्रतिवेदनले समेटेको छ। उक्त कार्ययोजनाबाट मन्त्रालय र मातहतका निकायहरूका लागि आगामी आर्थिक वर्षहरूका लागि बजेट तथा कार्यक्रम तर्जुमा गर्न समेत मार्गदर्शन हुनेछ भन्ने कुरामा हामी विश्वस्त छौं। त्यसको साथै सरोकारवाला निकायहरूलाई गृह मन्त्रालय र मातहतको कार्यसम्पादनको बारेमा यथार्थ जानकारी प्रदान गर्न समेत यस वार्षिक प्रगति प्रतिवेदनले सहयोग पुऱ्याउने ने छ।

अन्त्यमा यो प्रतिवेदन तयार गर्ने क्रममा अथक मिहिनेत गर्नुहुने उपसचिव मातृका आचार्य एवं अर्जुन पौडेल, शाखा अधिकृतहरू नरेन्द्र परियार, लक्ष्मी मरासिनी र कुलराज सुवेदी तथा योजना, अनुगमन तथा मूल्याङ्कन शाखाका समग्र कर्मचारीहरूका साथै प्रतिवेदक निकायबाट सूचना उपलब्ध गराउने सबै जिम्मेवार कर्मचारीहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु। समय र तथ्याङ्कको अभावले सबै निकायको प्रस्तुति एउटै ढाँचा र भारमा राख्न नसकिएको प्रति क्षमायाचना गर्दछु। यसमा देखिएका व्याकरणीय त्रुटीहरूमा म आफै जिम्मेवार रहेको व्यहोरा स्वीकार गर्दछु।

**डा. भीष्मकुमार भूसाल**
संयोजक, सम्पादन मण्डल

# विषयानुक्रम

परिच्छेद - एक ........ १

परिचय ........ १

१.१ गृह मन्त्रालय ........ १

१.१.१ पृष्ठभूमि ........ १

१.१.२ दृष्टिकोण ........ १

१.१.३ लक्ष्य ........ १

१.१.४ उद्देश्य ........ २

१.१.५ कार्यहरू ........ २

१.१.६ गृह मन्त्रालयको कार्यक्षेत्र ........ ४

१.१.७ गृह प्रशासन सम्बद्ध प्रत्यक्ष परोक्ष ऐन, नियम, मापदण्ड तथा कार्यविधिहरू ........ ४

१.१.८ गृह मन्त्रालयको सङ्गठन संरचना ........ ८

१.२ गृह मन्त्रालय अन्तर्गतका महाशाखाहरू ........ ९

१.२.१ प्रशासन महाशाखा ........ ९

१.२.२ सुरक्षा तथा समन्वय महाशाखा ........ ९

१.२.३ आन्तरिक व्यवस्थापन महाशाखा ........ ९

१.२.४ नीति, योजना, अनुगमन तथा मूल्याङ्कन महाशाखा ........ १०

१.२.५ विपद् तथा द्वन्द्व व्यवस्थापन महाशाखा ........ १०

१.२.६ कानुन महाशाखा ........ १०

१.३ गृह मन्त्रालय अन्तर्गतका विभागहरू ........ ११

१.३.१ नेपाल प्रहरी ........ ११

१.३.२ सशस्त्र प्रहरी बल, नेपाल ........ १९

१.३.३ राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण ........ २९

१.३.४ अध्यागमन विभाग ........ ३५

१.३.५ कारागार व्यवस्थापन विभाग ... ५१

**परिच्छेद-२ ... ५५**

**आ. व. २०७७/७८ को कार्यप्रगति ... ५५**

**२.१ गृह मन्त्रालयको प्रगति समीक्षा ... ५५**

**२.२ महाशाखा/शाखागत प्रगति विवरण ... ५८**

२.२.१ कानुन महाशाखा ... ५८

२.२.२ आन्तरिक व्यवस्थापन महाशाखा ... ६०

२.२.३ विपद् तथा द्वन्द्व व्यवस्थापन महाशाखा ... ६२

२.२.४ सुरक्षा तथा समन्वय महाशाखा ... ६४

२.२.५ प्रशासन महाशाखा ... ७८

२.२.६ नीति योजना अनुगमन तथा मूल्याङ्कन महाशाखा ... ८४

**२.३ विभागीय प्रगति समीक्षा ... ८८**

२.३.१ नेपाल प्रहरी ... ८८

२.३.२ सशस्त्र प्रहरी बल, नेपाल ... १०५

२.३.३ राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण ... ११४

२.३.४ अध्यागमन विभाग ... ११८

२.३.५ कारागार व्यवस्थापन विभाग ... १२१

२.३.६ राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग ... १२५

**परिच्छेद - तीन ... १३४**

**समस्या तथा चुनौतीहरू ... १३४**

**३.१ नेपाल प्रहरीले सामना गर्नुपरेका समस्या तथा चुनौतीहरू ... १३४**

३.१.१ प्रहरी प्रशासन तथा व्यवस्थापनतर्फ ... १३४

३.१.२ अपराध नियन्त्रण तथा अनुसन्धान ... १३५

३.१.३ प्रहरी परिचालन र कार्यतर्फ ... १३६

३.१.४ सञ्चार तथा सूचना प्रविधितर्फ ... १३७

३.१.५ प्रहरी प्रशिक्षण केन्द्रहरूको क्षमता विस्तारतर्फ ... १३७

३.२ सशस्त्र प्रहरी बल, नेपाल ........ १३८
३.३ राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण ........ १३९
३.४ अध्यागमन विभाग ........ १३९
३.५ कारागार व्यवस्थापन विभाग ........ १४०
३.६ राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग ........ १४१
परिच्छेद - चार ........ १४२
नीति तथा कार्यक्रम, न्यूनतम साझा कार्यक्रम र समयवद्ध क्रियाकलापहरू ........ १४२
४.१ आ.व. २०७८/७९ को बजेट, नीति कार्यक्रम र माइलस्टोनहरू ........ १४२
४.१.१ गृह मन्त्रालयसँग सम्बन्धित वार्षिक नीति तथा कार्यक्रमहरू ........ १४२
४.१.२ बजेट वक्तव्यसँग सम्बन्धित बुँदाहरू ........ १४५
४.२ नतिजासूचक र समयवद्ध क्रियाकलापहरू (Milestone) ........ १५०
४.२.१ प्राथमिकताप्राप्त कार्यक्रम (P१) को प्रगति अवस्था ........ १५०
४.२.२ राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकका निर्णय कार्यान्वयन ........ १५१
४.२.३ पन्ध्रौं योजनाको नतिजासूचकमा भएको प्रगति ........ १५३
४.२.४ माइलस्टोनको प्रगति अवस्था ........ १५४
परिच्छेद — पाँच ........ १६५
गृह प्रशासन सुधार कार्ययोजना, २०७८ ........ १६५
५.१ पृष्ठभूमि ........ १६५
५.२ उद्देश्य ........ १६६
५.३ रणनीतिहरू ........ १६६
५.४ गृह प्रशासन सुधार कार्ययोजना, २०७४ को समीक्षा ........ १६६
५.५ सुधारका क्षेत्र र कार्यदिशा ........ १६६
५.६ सुधार कार्ययोजना ........ १६९
५.६.१ नीतिगत र कानुनी सुधार ........ १६९
५.६.१(क) कार्यविधि तथा मापदण्डहरू ........ १७१
५.६.२ शान्ति सुरक्षा र अपराध नियन्त्रण ........ १७६
५.६.३ सङ्गठनात्मक सुधार एवं भौतिक पूर्वाधार निर्माण ........ १७८

५.६.४ जनशक्ति व्यवस्थापन तथा क्षमता विकास ......... १८६
५.६.५ विपद् व्यवस्थापन ......... १८८
५.६.६ सेवा प्रवाह र सुशासन ......... १९१
५.६.७ अध्ययन, अनुसन्धान तथा सूचना प्रविधिमा आधारित गृह प्रशासन ......... १९४
५.६.८ समन्वय तथा सहजीकरण ......... २००
५.६.९ आर्थिक अनुशासन र सदाचार ......... २०१
५.६.१० कार्ययोजना कार्यान्वयन, अनुगमन र मूल्याङ्कन ......... २०२
अनुसूचीहरू ......... २०३

## तालिकाहरूको सूची

| तालिका नं. | विषय | पेज नं. |
|---|---|---|
| तालिका नं. १.३.२.५.१ | मौजुदा कानुनी तथा कार्यविधिगत व्यवस्था | २७ |
| तालिका नं. १.३.४.१ | अध्यागमन विभागको स्वीकृत दरवन्दी र पदपूर्ति | ३७ |
| तालिका नं. १.३.४.२ | भिसा दस्तुर | ४६ |
| तालिका नं. १.३.४.३ | निर्णय गर्ने प्रक्रिया र अधिकारी | ५० |
| तालिका नं. १.३.५.४.१ | कर्मचारीहरूको दरबन्दी विवरण | ५४ |
| तालिका नं. २.१.१ | गृह मन्त्रालय र मातहत निकायको वित्तीय प्रगतिको समग्र स्थिति | ५५ |
| तालिका नं. २.१.२ | गृह मन्त्रालय र मातहत निकायको बजेट उपशीर्षक अन्तर्गत वित्तीय प्रगतिको समग्र स्थिति | ५६ |
| तालिका नं. २.१.३ | गृह मन्त्रालय अन्तर्गत सञ्चालित आयोजना एवं निकायहरूको प्रगति विवरण (विभागतर्फको बाहेक) | ५७ |
| तालिका नं. २.२.१.१ | ऐन, नियम, निर्देशिका तथा कार्यविधि तर्जुमा | ५८ |
| तालिका नं. २.२.२.१ | इन्धन तथा मर्मत खर्चको वार्षिक विवरण | ६० |
| तालिका नं. २.२.२.२ | कार्यालयगत बेरुजुको अवस्था | ६० |
| तालिका नं. २.२.४.१ | स्थानीय प्रशासन तथा प्रदेश समन्वय शाखाबाट सम्पादित मुख्य कार्यहरू | ७० |
| तालिका नं. २.२.४.२ | सीमा तथा अध्यागमन शाखाबाट सम्पादित मुख्यमुख्य कार्यहरू | ७७ |
| तालिका नं २.२.५.१ | प्रहरी कर्मचारी प्रशासन शाखाबाट सम्पादन भएका कार्यहरू | ७९ |
| तालिका नं. २.२.५.२ | गुनासो व्यवस्थापन शाखाबाट सम्पादन भएका मुख्यमुख्य कार्य प्रगति | ८३ |
| तालिका नं. २.२.५.३ | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको निर्णय कार्यान्वयनका लागि गृह मन्त्रालयमा प्राप्त लगत, मिसिलको विवरण | ८३ |
| तालिका नं. २.२.६.१: | लागु औषध नियन्त्रण शाखाबाट सम्पादन भएका मुख्य मुख्य कार्यहरू | ८५ |
| तालिका नं. २.२.६.२ | नागरिकता तथा रा. प. व्य. शाखाबाट सम्पादित मुख्यमुख्य क्रियाकलापहरू | ८७ |
| तालिका नं. २.३.१.१ | नेपाल प्रहरी तर्फ आ.व. २०७७/७८ मा बजेट विनियोजन र खर्चको अवस्था | ८८ |
| तालिका नं. २.३.१.२ | अपराध अनुसन्धान सम्बन्धी तालिम | ९३ |
| तालिका नं. २.३.१.३ | प्रहरी अपरेशनबाट बरामद भएको लागु औषध | ९३ |
| तालिका नं. २.३.१.४ | अपराधको त्रि-वर्षीय प्रवृत्ति | ९८ |
| तालिका नं. २.३.१.५ | दण्ड जरिवाना र सजाय आदिबाट राजस्व सङ्कलन | १०१ |
| तालिका नं. २.३.१.६ | लागु औषध बरामद | १०१ |
| तालिका नं. २.३.१.७ | बरामद लागु औषधको प्रकार | १०२ |
| तालिका नं. २.३.१.८ | अवैध हातहतियार बरामद | १०२ |
| तालिका नं. २.३.१.९ | मुद्दा दर्ता र फछ्र्यौट | १०२ |

| | | |
|---|---|---|
| तालिका नं. २.३.१.१० | लैङ्गिक हिंसा- मुद्दा दर्ता तथा फछ्र्यौट सम्बन्धी तथ्याङ्क | १०३ |
| तालिका नं. २.३.१.११ | जातीय भेदभाव तथा छुवाछूतको त्रि-वर्षीय मुद्दा दर्ता तथा फछ्र्यौट सम्बन्धी तथ्याङ्क | १०३ |
| तालिका नं. २.३.१.१२ | सडक दुर्घटनाको विवरण | १०४ |
| तालिका नं. २.३.१.१३ | ट्राफिक कारबाही | १०४ |
| तालिका नं. २.३.१.१४ | सडक दुर्घटनाबाट भएको क्षतिको विवरण | १०४ |
| तालिका नं. २.३.२.१ | आ.व. २०७७/७८ मा सशस्त्र प्रहरी बल, नेपालतर्फको बजेट विनियोजन र खर्चको अवस्था | १०५ |
| तालिका २.३.२.३ | गुनासो तथा उजुरी र फछ्र्यौटको अवस्था | १११ |
| तालिका नं. २.३.३.१ | आ.व.२०७७/७८ मा बजेट विनियोजन तथा खर्चको अवस्था (रू.हजारमा) | ११४ |
| तालिका नं. २.३.३.२ | आ.व. २०७७/७८ को बजेट विनियोजन तथा खर्चको स्रोतगत अवस्था | ११४ |
| तालिका नं. २.३.३.३ | विपदबाट भएको मानवीय क्षति | ११७ |
| तालिका नं. २.३.४.१ | अध्यागमन विभाग र अन्तर्गतको कार्यालयको कुल बजेट र खर्च | ११८ |
| तालिका नं. २.३.४.२ | गैरपर्यटक शाखाबाट जारी भिसाको सङ्ख्यात्मक प्रगति विवरण | ११९ |
| तालिका नं. २.३.५.१ | कारागार व्यवस्थापन विभागको बजेट विनियोजन र खर्च | १२१ |
| तालिका नं. २.३.५.२ | मुख्यमुख्य गतिविधिहरू | १२२ |
| तालिका नं. २.३.५.३ | कारागार भवन एवं संरचनाहरूको निर्माणको अवस्था | १२३ |
| तालिका नं. २.३.५.४ | कैदीबन्दीहरूमा कोभिड-१९ को प्रभाव | १२४ |
| तालिका नं. २.३.६.१ | राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग | १२५ |
| तालिका नं. २.३.६.२ | विभाग अन्तर्गतका कार्यक्रमका लागि वार्षिक बजेट विनियोजन र खर्चको अवस्था | १२६ |
| तालिका नं. २.३.६.३ | जिल्ला प्रशासन कार्यालयहरू र स्थानीय तहका नाममा निकासा/हस्तान्तरण भएको रकम | १२७ |
| तालिका नं २.३.६.४ | मुख्य नतिजा सूचकमा आधारित वार्षिक भौतिक लक्ष्य तथा प्रगति विवरण | १२७ |
| तालिका नं. २.३.६.४ | माइलस्टोन सम्बन्धी समग्र प्रगतिको अवस्था | १३१ |
| तालिका नं. ४.२.१.१ | P1 अन्तर्गतका कार्यक्रमहरूको प्रगतिको अवस्था | १५० |
| तालिका नं. ४.२.२.१ | राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकका निर्णय कार्यान्वयनको अवस्था | १५१ |
| तालिका नं. ४.२.३.१ | पन्ध्रौं योजनाका नतिजासूचकको प्रगति अवस्था | १५३ |
| तालिका नं. ४.२.४.१ | सम्पन्न हुन नसकेका/ कार्यान्वयनको क्रममा रहेका माइलस्टोनहरू | १५५ |
| तालिका नं. ४.२.४.२ | आर्थिक वर्ष २०७८/७९ को बजेट कार्यान्वयन कार्ययोजना (माइलस्टोन) | १५७ |

## रेखाचित्रहरूको सूची


| | | |
|---|---|---|
| रेखाचित्र नं. २.३.२.१ | सीमा सुरक्षामा कार्यरत युनिटहरू | १०६ |
| रेखाचित्र नं. २.३.२.२ | स्थापना भएका बि.ओ.पि. संख्या | १०७ |
| रेखाचित्र नं. २.३.२.३ | सीमा समन्वयात्मक बैठक | १०८ |
| रेखाचित्र नं. २.३.२.४ | बरामद लागु औषधको प्रकृति | १०९ |
| रेखाचित्र नं. २.३.२.५ | नेपाल ए.पी.एफ. अस्पतालबाट PCR परीक्षण | ११३ |
| रेखाचित्र नं. २.३.२.६ | नेपाल ए.पी.एफ. अस्पतालबाट कोभिड-१९ बिरामी उपचार | ११३ |
| रेखाचित्र नं. २.३.६.१ | माइलस्टोनको प्रगति अवस्था | १३१ |


## अनुसूचीहरू


| | | |
|---|---|---|
| अनुसूची -१ | वि.सं. २०४७ देखि हालसम्मका माननीय गृह मन्त्रीज्यूहरूको नामावली र कार्यकाल | २०३ |
| अनुसूची -२ | वि.सं. २००७ देखि हालसम्मका गृह सचिवज्यूहरूको नामावली र कार्यकाल | २०४ |
| अनुसूची -३ | आ.व. २०७७/७८ को वार्षिक कार्यसम्पादन सम्झौता मूल्याङ्कनको नतिजा | २०६ |
| अनुसूची -४ | गृह मन्त्रालयका सचिवालय,महाशाखा तथा शाखाहरूको सम्पर्क नम्बरहरू | २०७ |
| अनुसूची -५ | जिल्ला प्रशासन कार्यालय र प्रमुख जिल्ला अधिकारीहरूका फोन नम्बरहरू | २०८ |

परिच्छेद - एक

# परिचय

## १.१ गृह मन्त्रालय

### १.१.१ पृष्ठभूमि

नेपालमा २००७ सालको राजनैतिक परिवर्तनपश्चात् देशको आन्तरिक कार्यको व्यवस्थापन हेर्ने गरी गृह मन्त्रालयको स्थापना भयो। वि.सं. २०१७ सालमा पञ्चायती व्यवस्थाको स्थापनापछि गृह मन्त्रालयको नाम परिवर्तन गरी गृह पञ्चायत मन्त्रालय बनाइयो। वि.सं. २०१८ सालमा नेपाललाई १४ अञ्चल ७५ जिल्लामा विभाजन गरी अञ्चलाधीश र प्रमुख जिल्ला अधिकारीको व्यवस्था भयो। स्थानीय प्रशासन ऐन, २०२८ लागू भएपछि अञ्चलाधीश र प्र.जि.अ.को काम, कर्तव्य र अधिकार कानुनी रूपमा व्यवस्थित गरियो। वि.सं. २०३७ सालमा गृह मन्त्रालयबाट पञ्चायत सम्बन्धी काम छुट्ट्याई सो सम्बन्धी काम हेर्ने छुट्टै स्थानीय विकास मन्त्रालयको गठन भएपछि गृह मन्त्रालयको मुख्य कार्यभार शान्ति सुव्यवस्था र स्थानीय प्रशासन रहन गयो।

"मुलुकमा शान्ति सुव्यवस्था र सुरक्षा कायम गरी जनताको जीउ धन र स्वतन्त्रताको संरक्षण गर्नु" गृह प्रशासनको मुख्य उद्देश्य हो। गृह प्रशासनलाई सबल र सक्षम बनाई जनतामा सुरक्षाको अनुभूति दिलाउन र सेवा प्रवाहलाई प्रभावकारी बनाई सुशासन कायम गर्न गृह मन्त्रालय मातहत नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, कारागार व्यवस्थापन विभाग, अध्यागमन विभाग, राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण विभाग र कसूरजन्य सम्पत्ति व्यवस्थापन विभाग (२०७८ असोज १७ मा स्थापित) रहेका छन्। स्थानीय स्तरमा ७७ वटै जिल्लामा जिल्ला प्रशासन कार्यालय, ७३ इलाका प्रशासन कार्यालय तथा ७ वटा सीमा प्रशासन कार्यालय क्रियाशील रहेका छन्।

### १.१.२ दृष्टिकोण

नेपालको प्रचलित संविधान तथा कानुनद्वारा प्रत्याभूत नागरिक स्वतन्त्रता, विधिको शासन, मानव अधिकार लगायत लोकतान्त्रिक मूल्य र मान्यतालाई सम्मान गर्ने गरी कार्य गर्नु गृह प्रशासनको दृष्टिकोण रहेको छ।

### १.१.३ लक्ष्य

गृह प्रशासनलाई जनताको माग र आधारभूत आवश्यकता अनुरूप सञ्चालन गरी देशमा भरपर्दो शान्ति सुरक्षा प्रदान गर्नु गृह प्रशासनको लक्ष्य रहेको छ ।

### १.१.४ उद्देश्य

शान्ति सुव्यवस्था र सुरक्षा कायम गरी जनताको जीउ, धन र स्वतन्त्रताको संरक्षण गर्नु गृह मन्त्रालयको मूलभूत उद्देश्य रहेको छ ।

### १.१.५ कार्यहरू

नेपाल सरकार (कार्य–विभाजन) नियमावली, २०७४ अनुसार गृह मन्त्रालयबाट सम्पादन गरिने कार्यहरू देहाय अनुसार रहेका छन् -

१. आन्तरिक सुरक्षा तथा शान्ति सुव्यवस्था सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना  कार्यान्वयन र नियमन,

२. विशिष्ट व्यक्ति, महत्त्वपूर्ण स्थल, भवन, संरचना, कूटनीतिक नियोग र लोकमार्गको सुरक्षा सम्बन्धी सूचना सङ्कलन, विश्लेषण, उपयोग, समन्वय र सुरक्षा प्रवन्ध,

३. सङ्घ र प्रदेश प्रहरी प्रशासन सम्बन्धी कार्य, सुपरीवेक्षण र समन्वय,

४. अपराध रोकथाम तथा नियन्त्रण सम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन,

५. अपराध अनुसन्धान र अपराध अनुसन्धानको अभिलेख,

६. अपराध नियन्त्रण सम्बन्धी अन्ताराष्ट्रिय, क्षेत्रीय समन्वय तथा सहयोग,

७. सपुर्दगी सम्बन्धी कानुन, सन्धि, सम्झौता र कार्यान्वयन,

८. नागरिकता सम्बन्धी नीति, कानुन, कार्यान्वयन र नियमन,

९. पारिवारिक मामिला (विवाह, सम्पत्ति हस्तान्तरण, सम्वन्ध-विच्छेद, लोपोन्मुख, टुहुरा, धर्मपुत्र, धर्मपुत्री उत्तराधिकार र संयुक्त परिवार) सम्बन्धी कानुन,

१०. उमेर, नाम र जात सच्याउने सम्बन्धी नीति, कानुन, मापदण्ड, कार्यान्वयन र नियमन,

११. हातहतियार, खरखजाना तथा बिस्फोटक पदार्थको प्रयोग सम्बन्धी नीति, कानुन, मापदण्ड, कार्यान्वयन, नियन्त्रण र नियमन,

१२. यातना पीडित सम्बन्धी नीति, कानुन, मापदण्ड, समन्वय र नियमन,

१३. निवारक नजरबन्द, कारागार तथा हिरासत व्यवस्थापन सम्बन्धी नीति, कानुन र मापदण्ड,

१४. अभियुक्त, थुनुवा र कैदी अन्तर प्रदेश स्थानान्तरण सम्बन्धी कार्य,

१५. शरणार्थी मामिला सम्बन्धी नीति, कानुन र व्यवस्थापन सम्बन्धी कार्य,

१६. सम्पत्ति प्राप्ति, जग्गा प्राप्ति, अधिग्रहण र मुआब्जा सम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन,

१७. चिठ्ठा तथा जुवा नियन्त्रण सम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन,

१८. विपद् व्यवस्थापन सम्बन्धी राष्ट्रिय नीति, कानुन, मापदण्ड, कार्यान्वयन र नियमन,

१९. राष्ट्रिय विपद् कोष स्थापना सञ्चालन तथा प्रादेशिक विपद् कोषमा सहयोग र समन्वय,

२०. सजाय, माफी, मुल्तबी र परिवर्तन,

२१. निर्वाचन तथा जनमत सङ्ग्रह,

२२. सार्वजनिक बिदा, उत्सव, उर्दी आदिको व्यवस्थापन,

२३. इन्टरपोल तथा अन्ताराष्ट्रिय प्रहरी सङ्गठनहरूसँगको सम्पर्क र समन्वय,

२४. मानव अधिकार र नागरिक स्वतन्त्रताको संरक्षण तथा प्रवर्द्धन,

२५. अन्ताराष्ट्रिय शान्ति स्थापना कार्यमा सहयोग र समन्वय,

२६. अन्ताराष्ट्रिय सीमा, सीमा स्तम्भको सुरक्षा, सीमा प्रशासन तथा अन्ताराष्ट्रिय सीमानाको सुरक्षा,

२७. सशस्त्र विद्रोह, आर्थिक तथा सङ्गठित अपराध, आतङ्ककारी क्रियाकलाप एवं अवैध सङ्घ संस्थाहरूको गतिविधि नियन्त्रण र बारुदी सुरुङ्गको निवारण,

२८. सार्वजनिक चासो र महत्वका सूचना सङ्कलन, आदानप्रदान, विश्लेषण, उपयोग र संरक्षण,

२९. राष्ट्रिय परिचयपत्र व्यवस्थापन सम्बन्धी नीति, कानुन, मापदण्ड, कार्यान्वयन र नियमन,

३०. विदेशी नागरिकको प्रवेश, उपस्थिति, गतिविधि तथा प्रस्थानको व्यवस्थापन, नियमन, नियन्त्रण र अभिलेखीकरण,

३१. अध्यागमन सम्बन्धी कार्य,

३२. अत्यावश्यक वस्तु वा सेवाको आपूर्ति समन्वय,

३३. उपाधि, सम्मान तथा विभूषण र सुशोभन,

३४. द्वन्द्व पीडित तथा विस्थापित व्यक्तिहरूको राहत तथा पुनर्स्थापना,

३५. आर्थिक सहायता,

३६. लागु औषध नियन्त्रण, रोकथाम र पुनर्स्थापना केन्द्र व्यवस्थापन,

३७. धार्मिक विषय, तीर्थस्थान र तीर्थयात्री,

३८. कल्याणधन र बेवारिसे धन,

३९. सार्वजनिक स्थानमा अवाञ्छनीय व्यवहारको रोकथाम, मादक पदार्थ नियन्त्रण, सार्वजनिक अपराधको नियन्त्रण,

४०. सार्वजनिक चन्दा सङ्कलन नियमन र नियन्त्रण,

४१. गृह प्रशासन (कारागार, शान्ति सुव्यवस्था, लागू औषध, प्रकोप व्यवस्थापन, सुपुर्दगी लगायत) विषयक राष्ट्रिय अन्ताराष्ट्रिय समन्वय र सम्पर्क,

४२. निर्वाचन आयोग,

४३. नेपाल प्रहरी,

४४. सशस्त्र प्रहरी बल, नेपाल,

४५. प्रहरी कल्याण,

४६. सार्वजनिक बिषयसँग सम्बन्धित विवाद, घटनाको जाँचबुझ र अनुसन्धान,

४७. सवारी नियन्त्रण तथा सरकारी सवारी साधनको व्यवस्थापन र समन्वय,


४८. मन्त्रालय सम्बन्धी राष्ट्रिय अन्ताराष्ट्रिय सङ्घ संस्थासँग सन्धि, सम्झौता, सम्पर्क र समन्वय,

४९. मन्त्रालय सम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान आदिको सञ्चालन र नियमन,

५०. अन्य मन्त्रालयको कार्यविभाजनमा नपरेका विषय आदि ।

### १.१.६ गृह मन्त्रालयको कार्यक्षेत्र

नेपाल सरकार (कार्य–विभाजन) नियमावली, २०७४ अनुसार गृह मन्त्रालयबाट सम्पादन गरिने कार्यहरू समेट्ने क्षेत्र नै गृह मन्त्रालयको कार्यक्षेत्र हो ।




### १.१.७ गृह प्रशासन सम्बद्ध प्रत्यक्ष परोक्ष ऐन, नियम, मापदण्ड तथा कार्यविधिहरू

**क) गृह प्रशासन सम्बद्ध प्रत्यक्ष परोक्ष ऐनहरू**

१. अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८

२. उपभोक्ता संरक्षण ऐन, २०७५

३. कारागार ऐन, २०१९

४. कालोबजार तथा केही सामाजिक अपराध तथा सजाय ऐन, २०३२

५. खाद्य ऐन, २०२३
६. छापाखाना र प्रकाशन ऐन, २०४८
७. जलस्रोत ऐन, २०४९
८. जग्गा प्राप्ति ऐन, २०३४
९. जन्म, मृत्यु तथा व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३
१०. प्रहरी ऐन, २०१२
११. बिष्फोटक पदार्थ ऐन, २०१८
१२. विवाह दर्ता ऐन, २०२८
१३. बालबालिका सम्बन्धी ऐन, २०४८
१४. भ्रष्टाचार निवारण ऐन, २०५९
१५. राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८
१६. यातना सम्बन्धी क्षतिपूर्ति ऐन, २०५३
१७. राज्य विरुद्धको अपराध र सजाय ऐन, २०४६
१८. राहदानी ऐन, २०२४
१९. लागु औषध (नियन्त्रण) ऐन, २०३३
२०. स्थानीय प्रशासन ऐन, २०२८
२१. सशस्त्र प्रहरी ऐन, २०५८
२२. सार्वजनिक सुरक्षा ऐन, २०४६
२३. संस्था दर्ता ऐन, २०३४
२४. सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४
२५. सवारी तथा यातायात व्यवस्था ऐन, २०४९
२६. संक्षिप्त कार्यविधि ऐन, २०२८
२७. हातहतियार खरखजाना ऐन, २०१९
२८. होटेल व्यवस्था तथा मदिराको बिक्री वितरण (नियन्त्रण) ऐन, २०२३
२९. विभूषण ऐन, २०६४
३०. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४
३१. निजामती सेवा ऐन, २०४९
३२. अध्यागमन ऐन, २०४९
३३. कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१
३४. पशु वधशाला र मासु जाँच ऐन, २०५५
३५. पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५
३६. प्राचीन स्मारक संरक्षण ऐन, २०१३
३७. सूचनाको हक सम्बन्धी ऐन, २०६४

३८. नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरीवेक्षण र समन्वय) ऐन,२०७६ लाई संशोधन गर्न बनेको अध्यादेश, २०७८

३९. सामाजिक सुरक्षा (पहिलो संशोधन) अध्यादेश, २०७८

४०. तेजाव तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) अध्यादेश, २०७८

४१. नेपाल नागरिकता ऐन, २०६३

४२. नेपाल नागरिकता (पहिलो संशोधन) अध्यादेश, २०७८

**आ) गृह प्रशासन सम्बद्ध प्रत्यक्ष परोक्ष नियमहरू**

१. अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९

२. उमेर, नाम र जात सच्याउने नियमहरू, २०१७

३. कारागार नियमावली, २०२०

४. खाद्य नियमावली, २०२७

५. छापाखाना र प्रकाशन सम्बन्धी नियमावली, २०४९

६. जलस्रोत नियमावली, २०५०

७. प्रहरी नियमावली, २०७१

८. विवाह दर्ता नियमावली, २०२८

९. बालबालिका सम्बन्धी नियमावली, २०५१

१०. राहदानी नियमावली, २०६७

११. सशस्त्र प्रहरी नियमावली, २०७२

१२. संस्था दर्ता नियमावली, २०३४

१३. सरकारी जग्गाको भोगाधिकार गराउने सम्बन्धी कार्यनीति, २०६२

१४. सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५

१५. सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४

१६. हातहतियार खरखजाना नियमावली, २०२८

१७. होटेल व्यवस्था तथा मदिराको बिक्री वितरण (अधिकारी तोक्ने) नियमहरू, २०२४

१८. प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष सञ्चालन नियमावली, २०६३

१९. विभूषण नियमावली, २०७६

२०. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६

२१. विष्फोटक पदार्थ नियम, २०२०

२२. नेपाल नागरिकता नियमावली, २०६३

२३. निजामती सेवा नियमावली, २०२५

२४. अध्यागमन नियमावली, २०५१

२५. पशु बधशाला र मासु जाँच नियमावली, २०५७

२६. पशु स्वास्थ्य तथा पशु सेवा नियमावली, २०५६

२७. मुलुकी अपराध संहिता, २०७४

२८. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४

२९. मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५

३०. सूचनाको हक सम्बन्धी नियमावली, २०६५

३१. तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) नियमावली, २०७७

३२. कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का नियन्त्रण र जफत) नियमावली, २०७७

३३. वैयक्तिक गोपनीयता सम्बन्धी नियमावली, २०७७

३४. सामाजिक सुरक्षा (पहिलो संशोधन) नियमावली, २०७७

३५. प्रहरी (आठौ संशोधन) नियमावली, २०७७

३६. राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण नियमावली, २०७७

३७. फौजदारी कसूर (कैद कट्टा) (पहिलो संशोधन) नियमावली, २०७७

३८. विभूषण (दोस्रो संशोधन) नियमावली, २०७७

३९. नेपाल नागरिकता (दोस्रो संशोधन) नियमावली, २०७८

**इ) गृह प्रशासन सम्बद्ध प्रत्यक्ष परोक्ष नीति रणनीति कार्यनीति एवं कार्यविधिहरू**

१. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नीति, २०७५

२. विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना (२०१८-२०३०)

३. विपद् जोखिम वित्तिय व्यवस्थापन रणनीति, २०७८

४. सरकारी जग्गाको भोगाधिकार गराउने सम्बन्धी कार्यनीति, २०६२


५. मनोसामाजिक अपाङ्ग बन्दी अस्पताल सञ्चालन कार्यविधि, २०७७

६. अध्यागमन विभाग तथा अन्तर्गतका कार्यालयहरूमा कार्यरत कर्मचारीहरूको आचारसंहिता, २०७८

७. विपद् लेखाजोखा मार्गदर्शन, २०७२

८. सम्भावित शीतलहर तथा हिमपात विपद् जोखिम न्यूनीकरण तथा प्रतिकार्य मार्गदर्शन, २०७७

## १.१.८ गृह मन्त्रालयको सङ्गठन संरचना



## १.२ गृह मन्त्रालय अन्तर्गतका महाशाखाहरू

### १.२.१ प्रशासन महाशाखा

निजामती प्रशासन तथा प्रहरी सेवाको लागि आवश्यक पर्ने जनशक्तिको प्रक्षेपण, भर्ना, छनौट तथा सो जनशक्तिको नियुक्ति, सरुवा, तालिम, बढुवा, अवकाश लगायत कर्मचारी व्यवस्थापनसँग सम्बन्धित सम्पूर्ण कार्यहरू, गृह प्रशासन सम्बन्धी गुनासो व्यवस्थापन गर्ने कार्यहरू तथा सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोग सम्बन्धी कार्यहरू प्रशासन महाशाखाको महत्त्वपूर्ण जिम्मेवारी अन्तर्गत पर्दछन्। यस महाशाखा अन्तर्गत देहायानुसारका शाखाहरू रहेका छन् -

क) निजामती कर्मचारी प्रशासन शाखा
ख) प्रहरी कर्मचारी प्रशासन शाखा
ग) सूचना प्रविधि शाखा
घ) गुनासो व्यवस्थापन शाखा

### १.२.२ सुरक्षा तथा समन्वय महाशाखा

देशको समग्र शान्ति सुरक्षा र अमन चयन कायम गर्दै जनताको जीउ, धन र स्वतन्त्राको रक्षा गर्न सुरक्षा निकाय तथा स्थानीय प्रशासनका जिम्मेवार अधिकारीहरूसँग समन्वय, सहयोग तथा निर्देशन गर्ने यस महाशाखा अन्तर्गत देहाय बमोजिमका शाखाहरू रहेका छन् -

क) स्थानीय प्रशासन तथा प्रदेश समन्वय शाखा
ख) शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा
ग) सीमा तथा अध्यागमन प्रशासन शाखा
घ) सूचना समन्वय तथा विश्लेषण एकाई

### १.२.३ आन्तरिक व्यवस्थापन महाशाखा

मन्त्रालयको कार्यालय वा जिन्सी व्यवस्थापन, आर्थिक प्रशासन, विभूषण, सवारी तथा सभा समारोह व्यवस्थापनका साथै अन्य महाशाखालाई नतोकिएका सम्पूर्ण कार्यहरू व्यवस्थापन महाशाखा अन्तर्गत पर्दछन्। यस महाशाखा अन्तर्गत देहाय बमोजिमका शाखाहरू रहेका छन् -

क) आर्थिक प्रशासन शाखा
ख) कार्यालय व्यवस्थापन तथा जिन्सी शाखा
ग) आन्तरिक प्रशासन, सवारी तथा सभा समारोह व्यवस्थापन शाखा

### १.२.४ नीति, योजना, अनुगमन तथा मूल्याङ्कन महाशाखा

आवधिक तथा वार्षिक नीति, योजना, बजेट तर्जुमा, कार्यक्रम कार्यान्वयन, अनुगमन, नीतिगत मस्यौदाहरूको तयारी, नागरिकता तथा राष्ट्रिय परिचयपत्र र लागु औषध नियन्त्रणसँग सम्बन्धित कार्यहरू सम्पादन गर्ने कार्य यस महाशाखाको जिम्वेवारी भित्र रहेको छ। महाशाखा प्रमुखले मुख्य औषध नियन्त्रण अधिकारीको जिम्मेवारी समेत बहन गर्नुपर्ने हुन्छ। यस महाशाखा अन्तर्गत देहायानुसारका शाखाहरू रहेका छन् -

क) योजना, अनुगमन तथा मूल्याङ्कन शाखा
ख) लागु औषध नियन्त्रण शाखा
ग) नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखा

### १.२.५ विपद् तथा द्वन्द्व व्यवस्थापन महाशाखा

विपद् अध्ययन, जोखिम न्यूनीकरण तथा पुनर्लाभ, विपद् पुर्वतयारी तथा प्रतिकार्य, शान्ति प्रवर्द्धन र राहत तथा तथ्याङ्क व्यवस्थापनसँग सम्बन्धित कार्यहरू सम्पादन गर्ने कार्य यस महाशाखाको जिम्मेवारी रहेको छ। यस महाशाखा अन्तर्गत देहायानुसारका शाखाहरू रहेका छन् -

क) विपद् अध्ययन जोखिम न्यूनीकरण तथा पुनर्लाभ शाखा
ख) विपद् पूर्व तयारी तथा प्रतिकार्य शाखा
ग) शान्ति प्रवर्द्धन शाखा
घ) राहत तथा तथ्याङ्क व्यवस्थापन शाखा

### १.२.६ कानुन महाशाखा

संयुक्त राष्ट्रसङ्घ, सार्क तथा अन्य अन्ताराष्ट्रिय निकायसँग भएका सन्धि, सम्झौता, महासन्धि, प्रोटोकलहरू मध्ये गृह मन्त्रालयबाट सम्पादन हुनुपर्ने कार्यहरूको अद्यावधिक अभिलेख राख्ने एवं अनुगमन गर्ने साथै पक्ष राष्ट्रको हैसियतले नेपालले संयुक्त राष्ट्र सङ्घमा बुझाउनु पर्ने ICCPR/CAT को आवधिक प्रतिवेदन सम्बन्धित निकायको सहयोग र समन्वयमा तयार गर्ने, मन्त्रालयसँग सम्बन्धित ऐन, नियम, कार्यविधि, निर्देशिका लगायतमा कानुन पक्षको निरूपण गर्ने लगायतका कार्यहरू यस महाशाखाबाट हुने गरेका छन्। यस महाशाखा अन्तर्गत देहायानुसारका शाखाहरू रहेका छन् -

क) कानुन तथा फैसला कार्यान्वयन शाखा
ख) मानव अधिकार प्रवर्द्धन शाखा

## १.३ गृह मन्त्रालय अन्तर्गतका विभागहरू

### १.३.१ नेपाल प्रहरी

### क) परिचय

नेपाल प्रहरी स्थापनाकालदेखि नै समाजलाई सुरक्षित बनाउने, राज्यबाट तयार गरिएको कानुनी व्यवस्था अनुसार अपराध गर्ने व्यक्तिलाई सजाय दिलाउन अनुसन्धान गर्ने निकायको रूपमा विकास भएको सङ्गठन हो। नेपालमा प्रहरीको विभिन्न स्वरूपमा लामो इतिहासबाट विकसित भएको पाइन्छ। नेपाल प्रहरी विभिन्न कालखण्ड पार गर्दै शान्ति सुरक्षा, अपराध नियन्त्रण र अनुसन्धानको कार्य र मानव अधिकारको संरक्षण तथा सम्वर्द्धन, सीमा सुरक्षा लगायत विविध क्षेत्रमा अग्रस्थानमा रही कार्य सम्पादन गर्दै आइरहेको गौरवमय सङ्गठन हो। नेपालमा भएका राजनैतिक, आर्थिक र सामाजिक परिवर्तनहरूलाई आत्मासात गर्दै राज्यका निति र सिद्धान्तहरूमा अडिग रही आफ्नो निष्पक्ष स्वरूपलाई कायम राख्दै देश र जनताको अहोरात्र सेवा गर्दै आइरहेको छ। देशको आन्तरिक शान्तिसुरक्षामा प्रभावकारी भूमिका खेल्ने छुट्टै सङ्गठनको आवश्यकता महसुस गरी प्रहरी ऐन, २०१२ अनुसार नेपाल प्रहरीको गठनसँगै सङ्गठनको विधिवत् स्थापना भएको हो। उक्त ऐनको प्रस्तावनामा नै "नेपालभर मुलुकको प्रहरी फोर्सको पुनर्गठन गर्न र त्यसलाई अपराध रोक्ने र पत्ता लगाउने सुयोग्य साधन बनाई शान्ति र व्यवस्था कायम राख्न आवश्यक देखिएकोले" यो ऐन बनाई लागू गरिएको छ भन्ने व्यवस्था भए अनुरूप नेपाल प्रहरीले अपराध नियन्त्रण गर्ने, अपराध अनुसन्धान गर्ने, देशमा शान्ति सुरक्षा तथा अमनचयन कायम राख्ने, ट्राफिक व्यवस्थापन गर्ने, स्वदेशी तथा विदेशी विशिष्ट व्यक्तिको सुरक्षा, महत्त्वपूर्ण प्रतिष्ठान तथा आवासको सुरक्षा, राष्ट्रिय तथा स्थानीय तहको निर्वाचन, सभा सम्मेलन, समारोह तथा कार्यक्रम, चाडपर्व आदिमा प्रभावकारी सुरक्षा व्यवस्थापन गर्ने र सो कार्यको लागि उपलब्ध स्रोत, साधन र जनशक्तिलाई अधिकतम उपयोग गरी देशभर छिटोछरितो, भरपर्दो तथा जवाफदेही र पारदर्शी प्रहरी सेवा प्रदान गर्दै आइरहेको छ। समयसापेक्ष अपराध नियन्त्रण तथा प्रभावकारी अनुसन्धान, शान्ति-सुरक्षा लगायतका कार्यमा नेपाल प्रहरीले महत्त्वपूर्ण योगदान पुऱ्याएको छ। साथै संयुक्त राष्ट्र सङ्घको अनुरोधमा विभिन्न द्वन्द्वग्रस्त राष्ट्रहरूमा विगत २९ वर्षदेखि अनवरत् रूपमा शान्ति सुरक्षा व्यवस्थापन, अपराध अनुसन्धान तथा सो क्षेत्रहरूको प्रहरीको पुनःसंरचनाको कार्यमा समेत महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आइरहेको छ।

नेपाल प्रहरी अस्पताल मार्फत् सम्पूर्ण बिरामीहरूलाई समुचित तवरबाट अन्तरङ्ग, वहिरङ्ग र निदानात्मक उपचार सेवा प्रदान गर्दै आइरहेको र अस्पतालको अन्तरङ्ग सेवालाई १५० शैयाबाट ३०० शैयामा स्तरोन्नती गरी सेवा प्रदान गरिदै आएको छ।


नेपाल प्रहरीको सङ्गठनात्मक स्वरूप अनुसार केन्द्रीयस्तरमा प्रहरी प्रधान कार्यालयदेखि स्थानीय स्तरमा प्रहरी चौकी, प्रहरी पोष्टसमेत गरी देशभरका २,६६० प्रहरी एकाइहरूमार्फत प्रहरी महानिरीक्षकदेखि प्रहरी कार्यालय सहयोगी समेत गरी कुल ७९ हजार ५ सय ३८ प्रहरी कर्मचारीको दरवन्दी कायम भई आम नागरिकलाई

विश्वसनीय प्रहरी सेवा उपलब्ध गराउँदै आएको छ । केन्द्रीयस्तरको प्रशासनिक निकायको रूपमा रहेको प्रहरी प्रधान कार्यालय, प्रहरी महानिरीक्षकको सचिवालय, विभिन्न विभाग, ब्युरो, निर्देशनालय, निरीक्षणालय, महाशाखा तथा शाखाहरू, राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान, महानगरीय प्रहरी कार्यालय, प्रदेश प्रहरी कार्यालय, सङ्घीय प्रहरी एकाइ कार्यालय, प्रदेशस्तरीय तालिम केन्द्रहरू, शिक्षालयहरू, महानगरीय प्रहरी परिसर, जिल्ला स्तरमा जिल्ला प्रहरी कार्यालय, महानगरीय प्रहरी वृत्त, ईलाका प्रहरी कार्यालय, महानगरीय प्रहरी प्रभाग, वडा प्रहरी कार्यालयहरू, सीमा प्रहरी चौकी र प्रहरी चौकी स्थापना भई परिचालित छन् ।

यसै गरी मद्दती तथा जगेडा जनशक्तिका रूपमा विपद् व्यवस्थापन महाशाखा, केन्द्रीय प्रहरी विशेष कार्यदल, सशस्त्र प्रहरी गण, दङ्गा नियन्त्रण प्रहरी गण, सशस्त्र प्रहरी गुल्म, सशस्त्र प्रहरी सेनामुख, विमानस्थल सुरक्षा गार्ड, भन्सार सुरक्षा गार्ड, कारागार सुरक्षा गार्डहरू समेत आ-आफ्नो स्थानमा परिचालित छन् । यसका अतिरिक्त प्रहरी कार्यको लागि सहयोगीका रूपमा नेपाल प्रहरी अस्पताल (प्रदेश स्तर समेत), प्रहरी कल्याण महाशाखा, केनाइन महाशाखा, नेपाल प्रहरी संगीत विद्यालय, पर्यटक प्रहरी, सामुदायिक प्रहरी, प्रहरी विद्यालयहरू, नेपाल प्रहरी केन्द्रीय खेलकुद समिति र स्वयंसेवकीय संस्थाका रूपमा प्रहरी परिवार महिला सङ्घ र आसरा सुधार केन्द्र, नेपाल पुलिस क्लब समेतबाट प्रत्यक्ष, परोक्ष रूपमा प्रहरी कार्य सम्पादनमा सघाउ पुऱ्याउँदै आएको छ। नेपालको संविधान (२०७२) बमोजिम देश सङ्घीय र प्रादेशिक संरचनामा गइसकेको सन्दर्भमा नेपाल प्रहरीको विद्यमान साङ्गठनिक संरचनालाई संविधान बमोजिम रूपान्तरण गर्न सङ्घीय र प्रदेशमा आवश्यकतानुसार समायोजन तथा नयाँ प्रहरी कार्यालय स्थापना गरी व्यवस्थापनको कार्य अघि बढिरहेको छ।

कार्य सम्पादन प्रकृतिको आधारमा प्रहरी प्रधान कार्यालयस्थित प्रहरी महानिरीक्षकको सचिवालय र विभिन्न विभागहरू मार्फत जिम्मेवारी बाँडफाँट भई देहायनुसार कार्य सम्पादन हुँदै आएको छ :-

## ख) नेपाल प्रहरीको सङ्गठन




| | | | | | |
|---|---|---|---|---|---|
| म.नगर प्रहरी | -३ | स.अ.स.स.इ. | -१ | म.न.प्रहरी वृत्त | -१८ |
| बि.अ.स.स.इ. | -१ | म.न.प्रहरी प्रभाग | -६० | स.प्र.से. | -२ |
| ब.प्र.का.(ख) | -१ | पु.बे.अ.स.स.इ | -१ | ई.प्र.का.(क) | -२ |
| पंजि.अ.नि.गार्ड | -३ | ई.प्र.का.(ग) | -१ | भन्सार गार्ड | -१ |
| प्रहरी चौकी | -२३ | | | | |

जम्मा प्रहरी इकाइ संख्या-२५६०

| | | |
|---|---|---|
| सीप्रनौ-६४ | सप्रसे-७२ | कासु.गार्ड-७३ |
| भसुगार्ड-१७ | बप्रका-२१ | ईप्रका-४८३ |
| जिल्ला गुल्म-२ | नप्रका-८ | प्रहरी चौकी-११३१ |
| मकागार्ड-२७ | क.ब.स.गार्ड-१ | कालिका दरबार गार्ड-१ |
| प्रहरी पोष्ट सुस्ता-१ | विसुगार्ड-३९ | प्रजिअनिगार्ड-७७ |
| पुनेअगार्ड-१५ | क्षे.प्रशा.गार्ड-५ | सर्वोच्च अ.स.तथा मु.प्र.इ.-१ |
| विशेषअ.म. तथा मु.प्र.इ-१ | | पुनरावेदन अ.स.तथा सु.प्र.इ-१६ |
| जिल्ला अ.स.तथा सु.प्र.इ.-७७ | | |

श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रहरी महाशाखा तथा अन्य कार्यालयहरुमा रहेका प्रहरी इकाइहरुसँग प्रशासनिक काम, कारवाहीको समन्वय:

| आयोग तथा कार्यालय | समन्वय गर्ने कार्यालय |
|---|---|
| • श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग, प्रहरी महाशाखा<br>• श्री राष्ट्रिय सुरक्षा परिषद्को सचिवालय | प्रहरी महानिरीक्षकको सचिवालय |
| • नेपाल राजदुतावास, नयाँ दिल्ली (काउन्सुलर) | मानवश्रोत एवं प्रशासन विभाग |
| • श्री सम्पत्ति सुद्धीकरण अनुसन्धान विभाग, प्रहरी शाखा<br>• पर्यटक प्रहरी शाखा | कार्य एवं अपराध अनुसन्धान विभाग |

## ग) विभागीय नीति निर्देशनतर्फ

नेपाल प्रहरीको आन्तरिक प्रशासनिक व्यवस्थापन, नेपाल प्रहरीका कर्मचारीहरूले पालना गर्नु पर्ने आचार संहिता सम्बन्धी कार्यदिश २०७७, प्रहरी हवल्दार तथा जवान लक्षित उत्प्रेरण अभिवृद्धि योजना, २०७७, विभागीय नीति निर्देशनहरू तर्जुमा गरी कार्यान्वयन गराउने, प्रहरी सङ्गठनद्वारा आयोजना गरिने विभिन्न समारोह तथा कार्यक्रमहरूको व्यवस्थापन, अनुगमन तथा सुपरीवेक्षण गर्ने, प्रहरी कर्मचारीहरूलाई अनिवार्य बिदा उपभोग गराउने तथा प्रहरी कर्मचारीहरूको गुनासो सम्बन्धी स्पष्ट नीति तर्जुमा गरी कार्यान्वयन गराउने, आवश्यकतानुसार प्रहरी जनशक्ति खटनपटन गर्ने, प्रहरी प्रशासन सम्बन्धी अन्य भैपरी आउने कार्य गर्ने, नेपाल प्रहरीको मिडिया नीति कार्यान्वयन गर्ने, मानव अधिकार संरक्षण, लैङ्गिक नीति, त्रि-वर्षीय रणनैतिक योजना कार्यान्वयन तथा सोको नियमित अनुगमन, पृष्ठपोषण तथा सुधारलगायत प्रहरी सेवाको सहज उपलब्धता, गुणस्तरीयता, प्रभावकारिता तथा जवाफदेहिता अभिवृद्धिसम्बन्धी प्रशासनिक अनुगमन, नियमन तथा व्यवस्थापन आदि जिम्मेवारी वहन गर्दै आइरहेको छ ।

नेपाल प्रहरीलाई व्यावसायिक तथा दक्ष बनाउन अपराध अनुसन्धान, प्रहरी प्रशासन, मानव स्रोत तथा प्रहरी सेवा प्रवाहजस्ता विषयहरूको सम्बन्धमा खोज, अन्वेषण, अध्ययन अनुसन्धान गरी प्रहरी सङ्गठनको दीर्घकालीन तथा विभिन्न आवधिक रणनीति तथा कार्यक्रमहरू विकास गर्नुका साथै विज्ञान प्रविधिको क्षेत्रमा अझ बढी सशक्त र समयानुकुल बनाइ सूचना र प्रविधिमा भएका विकासको उच्चतम रूपमा प्रयोग गर्ने अभिप्रायले नेपाल प्रहरीमा सूचना प्रविधिको क्षेत्रमा सम्भाव्य प्रयास भई आवश्यकतानुसार सफ्टवेयर तयार गर्ने र प्रहरी कर्मचारीहरूलाई कम्प्यूटर सम्बन्धी विभिन्न तालिमहरू प्रदान गर्ने कार्यसमेत गरिँदै आएको छ।

## घ) मानव स्रोत व्यवस्थापनतर्फ

मानव स्रोत विकास विभागको स्थापना वि. सं. २०६१ सालमा प्रहरी कर्मचारीहरूको शुरु भर्नादेखि अवकाशसम्मका (Recruitment to Retirement) सम्पूर्ण कार्य सम्पादनको लागि भएको हो। अपराधको रोकथाम, नियन्त्रण तथा अनुसन्धान गर्ने र देशमा शान्ति सुरक्षा अमनचयन कायम गरी नागरिकको जीउधनको सुरक्षा गर्ने प्रमुख दायित्व निर्वाह गर्न सङ्गठनभित्रका विभिन्न सेवा समूहहरूको लागि आवश्यक दक्ष जनशक्ति व्यवस्थापन गराउनु यस विभागको मुख्य कार्य हो। मानव स्रोत व्यवस्थापनमा भर्ना छनौट, आधारभूत तथा सेवाकालीन तालिम, पदस्थापन, दण्ड-पुरस्कार, सरुवा, बढुवा, कार्य सम्पादन मूल्याङ्कन प्रणालीको विकास लगायतका कार्यहरू सम्पन्न गर्दै मानव संसाधनको समुचित विकास र व्यवस्थापनको कार्य यस विभागले सम्पन्न गर्ने गर्दछ। यस विभाग अन्तर्गत वृत्ति विकास निर्देशनालय, भर्ना छनौट महाशाखा, तालिम महाशाखा र कर्मचारी प्रशासन शाखाले पेशागत रूपमा पूर्ण दक्ष र सक्षम प्रहरी जनशक्तिको विकास गर्न आफ्नो जिम्मेवारी अनुरूपका विभिन्न कार्य गर्दै आएका छन् । प्रहरी सेवालाई आधुनिक, वैज्ञानिक, जनमैत्री, व्यवसायिक र व्यवहारिक बनाउन समाजमा आएको परिवर्तनलाई आत्मसात

गर्दै सेवा प्रवाह गर्न सक्ने सक्षम, दक्ष प्रहरी कर्मचारीहरूको उत्पादन गरी उचित अह्नखटन, सजाय तथा पुरस्कार र मनोबल उच्च राख्न विभिन्न सुधारात्मक कार्यहरूको निरन्तरता गरिएको छ।

## ङ) प्रशासन तथा आर्थिक व्यवस्थापनतर्फ

प्रहरी नियमावलीमा, २०७१ मा व्यवस्था भए अनुसार राज्यबाट उपलब्ध गराउन सकिने सुविधाहरूलाई समायानुकुल व्यवस्थापन गर्दै उपलब्ध स्रोत साधनको अधिकतम उपयोग गरी व्यवस्थित रूपमा प्रहरी कर्मचारीहरूलाई परिचालन गरी साङ्गठनिक लक्ष्य हासिल गर्नको लागि नेपाल प्रहरी सङ्गठन सदैव क्रियाशील रहँदै आएको छ।

नेपाल प्रहरी सङ्गठनमा हाल ७९ हजार ५ सय ३८ दरबन्दीमा कार्यरत प्रहरी कर्मचारीहरूको प्रशासनिक व्यवस्थापन, आर्थिक व्यवस्थापन तथा आवश्यक भौतिक स्रोत साधनहरूको व्यवस्थापनलाई चुस्त, दुरुस्त, पारदर्शी, प्रभावकारी, जवाफदेही र प्रविधिमैत्री ढङ्गबाट सञ्चालन गरी नेपाल प्रहरी सङ्गठनको लक्ष्य प्राप्तिको लागि मिति २०४२/०५/१५ गते प्रशासन विभागको स्थापना भएको हो। कार्यरत प्रहरी कर्मचारी तथा पूर्व प्रहरी कर्मचारीहरू र सन्ततिहरूलाई लाभ पुग्ने किसिमका विभिन्न कल्याणकारी कार्यक्रमहरू जस्तैः सेवामूलक योजना तर्फ शिक्षा, स्वास्थ्य, आत्मनिर्भर प्रकृतिका तालिमहरू, बीमा लगायत विविध सेवाहरू तथा आयमूलक तर्फ पेट्रोल पम्प, सपिङ्ग कम्प्लेक्स, हेल्थ क्लब, सुपथ मूल्य पसल, सहुलियत ऋण, सवारी साधन किस्ताबन्दी योजना समेतका कार्यक्रमहरू सञ्चालन गरी ती सेवाहरूको कुशल व्यवस्थापन एवं परिचालन गर्ने दायित्व यस विभागले सफलतापूर्वक निर्वाह गर्दै आइरहेको छ। सङ्गठनको आर्थिक प्रशासन तथा व्यवस्थापन नीतिलाई दरिलो बनाउन आर्थिक अनुशासनको मापदण्ड तोकी बेरुजु फछ्र्यौटतर्फ विगत केही वर्षदेखि नेपाल प्रहरी सङ्गठन अग्रपंक्तिमा रहदै आएको छ। भौतिक साधन स्रोतको खरिद तथा वितरण प्रणालीलाई समानुपातिक र भौगोलिक एवं कार्य प्रकृतिको आधारमा प्राथमिकता दिई निश्चित समय र सीमाभित्र सबै तहका प्रहरी कर्मचारीहरूलाई प्राप्त सुविधाहरू समानुपातिक तवरले उपलब्ध गराउन प्रशासन विभाग सदैव सचेत रहँदै आएको छ।

## च) प्रहरी कार्य तथा परिचालनतर्फ

प्रहरी सङ्गठनको जिम्मेवारी तथा कार्य क्षेत्र व्यापक रूपमा बढदै गएपछि वि. सं. २०४५ साल जेठ २६ गते प्रहरी प्रधान कार्यालयको मातहतमा रहने गरी प्रहरी नायब महानिरीक्षकको नेतृत्वमा कार्य विभाग (Operation Department) को स्थापना भयो । वि. सं. २०४९ सालमा प्रहरी अतिरिक्त महानिरीक्षक प्रमुख रहने गरी स्तरोन्नति गरिएकोमा मिति २०७५/०२/३१ गतेको मन्त्रिपरिषद्को निर्णय अनुसार नेपाल प्रहरीमा ३ जना प्र.अ.म.नि. को दरबन्दी कायम भए अनुसार अ.अ. विभाग र कार्य विभागलाई कार्य एवम अ.अ. विभाग कायम भई कार्य सञ्चालन हुँदै आएकोमा मिति २०७८/०३/१० गतेको नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णयानुसार नेपाल प्रहरीमा जनपदतर्फ प्रहरी अतिरिक्त महानिरीक्षकको दरबन्दी सिर्जना गरी गृह मन्त्रालयको मिति २०७८/०३/११ गतेको निर्णयानुसार कार्य विभाग र अपराध अनुसन्धान विभागको विभाजन गरी कार्य विभाग कायम भई प्र.अ.म.नि.

प्रमुखबाट हुने व्यवस्था गरिएको छ । प्रहरी कार्यतर्फको आफ्नो कार्य क्षेत्र, जिम्मेवारी र काम कर्तव्य प्रहरी ऐन तथा नियमावलीले तोकेबमोजिम रहेको छ ।

देशभरिको शान्ति सुरक्षा, प्राकृतिक प्रकोप नियन्त्रण तथा व्यवस्थापन, भीड नियन्त्रण, दङ्गा नियन्त्रण, सुरक्षा (अतिविशिष्ट/विशिष्ट व्यक्तिहरूको), ट्राफिक व्यवस्थापन, विपद् व्यवस्थापन, भीड नियन्त्रणमा मानव अधिकारको संरक्षण, विशेष अप्रेशन, हातहतियार मर्मत तथा व्यवस्थापन, दैनिक घटना अवलोकन तथा निर्देशन, राजनीतिक खबर सङ्कलन र गतिविधि माथि निगरानी, आतङ्ककारी गतिविधि नियन्त्रण तथा निगरानी, सूचना तथा सञ्चार व्यवस्थापन जस्ता कार्य क्षेत्रमा यस विभागले जिम्मेवारीपूर्वक आफ्नो कार्य सम्पादन गरेको छ।

सन् २०१९ डिसेम्बरमा छिमेकी मित्र राष्ट्र चीनको वुहान शहरमा सर्वप्रथम देखापरेको कोरोना भाइरस र यसले जनमानसमा महामारीको रूपमा पारेको प्रभाव बढ्दै जाँदा नेपाल प्रहरी यसबारे एकदमै संवेदनशील रही नेपालमा यसले पार्न सक्ने प्रभाव तथा यसको प्रतिकार्यको लागि Front Line Agency को रूपमा शुरुदेखि नै सङ्क्रमण तथा नियन्त्रण प्रतिकार्य गर्दै आएको छ । कोभिड-१९ नेपाल प्रहरीको लागि समेत चुनौती रहेको र Medical Pandemic मा नेपाल प्रहरी अग्रपङ्क्ति रही सीमा क्षेत्रमा व्यवस्थापन, Quarantine व्यवस्थापन, Isolation Ward को सुरक्षा लगायत बन्दाबन्दीको पूर्णपालन गरी अहोरात्र खटिई समुदाय स्तरमा कोभिड-१९ फैलिन रोक्न जुन जिम्मेवारीपूर्वक काम गरेको छ, त्यसको सर्वत्र प्रशंसा भएको छ। यो महामारीबाट हालसम्म नेपाल प्रहरीतर्फ जम्मा संक्रमित प्रहरी कर्मचारी सङ्ख्या १०,३७९, उपचार पश्चात निको भएको सङ्ख्या १०,१९२, उपचारत सङ्ख्या १७० र मृत्यु सङ्ख्या १७ रहेको छ। यसतर्फको कार्य क्षेत्र जटिल र गम्भीर हुने भएकोले विभागले २४सै घण्टा आफ्नो कर्तव्य निर्वाह गर्दै आइरहेको छ।

## च) अपराध नियन्त्रण तथा अनुसन्धानतर्फ

नेपालको संविधान र प्रचलित ऐन कानुनले शान्ति-सुरक्षा कायम गर्ने तथा अपराध नियन्त्रण तथा रोकथामको महत्त्वपूर्ण अभिभारा नेपाल प्रहरीलाई सुम्पिनुको साथै प्रहरी ऐन, २०१२ को प्रस्तावनामा "अपराध रोक्ने र पत्ता लगाउने सुयोग्य साधन बनाई शान्ति र व्यवस्था कायम राख्ने भन्ने कुरा उल्लेख गरी नेपाल प्रहरी स्थापनाको उद्देश्य प्रष्ट गरेको छ। अपराध अनुसन्धानको ऐतिहासिक विकासक्रम हेर्दा वि. सं. २००८ साल (सन् १९५१) मा Central Intelligence को रूपमा स्थापना भई सेवा विस्तार गरेको यस विभागले समयक्रममा विकसित हुँदै नाम र सङ्गठन संरचनामा परिवर्तन र परिमार्जन हुँदै वि. सं. २०२१ साल भाद्र ४ गते (सन् १९६५) मा अपराध अनुसन्धान विभागको रूपमा नामकरण भई वि. सं. २०७५ जेष्ठ २७ देखि हालको कार्य एवं अपराध अनुसन्धान विभागको संरचना विकास भएको हो। यसै सन्दर्भमा वि.सं. २०७१ सालमा "अपराध अनुसन्धान निर्देशिका २०७१" जारी भई सोबाट अपराध अनुसन्धानको संस्थागत विकासमा समेत योगदान पुगेको छ ।

नेपाल प्रहरीले समाजमा शान्ति सुरक्षा कायम गरी फौजदारी न्याय प्रणालीको मान्यता बमोजिम प्रचलित कानुनको कार्यान्वयन गर्नु गराउनुको साथै समाजमा हुने अपराधलाई अनुसन्धान तथा नियन्त्रण गरी पीडितलाई न्याय र

अपराधीलाई कानुन बमोजिम कारबाहीको दायरामा ल्याई मानव अधिकारको सम्मान तथा संरक्षण गरी कानुनी राज्यको आभास दिलाउने काम गर्दै आएको छ। यसै सिलसिलामा विभागले मातहतका विभिन्न एकाइहरूलाई परिचालन गरी अपराधिक घटनाको विस्तृत विश्लेषण, अपराध पूर्वको अवस्था, अपराध गर्दाको चरण र अपराध पश्चातको चरण आदिको अनुसन्धान गरी यस कार्यलाई थप सशक्त र सफल बनाउनका लागि जनसहभागिता अभिवृद्धि गर्ने कार्य समेत निरन्तर गर्दै आइरहेको छ।

अपराध अनुसन्धानलाई अझै वढी वैज्ञानिक एवं प्रमाणमुखी पद्धतिको रूपमा विकास गर्नको लागि intelligence-led एवं evidence based नीति अवलम्वन गरेको छ। अपराध अभिलेखन कार्यलाई अझ बढी व्यवस्थित, वैज्ञानिक एवं भरपर्दो वनाउनका लागि सूचना प्रविधिलाई प्रभावकारी बनाउदै लगिएको छ। यस विभागले केन्द्रीय स्तरमा विभिन्न सरोकारवाला सरकारी निकायहरू, सङ्घसंस्था एवं कूटनीतिक नियोगहरूसँग समन्वयकारी भूमिका निर्वाह गरी अपराध सूचना सञ्जाल र बैज्ञानिक संसाधनहरूको समुचित प्रयोगमा जोड दिई अपराध, नियन्त्रण अनुसन्धान सम्बन्धी नीति निर्माण, योजना र रणनीतिको तर्जुमा गर्नुको अतिरिक्त कार्यान्वयन पक्षमाथि सुपरीवेक्षण, अनुगमन र निर्देशन समेत गर्दै आएको छ ।

देशभर घटित अपराधको केन्द्रीय अभिलेख राख्ने, त्यसको विश्लेषण गरी नियन्त्रणको लागि आवश्यक निर्देशन दिने, समन्वय गर्ने, गराउने काम यस विभागबाट निरन्तर रूपमा भइरहेको छ। संवेदनशील एवं राष्ट्रिय चासोका घटनाहरूका साथै जघन्य प्रकृतिका अपराध अनुसन्धान गर्न केन्द्रबाट विशेषज्ञ सहितको विशेष टोली खटाई अनुसन्धान कार्यमा सहयोग पुऱ्याउने कार्य गरिनुका साथै समय-समयमा नेपाल सरकारको निर्देशन बमोजिम गठित विभिन्न समिति, आयोगहरूमा समेत यस विभागबाट महत्त्वपूर्ण भूमिका निर्वाह हुँदै आएको छ।

अपराध अनुसन्धानमा रहेका कानुनी, प्रणालीगत एवं व्यावहारिक समस्या तथा चुनौतीहरूको अध्ययन विश्लेषण गरी अपराध अनुसन्धानलाई सेवा विशिष्टीकरण गर्न विभिन्न कदम चाल्दै आएको छ। तथ्याङ्क विश्लेषणमा आधारित प्रबिधियुक्त अनुसन्धान पद्धतिको संस्थागत विकासलाई सुनिश्चित गर्न अपराध अनुसन्धान विभागले सम्बन्धित पक्ष तथा बिज्ञहरूसँग औपचारिक, अनौपचारिक छलफल सञ्चालन गरी प्राप्त सुझावहरूको विस्तृत अध्ययन, विश्लेषण पश्चात १२ कार्यनीतिक क्षेत्रहरू तथा १७८ क्रियाकलापहरू रहेको त्रिवर्षीय अपराध नियन्त्रण तथा अनुसन्धान कार्ययोजना दोस्रो चरणको सफल कार्यान्वयन पश्चात हाल तेस्रो चरणको त्रि-वर्षीय अपराध नियन्त्रण (CAP) तथा अनुसन्धान कार्ययोजना तयार गरी स्वीकृतार्थ गृह मन्त्रालयमा पेश भएको अवस्था रहेको छ। सेवा विशिष्टीकरण, वैज्ञानिक अनुसन्धान पद्धतिको अनुसरण तथा अपराधरहित समाजको निर्माणका लागि आवश्यक पूर्वाधारहरूको व्यवस्थापन लगायतका विविध क्षेत्रहरू समाहित CAP का गतिविधिहरू सञ्चालन गर्न विभागले आफ्ना सम्पूर्ण अवयवहरूको उच्चतम परिचालन गरिरहेको छ।

### छ) राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान, महाराजगञ्ज

नेपाल प्रहरी सङ्गठनको पहिलो प्रशिक्षण संस्थाको रूपमा ललितपुरको श्रीमहलमा नेपाल पुलिस तालिम केन्द्रको नामले वि. सं. २०११ सालमा स्थापना भएको थियो। पछि वि. सं. २०१३ सालमा महाराजगञ्जस्थित शीतल निवासको घोडा तबेलामा सारी सदर पुलिस तालिम केन्द्रको नामबाट पुनर्नामकरण गरियो। उक्त सदर पुलिस तालिम केन्द्रको विकासक्रमलाई हेर्दा वि.सं. २०२२ सालमा एस.पी. दर्जाको अधिकृत सहित ३०२ जनाको दरबन्दी कायम गरी आधुनिक ढङ्गले विकास गर्दै सैद्धान्तिक एवं व्यवहारिक प्रशिक्षण प्रदान गर्ने संस्थाको रूपमा विकास हुँदै आएको छ।

यसैगरी वि. सं. २०४९ साल माघ २९ गते प्रहरी नियमावली, २०४९ को नयाँ व्यवस्था अनुसार राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान नामकरण गरी नेपाल प्रहरीभित्रको प्रशिक्षण प्रदायक उच्च संस्थाको रूपमा जिम्मेवारी वहन गर्दै आएको छ। हाल प्रहरी अतिरिक्त महानिरीक्षक दर्जाको कार्यकारी निर्देशकको नेतृत्वमा अविच्छिन्न तवरले सञ्चालित यस प्रतिष्ठानमा कुल ६६० जनाको दरबन्दी कायम रहेको छ। समयानुकुल तथा प्रभावकारी रूपले प्रहरी अधिकृत आधारभूत तालिम तथा सेवाकालीन तालिम सञ्चालन गर्नुको साथै विभिन्न नेतृत्व तहको व्यवस्थापन सीप अभिवृद्धि र नेतृत्व विकासमा सघाउ पुऱ्याउने खालको प्रशिक्षण प्रदान गर्ने यस प्रतिष्ठानको लक्ष्य रहेको छ। यस बाहेक तालिम सम्बन्धी विभिन्न खोज अध्ययन गर्नु गराउनु, विद्यमान तालिमको औचित्यको मूल्याङ्कन गरी आवश्यक परिमार्जन गर्नु तथा नयाँ तालिमको आवश्यकता पहिचान गरी सोहीअनुसारको तालिम सञ्चालन गर्नु, पाठ्यसामाग्री एवं शिक्षण विधिको विकास गरी संस्थागत गर्नु समेत प्रतिष्ठानको मुख्य जिम्मेवारी रहेको छ ।

मिति २०७४/०८/११ गते सम्पन्न नीति समन्वय समितिको बैठकमा "एकरूपताका लागि मुलुकभरका प्रहरी कर्मचारीहरूलाई दिइने तालिम राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानको तत्वाधानमा सञ्चालन गरिनुपर्ने निष्कर्ष सहितको अवधारणापत्रलाई प्रहरी प्रशिक्षणको निर्देशक सिद्धान्तको रूपमा स्वीकृत गर्ने" भन्ने निर्णय भए बमोजिम र मिति २०७७।११।१६-१८ गते सम्म गण्डकी प्रदेशको पोखरामा सम्पन्न बाह्य प्रशिक्षक सम्मेलनबाट समेत प्रशिक्षक विकासको नेतृत्वदायी भूमिका रा.प्र.प्र.प्र.लाई प्रदान भएको हुँदा प्रतिष्ठानलाई प्रहरी प्रशिक्षणको शीर्ष निकाय (Apex body) को रूपमा विकास गरी देशभर रहेका प्रहरी प्रशिक्षण संस्थामा सञ्चालन हुने तालिमहरूमा एकरूपता एवं गुणस्तरीयता सुनिश्चित गर्न यसको भूमिका महत्त्वपूर्ण हुने देखिन्छ।

नेपालको संविधान (२०७२) लागू भए पश्चात् साबिकमा एकल केन्द्रीय संरचना (Unitary Command) अन्तर्गत परिचालित नेपाल प्रहरीलाई सङ्घीय संरचनामा रुपान्तरण गर्नका लागि प्रहरी कर्मचारी समायोजन ऐन, २०७६ नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) ऐन, २०७६ लागू भैसकेको सन्दर्भमा नेपाल प्रहरी र प्रदेश प्रहरीको प्रशिक्षण प्रणालीको सञ्चालन, सुपरिवेक्षण तथा समन्वय जस्ता दीर्घकालीन विषयवस्तुका सम्बन्धमा प्रतिष्ठानको भूमिका अझ महत्त्वपूर्ण हुनेमा दुईमत छैन। नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्यसञ्चालन, सुपरिवेक्षण र समन्वय) ऐन, २०७६ अनुरूप "प्रदेश प्रहरीको दक्षता अभिवृद्धि गर्न तालिमको व्यवस्था, उपकरण, प्रविधि, विधिविज्ञान लगायतका विषयमा सहयोग गर्नुका साथै प्रदेश प्रहरीको क्षमता अभिवृद्धिमा नेपाल प्रहरीले

सहयोग गर्ने" तथा "प्रदेश प्रहरीलाई आधारभूत तालिम र आवश्यकता अनुसारको सेवाकालीन तालिम दिइनेछ र नेपाल प्रहरीले प्रदेश प्रहरीलाई विशेष तालिम दिने व्यवस्था मिलाउन सक्नेछ" र सोही ऐनमै "नेपाल प्रहरी र प्रदेश प्रहरीलाई दिइने तालिम सम्बन्धमा नेपाल प्रहरीले मापदण्ड बनाई लागू गर्नेछ" भन्ने व्यवस्था भए अनुरूप सो मापदण्ड निर्माण गरिएको छ।

### ज) महानगरीय प्रहरी कार्यालय/प्रदेश प्रहरी कार्यालयहरू

काठमाण्डौ उपत्यका भित्र रहेका काठमाण्डौ, ललितपुर र भक्तपुर जिल्लाको जनसङ्ख्याको चाप, शहरीकरणको बिस्तार बढदो औद्यौगीकरण तथा पर्यटकहरूको आवागमन, यातायात र सूचना प्रविधिको विकासको कारण बढ्दो अपराधिक क्रियाकलाप नियन्त्रण गर्न काठमाण्डौ उपत्यकाको प्रहरीलाई चुस्त दुरुस्त र प्रभावकारी बनाउने प्रमुख जिम्मेवारी सहित महानगरीय प्रहरी कार्यालयको स्थापना भएको हो। काठमाण्डौ देशको राजधानी भएको र राजनीतिक, आर्थिक, सामाजिक, र सांस्कृतिक गतिविधिको केन्द्र रहेकोले शान्ति सुरक्षाको स्थितिमा तीव्रताका साथ नयाँ नयाँ चुनौतीहरू थपिँदै आएको कारण पुरानो र परम्परागत प्रहरी प्रणालीलाई परिमार्जित गरी वैज्ञानिक पद्धतिलाई अगाडि बढाउँदै आफ्नो कार्य गर्दै आएको छ। कानुन कार्यान्वयन गराउने प्रमुख जिम्मेवारी प्रहरीलाई रहेकोले यस अन्तर्गत प्रहरी परिसरहरू, प्रहरी वृत्तहरू र प्रहरी प्रभागहरूका मार्फत राजधानीको शान्ति सुरक्षाको प्रत्याभूति गर्न प्रभावकारी रूपमा परिचालन भइरहनुका साथै बढ्दो सवारी चापलाई व्यवस्थित गर्न ट्राफिक व्यवस्थापनमा समेत उल्लेखनीय भूमिका निर्वाह गरी कार्य सञ्चालन गर्दै आएको छ ।

प्रदेशमा शान्ति सुरक्षा कायम गर्न, अपराध अनुसन्धान, रोकथाम तथा नियन्त्रण, यातायात व्यवस्थापन एवं मानव अधिकारको संरक्षण, नागरिक स्वतन्त्रताको रक्षा जस्ता कार्य प्रदेश प्रहरीको कार्यक्षेत्र रहेको छ। प्रत्येक प्रदेश प्रहरी कार्यालयले आफ्ना मातहतमा रहेका जिल्ला प्रहरी कार्यालय तथा अन्य प्रहरी कार्यालयहरूको काम कारबाही रेखदेख र नियन्त्रण गरी प्रहरी कार्यलाई चुस्त दुरुस्त गर्नको लागि तोकिएको जिम्मेवारीको कार्य गर्दै आएका छन्। मातहतका कार्यहरूको प्रत्यक्ष रूपमा अनुगमन, निर्देशन तथा सुपरीवेक्षण लगायतका कार्य गरी तत्काल तालुक कार्यालयमा जानकारी गराई आवश्यक पर्ने आदेश दिई मातहत कार्यालयको अभिभावक भई प्रत्यक्ष रूपमा कार्य गरिरहेको छ ।

### १.३.२ सशस्त्र प्रहरी बल, नेपाल

#### १.३.२.१ पृष्ठभूमि


सुरक्षाका मुलभूत विषय, बदलिँदो सुरक्षा चुनौती एवं अन्य परिस्थितिको आवश्यकतासँगै सशस्त्र प्रहरी बल, नेपालको सङ्गठनात्मक स्वरुप, कार्यालयको सङ्ख्या, कार्यक्षेत्र, जनशक्ति, सेवा, शर्त, सुविधा, तालिम, हातहतियार, सेवा सञ्चालन, ऐन तथा नियमावली आदिमा आवश्यक परिमार्जन तथा सम्पूर्ण पक्षको क्षमतामा अभिवृद्धि गरी सशस्त्र प्रहरी बल, नेपाललाई समयानुकुल सक्षम, सबल र गतिशील बनाउँदै राज्यप्रदत्त जिम्मेवारी तथा उत्तरदायित्वलाई तन, मन र वचनका साथ अहोरात्र खटिई पुरा गराउँदै जनचाहना अनुरूप शान्ति सुरक्षा, सेवा र उद्धार मार्फत मुलुकमा शान्ति

सुव्यवस्था कायम गरी सुशासन स्थापित गराउने कार्यमा उल्लेखनीय भूमिका निर्वाह गर्ने उद्देश्यहरू राखी "सशस्त्र प्रहरी बल, नेपालको वार्षिक कार्ययोजना २०७७/०७८" तयार गरी कार्यान्वयन गरिएको छ ।

### १.३.२.२ दीर्घकालीन लक्ष्य, ध्येय, उद्देश्य

सशस्त्र प्रहरी बल, नेपाललाई समयानुकुल सक्षम, सबल र गतिशील बनाउदै राज्यको आकाङ्क्षा र जनचाहना अनुरूप शान्ति सुरक्षा, सेवा र उद्धार मार्फत मुलुकमा शान्ति सुव्यवस्था कायम गर्ने कार्यमा उल्लेखनीय भूमिका निभाउनु यस सङ्गठनको दीर्घकालीन लक्ष्य तथा ध्येय रहेको छ।

## १.३.२.३ सङ्गठन संरचना



### १.३.२.४ कार्यक्षेत्र/कार्यदिश, रणनीति, कार्यनीति, कार्यक्रम, भावी कार्यदिशा

**(क) सशस्त्र प्रहरी ऐन, २०५८ को दफा ६ बमोजिम परिचालन**

- नेपाल राज्यको कुनै भागमा भएको वा हुन सक्ने सशस्त्र सङ्घर्ष नियन्त्रण गर्न,
- नेपाल राज्यको कुनै भागमा भएको वा हुन सक्ने सशस्त्र विद्रोह वा पृथकतावादी गतिविधि नियन्त्रण गर्न,
- नेपाल राज्यको कुनै भागमा भएको वा हुन सक्ने आतङ्ककारी गतिविधि नियन्त्रण गर्न,
- नेपाल राज्यको कुनै भागमा भएको वा हुन सक्ने दङ्गा नियन्त्रण गर्न,
- नेपाल राज्यको कुनै भागमा भएको वा हुन सक्ने दैवी प्रकोप र महामारीबाट पीडितको उद्धारमा सहयोग पुऱ्याउन,
- नेपाल राज्यको कुनै नागरिक वा अरु कसैलाई अपहरण गरिएमा अपहरित व्यक्तिको उद्धार गर्न वा अन्य कुनै किसिमको जघन्य तथा गम्भीर अपराध घटेमा वा गम्भीर प्रकृतिको अशान्ति भएमा वा हुने आशङ्का भएमा त्यसलाई नियन्त्रण गर्न,
- नेपाल राज्यको सीमा सुरक्षा गर्न,
- बाह्य आक्रमणको अवस्थामा नेपाली सेनाको मातहतमा रही सहयोग गर्न,
- नेपाल सरकारले तोकेको सार्वजनिक महत्वका भवन, संरचना र अन्य स्थल आदिको सुरक्षा गर्न,
- नेपाल सरकारले सुरक्षा दिनुपर्ने ठहऱ्याएका व्यक्ति र तोकेको संस्था आदिको सुरक्षा गर्न,
- यो ऐन र यस ऐन अन्तर्गत बनेको नियममा उल्लेख भएका वा अन्य प्रचलित कानुन बमोजिम तोकिएका कार्यहरू गर्न,
- नेपाल सरकारले समय-समयमा तोके बमोजिमका अन्य कार्यहरू गर्न।

**(ख) रणनीति**

- नेपालको राष्ट्रियता, राष्ट्रिय एकता, स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय हित एवं स्वार्थको संरक्षण गर्ने राष्ट्रिय सुरक्षा नीतिको कार्यान्वयनमा सहयोग पुऱ्याई शान्त, सुरक्षित र समृद्ध नेपालको निर्माण गर्ने,
- सशस्त्र गतिविधि, विद्रोह, आतङ्ककारी, पृथकतावादी, उग्रवादी क्रियाकलाप रोक्ने,
- सङ्गठित अपराध, हत्या, लुट, अपहरण तथा अन्य जघन्य अपराधको कारण सिर्जित असामान्य परिस्थितिमा शान्ति सुव्यवस्था कायम गर्न नेपाल प्रहरीलाई सहयोग गर्ने,
- सार्वजनिक महत्वका प्रतिष्ठान, भवन वा स्थान, विशिष्ठ व्यक्ति, राजस्व तथा भन्सार, औद्योगिक प्रतिष्ठान, प्राकृतिक सम्पदा, सरकारी भौतिक स्रोत साधनको सुरक्षा गर्ने,
- अन्ताराष्ट्रिय सीमा र अन्ताराष्ट्रिय विमानस्थलको सुरक्षा गर्ने तथा सीमा क्षेत्रमा हुने अवाञ्छित र आपराधिक गतिविधि नियन्त्रण गर्ने,
- सीमा नाकामा हुने तस्करी र अन्य आर्थिक अनियमितता नियन्त्रण गर्ने,

- विपद् जोखिम न्यूनीकरण, प्राकृतिक स्रोत साधनको संरक्षण गर्ने तथा विपद्मा परेकाको खोजी उद्धार, राहत तथा पुनर्स्थापनलाई प्रभावकारी र व्यवस्थित बनाउने,
- नेपालको संविधान तथा प्रचलित कानुन बमोजिम नेपाल सरकारको नीति निर्देशन बमोजिम शान्ति सुरक्षा बहालीका लागि गृह मन्त्रालय र केन्द्रीय सुरक्षा समितिको प्रत्यक्ष निर्देशन र समन्वयमा कार्य गर्ने,
- सीमा सुरक्षा तथा अवैध आवागमन नियन्त्रणको लागि छिमेकी मुलुकका समकक्षीहरूसँग विभिन्न तहमा छलफल एवं समन्वय गरी आवश्यक कार्य गर्ने। यस क्रममा सीमा स्तम्भको रेखदेख र अन्य सम्बन्धित सरकारी निकायको समन्वयमा सीमा स्तम्भहरूको मर्मत सम्भारको कार्य गर्ने,
- महत्त्वपूर्ण विकास आयोजनाहरूको सुरक्षा व्यवस्था मिलाउने,
- बाह्य आक्रमणको अवस्थामा नेपाली सेनाको मातहतमा रही कार्य गर्ने,
- नेपाल राज्यको कुनै भागमा भएको वा हुन सक्ने सशस्त्र सङ्घर्ष नियन्त्रण गर्ने,
- नेपाल राज्यको कुनै भागमा भएको वा हुन सक्ने दङ्गा नियन्त्रण गर्ने,
- नेपाल राज्यको कुनै नागरिक वा अरु कसैलाई अपहरण गरेमा अपहरित व्यक्तिको उद्धार गर्न वा अन्य कुनै किसिमको जघन्य वा गम्भीर घटना घटेमा वा गम्भीर प्रकृतिको अशान्ति भएका वा हुने आशङ्का भएमा त्यसलाई नियन्त्रण गर्ने,
- नेपाल सरकारले सुरक्षा दिनुपर्ने भनी ठहराएका व्यक्ति वा तोकिएको संस्था आदिको सुरक्षा गर्ने।

**(ग) कार्यनीति**

- आतङ्कवादी क्रियाकलापलाई नियन्त्रण गर्न सुरक्षा संयन्त्रको स्थापना, बिस्तार र परिचालन गरी सीमा सुरक्षालाई भरपर्दो बनाउने,
- आतङ्कवादी क्रियाकलापलाई निस्तेज बनाउन सूचना सङ्कलन संयन्त्रलाई थप प्रभावकारी बनाई प्रति आतङ्कवाद छुट्टै सेल खडा गर्ने,
- हुण्डी, अवैध जाली नोट, सम्पत्ति शुद्धीकरण लगायतका अवैध आर्थिक गतिविधिहरूलाई निगरानी राखी सम्बन्धित पक्षहरूसँग समन्वय गरी नियन्त्रणमा लिने तथा विभिन्न अपराधिक एवं आतङ्कवादी सङ्गठन तथा संरचनाहरूलाई हुन सक्ने आर्थिक सहयोगबारे निगरानी राख्ने,
- हिंसात्मक दङ्गा, सशस्त्र गतिविधि, विद्रोह आतङ्ककारी, पृथकतावादी, उग्रवादी क्रियाकलाप रोक्न अन्य सुरक्षा निकाय एवं सम्बन्धित पक्षहरूसँग आवश्यक समन्वय र सहकार्य गरी उक्त गतिविधिहरूको निगरानी तथा संलग्नहरूलाई कानुनी दायरामा ल्याउन जनशक्ति परिचालन गर्ने,
- नेपालको सुरक्षा र अस्तित्वको जगेर्ना गर्ने कार्यमा संयुक्त राष्ट्र सङ्घ लगायत मित्र राष्ट्रहरूसँग सुरक्षा संयन्त्रको विकास र क्षमता अभिवृद्धिमा सहयोग आदानप्रदान गर्ने,
- राष्ट्रिय सुरक्षासँग सम्बन्धित सूचना सञ्जालको सुदृढीकरण र विस्तार गर्दै लैजाने,

- सूचना सङ्कलन विश्लेषण र सम्प्रेषण गर्ने प्रणालीलाई सबल र सक्षम बनाउने,
- मजकुर कार्यालयहरूसँग समन्वय गरी नेपाल सरकारको निर्णय बमोजिम सीमा क्षेत्रमा बि.ओ.पि.हरू स्थापना गरी सीमा सुरक्षा तथा आवागमनलाई व्यवस्थित गरी नियमन र अनुगमनलाई प्रभावकारी गर्ने,
- सङ्गठित अपराध, हत्या, लूट, अपहरण तथा अन्य जघन्य अपराधको कारण सिर्जित असामान्य परिस्थितिमा शान्ति सुव्यवस्था कायम गर्न स्थानीय निकाय तथा अन्य सुरक्षा निकायहरूसँग आवश्यक समन्वय र सहकार्य गरी कानुन कार्यान्वयन गराउन जनशक्ति परिचालन गर्ने,
- राजस्व चुहावट, तस्करी, औद्योगिक प्रतिष्ठानको सुरक्षा लगायत अन्य आर्थिक कारोबार हुने क्षेत्रहरूमा सुरक्षा व्यवस्था मिलाउनुका साथै अवाञ्छित गतिविधिहरू नियन्त्रण गर्ने,
- मुलुकमा शान्ति-सुरक्षा कायम गरी जनतालाई सुरक्षाको प्रत्याभूति दिलाउन दीर्घकालीन एवं अल्पकालीन योजना बनाई कार्यान्वयन गर्ने गराउने,
- सीमा क्षेत्रमा हुने अपराधलाई नियन्त्रण गर्न सीमा सुरक्षार्थ खटिएका बि.ओ.पि. तथा अन्य स.प्र.बल, नेपालका युनिटहरूको सुदृढीकरण गर्ने,
- मानव बेचबिखन, लागूऔषध र तस्करीलाई पूर्णरूपमा नियन्त्रण गर्न सीमा सुरक्षालाई प्रभावकारी बनाउने,
- सीमा तथा अध्यागमन कार्यलाई प्रविधियुक्त बनाउनुका साथै सीमा क्षेत्रको आवागमनलाई व्यवस्थित नियमन गर्दै लैजाने,
- गैरकानुनी रूपमा नेपाल प्रवेश गर्ने शरणार्थीहरूलाई रोकथाम एवं नियन्त्रण गर्ने,
- सूचना सङ्कलन, विश्लेषण र सम्प्रेषणलाई प्रविधिमा आधारित बनाई अनुसन्धान क्षमतामा अभिवृद्धि गर्दै लैजाने,
- सशस्त्र प्रहरी बल, नेपालका सबै युनिटहरूलाई साधन, स्रोत र उपकरणले सम्पन्न बनाई कार्य क्षमतामा वृद्धि गर्ने,
- राष्ट्रिय सुरक्षा, सामरिक महत्वको विषय, राष्ट्रिय हित लगायत गोप्य राख्नुपर्ने सूचनाहरूको गोपनीयता कायम गर्ने,
- धार्मिक सद्भाव र सहिष्णुता कायम राख्न सबै धर्म सम्प्रदायलाई समान व्यवहार गर्ने,
- क्षेत्रीय, जातीय विभेदलाई अन्त्य गरी अवसरमा समान पहुँचलाई सुनिश्चित गर्नेतर्फ योगदान पुऱ्याउने,
- राष्ट्रिय गौरवका महत्त्वपूर्ण पूर्वाधारहरूको सुरक्षा व्यवस्थापनमा संरचनागत सुधार गरी उच्च प्राथमिकतामा राख्ने,
- सुरक्षा व्यवस्थापनमा नागरिकको पहुँच र आवश्यकताको बारेमा जनचेतना अभियान सञ्चालन गर्ने,
- विशिष्ट व्यक्तिको सुरक्षाको निमित्त नेपाल सरकारबाट प्राप्त स्पष्ट मापदण्ड सहितको कार्यविधि कार्यान्वयन गरी सोही बमोजिम सुरक्षा व्यवस्था मिलाउने,

- सुरक्षात्मक कारवाही तथा विपद् उद्धारको लागि गणमा १ प्लाटुन र मातहत युनिटहरूमा १ सेक्सन टोली तुरुन्त परिचालन हुन सक्ने गरी तयारी हालतमा राख्ने,
- अन्य सुरक्षा निकायहरूसँगको समन्वयमा एकीकृत सुरक्षा योजना तयार गरी कार्य सम्पादन गर्दै आइरहेकोमा यस कार्यलाई निरन्तरता दिने,
- आतङ्कवादी गतिविधिमा संलग्न व्यक्ति तथा संस्थाको संलग्नता हुन सक्ने शंकास्पद ठाउँहरूको खबर सङ्कलन गरी सुक्ष्म निगरानीका साथै सुरक्षा योजना लागू गरी कार्यान्वयन गर्ने,
- नेपाल सरकारको राष्ट्रिय सुरक्षा नीति अनुसार नेपाली भूमि प्रयोग गरी मित्रराष्ट्रहरू विरुद्ध हुनसक्ने कुनै पनि आतङ्कवादी गतिविधिहरू हुन नदिन अन्ताराष्ट्रिय सीमामा परिचालित भई उच्च सुरक्षा सतर्कता अपनाई कार्य गर्ने,
- सशस्त्र प्रहरी बल, नेपालमा सञ्चालन हुने सम्पूर्ण आधारभूत तथा उन्नत तालिमहरूमा आतङ्कवाद, प्रतिआतङ्कवादसम्बन्धी विषयहरू समावेश गरी सशस्त्र प्रहरी कर्मचारीहरूलाई सैद्धान्तिक तथा व्यवहारिक ज्ञान दिलाई पेशागत दक्षता अभिवृद्धि गर्ने कार्य गर्ने,
- आतङ्कवादी गतिविधिको लागि हुन सक्ने आर्थिक सहायता तथा उक्त गतिविधिमा संलग्न व्यक्ति तथा संस्थाको संलग्नता हुन सक्ने शंकास्पद ठाउँहरूको खबर सङ्कलन गरी सुक्ष्म निगरानीका साथै सुरक्षा योजना लागू गरी कार्य गर्ने,
- जिम्मेवारी इलाकाहरूमा हुन सक्ने सङ्गठित अपराध लगायत आपराधिक घटनाहरू हुन नदिन मातहत एकाईहरूबाट दैनिक रूपमा पैदल, मोवाइल तथा अन्य गस्तीहरू सञ्चालन गर्ने,
- बिष्फोट, हत्या तथा चन्दा आतङ्क लगायतका घटनाहरूबाट शान्ति सुरक्षामा थप चुनौती सिर्जना भैरहेकाले त्यस्ता गतिविधिलाई नियन्त्रण गर्नको लागि प्रभावकारी सूचना सङ्कलन गरी सुरक्षात्मक कारवाहीहरू सञ्चालन गर्ने,
- लाइफलाइनको रूपमा रहेको राजमार्गहरूमा नियमित रूपमा २४सैं घण्टा सुरक्षा टोली परिचालन गरी सम्बन्धित घटनाहरूको पूर्वानुमान गरी अवरोध सिर्जना हुन नदिने,
- आन्तरिक आवागमनको सहजीकरण गर्ने नागरिकका अत्यावश्यक सेवामा अवरोध पुऱ्याउने अवाञ्छित गतिविधिको नियन्त्रण गरी आवागमन सहजीकरण गर्ने उद्देश्यले आवश्यक कार्ययोजना तयार गरी नेपाल सरकारबाट तोकिएको मुख्य नाकामा ड्यूटी परिचालन गरी कार्यान्वयन गर्ने,
- जीवन र सम्पत्तिमाथि व्यक्तिगत वा सङ्गठित रूपबाट हुन सक्ने क्षतिबाट नागरिकको सुरक्षा गर्ने सन्दर्भमा जारी भएका कानुनहरूको प्रभावकारी कार्यान्वयन गराउनको लागि नियमित रूपमा निर्देशन एवं परिपत्रहरू गर्ने।

**(घ) कार्यक्रम**

- सशस्त्र प्रहरी बल, नेपालका ८ वटा बाहिनी मुख्यालयहरू अन्तर्गत प्रदेशस्तरीय विपद् व्यवस्थापन टिम, विपद् व्यवस्थापन तालिम शिक्षालय कुरिनटार, नं. २० गण हे.क्वा. (विपद्

उद्धार), काठमाडौंमा विपद् व्यवस्थापन तालिम प्राप्त दक्ष जनशक्तिलाई आवश्यक उद्धार सामाग्रीहरू सहित २४सै घण्टा तयारी हालतमा राखिएको।

- विपदबाट हुनसक्ने क्षतिलाई मध्यनजर गरी मनसुन पूर्वतयारी र प्रतिकार्य कार्ययोजना, २०७८ तर्जुमा गरी मजकुर गृह मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा पठाइएको।
- मनसुनजन्य विपद् एकीकृत प्रतिकार्य कार्ययोजना प्रकाशन गर्नको निमित्त २०७८ सालको मनसुन अवधिभर देशभर हुन सक्ने बाढी, पहिरो, डुबान लगायत सबै प्रकारका विपद्का घट्नाहरूमा सशस्त्र प्रहरी बल, नेपालको प्रभावकारी परिचालन एवं खोज तथा उद्धार लगायत विपद् व्यवस्थापन प्रतिकार्यमा खटिन सुरक्षा योजना तयार पारि सोही अनुरूप कार्य गर्दै आइरहेको।
- सुख्खा तथा गर्मी मौसमको शुरुवातसँगै आगलागीबाट हुन सक्ने विपद्लाई न्यूनीकरण गर्न मातहत कार्यालयहरूलाई स्थानिय, विद्यालय, क्लब/समुदाय स्तरमा जनचेतना कक्षा सञ्चालनको गर्ने गरिएको। हाल कोभिड -१९ को सङ्क्रमणको जोखिमलाई मध्यनजर गरी कक्षाहरू सञ्चालनमा नरहेको।
- खरिद प्रकृया मार्फत आएका विपद् उद्धार सामाग्रीहरू प्रदेशस्तरीय विपद् व्यवस्थापन टिम, तालिम शिक्षालय, गण, गुल्म लगायत विभिन्न बि.ओ.पी. तहका कार्यालयहलाई वितरण गरिएको।

**(ङ) भावी कार्यदिशा**

- आ.व. ०७८/७९ मा स्थापना गर्नको लागि १२० वटा बि.ओ.पि.हरूको नाम र स्थान पहिचान गरी स्वीकृतार्थ पेश गरिएको र स्वीकृत पश्चात् तोकिएका स्थानहरूमा स्थापना गरिने।
- सीमा सुरक्षालाई प्रविधिमैत्री बनाउदै लैजाने।
- बि.ओ.पि.हरूलाई डिजिटल प्रविधिमा रूपान्तरण गर्दै लैजाने।
- सीमा व्यवस्थापनको लागि गठित विभिन्न समितिहरूमा रही दशगजाको सुरक्षा तथा सीमा स्तम्भहरूको मर्मत संभार तथा पुनः निर्माणमा सक्रिय रहने।
- भारतीय समकक्षी तथा सरोकारवाला अन्य निकायहरूसँग आवश्यक समन्वय गरी दशगजा सफा तथा Clear राख्ने।
- स्थानीय प्रशासन, अन्य सुरक्षा निकाय, भारतीय समकक्षी, स्थानीय तह र सरोकारवाला अन्य निकायहरूको समन्वयमा सीमा अपराधलाई नियन्त्रण गर्दै लैजाने।
- सरोकारवाला निकायसँगको समन्वय र खबर सङ्कलनलाई जोड दिई राजस्व सङ्कलन वृद्धि गर्ने कार्यमा अझै प्रभावकारिताका साथ परिचालन हुने।
- राजस्व सङ्कलन कार्यमा परिचालित जनशक्ति थप गर्दै प्रविधिलाई आधुनिकीकरण गर्दै लैजाने।
- विभिन्न तहमा सञ्चालन हुने सीमा समन्वयात्मक बैठकलाई निरन्तरता दिने।

- समकक्षीहरूसँगको समन्वयमा सञ्चालन हुने संयुक्त गस्तीलाई निरन्तरता दिने।
- सीमा सुरक्षा सम्बन्धमा समकक्षीसँगको समन्वयमा संयुक्त सीमा सुरक्षा सम्बन्धी अभ्यास सञ्चालन गरिने।

### १.३.२.५ मौजुदा कानुनी व्यवस्था

सशस्त्र प्रहरी ऐन, २०५८, सशस्त्र प्रहरी नियमावली, २०७२ तथा अन्य स्वीकृत कार्यविधि र निर्देशिकाहरूको आधारमा सशस्त्र प्रहरी बल, नेपालले कार्यसम्पादन गर्दछ। सशस्त्र प्रहरी बल, नेपालको मौजुदा कानुनी तथा कार्यविधिगत व्यवस्था तलको तालिकामा प्रस्तुत गरिएको छ-

**तालिका नं. १.३.२.५.१: मौजुदा कानुनी तथा कार्यविधिगत व्यवस्था**

**१. ऐन र नियमावली**

| सि.नं. | विवरण | मिति |
|---|---|---|
| १. | सशस्त्र प्रहरी ऐन | २०५८ |
| २. | सशस्त्र प्रहरी नियमावली | २०७२ |

**२. कार्यविधि/निर्देशिका/स्थायी आदेश/विधान र विनियमावली/नीति/मापदण्डहरू**

| सि.नं. | विवरण | मिति |
|---|---|---|
| १. | ए.पी.एफ. ट्रान्जिट क्याम्प तथा शिशु स्याहार केन्द्र सञ्चालन सम्बन्धी स्थायी कार्यविधि | २०६७ |
| २. | सशस्त्र प्रहरी अधिकृत, बिल्लादार तथा जवानहरुको सरुवा कार्यविधि | २०७४ |
| ३. | अन्तिम सम्मान गारद सम्बन्धी आन्तरिक कार्यविधि | २०७५ |
| ४. | गम्भीर बिरामी तथा असक्त स.प्र.क.को उपचार व्यवस्थापन कार्यविधि | २०७५ |
| ५. | Go pro camera सञ्चालन कार्यविधि | २०७५ |
| ६. | दुर्गम क्षेत्रका बालबालिकालाई प्रदान गरिने छात्रवृत्ति सम्बन्धी कार्यविधि | २०७५ |
| ७. | सशस्त्र प्रहरी बल, नेपाल कल्याणकारी सेवा केन्द्रको कोष सञ्चालन सम्बन्धी (पहिलो संशोधन) कार्यविधि | २०७४ |
| ८. | ए.पी.एफ. कमाण्ड तथा स्टाफ तालिमको प्रवेश परीक्षा सम्बन्धी कार्यविधि | २०७६ |
| ९. | Combact Fitness Test (CFT) कार्यविधि | २०७६ |
| १०. | सशस्त्र प्रहरी बल, नेपाल केन्द्रीय निरीक्षण एवं उत्कृष्ट एकाइहरुको छनौट कार्यविधि | २०७७ |
| ११. | स.प्र.क.हरूलाई ऋण उपलब्ध गराउने निर्देशिका | २०६७ |
| १२. | सशस्त्र प्रहरी बल परिचालन निर्देशिका | २०६९ |
| १३. | राजस्व, भन्सार तथा औद्योगिक सुरक्षा सम्बन्धी निर्देशिका | २०७० |
| १४. | सशस्त्र प्रहरी बलमा UN FPU मिशन छनौट निर्देशिका (पहिलो संशोधन) | २०७१ |
| १५. | नेपाल ए.पी.एफ. क्लब व्यवस्थापन निर्देशिका | २०७२ |
| १६. | हातहतियार तथा यान्त्रिक कार्यशाला सञ्चालन सम्बन्धी निर्देशिका | २०७७ |
| १७. | तालिम निर्देशिका | २०७७ |

| | | |
|---|---|---|
| १८. | सुरक्षा बेस अदलिबदली निर्देशिका | २०७७ |
| १९. | दर्ज्यानी चिन्ह, भवन शिलान्याश तथा उद्घाटन, तालिमको प्रमाणपत्र हस्ताक्षर, मोबाईल फोन प्रयोग सम्बन्धी स्थायी आदेश | २०६७ |
| २०. | सशस्त्र प्रहरी बल कल्याणकारी सेवा केन्द्रद्वारा सञ्चालित फ्यूल स्टेसन तथा पेट्रोल ट्याङ्करहरू सञ्चालन स्थायी आदेश | २०६७ |
| २१. | सामाजिक सञ्जालमा सशस्त्र प्रहरी बल, नेपालका राष्ट्रसेवक कर्मचारीहरुका गतिविधिहरुलाई नियमन गरी मर्यादित बनाउने सम्बन्धी स्थायी आदेश | २०७५ |
| २२. | विदेश तालिम छनौट सम्बन्धी स्थायी आदेश | २०७५ |
| २३. | नेपाल ए.पी.एफ. अस्पताल व्यवस्थापन सम्बन्धी आदेश | २०७७ |
| २४. | सशस्त्र प्रहरी बल, नेपालका आश्रित गुल्म तथा बोर्डर आउट पोष्टहरुमा जनशक्ति परिचालन सम्बन्धी कार्यदिश | २०७७ |
| २५. | ज्येष्ठता निर्धारण सम्बन्धी नीति | २०७६ |
| २६. | VVIP-VIP सुरक्षार्थ खटिएका सशस्त्र प्रहरी कर्मचारीहरूले कोभिड-१९ रोकथाम तथा नियन्त्रण सम्बन्धी पालना गर्नुपर्ने मापदण्ड | २०७७ |
| २७. | सशस्त्र प्रहरी बल, नेपाल सञ्चालन नीति | २०६६ |
| २८. | काज सम्बन्धी नीति | २०६७ |
| २९. | ए.पी.एफ. स्कुल सार्वजनिक शैक्षिक गुठीको विधान (तेस्रो संशोधन) | २०६२ |
| ३०. | नेपाल ए.पि.एफ. स्कुल सञ्चालन विनियमावली (कार्यविधि) | २०७६ |
| ३१. | नेपाल एपीएफ स्कुल कोहलपुर सञ्चालन विनियमावली (कार्यविधि) | २०७६ |
| ३२. | नेपाल ए.पि.एफ क्लब विधान (दोस्रो संशोधन) | २०६१ |
| ३३. | ए.पि.एफ. फुटबल क्लबको विधान | २०७८ |

### १.३.३ राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

#### १.३.३.१ पृष्ठभूमि

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को परिच्छेद ४ मा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण सम्बन्धी प्रावधान छ। सोही ऐन बमोजिम मिति २०७६/०७/२९ मा पहिलो पटक कार्यकारी प्रमुखको नियुक्ति भएसँगै प्राधिकरण स्थापना भएको हो। नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७७/०६/११ को निर्णयले सङ्गठन संरचना स्वीकृत भएपछि ३८ जनाको दरबन्दी सहित प्राधिकरण कार्य सञ्चालनमा रहेको छ। विपद् व्यवस्थापनका समग्र कार्यहरूमा समन्वय गर्ने, कार्यान्वयनमा सहजीकरण गर्ने तथा विपद् सम्बन्धी सञ्चालित कार्यक्रमको अनुगमन गर्ने अधिकार रहेको प्राधिकरण केन्द्रीय निकाय हो। विपद् व्यवस्थापनका सन्दर्भमा समग्र राष्ट्रिय नीति, योजना र मार्गदर्शनको लागि सम्माननीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद् रहेको छ। नीति तथा योजनाको कार्यान्वयन गर्न माननीय गृहमन्त्रीज्यूको अध्यक्षतामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन, कार्यकारी समिति रहेको छ। परिषद् र समितिको सचिवालयको रूपमा प्राधिकरण कार्यरत छ। परिषद् र कार्यकारी समितिबाट स्वीकृत योजना, कार्यक्रम तथा निर्णय कार्यान्वयन गर्ने गराउने जिम्मेवारी प्राधिकरणको हो। प्राधिकरणले प्रदेश, जिल्ला र स्थानीय तहमा आवश्यकतानुसार आर्थिक प्राविधिक तथा क्षमता विकासका कार्यहरूमा सहयोग उपलब्ध गराउने गर्दछ।

#### १.३.३.२ दीर्घकालीन सोच, ध्येय र उद्देश्यहरू

***सोच***

विपद् जोखिमबाट सुरक्षित, जलवायु अनुकुलित तथा उत्थानशील राष्ट्रको निर्माण ।

***ध्येयः***


विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापनका क्रियाकलापहरूलाई सन्तुलित रूपमा कार्यान्वयन गरी विपदबाट हुने जनधन, स्वास्थ्य तथा जीविकोपार्जनका स्रोत साधनहरूका साथै व्यक्ति, समुदाय र राष्ट्रको आर्थिक, सामाजिक तथा भौतिक पुर्वाधार र सांस्कृतिक एवं पर्यावरणीय सम्पदाको जोखिम तथा क्षतिमा उल्लेख्यरूपमा कमी गर्नु तथा तिनीहरूको उत्थानशीलता वृद्धि गर्नु।

***उद्देश्यहरूः***

- विपद जोखिमबारेको बुझाईमा अभिवृद्धि र पहुँच सुनिश्चित गर्ने,
- विपद जोखिममैत्री शासनको सुदृढीकरण गर्ने,
- विपद् जोखिम न्यूनीकरणलाई जलवायु परिवर्तन अनुकुलनका क्रियाकलापसँग आबद्ध गर्दै विकास प्रक्रियामा मूलप्रवाहीकरण गर्ने,
- विपद् जोखिम न्यूनीकरणमा सार्वजनिक तथा निजी लगानी वृद्धि गरी उत्थानशीलता बढाउने,
- पूर्वसूचना प्रणालीको विकास र प्रतिकार्यका लागि पूर्वतयारी गर्ने,
- पुननिर्माण र पुनर्स्थापना सम्बन्धी कार्यलाई अझ राम्रो र सुदृढ बनाउने।

### १.३.३.३ सङ्गठन संरचना

नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७७।०६।११ को निर्णयानुसार स्वीकृत सङ्गठन संरचना देहाय बमोजिम रहेको छ।



### १.३.३.४ कार्यक्षेत्र/कार्यदिश, रणनीति, कार्यनीति, कार्यक्रम एवं भावी कार्यदिशा

**क) कार्यक्षेत्र/कार्यदिश**

१. जोखिमको जानकारी,
२. सङ्घ, प्रदेश र स्थानीय तहमा शासकीय पद्धतिको सुदृढीकरण,
३. जोखिम न्यूनीकरणका लागि सार्वजनिक तथा निजी लगानी प्रबर्द्धन,
४. पूर्व तयारी तथा प्रतिकार्य,
५. पुनर्निर्माण तथा पुनर्स्थापना,
६. अध्ययन, अनुसन्धान तथा तालिम,
७. बहुप्रकोपीय पूर्व सूचना प्रणाली
८. विपद् जोखिम वित्तीय व्यवस्थापन।

**ख) रणनीति तथा कार्यनीति**

विपद् जोखिमबाट सुरक्षित, जलवायु अनुकूलित तथा उत्थानशील राष्ट्र निर्माण गर्दै दिगो विकासमा योगदान पुऱ्याउने दीर्घकालीन सोचसहित विपद जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५ र विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना (२०१८-२०३०) नेपाल सरकारबाट स्वीकृत भई लागू भैसकेका छन्।
विपद जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५ ले विपदबाट हुने मृत्युदर तथा प्रभावित व्यक्तिहरूको सङ्ख्या उल्लेख्य रूपले कम गर्नु, जीविकोपार्जनका स्रोतसाधनहरूका साथै कृषि, उद्योग, सडक, सञ्चार, खानेपानी तथा सरसफाईका संरचना, स्वास्थ्य र शैक्षिक सुविधाहरू जस्ता महत्त्वपूर्ण पूर्वाधार तथा आधारभूत सेवाहरूमा विपदले पुऱ्याउने क्षति एवं अवरोधलाई कम गर्दै तिनीहरूको उत्थानशीलता वृद्धि गर्नु र विपदबाट हुने क्षति कम गर्ने लक्ष्य राखी विपद जोखिम न्यूनीकरणका लागि ५९ वटा बुँदागत नीति अख्तियार गरेको छ ।
विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना (२०१८-२०३०) ले प्राकृतिक तथा गैरप्राकृतिक विपदबाट जीवन तथा सम्पत्ति, स्वास्थ्य, जीविकोपार्जन तथा उत्पादनका साधनहरू, भौतिक एवं सामाजिक पूर्वाधार, सांस्कृतिक एवं वातावरणीय सम्पदामा हुने क्षतिको उल्लेख्य रूपमा न्यूनीकरण गर्ने लक्ष्य लिँदै सो सम्बन्धमा ६ लक्ष्य, ३२ सूचक, ४ प्राथमिक क्षेत्र, १८ कार्य र २७१ गतिविधिहरू निर्दिष्ट गरेको छ।

**ग) भावी कार्यदिशा**

➢ **सङ्घ प्रदेश र स्थानीय तहमा शासकीय पद्धतिको सुदृढीकरण**

- क्षमता अभिवृद्धि
- प्राधिकरणको mdsa.bipad.gov.np लाई प्रभावकारी बनाउने
- गैरसरकारी संस्था/अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरूको समन्वय सहजीकरण (NGO Mobilization Guideline, Branding & Marking Guideline)

- एकीकृत कार्यविधि (निजी आवास अनुदान)
- राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको विधिवत् विघटन गरी उक्त निकायमा रहेका तथ्याङ्क, व्यवस्थापन सूचना प्रणालीहरू, ज्ञान, हार्डवेयर तथा सफ्टवेयर र संस्थागत स्मरणको हस्तान्तरण।
- राष्ट्रिय विपद् उत्थानशीलता कार्यढाँचा (National Disaster Resilient Framework -NDRF २०२२-२०३०)
- आवास पुनर्निर्माण तथा पुनर्लाभ प्लेटफर्म (Housing Reconstruction and Recovery Platform –HRRP)
- पुनर्निर्माण पोर्टल
- अनुसन्धान केन्द्रको रूपमा विकास गर्ने।
- विपद् सङ्ग्रहालय
- १० वर्षे विपद् व्यवस्थापन महाअभियान
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति (GESI Strategy)
- सङ्घीय मन्त्रालयहरू प्रदेश जिल्ला र स्थानीय तहसम्म बलियो र प्रभावकारी समन्वय (Strong Co-ordination mechanism with Ministries, Provincial, District and local level)
- राष्ट्रिय/प्रादेशिक/जिल्लास्तरीय/स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्रहरू (NEOC, PEOCs, DEOCs & LEOCs) र प्राधिकरण वीचको सम्बन्ध सेतुको सबलीकरण।

## ➢ जोखिम न्यूनीकरणका लागि सार्वजनिक तथा निजी लगानी प्रवर्द्धन

- MDTF no cost extension
- GCF supported project proposal
- WB supported Climate Adaptation and Resilience for South Asia (CARE) project
- ३ जिल्लामा आगलागी जोखिम नियन्त्रण सम्बन्धी नमूना कार्यक्रम

## ➢ पूर्व तयारी तथा प्रतिकार्य

- Simulation (DRILL) Guideline
- ७ प्रदेशका ३८ वटा स्थानीय तहहरूको Disaster Resilient Framework (सबैमा पुर्याउने योजना)
- Strengthening Response System
    - Mass Casualty Vehicle & A grade Ambulance
    - Fire brigade, Robotic Fire Fighting
    - Search & Rescue equipment
    - Resource Mapping System
    - ICS (Incident Command System)
    - DEOC's Strengthening
    - PEOC, LEOC's establishment & strengthening
- Psycho-social counseling with spiritual philosophy

- **पुनर्निर्माण तथा पुनर्स्थापना**
  - मनसुनजन्य विपद् प्रभावित निजी आवास अनुदान कार्यविधिमा संशोधन
  - आगलागी प्रभावित निजी आवास अनुदान
  - एकीकृत अनुदान कार्यविधि तर्जुमा
  - अनुदान वितरण Recording & Reporting System
  - डुबान तथा कटान प्रभावित तराईका जिल्लामा आश्रय स्थल निर्माण
  - सुरक्षित स्थानमा बस्ती स्थानान्तरण तथा एकीकृत बस्ती विकास

- **अध्ययन, अनुसन्धान तथा तालिम**
  - प्रदेश तथा स्थानीय तहमा क्षमता अभिवृद्धि कार्यक्रम
  - E-learning Platform
  - जलवायु परिवर्तन लगायत विभिन्न जोखिमहरूको अध्ययन
  - गोताखोर तालिम
  - DRILL & Simulation training through DEOCs

- **बहुप्रकोपीय पूर्व सूचना प्रणाली**
  - Early Warning System (All Hazards, all media, all stakeholders)
  - Landslide, flood, forest fire, Lightning, Windstorm and Earthquake
  - Common Alert Protocol (CAP)
  - Impact Based Forecasting (IBF)

- **विपद् जोखिम वित्तीय व्यवस्थापन**
  - Disaster Risk Financing Strategy को कार्यान्वयन कार्ययोजना
  - JICA-Rural Recovery Project
  - Insurance Mechanism for Risk Financing

- **उपर्युक्त ८ वटै विषय क्षेत्रमा कार्य गर्न सक्षम हुने गरी प्राधिकरणको सुदृढीकरण**
  - Restructuring of NDRRMA (O&M /अस्थायी दरबन्दी)
  - ऐन र नियमावली बमोजिम विपद व्यवस्थापन कोष सञ्चालन कार्यविधि तर्जुमा
  - कोषको लागि बजेट निकासा विपद जोखिम नक्साङ्कन र पूर्वसूचना प्रणालीको विकास

## १.३.३.५ मौजुदा कानुनी व्यवस्था

**नीति /रणनीतिहरू**

- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नीति, २०७५
- विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना (२०१८-२०३०)
- विपद् जोखिम वित्तिय व्यवस्थापन रणनीति, २०७८

**ऐनहरू**

- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४

**नियमावलीहरू**

- प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष सञ्चालन नियमावली, २०६३
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६

**मार्गदर्शनहरू**

- विपद् लेखाजोखा मार्गदर्शन, २०७२
- सम्भावित शीतलहरी तथा हिमपात विपद् जोखिम न्यूनीकरण तथा प्रतिकार्य मार्गदर्शन, २०७७
- शीतलहर तथा हिमपात विपद् जोखिम न्यूनीकरण तथा प्रतिकार्य मार्गदर्शन, २०७७

**निर्देशिका / कार्यविधि / मापदण्डहरू**

- Technical Guidelines to Conduct field Investigation of Settlements Affected by Landslides
- मनसुनजन्य विपद् प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधि, २०७७
- प्रारम्भिक द्रुत लेखाजोखा कार्यविधि, २०७८
- गैरसरकारी संस्था परिचालन सम्बन्धी कार्यविधि, २०७८
- आगलागी तथा डढेलोबाट क्षति भएका निजी आवास पुनर्निर्माण सम्बन्धी कार्यविधि, २०७८
- प्रकोप पीडित उद्धार र राहत सम्बन्धी मापदण्ड, २०७४

**कार्ययोजना / ढाँचाहरू**

- मनसुन पूर्वतयारी र प्रतिकार्य राष्ट्रिय कार्ययोजना, २०७८ (खण्ड-१ र खण्ड-२)
- राष्ट्रिय विपद् प्रतिकार्य ढाँचा, २०७० प्रथम संशोधन, २०७५

**निर्णयहरू**

- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्का निर्णयहरू
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिका निर्णयहरू।

### १.३.४ अध्यागमन विभाग

#### १.३.४.१ पृष्ठभूमि

अध्यागमन ऐन, २०४९ को दफा २ (ङ) अनुसार नेपाल राज्यभित्र विदेशीहरूको प्रवेश, उपस्थिति र प्रस्थानलाई नियमित गर्न तथा नेपाली नागरिकहरूको आगमन र प्रस्थानलाई व्यवस्थित गर्न नेपाल सरकारले अध्यागमन विभागको स्थापना गरेको हो।

नेपालको सरहदभित्र विदेशीको यात्रा र बसाई तथा नेपाली नागरिकको नेपाल बाहिरको यात्राको नियमन, नेपालभित्र विदेशीहरूको प्रवेश, उपस्थिति र नेपालबाट प्रस्थानको व्यवस्थापन र नेपाली नागरिकहरूको नेपालबाट विदेश प्रस्थान र नेपालभित्र आगमनको व्यवस्थापन कार्य गर्नका लागि वि. सं. २०४६ सालदेखि गृह मन्त्रालय अन्तर्गत अध्यागमन विभाग स्थापना भई सोही विभागबाट अध्यागमन प्रशासन सञ्चालन हुदै आएको छ। अध्यागमन ऐन, २०४९ र अध्यागमन नियमावली, २०५१ बमोजिम अध्यागमन प्रशासन सञ्चालन भैरहेको छ।

अध्यागमन विभाग अन्तर्गत हाल १३ वटा अध्यागमन कार्यालयहरू रहेका छन्। विदेशस्थित नेपाली कूटनीतिक नियोगहरूले समेत अध्यागमन कानुन अनुसार भिसा जारी गर्ने कार्य गर्दै आइरहेका छन्।

#### १.३.४.२ विभागको काम, कर्तव्य र अधिकार

*(क) अध्यागमन विभागका कार्यहरू*

अध्यागमन कार्यविधि, २०६५ को परिच्छेद २ को २.२ ले अध्यागमन विभागको काम तोकिदिएको छ। यस अनुसार विभागको काम देहाय बमोजिम रहेको छः

- विदेशीहरूलाई आवश्यक नेपाली भिसा उपलब्ध गराउने, उपलब्ध गराउन आवश्यक व्यवस्था मिलाउने,
- उपलब्ध नेपाली भिसाको अवधि थपका लागि माग भएमा कानुन अनुसार म्याद थप गर्ने,
- नेपाली वा विदेशी व्यक्तिले माग गरेमा आगमन र प्रस्थान प्रमाणित गरिदिने,
- विदेशीहरूलाई नियन्त्रित पदयात्रा क्षेत्रमा जानका लागि पदयात्रा अनुमति दिने,
- पदयात्रा अनुमति वा भिसा रद्द गर्ने,
- विदेशीहरूको नेपालमा हुने उपस्थितिको अनुगमन, व्यवस्थापन र नियन्त्रण गर्ने,
- नेपाली नागरिकको नेपालभित्र आगमन र नेपालबाट प्रस्थानलाई व्यवस्थित गर्ने,
- जाली राहदानी वा जाली भिसा प्रयोग गरेको, निष्काशित अवधिमा पुनः नेपाल प्रवेश गरेको र अवैध रूपमा मानिस ओसारपसार गरेको लगायतका अध्यागमन अपराधको अनुसन्धान तहकिकात गरी मुद्दा दायर गर्ने, कानुन अनुसार मुद्दाको कारबाही किनारा लगाउने,
- विदेशबाट निष्काशित वा प्रवेश अस्वीकार भै आएका व्यक्ति एवं तिनका कागजातको आधिकारिकता सुनिश्चित गरी आवश्यकता अनुसार मुद्दा दायर गर्ने वा मिसिल तामेलीमा राख्ने,
- कुनै अभियोगमा दण्ड सजाय भोगिसकेका वा अध्यागमन ऐन, नियम विपरित कार्य गरेका विदेशीलाई अवधि तोकी वा नतोकी प्रस्थान वा निष्काशन गर्ने,
- निष्काशित विदेशीको अभिलेख अद्यावधिक गराई राख्ने,

- अध्यागमन ऐन, नियम विपरीतका अन्य कार्यको अनुसन्धान गरी कारवाही गर्ने,

यी कार्यका साथै विभागका महानिर्देशकले गर्ने भनी तोकिएका कार्यहरू महानिर्देशकबाट तथा प्रत्यायोजित अधिकार बमोजिम अन्य कर्मचारीबाट समेत सम्पादन हुने हुँदा यसलाई समेत विभागले सम्पादन गर्ने कार्यका रूपमा लिन सकिन्छ।

***(ख) अध्यागमन विभागका महानिर्देशकका कार्यहरू***

अध्यागमन ऐन, २०४९ को दफा ७ ले अध्यागमन विभागका महानिर्देशकको काम, कर्तव्य र अधिकार तोकिदिएको छ। यस अनुसार महानिर्देकशको काम, कर्तव्य र अधिकार देहाय अनुसार रहेका छन् -

- नेपालभित्र विदेशीहरूको प्रवेश, उपस्थिति र प्रस्थानलाई नियमित, व्यवस्थित र नियन्त्रण गर्ने गराउने।
- विदेशीहरूलाई पदयात्रा गर्न अनुमति दिने ।
- तोकिए बमोजिमको भिसा जारी गर्ने तथा भिसाको म्याद थप गर्ने,
- खण्ड (ख) बमोजिम दिइएको पदयात्रा अनुमति वा खण्ड (ग) बमोजिम जारी गरिएको वा म्याद थप गरिएको भिसा तोकिए बमोजिमको अवस्थामा रद्द गर्ने,
- नेपाली नागरिकको आगमन र प्रस्थानलाई व्यवस्थित गर्ने,
- समय समयमा नेपाल सरकारले दिएको निर्देशन अनुसार अन्य काम गर्ने/ गराउने।

***(ग) अध्यागमन कार्यालयका कार्यहरू***

अध्यागमन कार्यालयहरूले सम्पादन गर्ने कार्यहरू समेत महानिर्देशकको सामान्य रेखदेख नियन्त्रण र निर्देशनमा हुने तथा यस्ता कार्यहरूमा विभागीय निर्देशन र परिपत्रहरूबाट निर्देशित हुने हुँदा विभागको कार्यको अङ्गको रूपमा अध्यागमन कार्यालयका कार्यलाई समेत लिन सकिन्छ ।

अध्यागमन कार्यविधि, २०६५ को दफा २.४ अनुसार तोकिएका अध्यागमन कार्यालयहरूको कार्यविवरण देहाय अनुसार छन् :-

- औपचारिक भिसा, पर्यटक भिसा र अन्तरिम भिसा जारी गर्ने,
- राहदानी र भिसा वा सो सँग सम्बन्धित अन्य कागज प्रमाण शंकास्पद देखिएमा नेपालको भिसा दिन वा नेपालभित्र प्रवेश दिन इन्कार गर्ने,
- वैध राहदानी र प्रस्थान गर्ने देशको भिसा नभएका वा भिसाको सुनिश्चितता नभएका व्यक्तिलाई प्रस्थान गर्न नदिने ।
- अध्यागमन ऐन वा नियमावली बमोजिम निष्काशन भएका वा नेपालमा प्रवेश गर्न रोक लगाइएका विदेशीलाई नेपालको भिसा दिन वा नेपालभित्र प्रवेश दिन इन्कार गर्ने,
- नाकाबाट प्रस्थान र प्रवेश गर्ने प्रत्येक व्यक्तिको राहदानीमा सोही अनुरूप आगमन वा प्रस्थान छाप लगाइदिने,
- तोकिएको ढाँचामा आगमन र गमन फाराम भराउने।

### १.३.४.३ अध्यागमन विभागको स्वीकृत दरवन्दी र पदपूर्ती

*क) स्वीकृत दरवन्दी र पदपूर्ति*


नेपाल सरकारबाट पछिल्लो मितिमा स्वीकृत सङ्गठन तथा व्यवस्थापन सर्भेक्षण अनुसार यस विभागमा नेपाल प्रशासन सेवाको राजपत्रांकित प्रथम श्रेणीको महानिर्देशकको नेतृत्वमा विभिन्न सेवा समूह र श्रेणीका गरी कुल ५५ जना कर्मचारीको दरबन्दी स्वीकृत रहेको छ। हाल यस विभागमा ४७ जना कर्मचारी कार्यरत रहेको अवस्था छ। स्वीकृत दरवन्दी र सोमा पदपूर्तिको विवरण देहाय अनुसार रहेको छः

**तालिका नं. १.३.४.१: अध्यागमन विभागको स्वीकृत दरवन्दी र पदपूर्ति**

| सि.नं. | पद | तह | सेवा/समूह | स्वीकृत दरवन्दी | पदपूर्ति | रिक्त |
|---|---|---|---|---|---|---|
| १ | महानिर्देशक | रा.प. प्रथम | प्रशासन/सा.प्र. | १ | १ | ० |
| २ | निर्देशक | रा.प. द्वितीय | प्रशासन/सा.प्र. | ३ | ४ | ० |
| ३ | निर्देशक (प्रा.) | रा.प. द्वितीय | विविध | १ | ० | १ |
| ४ | अध्यागमन अधिकृत | रा.प. तृतीय | प्रशासन/सा.प्र. | ९ | १०(१ काज) | ० |
| ५ | लेखा अधिकृत | रा.प. तृतीय | प्रशासन/लेखा | १ | १ | ० |
| ६ | कम्प्युटर ईन्जिनियर | रा.प. तृतीय | विविध | २ | २ | ० |
| ७ | बरिष्ठ अध्यागमन सहायक | रा.प.अ. प्रथम | प्रशासन/सा.प्र. | १० | १० | ० |
| ८ | लेखापाल | रा.प.अ. प्रथम | प्रशासन/लेखा | २ | २ | ० |
| ९ | कम्प्युटर अपरेटर | रा.प.अ. प्रथम | विविध | ६ | ६ | ० |
| १० | अध्यागमन सहायक | रा.प.अ. द्वितीय | प्रशासन/सा.प्र. | ४ | ४ | ० |
| ११ | सहायक कम्प्युटर अपरेटर | रा.प.अ. द्वितीय | विविध | १ | ० | १ |
| १२ | हलुका सवारी चालक | श्रेणीविहिन | ईन्जिनियरिङ्ग | ५ | १ | ४(करारबाट पूर्ति ) |
| १३ | कार्यालय सहयोगी | श्रेणीविहिन | प्रशासन/सा.प्र. | १० | ६ | ४ (करारबाट पूर्ति) |
| **जम्मा** | | | | **५५** | **४७** | |

*स्रोतः अध्यागमन विभाग*

*ख) अध्यागमन विभागको स्वीकृत दरबन्दी संरचना*




*नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७६/०८/०३ को निर्णयानुसार अध्यागमन विभागको स्वीकृत दरबन्दी संरचना*

*ग) विभागबाट प्रदान गरिने सेवाहरू*

- अध्यागमन विभाग वा अन्तर्गतका निकायहरूबाट जारी हुने भिसाहरूः
  - पर्यटक भिसा
  - गैर पर्यटक भिसा
  - वैवाहिक नाता भिसा
  - नाता भिसा
  - श्रम भिसा
  - अध्ययन भिसा
  - व्यवसायिक भिसा
  - आवासीय भिसा
  - गैर आवासीय नेपाली भिसा
- विदेशीको नेपाल प्रवेशको अभिलेखन गर्ने ।
- भिसाको म्याद थप गर्ने।
- विदेशीको नेपालबाट गमनको अभिलेखन गर्ने।
- विदेशीहरूको नेपाल बसाईको नियमन गर्ने ।
- अध्यागमन अपराध नियन्त्रण तथा व्यवस्थापन गर्ने।
- नेपाली नागरिकको नेपालबाट गमनको अभिलेखन गर्ने ।
- नेपाली नागरिकको नेपालभित्र आगमनको अभिलेखन गर्ने ।
- भिसा नियमित गर्ने ।
- अध्यागमन प्रशासनलाई व्यवस्थित, प्रविधियुक्त, छिटो, छरितो बनाउने।
- निषेधित क्षेत्रमा जाने विदेशीहरूलाई पदयात्राको अनुमति दिने ।
- मानवीय,आर्थिक तथा भौतिक स्रोतको परिचालन गर्ने ।
- अध्यागमन कार्यालयहरूको नियमन र सुपरीवेक्षण गर्ने ।

*घ) सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी*

विभागका सबै शाखाहरूले विभिन्न विषयमा काम गर्नुका साथै सेवा प्रवाहमा प्रत्यक्ष र परोक्षरूपमा योगदान दिने हुँदा अध्यागमन विभागको शाखागत काम, कर्तव्य र अधिकार र जिम्मेवार अधिकारी देहाय अनुसार प्रस्तुत गरिएको छः

**अ) प्रशासन शाखा (जिम्मेवार अधिकारी - निर्देशक, अध्यागमन अधिकृत)**

- विभागबाट हुने नियमित अनुगमन कार्यको लागि आवश्यकता अनुसार निणर्यको लागि पेश गर्ने।
- कर्मचारी प्रशासन सम्बन्धी काम गर्ने, कर्मचारीको व्यक्तिगत फाइलहरू अद्यावधिक गर्ने/ राखे।
- कार्यालयमा पालोपहरा र सुरक्षाको व्यवस्था मिलाउने।
- दर्ता चलानी, सोधपुछ काउन्टर र रेकर्ड शाखा सम्बन्धी कार्य व्यवस्थित रूपमा सञ्चालन गर्ने।
- त्यस शाखाबाट भए गरेका काम कारवाहीको अभिलेख अद्यावधिक राखे, अन्य शाखाहरूबाट तयार भएको विवरण समेत संलग्न गरी महिना समाप्त भएको एक हप्ताभित्र विभागको मासिक प्रगति विवरण तयार गरी गृह मन्त्रालयमा पठाउने।
- सबै शाखाहरूसँग समन्वय गरी नियमानुसार कागज धुल्याउने सम्बन्धी कार्य गर्ने।
- जरिवाना गर्ने विषय वाहेक भिसा स्थानान्तरण गर्ने, ट्राभल परमिट जारी गर्ने, छुट प्रवेश भिसा प्रदान गर्ने र आगमन तथा प्रस्थान प्रमाणित गर्ने।
- शाखाको कार्य सञ्चालन तथा रेखदेख गर्ने र निर्णयानुसार पत्राचार गर्ने।
- आफ्ना मातहतका कर्मचारीहरूको कार्यसम्पादनको सुपरीवेक्षण गर्ने।
- पर्यटक भिसामा १५० दिन भन्दा बढी बसेका विदेशी उपर प्रचलित कानुन बमोजिम कारवाही गर्न पेशगर्ने।
- समय समयमा महानिर्देशकले दिएका निर्देशन बमोजिम विभागमा परिआउने अन्य काम गर्ने।
- पर्यटक भिसा, एजेन्सि, गैरपर्यटक भिसा, व्यवसायिक भिसा युनिट, मुद्धा शाखामा कार्यरत अध्यागमन अधिकृतहरूको अनुपस्थितिमा निजहरूले गर्दै आएको कार्यहरू समेत गर्ने।
- शाखाको कार्य सम्पादन गर्दा निर्देशकसँग समन्वय गरी छिटो छरितो रूपमा कार्य गर्ने।
- कर्मचारीहरूको विदा, काज, सरुवा, हाजिरी आदिको अभिलेख व्यवस्थित गर्ने ।
- विभागमा प्राप्त हुने इमेलको सम्बन्धित शाखासँग समन्वय गरी प्रत्युत्तर पठाउने।
- विभागबाट प्रकाशन गर्नु पर्ने प्रकाशनहरूका लागि सहजीकरण गर्ने।

**आ) व्यवसायिक भिसा शाखा (एकल विन्दु सेवा केन्द्र, जिम्मेवार अधिकारी –निर्देशक, अ. अधिकृत)**

- व्यवसायिक भिसाका लागि सिफारिस भई आएका र अघिल्लो भिसाको म्याद भित्रै सिफारिस भएको हकमा सिफारिस एकिन गरी व्यवसाय गर्ने व्यक्ति, व्यवसायिक प्रतिनिधि र तिनका आश्रितलाई व्यवसायिक भिसा निर्देशकबाट निर्णय गराई जारी गर्ने।
- व्यवसायिक भिसामा रहेका र म्याद भित्रै नवीकरणका लागि सिफारिस भएका व्यवसाय गर्ने व्यक्ति, व्यवसायिक प्रतिनिधि र तिनका आश्रितलाई भिसाको म्याद थप गर्ने।

- व्यावसायिक वा अन्य भिसाको म्याद गुजारी व्यवसायिक भिसाका लागि सिफारिस भई आएका व्यवसाय गर्ने व्यक्ति, व्यावसायिक प्रतिनिधि र तिनका आश्रितको हकमा आवश्यक कागजात पुऱ्याई निर्देशक समक्ष पेश गरी निर्णय भए बमोजिम भिसा जारी गर्ने।
- पर्यटक भिसामा overstay भई व्यवसायिक भिसाका लागि आवेदन गर्नेको हकमा महानिर्देशक समक्ष पेश गरी निर्णय भए बमोजिम भिसा जारी गर्ने।
- व्यवसायिक भिसाको ट्रान्सफर सम्बन्धी कार्य गर्ने।
- भिसा सम्बन्धी सम्पूर्ण कार्य अनलाईन भिसा एप्लिकेसनबाट गर्ने।
- समय समयमा गरिएको निर्देशन अनुसार काम गर्ने।
- व्यावसायिक भिसा सम्बन्धी सम्पूर्ण कार्यहरू एकल विन्दु सेवा केन्द्रबाट सेवा प्रवाह गर्ने र सोको जानकारी अध्यागमन विभागमा गराउने ।

**इ) एजेन्सीशाखा (जिम्मेवार अधिकारी – निर्देशक, अध्यागमन अधिकृत)**

- पदयात्राको लागि तोकिएको क्षेत्रमा अनुमतिपत्र जारी गर्न आवश्यक प्रक्रिया पुरा गरी निर्देशक समक्ष पेश गरी निणर्य भए अनुरूप जारी गर्ने।
- परराष्ट मन्त्रालयबाट प्राप्त सिफारिस बमोजिम गृह मन्त्रालयबाट लेखी आएबमोजिम कूटनीतिक भिसा वाहकलाई तोकिएको क्षेत्रमा निःशुल्क पदयात्रा अनुमतिका लागि पेश गर्ने।
- पर्यटन मन्त्रालयको सिफारिसमा निषेधित क्षेत्र हुदै पर्वतारोहणमा जाने पर्यटकलाई निःशुल्क पदयात्रा अनुमतिपत्रका लागि पेश गर्ने।
- ट्रेकिङ्ग एजेन्सीहरू नवीकरण भए नभएको आदि विवरण सहितको लगत अद्यावधिक बनाई राख्ने। साथै आफ्नो शाखाबाट भए गरेका काम कारवाहीको अभिलेख अद्यावधिक गरी राख्ने।
- शाखाको कार्य सञ्चालन तथा रेखदेख गर्ने र आवश्यकता अनुसार पत्राचार गर्ने।
- आफ्ना मातहतका कर्मचारीहरूको कार्य सम्पादनको सुपरीवेक्षण तथा भैपरी आउने बिदा स्वीकृत गर्ने।
- आफ्नो शाखाबाट सम्पादन गरीएका कामको प्रगति विवरण प्रत्येक अंग्रेजी महिनाको ५ गतेभित्र तयार गरी प्रशासन शाखामा पठाउने।
- समय समयमा महानिर्देशकले दिएका निर्देशन बमोजिम विभागमा परिआउने अन्य काम गर्ने।

**ई) मुद्दाशाखा (जिम्मेवार अधिकारी – निर्देशक, अध्यागमन अधिकृत)**

- अध्यागमन सम्बन्धी कसूरमा अनुसन्धान गर्दा प्रचलित कानुन बमोजिम जानकारी गराई अभियुक्तहरूको बयान लिने, आवश्यक तहकिकात र अनुसन्धान गरी कानुन बमोजिम मुद्दा दायर गर्ने।
- शङ्कास्पद राहदानी, भिसा आदि देखिएमा कानुन बमोजिम कारवाहीका लागि पेश गर्ने।

- विभागमा रहेको थुनुवा कोठाहरूमा कानुन बमोजिम थुनुवाहरू राख्ने, निजहरूको सुविधा, सुरक्षा, नियन्त्रण र व्यवस्थापन समेत गर्ने।
- शाखाबाट भएगरेका कामकारवाहीको अभिलेख अद्यावधिक राख्ने तथा महिना समाप्त भएको पाँच दिनभित्र मासिक प्रगति विवरण तयार गर्न लगाई प्रशासन शाखामा बुझाउने।
- शाखाको कार्यसञ्चालन तथा रेखदेख गर्ने र आवश्यकता अनुसार पत्राचार गर्ने।
- आफ्ना मातहतका कर्मचारीहरूको कार्यसम्पादनको सुपरीवेक्षण गर्ने।

**उ) गैह्रपर्यटक शाखा (जिम्मेवार अधिकारी – निर्देशक, अध्यागमन अधिकृत)**

- अध्ययन, अनुसन्धान, Degree / Non Degree Program मा अध्ययन भिसाको लागि प्राप्त निवेदन, सिफारिस एवं अन्य आवश्यक कागजात छानबिन गर्ने र भिसा जारी तथा म्याद थप गर्ने।
- गैरपर्यटक (Press) भिसाको निवेदन, सिफारिस एवं अन्य आवश्यक कागजात छानबिन गर्ने र भिसा जारी तथा म्याद थप गर्ने। विलम्ब तथा overstay भई आएकाको हकमा छानबिन गरी पेश गर्ने र निर्णय भए अनुसार गर्ने।
- गैरपर्यटक (Relation) (तिब्बती मुलका बाहेक) भिसाको लागि प्राप्त निवेदन, सिफारिस एवं अन्य आवश्यक कागजात छानबिन गर्ने र भिसा जारी तथा म्याद थप गर्ने। विलम्ब तथा Over Stay भई आएकाको हकमा छानबिन गरी पेश गर्ने र निणर्य भए अनुसार गर्ने।
- गैरपर्यटक (Marriage) (तिब्बती मूलका बाहेक) भिसाको लागि प्राप्त निवेदन, सिफारिस एवं अन्य आवश्यक कागजात छानबिन गर्ने र भिसा जारी तथा म्याद थप गर्ने।
- गैरपर्यटक( Working ) भिसाको लागि प्राप्त निवेदन, सिफारिश एवं अन्य आवश्यक कागजात छानबिन गर्ने र भिसाको म्याद थप गर्ने।
- नेपालस्थित विदेशी नियोगहरू अन्तर्गतका निकायमा कार्यरत व्यक्तिहरूको लागि परराष्ट्र मन्त्रालय वा अन्तर्गतको विभागबाट सिफारिस, व्यक्तिको निवेदन तथा अन्य कागजात छानबिन गरी भिसा जारी गर्ने तथा म्याद थप गर्ने।
- गैरपर्यटक भिसासँग सम्बन्धित भिसा ट्रान्सफर सम्बन्धी कार्यहरू गर्ने।
- भिसा प्रदान भएको ब्यक्तिहरूको अभिलेख अद्यावधिक राख्ने तथा महिना समाप्त भएको पाँच दिनभित्र मासिक प्रगति विवरण तयार गर्न लगाई प्रशासन शाखामा बुझाउने।
- शाखाको कार्य सञ्चालन तथा रेखदेख गर्ने र आवश्यकता अनुसार पत्राचार गर्ने।
- शाखाबाट जारी भई भिसा प्राप्त गर्ने विदेशीहरूको चालचलन सम्बन्धी प्रतिवेदन अद्यावधिक गर्ने र प्रतिकुल भएमा कारवाहीको लागि पेश गर्ने।
- निर्देशक समक्ष पेश गरी निणर्य लिनुपर्ने विषयमा राय सहित पेश गर्ने।
- समय समयमा महानिर्देशकले दिएका निर्देशनबमोजिम विभागमा भैपरी आउने अन्य काम गर्ने।

**ऊ) पर्यटक शाखा (जिम्मेवार अधिकारी –निर्देशक, अध्यागमन अधिकृत)**

- प्रवेश भिसा लिई सकेका विदेशीका हकमा एक भिसा वर्षमा १५० दिन बसाई अवधि ननाघ्ने गरी पर्यटक भिसाको म्याद थप गर्ने।
- अन्य भिसा लिई बसिरहेका विदेशीहरूले आफूले प्राप्त गरेको भिसाको अवधि समाप्त भए पछि पर्यटक भिसा माग गरेमा प्रक्रिया पूरा गरी निर्देशकलाई निणर्यका लागि पेश गर्ने।
- भिसाको म्याद थप गर्ने क्रममा राहदानी, भिसा तथा विदेशीहरूको बसाई नियमित रहेन रहेको समेत जाँच गर्ने।
- भिसा प्रदान भएको व्यक्तिहरूको अभिलेख अद्यावधिक राख्ने तथा महिना समाप्त भएको पाँच दिनभित्र मासिकप्रगति विवरण तयार गर्न लगाई प्रशासन शाखामा बुझाउने।
- शाखाको कार्यसञ्चालन तथा रेखदेख गर्ने र आवश्यकता अनुसार पत्राचार गर्ने।
- आफ्ना मातहतका कर्मचारीहरूको कार्यसम्पादनको सुपरीवेक्षण गर्ने तथा भैपरी आउने विदा स्वीकृत गर्ने।
- पर्वतारोहणमा गएका विदेशीहरूले पर्वतारोहणबाट फर्केपछि पर्वतारोहणको अवधि कटाई बाँकी अवधिको पर्यटक भिसाको म्याद थपका लागि आवेदन गरेमा (निजको नेपाल बसाई अवधि १५० दिन नाघ्ने भएमा प्रमाण बुझी सो अवधि कटाई) बाँकी अवधिको भिसा निणर्य गराई जारी गर्ने।
- शाखाको कार्य सम्पादन गर्दा निर्देशकसँग समन्वय गरी छिटो छरितो रूपमा कार्य गर्ने।
- समय समयमा महानिर्देशकले दिएका निर्देशन बमोजिम विभागमा परि आउने अन्य काम गर्ने।

**ए) आर्थिक प्रशासन शाखा (जिम्मेवार अधिकारी –निर्देशक, अध्यागमन अधिकृत)**

- साधारण बजेट तर्जुमा गर्ने र विकास बजेटको हकमा योजना र कार्यक्रम हेर्ने सम्वन्धित शाखासँग समन्वय गरी तर्जुमा गर्ने।
- विभाग र मातहत निकायहरूको वार्षिक कार्यक्रम LMBIS संशोधन, रकमान्तरको लागि सम्वन्धित कार्यालयबाट अनुरोध भै आएअनुसार पेश गर्ने।
- कार्यालय प्रमुख वा शाखा प्रमुखले आर्थिक कारोवारको सम्वन्धमा राय माग गरेमा राय पेश गर्ने ।
- आर्थिक कारोबारसँग सम्बन्धित काम र जिम्मेवारी वहन गरी आर्थिक कार्यविधि र नियमावली बमोजिम निकासा माग गर्ने व्यवस्था मिलाउने।
- निकासा भएको रकमको खर्चको हिसाब किताब रीतपूर्वक राख्ने, खर्चको फाँटवारी एवं आर्थिक विवरण तयार गर्ने। त्यस्ता फाँटवारी एवं आर्थिक विवरण कार्यालय प्रमुखबाट स्वीकृत गराई समयमै सम्बन्धित निकायमा पठाउने र लेखापरीक्षण गराउने।
- विभाग र मातहत कार्यालयको राजस्व रकम भिडान गरी प्रतिवेदन तयार गरी पेश गर्ने।

- धरौटी रकमको अभिलेख राखी प्रतिवेदन तयार पारी पेश गर्ने।
- मालसामान, उपकरण, परामर्श तथा निर्माण सम्बन्धी खरिद कार्य खरिद एकाईसँग समन्वय गरी गर्ने।
- मालसामान, उपकरण, परामर्श तथा निर्माण सम्बन्धी कार्यको बोलपत्र मुल्याङ्कन सम्बन्धी कार्य गर्ने।
- जिन्सी प्रतिवेदनमा उल्लेख भए बमोजिमका लिलाम गर्नुपर्ने सामानहरूको सम्बन्धमा कार्यालय प्रमुख/ शाखा प्रमुखले राय माग गरेमा राय पेश गर्ने।
- लेखापरीक्षणबाट कायम हुन आएको बेरुजुको लगत राख्ने र बेरुजु फछ्यौंट गर्ने प्रमाण जुटाई पेश गर्ने गराउने। नियमित गर्नुपर्ने विषयहरू नियमित गर्न गराउन पेश गर्ने।
- आर्थिक कारोबार गर्दा प्रचलित कानुन बमोजिम रीत पुगे वा नपुगेको जाँची रीत पुगेकोमा भुक्तानीको निमित्त पेश गर्ने, रीत नपुगेको वा आफ्नो राय नलिई रीत नपुगेको कुनै कलम सदर भै भुक्तानीको निम्ति प्राप्त हुन आएमा रीत नपुगेको व्यहोरा लिखित रूपमा स्पष्ट खुलाइ कार्यालय प्रमुख समक्ष पेश गरी कार्यालय प्रमुखको लिखित आदेशानुसार गर्ने।
- अर्थ मन्त्रालय, गृह मन्त्रालय, म.ले.नि.का, महालेखा परीक्षकको कार्यालय, राजस्व बुझ्ने बैंकहरू र को.ले.नि.का सँग समन्वय, सम्पर्क, पत्राचार र प्रतिवेदनका कार्य गर्ने।
- विभाग मातहत कार्यालयका लेखा हेर्ने कर्मचारीसँग निरन्तर रूपमा सम्पर्क गरी लेखा सम्बन्धी समस्याको समाधान गर्न पेश गर्ने।

**ऐ) जिन्सी शाखा (जिम्मेवार अधिकारी – निर्देशक, अध्यागमन अधिकृत)**

- मुद्रण विभागसँग समन्वय राखी भिसा स्टिकरहरू विभागमा ल्याउने र जिन्सी आम्दानी बाँध्ने।
- भिसा स्टिकरहरू अन्तर्गतका अध्यागमन कार्यालय, विभागका विभिन्न शाखाहरूमा आदेश लिई दिने र सोको अभिलेख राख्ने।
- विदेश स्थित नेपाली नियोगहरूबाट प्रयोग हुने भिसा स्टिकरहरू कन्सुलर विभाग मार्फत पठाई सोको अभिलेख राख्ने।
- खरिद योजना अनुसार विभागमा खरिद भई तथा प्राप्त हुन आएका सामानहरूको जिन्सी खातामा आम्दानी बाँध्ने।
- विभिन्न शाखा लगायतबाट माग भएका सामानहरू आदेश लिई सम्बन्धित शाखामा उपलब्ध गराउने।
- प्रत्येक शाखा एवं प्रत्येक कोठाहरूमा भएका जिन्सी सामानहरू, फर्निचर, कम्प्युटर, औजार तथा उपकरण समेत दैनिक रूपमा के कसरी प्रयोग भइरहेको छ हेर्ने र दुरुपयोग हुन नदिने।
- विभागमा भएका सबै सामाग्रीहरू चुस्त दुरुस्त राख्ने।
- खरिद गर्नुपर्ने आवश्यक सामानहरूको लगत तयार गरी खरिदको लागि पेश गर्ने।

- वार्षिक जिन्सी निरीक्षणले औल्याएका कार्यहरू (लिलाम, मर्मत, हस्तान्तरणआदि) को प्रकृया अगाडि वढाउने।
- सवारी साधनहरू मर्मत गरी/ गराई आएका बिलहरूको चल्ती मेशिन तथा सवारीको कितावको विवरण तयार गरी राख्ने।
- सामानहरूको दाखिला प्रतिवेदन तयार गर्ने।
- वार्षिक जिन्सी मौज्दातको विवरण तयार गर्ने।
- विभागमा रहेका चल अचल सम्पत्तिको संरक्षण तथा मर्मत सम्भार गर्ने/गराउने।
- धारा, वत्ति तथा टेलिफोन लगायतको रेखदेख तथा मर्मत सम्भार गर्ने/गराउने।
- विभागको दैनिक सरसफाई गर्ने/गराउने।
- कार्यालयमा सरुवा भई आउने तथा जाने कर्मचारीहरूको नेम प्लेट, आई डी कार्ड तथा व्याचहरू अद्यावधिक गर्ने गराउने।
- जिन्सी खाता तथा म. ले. प. फारामहरू चुस्त दुरुस्त राख्ने।
- दैनिक कार्य सम्पादनका क्रममा आइपरेका कार्यहरू गर्ने।

**ओ) सूचना प्रविधि शाखा (जिम्मेवार अधिकारी – निर्देशक, अध्यागमन अधिकृत)**

- अध्यागमन विभागमा मौजुदा सूचना व्यवस्थापन प्रणाली तथा वेबसाइटहरूको सुचारु सञ्चालन गर्ने।
- अध्यागमन विभागको लागि आवश्यक सूचना व्यवस्थापन प्रणालीहरूको विकास गर्ने/गराउने।
- अध्यागमन विभागमा रहेका सूचना प्रविधि सम्बन्धी उपकरणहरूको रेखदेख, मर्मत सम्भार तथा सञ्चालन गर्ने/गराउने।
- सूचना प्रविधि सम्बन्धी उपकरणहरूको खरिदको लागि आवश्यक सम्पूर्ण प्राविधिक प्रक्रिया सम्पन्न गर्ने/गराउने।
- अनलाइन मार्फत आव्हान गरिने सम्पूर्ण बोलपत्रहरूको प्राविधिक कार्य सम्पन्न गर्ने।
- अध्यागमन विभाग तथा अन्तर्गतका कार्यालयहरूमा सूचना प्रविधि सम्बन्धी आवश्यक सहयोग तथा समन्वय गर्ने/गराउने।
- विभिन्न निकायहरूसँग समन्वय गर्ने क्रममा विभागको तर्फबाट प्राविधिक प्रतिनिधित्व गर्ने।
- अध्यागमन विभागको महानिर्देशक तथा निर्देशकहरूले खटाएका अन्य प्राविधिक कार्य गर्ने।
- विभाग तथा अन्तर्गतका कार्यालयहरूमा कार्यरत जनशक्तिहरूलाई आवश्यक प्राविधिक तालिम प्रदान गर्ने/गराउने।
- अध्यागमन विभागको महानिर्देशक तथा निर्देशकहरूले खटाएका अन्य प्राविधिक कार्य गर्ने।

### *ङ) सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि*

अध्यागमन नियमावली २०५१ को अनुसूची ९(नियम २९ सँग सम्बन्धित) ले नेपाल प्रवेशको भिसा दस्तुरको व्यवस्था गरेको छ।

**तालिका नं. १.३.४.२: भिसा दस्तुर**

| सिन | विषय | भिसा दस्तुर |
|---|---|---|
| १ | **नियोग वा प्रवेशस्थलस्थित कार्यालयले पर्यटक भिसा जारी गर्दा लाग्ने दस्तुरः** | |
| | १५ दिनको बहु प्रवेशी सुविधा सहितको भिसा | ३० अमेरिकी डलर वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रा । |
| | ३० दिनको बहु प्रवेशी सुविधा सहितको भिसा | ५० अमेरिकी डलर वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रा । |
| | ९० दिनको बहुप्रवेशी सुविधा सहितको भिसा | १२५ अमेरिकी डलर वा सो बराबरको परिवर्त्य विदेशी मुद्रा । |
| २ | **पर्यटक भिसाको म्याद थप वा नियमित गर्दा लाग्ने दस्तुरः** | |
| | म्याद थप गर्न | प्रति दिनको ३ अमेरिकी डलर बराबरको नेपाली मुद्रा। |
| | बहुप्रवेशी सुविधा माग गरेमा | थप २५ अमेरिकी डलर बराबरको नेपाली मुद्रा। |
| | पर्यटक भिसाको म्याद थप नगरी बसेका विदेशीको भिसा नियमित गर्नुपरेमा | प्रति दिनको ५ अमेरिकी डलरका दरले हुने नेपाली मुद्रा साधारण दस्तुरमा थप हुने। |
| | पर्यटक भिसामा बस्न पाउने अवधि १५० दिनभन्दा बढी अवधि भिसाको म्याद थप नगराई बसेका विदेशीका हकमा उल्लिखित दस्तुर र ऐनको दफा १०(४) बमोजिम हुन सक्ने जरिवाना समेत थप लाग्ने। | |
| | पर्यटक भिसाको म्याद थप गर्ने प्रयोजनका लागि भिसा दस्तुरको गणना गर्दा १५ दिन भन्दा कम अवधिको भए १५ दिनको र सो भन्दा बढी अवधिको भए क्रमसङ्ख्या २ को खण्ड (क) बमोजिमको दस्तुर लाग्नेछ। | |
| ३ | **अध्ययन भिसा जारी गर्दा वा म्याद थप गर्दा लाग्ने दस्तुर** | |
| | प्रवेशकोसमयमा ३० दिनको अध्ययन भिसा जारी गर्नु परेमा | ३० अमेरिकी डलर वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रा। |
| | शैक्षिक उपाधि प्राप्त हुने गरी (Degree Programme) अध्ययनरत विद्यार्थी र तिनका आश्रित परिवारलाई | प्रति महिना ३० अमेरिकी डलर बराबरको नेपाली मुद्रा। |
| | शैक्षिक उपाधि प्राप्त नहुने गरी (Non Degree Programme) अध्ययनरत विद्यार्थी र तिनका आश्रित परिवारलाई | प्रति महिना ७५ अमेरिकी डलर बराबरको नेपाली मुद्रा। |
| | बङ्गलादेशबाट अध्ययन गर्न आउने बिद्यार्थी र तिनका आश्रित परिवारलाई | वार्षिक अमेरिकी डलर १५ बराबरको नेपाली मुद्रा |
| | माल्दिभ्सबाट अध्ययन गर्न आउने बिद्यार्थी र तिनका आश्रित परिवारलाई | वार्षिक २५ अमेरिकी डलर बराबरको नेपाली मुद्रा |
| | भुटानबाट अध्ययन गर्न आउने बिद्यार्थी र तिनका आश्रित परिवारलाई | मासिक १५ अमेरिकी डलर बराबरको नेपाली मुद्रा |

| सिन | विषय | भिसा दस्तुर |
|---|---|---|
| | श्रीलङ्का र पाकिस्तानबाट अध्ययन गर्न आउने बिद्यार्थीलाई भिसा दस्तुर नलाग्ने तर यी विद्यार्थीका परिवारलाई | मासिक १०(दश) अमेरिकी डलर बराबरको नेपाली मुद्रा। |
| | नेपाल स्थित विश्वविद्यालयहरू र विदेशी विश्वविद्यालयहरू बीच शिक्षक आदानप्रदान कार्यक्रम अन्तर्गत नेपाल आई निःशुल्क अध्ययन भिसा प्राप्त गर्ने भनी निर्णय भएका विदेशीका आश्रित परिवारलाई अध्ययन भिसा जारी गर्दा | मासिक १५ अमेरिकी डलर बराबरको नेपाली मुद्रा। |
| | अध्यापन तथा अनुसन्धान गर्न आउने अन्य विदेशी र तिनका आश्रित परिवारलाई | मासिक ५० अमेरिकी डलर बराबरको नेपाली मुद्रा। |
| ४ | **गैह्रपर्यटक भिसा जारी गर्दा वा म्याद थप गर्दा लाग्ने दस्तुर** | |
| | प्रवेशको समयमा ३० दिनको गैर पर्यटक भिसा | अमेरिकी डलर ३० वा सो बराबरको परिवर्त्य विदेशी मुद्रा। |
| | नेपाली मूलका विदेशी र नेपाली बाबु वा आमाका विदेशी राहदानी बाहक सन्तानलाई | प्रति महिना १० अमेरिकी डलर बराबरको नेपाली मुद्रा। |
| | पत्रकारहरू र तिनका आश्रित परिवारलाई | प्रति महिना १५ अमेरिकी डलर बराबरको नेपाली मुद्रा। |
| | नेपाल सरकारको कार्यालय वा आयोजनामा प्रत्यक्ष रूपमा संलग्न भईकार्यरत हुने विदेशीहरू र तिनका आश्रित परिवारलाई | प्रति महिना ३० अमेरिकी डलरबराबरको नेपाली मुद्रा। |
| | नेपाली नागरिकसँग विवाह गर्ने विदेशीलाई | प्रति महिना १५ अमेरिकी डलर बराबरको नेपाली मुद्रा। |
| | नातेदार भेट्ने प्रयोजनका लागि आउने विदेशीलाई | प्रति महिना २५ अमेरिकी डलर बराबरको नेपाली मुद्रा। |
| | ठेक्का पट्टामा काम गर्न श्रम स्वीकृति प्राप्त वा सन् १९८९ भन्दा अघिदेखि नेपालमा कुनै कारोवार गरी बसेका चिनीयाँ नागरिकहरूलाई | प्रति महिना २० अमेरिकी डलर बराबरको नेपाली मुद्रा। |
| | संझौता अनुसार दातृराष्ट्रको प्रत्यक्ष लगानीमा सञ्चालित गैरसरकारी संस्थामा कार्यरत विदेशी र तिनका आश्रित परिवारलाई | प्रति महिना ५० अमेरिकी डलर बराबरको नेपाली मुद्रा। |
| | अन्य विदेशीहरूलाई | प्रति महिना ७५ अमेरिकी डलर बराबरको नेपाली मुद्रा। |
| | विदेशी सम्बन्धी नियमावली, २०३२ बमोजिम निःशुल्क भिसा प्राप्त गरिसकेका नेपाली पुरुष नागरिकसँग बैवाहिक सम्बन्ध भएका विदेशी महिलालाई वैवाहिक सम्बन्ध कायम रहेसम्म भिसा दस्तुर लाग्ने छैन। | |
| ५ | **व्यावसायिक भिसा जारी गर्दा वा म्याद थप गर्दा लाग्ने दस्तुर** | |
| | एक करोड रुपैयाँ भन्दा बढी व्यक्तिगत लगानी गर्ने विदेशी र तिनका आश्रित परिवार वासंस्थाका अधिकृत प्रतिनिधिलाई | |

| सिन | विषय | भिसा दस्तुर |
|---|---|---|
| | एक बर्ष भन्दा कम अवधिको | मासिक २० अमेरिकी डलर बराबरको नेपाली मुद्रा, |
| | वार्षिक | २०० अमेरिकी डलर बराबरको नेपाली मुद्रा |
| | पाँच बर्षको | ५०० अमेरिकी डलर बराबरको नेपाली मुद्रा। |
| | नेपालमा उत्पादित मालसामान खरिद गरी निकासी गर्ने वा निकासीको लागि खरिद आदेश दिने विदेशीहरूलाई समेत यसै अनुसार भिसा दस्तुर लाग्नेछ। | |
| | एक करोड रुपैयाँ र सो भन्दा कम व्यक्तिगत लगानी गर्ने विदेशी र तिनका आश्रित परिवार वा संस्थाका अधिकृत प्रतिनिधिलाई | |
| | एक बर्षभन्दा कम अवधिको | मासिक ३५ अमेरिकी डलर बराबरको नेपाली मुद्रा। |
| | वार्षिक | ४०० अमेरिकी डलर बराबरको नेपाली मुद्रा। |
| | पाँच बर्षको | एक हजार अमेरिकी डलर बराबरको नेपाली मुद्रा। |
| | प्रविधि हस्तान्तरण प्रयोजनका लागि आउने विशेषज्ञ र निजको आश्रित परिवारलाई समेत यसै अनुसार भिसा दस्तुर लाग्नेछ। | |
| | दश करोड रुपैयाँ वा सो भन्दा बढी व्यक्तिगत लगानी गर्ने विदेशी र तिनका आश्रित परिवार वा संस्थाका अधिकृत प्रतिनिधिलाई भिसा दस्तुर नलाग्ने । | |
| ६ | अन्तरिम भिसा जारी गर्दा लाग्ने दस्तुर- पाँच अमेरिकी डलर वा सो बराबरको परिवर्त्य विदेशी मुद्रा। | |
| ७ | **गैर आवासीय नेपाली भिसा जारी गर्दा वा म्याद थप गर्दा लाग्ने दस्तुर** | |
| | निःशुल्क | |
| ८ | **बहुप्रवेशी सुविधा सहित आवासीय भिसा जारी गर्दा वा नवीकरण गर्दा लाग्ने दस्तुर** | |
| | प्रथमपटक ५०० अमेरिकी डलर बराबरको नेपाली मुद्रा र नवीकरण गर्दा वार्षिक २०० अमेरिकी डलर बराबरको नेपाली मुद्रा । | |
| | नियमावलीको नियम ११ को उपनियम (१) को खण्ड (ङ) बमोजिमको विदेशीका लागि प्रथम पटक ७०० अमेरिकी डलर बराबरको नेपाली मुद्रा र नवीकरण गर्दा वार्षिक१२०० अमेरिकी डलर बराबरको नेपाली मुद्रा। | |
| | अध्यागमन नियमावली, २०५१ मा भएको प्रथम संशोधन, २०५८ लागु हुनु पूर्व आवासीय भिसा प्राप्त गरी नेपालमा बसिरहेका विदेशीहरूलाई नवीकरण दस्तुर बापत वार्षिक १०० अमेरिकी डलर बराबरको नेपाली मुद्रा। | |
| ९ | **व्यावसायिक, अध्ययन र गैर पर्यटक भिसाको म्याद थप नगरी बसेका विदेशीको भिसा नियमित गर्दा लाग्ने दस्तुर** | |
| | पहिलेजुन भिसामा बसेको हो सो भिसा बापत यस नियमावली बमोजिम लाग्ने दस्तुरमा सतप्रतिशत थप दस्तुर लाग्नेछ। | |
| | तर साविक भिसा पर्यटक भिसा भएमा १५० दिनको अवधि भित्रको भए पर्यटक भिसाको म्याद थप वा नियमित गर्दा लाग्ने दस्तुर सरहको दस्तुर। | |
| | सिफारिस प्राप्त नभएमा १५० दिनको अवधिभित्रको भए पर्यटक भिसाको म्याद थप वा नियमित गर्दा लाग्ने दस्तुर सरहको दस्तुर र सो अवधि भन्दा बढी भए ऐनको दफा १० को उपदफा (४) बमोजिम जरिवाना समेत लाग्नेछ। | |

| सिन | विषय | भिसा दस्तुर |
|---|---|---|
| १० | **पर्यटक भिसा बाहेक अन्य भिसाको मान्य अवधिसम्म मात्र कायम रहने गरी एक प्रवेशी र बहुप्रवेशी सुविधा लिनु परेमा लाग्ने दस्तुरः** | |
| | एक प्रवेशीका लागि | २० अमेरिकी डलर बराबरको नेपाली मुद्रा। |
| | बहु प्रवेशीका लागि | ६० अमेरिकी डलर बराबरको नेपाली मुद्रा। |
| ११ | **अन्य दस्तुर** | |
| | प्रवेशस्थलबाट भिसा नलिई प्रवेश गर्ने विदेशीलाई पर्यटक भिसा जारी गर्नु परेमा | लाग्ने दस्तुरमा ५० प्रतिशत थप गरी सो बराबरको नेपाली मुद्रा। |
| | यात्रा अनुमतिपत्र जारी गर्दा | ३० अमेरिकी डलर बराबरको नेपाली मुद्रा। |
| | आगमन वा प्रस्थान प्रमाणित गर्दा वा भिसा स्थानान्तरण गर्नु परेमा | २ अमेरिकी डलर बराबरको नेपाली मुद्रा। |
| | प्रवेश भिसा दस्तुर नलाग्ने व्यवस्था भएका विदेशी (दश वर्ष मुनिका बाहेक) प्रवेशस्थलबाट भिसा नलिई प्रवेश गरेमा विभागबाट प्रवेश भिसा जारी गर्दा क्रमसङ्ख्या १ को खण्ड (क) वा (ख) वा (ग) बमोजिमको दस्तुर बराबरको नेपाली मुद्रा र यस नियमावली वा नेपाल सरकारले भिसा दस्तुर नलाग्ने व्यवस्था गरेका विदेशीले भिसाको म्याद थप नगरी बसेमा भिसा नियमित गर्दा १६ वर्ष मुनिका विदेशीका हकमा निजका अभिभावक र १६ वर्ष माथिका विदेशीका हकमा राहदानी वाहकलाई ऐनको दफा १० को उपदफा (४) अनुसार जरिवाना हुन सक्नेछ। | |
| १२ | **भिसा दस्तुरको गणनाः** | |
| | पर्यटक भिसा बाहेक अन्य भिसाको दस्तुर गणना गर्दा १५दिन भन्दा कम अवधिको भए १५ दिनसम्मको र १५ दिनभन्दा बढी एक महिना भन्दा कम अवधिको भए १ महिनाको भिसा दस्तुर लाग्ने। | |
| १३ | **आवासीय भिसाको नवीकरण नगरी बसेका विदेशीलाई लाग्ने दस्तुरः** | |
| | लाग्ने दस्तुरमा मासिक ३० अमेरिकी डलर बराबरको नेपाली मुद्रा थप दस्तुर लाग्नेछ। | |
| १४ | **गैर आवासीय नेपाली भिसाको म्याद थप नगरी बसेका विदेशीलाई लाग्ने दस्तुर** | |
| | लाग्ने दस्तुरमा मासिक १० अमेरिकी डलर बराबरको नेपाली मुद्रा थप दस्तुर लाग्नेछ। | |

*स्रोतः अध्यागमन विभाग*

### *च) सेवा प्रवाहका सन्दर्भमा निर्णय गर्ने प्रक्रिया र अधिकारी*

सेवा प्रवाहका सन्दर्भमा निर्णय गर्ने प्रकृया र जिम्मेवार अधिकारीको विवरण तालिका नं. १.३.४.३ मा दिइएको छ।

**तालिका नं. १.३.४.३: निर्णय गर्ने प्रक्रिया र अधिकारी**

| सि.नं. | प्रवाह गरिने सेवा | सेवा प्रवाहको प्रकृया | पेश गर्ने अधिकारी | निर्णय गर्ने अधिकारी | अनुगमन गर्ने अधिकारी |
|---|---|---|---|---|---|
| १ | • पर्यटक भिसाको म्याद थप गर्ने।<br>• म्याद थप गर्दा राहदानी भिसा र बसाइको नियमितता जाच गर्ने। | आवश्यक कागजात र शुल्क भुक्तान गरी पेश गर्ने। | अध्यागमन अधिकृत पर्यटक फाँट | निर्देशक | महानिर्देशक |
| २ | • भिसा स्थान्तरण गर्ने।<br>• ट्राभल पर्मिट दिने।<br>• आगमन प्रस्थान प्रमाणित गर्ने। | आवश्यक कागजात र शुल्क भुक्तान गरी पेश गर्ने | अध्यागमन अधिकृत प्रशासन फाँट | निर्देशक | महानिर्देशक |
| ३ | • पदयात्रा अनुमति पत्र जारी गर्ने। | आवश्यक कागजात र शुल्क भुक्तान गरी पेश गर्ने | अध्यागमन अधिकृत एजेन्सी फाँट | निर्देशक | महानिर्देशक |
| ४ | • गैह्र पर्यटक भिसा जारी गर्न पेश गर्ने।<br>• पुनः प्रवेश माग गरेका विदेशीहरूलाई भिसा अवधि भित्र पर्ने भए भिसा प्रदान गर्ने। | आवश्यक कागजात र शुल्क भुक्तान गरी पेश गर्ने | अध्यागमन अधिकृत गैह्र पर्यटक फाँट | निर्देशक | महानिर्देशक |
| ५ | • अध्यागमन सम्बन्धी कसुरमा कानुनी कारवाही र सजाय सम्बन्धी कार्य।<br>• अभियुक्तहरूको अनुसन्धान गरी मुद्दा दायर गर्ने सम्बन्धी कार्य।<br>• कानुन उल्लंघन गर्ने विदेशीहरूलाई निष्काशन गर्ने सम्बन्धी कार्य।<br>• विभागमा रहेका थुनुवा कोठाहरूको व्यवस्थापन गर्ने सम्बन्धी कार्य। | आवश्यक कागजात सहित पेश गर्ने | अध्यागमन अधिकृत/ शाखा अधिकृत (कानुन) मुद्दा फाँट | महानिर्देशक | महानिर्देशक |
| ६ | • व्यवसायिक भिसा जारी गर्ने। | आवश्यक कागजात र शुल्क भुक्तान गरी पेश गर्ने | अध्यागमन अधिकृत- भिसा सहजीकरण एकाइ | निर्देशक | महानिर्देशक |

*स्रोतः अध्यागमन विभाग*

### *छ) निर्णय उपर उजुरी सुन्ने अधिकारी*

अध्यागमन विभागबाट हुने विभिन्न निर्णयहरू उक्त कार्यका लागि तोकिएका कर्मचारीको तहबाट हुन्छन्। सम्बन्धित तहबाट भएको निर्णय उपरको उजुरीको सुनुवाई महानिर्देशकबाट हुने गरेको छ। अध्यागमन विभाग तथा मातहतका कार्यालयले सेवा प्रवाह सम्बन्धी सबै विषयहरूको सम्बन्धमा भएको निर्णयमा अध्यागमन विभागका महानिर्देशकले उजुरी सुन्ने अधिकारीको रूपमा कार्य गर्नु पर्दछ।

## १.३.५ कारागार व्यवस्थापन विभाग

### १.३.५.१ पृष्ठभूमि

नेपालमा कारागार (जेल) को इतिहास वि.सं. १९७१ बाट शुरु भएको हो। नेपालको पहिलो कारागार "सदरजेल" (हालको कारागार कार्यालय, काठमाडौं- जगन्नाथ देवल) हो। वि.सं २०१९ सालमा कारागार सम्बन्धी व्यवस्था गर्न कारागार ऐन, २०१९ निर्माण भै उक्त ऐनको दफा २७ ले दिएको अधिकार प्रयोग गरी कारागार नियमावली, २०२० तर्जुमा भै लागू भएको छ। कारागार व्यवस्थापन तथा प्रशासन सम्बन्धी कार्यलाई प्रभावकारी एवं सवल बनाउन वि.सं २०५० साल श्रावण १ गतेदेखि गृह मन्त्रालय अन्तर्गत केन्द्रीय तहमा कारागार व्यवस्थापन विभागको स्थापना भै सञ्चालनमा आएको हो। नेपालका ७७ जिल्लाहरूमध्ये धनुषा, बारा, भक्तपुर, पूर्वी नवलपरासी र पूर्वी रुकुम गरी ५ जिल्ला बाहेकका ७२ जिल्लामा ७४ कारागार कार्यालयहरू रहेका छन्। दाङ जिल्लामा घोराही र तुल्सीपुर गरी दुई ठाउँमा तथा काठमाडौं जिल्लामा जगन्नाथदेवल (सुन्धारा) र डिल्लीबजार (चारखाल) मा गरी दुई ठाउँमा कारागारहरू रहेका छन्। नेपालमा हाल मोरङ, पर्सा, भक्तपुर, मकवानपुर, कास्की, रुपन्देही, बाँके र डोटी गरी ८ वटा जिल्लामा बालसुधार गृहहरू सञ्चालनमा रहेका छन्।

स्थानीय स्तरमा कारागार व्यवस्थापन तथा प्रशासनको सामान्य जिम्मेवारी सम्वन्धित प्रमुख जिल्ला अधिकारीको हुने व्यवस्था रहेको छ। कारागारमा कैद भुक्तान गरी रहेका कैदीबन्दीहरूको उपचारका लागि काठमाडौं जिल्लामा केन्द्रीय कारागार अस्पताल र ललितपुर जिल्लामा मनोसामाजिक अपाङ्ग बन्दी अस्पताल सञ्चालनमा रहेका छन् । बाकेंको गनापुरमा खुल्ला कारागारको निर्माण कार्य भइरहेको साथै बाँके जिल्लाकै नौबस्तामा क्षेत्रीय कारागार निर्माण कार्य भैरहेको छ ।


### १.३.५.२ कारागार व्यवस्थापन विभागका कार्यहरू

कारागार व्यवस्थापन सम्बन्धी काम गर्ने केन्द्रीय निकायको रूपमा कारागार व्यवस्थापन विभागको स्थापना भएको हो। गृह मन्त्रालय अन्तर्गत रहेको कारागार व्यवस्थापन विभागले गर्ने कार्यहरूलाई निम्न बुँदामा उल्लेख गर्न सकिन्छ:

- विभाग र मातहतका कारागार कार्यालयहरूको निम्ति आवश्यक पर्ने वार्षिक बजेट प्रस्ताव तयार गर्ने, विनियोजन गरेको बजेट रकम अनुसार खर्चको निकासा दिने, लेखापरीक्षण गराउने र बेरुजु फछ्र्यौट गराउने।
- कारागार व्यवस्थापन सम्बन्धी नीतिगत व्यवस्थाहरूको अधीनमा रही कारागार कार्यालयहरूको निरीक्षण र सुपरीवेक्षण गर्ने।

- कारागार कार्यालयहरूबाट प्राप्त मासिक प्रतिवेदन (अनुसूची ४) को आधारमा बन्दीहरूको अभिलेख अद्यावधिक गरी राख्ने।
- विभाग र विभाग अन्तर्गतका कारागार कार्यालयहरूमा कार्यरत राजपत्र अनङ्कित तहका कर्मचारीहरूलाई आवश्यकता अनुसार विभाग वा कारागार कार्यालयहरूमा सरुवा गर्ने।
- विभाग र कारागार कार्यालयहरूको निजामती कर्मचारीको दरबन्दी र ती दरबन्दीमा कार्यरत कर्मचारीहरूको अभिलेख अद्यावधिक गरी राख्ने।
- कारागारमा कैद भुक्तान गरिरहेका नकरात्मक सूचीमा नपरेका असल चालचलन भएका कैदीहरूलाई विभिन्न अवसरमा कैदकट्टा/माफिमिनाहाका लागि सिफारिस सहित गृह मन्त्रालयमा पठाउने।
- कारागारमा आश्रित बालबालिकाहरू, बिज्याइँ गरी कैद वा थुनामा परेका बालबालिकाहरू र कैद मुक्त बन्दीहरूको संरक्षण र हेरचाहको एवं पुनर्स्थापनाको कार्यमा संलग्न संस्थाहरूको अवलोकन भ्रमण गर्ने तथा ती संस्थाहरूमा रहेका आश्रित बालबालिका, बिज्याइँ गरी कैद वा थुनामा परेका बालबालिका र कैदमुक्त बन्दीहरूको सङ्ख्या नियमित रूपले विभागमा पठाउन ती संस्थाहरूलाई निर्देशन दिने।
- ठेकिएको कैद भुक्तान भएका बन्दीहरूलाई छुटकारा दिनको निम्ति कारागार कार्यालयहरूलाई निर्देशन वा स्वीकृती दिने।
- कारागारको भौतिक अवस्थाको सुदृढीकरण गर्न र बन्दीहरूको व्यक्तित्व विकास, सीप विकास, पुनर्स्थापना एवं कारागार व्यवस्थापनको आधुनिकीकरणको निम्ति परियोजना, योजना तथा कार्यक्रमहरू गरी स्वीकृती एवं बजेट निकासाको निम्ति मन्त्रालयमा पठाउने र स्वीकृत परियोजना, योजना तथा तोकिएको कार्यविधि अनुसार कार्यान्वयन गर्ने र गराउने तथा नेपाल सरकारको नीति निर्देशनको अधीनमा रही उपलब्ध साधन र स्रोतको परिचालन गरेर सो सम्बन्धी कार्य गर्न/गराउनको निम्ति कारागार कार्यालयहरूलाई निर्देशन दिने।
- बन्दीका आश्रित बालबालिका तथा विज्याइँ गरी कैद वा थुनामा परेका बालबालिका (बाल अपराधी) को बन्दीहरूको सुधार, संरक्षण र पुनर्स्थापनाको कार्यमा संलग्न सुधारगृह र संस्थाहरूसँग समन्वय गरी आवश्यकतानुसार ती संस्था र सुधारगृहहरूसँग सम्झौता गरी त्यस्ता बालबालिका, बाल अपराधी र कैद मुक्त बन्दीहरूको हितको निम्ति कार्यक्रम सञ्चालन गर्ने गराउने।
- कारागार व्यवस्थापनका सन्दर्भमा परेका उजुरी उपर आवश्यक छानबिन गरी आवश्यकताअनुसार कारबाही गर्ने वा सोको निम्ति सम्बन्धित निकायमा लेखी पठाउने।
- कारागार ऐन नियम अनुसार तोकिएका अन्य कामहरू गर्ने।

## १.३.५.३ कारागार व्यवस्थापन विभागको सङ्गठनात्मक संरचना र दरबन्दी विवरण



### १.३.५.४ कारागार व्यवस्थापन विभाग अन्तरगतका कारागारहरूको दरबन्दी विवरण

नेपाल भर ७७ जिल्लाहरू मध्ये ७२ वटा जिल्लाहरूमा ७४ वटा कारागार रहेको छ। कारागार व्यवस्थापन विभाग अन्तर्गत सञ्चालन र नियमन हुने ती कारागारहरूमा देहायानुसार अनुसारको कर्मचारीहरूको दरबन्दी रही कार्यरत रहेका छन् :

**तालिका नं. १.३.५.४.१: कर्मचारीहरूको दरबन्दी विवरण**

| क्र.सं. | रा.प. द्वितीय | रा.प. तृतीय | | | रा.प.अनं. प्रथम | | | | रा.प.अनं. द्वितीय | | | | श्रेणी विहिन | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | उपसचिव | शा.अ. | ले.अ. | प्रा. (मे. अ.) | ना.सु. | ले.पा. | प्रा. (सि.अ.हे.व.) | क. अ. | खरिदार | स.ले.पा. | अ.न.मी. | स.क.अ. | का.स. | ह.स.चा. |
| २ | ७ | ५८ | ० | ३ | ८२ | १६ | ७४ | ९ | ७१ | ५७ | ४ | ६१ | ३४२ | ३३ |
| अन्य | | | | | | | | | | | | | | |
| १ | केन्द्रीय कारागार अस्पताल | मे.सु. -१, रेडियोलोजिष्ट -१, साईकाट्रिक विशेषज्ञ -१, डर्मालोजिष्ट -१, जनरल फिजिसियन - २, जनरल सर्जन -२, ल्याव टेक्नोलोजिष्ट -१, नर्सिङ अधिकृत -१, हे.अ. ३, रेडियोग्राफर -२, ल्याब टेक्निसियन - १, स्टाफ नर्स -१२, मेडिकल रेकर्डर -१, फार्मेसी सहायक -२, वा.मे. ओभरसियर- १, नेत्र सहायक -१, डेण्टल सहायक - १, | | | | | | | | | | | | |
| २ | मनोसामाजिक अपाङ्ग बन्दी अस्पताल | कन्सल्टेन्ट साइक्याट्रिक- १, जनरल फिजिसियन - १, स्टाफ नर्स - ६, हे.अ. -२, अ.हे.व. -२, | | | | | | | | | | | | |

### १.३.५.५ कैदीवन्दीको विवरण

आ.ब. ०७७/७८ मा देश भर रहेका ७४ कारागारहरूमा महिला १,३५८ र पुरुष २३,०३२ जना गरी कुल २४,३९०जना कैदीबन्दीहरू रहेका छन् जस मध्ये १,२६४ जना विदेशी नागरिक रहेका छन्। त्यसैगरी कारागारमा आश्रित नावालक सङ्ख्या ८९ जना रहेको छ। देशभर रहेका कुल ८ वटा बालसुधार गृहमा ७९१ जना बालक र २५ जना बालिका गरी कुल ८१६ जना बालबालिकाहरू रहेका छन्। उक्त आ. ब. को असार मसान्तसम्ममा ३७ जना कैदीले कामदारी सुविधा समेत जोडेर शतप्रतिशत कैद भुक्तान गरी रिहा भएका छन्।

परिच्छेद-२

# आ. व. २०७७/७८ को कार्यप्रगति

## २.१ गृह मन्त्रालयको प्रगति समीक्षा

नेपाल सरकारले तय गरेको नीति तथा कार्यक्रमहरूलाई कार्यान्वयन गर्न मन्त्रालय र अन्तर्गतका निकायहरूबाट आ.व. २०७७/०७८ मा २८ वटा आयोजना तथा कार्यक्रमहरू सञ्चालन भएका छन्। ती आयोजनाहरू मध्ये २ वटा मात्र पहिलो प्राथमिकता प्राप्त आयोजना छन् जसमा गृह मन्त्रालय अन्तर्गत लागु औषधनियन्त्रण कार्यक्रम र नेपाल प्रहरीबाट सञ्चालित त्रि-वर्षीय अपराध नियन्त्रण कार्यक्रम रहेका छन्। उक्त आ.व.मा सञ्चालित कार्यक्रमहरूमध्ये गृह मन्त्रालय अन्तर्गत ९ वटा कार्यक्रम रहेका थिए भने ती बाहेक अन्य कार्यक्रमहरू अन्तर्गतका विभाग तथा सुरक्षा निकायबाट सञ्चालित थिए। मन्त्रालयबाट सञ्चालित कार्यक्रम अन्तर्गत् समरजङ्ग कम्पनी, जिल्ला प्रशासन कार्यालयहरू, सीमा प्रशासन कार्यालयहरू, इलाका प्रशासन कार्यालयहरू, जुद्ध वारुणयन्त्र कार्यालय, प्रहरी किताबखाना, लागु औषध नियन्त्रण कार्यक्रम लगायतका कार्यक्रमहरू रहेका छन्। मन्त्रालय मातहतका निकायबाट सञ्चालित आयोजनाहरू/कार्यक्रमहरूको प्रगति विवरण तत्तत् निकायकै प्रगति खण्डमा राखिएको छ।

### गृह मन्त्रालय र मातहत निकायको वित्तीय प्रगतिको समग्र अवस्था

आ.व. २०७७/०७८ मा गृह मन्त्रालय र अन्तर्गतका लागि रू. १ खर्ब ४४ अर्ब ८६ करोड ९३ लाख रुपैयाँ बजेट विनियोजन भएकोमा कुल बजेटको ९३.४ प्रतिशत चालुतर्फ र ६.६ प्रतिशतमात्र पूँजीगततर्फ विनियोजन भएको थियो। सोको खर्चको अवस्था तालिका नं २.१.१ मा प्रस्तुत गरिएको छ।

**तालिका नं. २.१.१: गृह मन्त्रालय र मातहत निकायको वित्तीय प्रगतिको समग्र स्थिति**

| विनियोजन (रु. हजारमा) | | खर्च (रु. हजारमा) | | खर्च प्रतिशत |
|---|---|---|---|---|
| चालु | १,३५,३४,७५,५६ | चालु | १,२७,१३,६६,६९ | ९३.९३ |
| पूँजीगत | ९,५२,१७,८६ | पूँजीगत | ८,२९,६२,८८ | ८७.१३ |
| कुल | १,४४,८६,९३,४२ | कुल | १,३५,४३,२९,५७ | ९३.४९ |

स्रोतः *Line Ministry Budget Information System (LMBIS)*

माथिको तालिकाबाट स्पष्ट हुन्छ कि कुल राष्ट्रिय बजेट(पूँजीगत र चालु दुवैतर्फ) खर्चको अनुपातमा गृह मन्त्रालय र मातहतको वित्तीय प्रगति उल्लेख्य रूपले उच्च अनुपातमा भएको देखिन्छ। गृह मन्त्रालय अन्तर्गत निकायगत बजेट विनियोजन र खर्चको अवस्था तालिका नं. २.१.२ मा प्रस्तुत गरिएको छ।

**तालिका नं. २.१.२: गृह मन्त्रालय र मातहत निकायको बजेट उपशीर्षक अन्तर्गत वित्तीय प्रगतिको समग्र स्थिति**

| बजेट उपशीर्षक | | | बजेट | | | खर्च | | | खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क.सं. | बजेट कोड | बजेट उपशीर्षक | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा |
| १ | ३१४०००११ | गृह मन्त्रालय | ३८७५३१ | ६१७०० | ४४९२३१ | ३६८२४९ | ५३३२० | ४२१५६९ | ९५.०२ | ८६.४२ | ९३.८४ |
| २ | ३१४००१०१ | राहत तथा पुर्नस्थापना कार्यक्रम | १५९११ | ० | १५९११ | १३४४ | ० | १३४४ | ८.४५ | | ८.४५ |
| ३ | ३१४००१०२ | लागू औषध नियन्त्रण कार्यक्रम | ७९०० | १०० | ८००० | ४१७१ | १०० | ४२७१ | ५२.८० | १००.०० | ५३.३९ |
| ४ | ३१४००१०३ | राष्ट्रिय विपद जोखिम न्युनिकरण तथा व्यवस्थापन प्राधिकरण | ३८६७३९ | २२०६०० | ६०७३३९ | ३५८४२४ | ४८५२३ | ४०६९४७ | ९२.६८ | २२.०० | ६७.०० |
| ५ | ३१४०१०११ | राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग | २१४४०३० | ६६६३०० | २८१०३३० | ४६९०९४ | २६५२८७ | ७३४३८१ | २१.८८ | ३९.८१ | २६.१३ |
| ६ | ३१४०१०१२ | सामाजिक सुरक्षा तथा संरक्षण | ७१५६३५९८ | ० | ७१५६३५९८ | ६८५४६२९१ | ० | ६८५४६२९१ | ९५.७८ | | ९५.७८ |
| ७ | ३१४०२०११ | कारागार व्यवस्थापन विभाग | १७५३३ | ३२४६०० | ३४२१३३ | १४७४८ | २७६६३६ | २९१३८५ | ८४.१२ | ८५.२२ | ८५.१७ |
| ८ | ३१४०२०१२ | कारागार कार्यालयहरु | १९२१५१५ | १६१२०० | २०८२७१५ | १७५९२०३ | ११३८९४ | १८७३०९७ | ९१.५५ | ७०.६५ | ८९.९४ |
| ९ | ३१४०३०११ | अध्यागमन विभाग | ६३२६३ | ७८६०० | १४१८६३ | ५८४६९ | १७३४० | ७५८०९ | ९२.४२ | २२.०६ | ५३.४४ |
| १० | ३१४०३०१२ | अध्यागमन कार्यालयहरु | १८४११३ | ५००० | १८९११३ | १५०१११ | ४५५७ | १५४६६८ | ८१.५३ | ९१.१४ | ८१.७९ |
| ११ | ३१४०४०११ | प्रहरी प्रधान कार्यालय | ३४०५८७१ | ११४६४३० | ४५५२३०१ | ३१६१४१७ | १०९१८४० | ४२५३२५६ | ९२.८२ | ९५.२४ | ९३.४३ |
| १२ | ३१४०४०१२ | महानगरीय प्रहरी | ५६२१९२८ | १०३२६०० | ६६५४५२८ | ५३९६३९२ | ९६१७१७ | ६३५८११० | ९५.९९ | ९३.१४ | ९५.५५ |
| १३ | ३१४०४०१३ | राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान | ५९७१८८ | २०२२६७ | ७९९४५५ | ५१४७०० | १६९९५३ | ६८४६५३ | ८६.१९ | ८४.०२ | ८५.६४ |
| १४ | ३१४०४०१४ | प्रदेश प्रहरी कार्यालयहरु | ६४३९८८३ | २२९६१५ | ६६६९४९८ | ५८८६२६६ | २२८२८७ | ६११४५५२ | ९१.४० | ९९.४२ | ९१.६८ |
| १५ | ३१४०४०१५ | नेपाल प्रहरी अस्पताल | ६२८४४४ | ३०६०३९ | ९३४४८३ | ५४९१७९ | २९९४३६ | ८४८६१५ | ८७.३९ | ९७.८४ | ९०.८१ |
| १६ | ३१४०४०१६ | जिल्ला प्रहरी कार्यालयहरु | २२४२१८२२ | १२७१६५५ | २३६९३४७७ | २०६१२५६७ | १२३६६१७ | २१८४९१८४ | ९१.९३ | ९७.२४ | ९२.२२ |
| १७ | ३१४०४१०३ | त्रि-वर्षिय अपराध नियन्त्रण तथा अनुसन्धान कार्ययोजना | १०६०० | ७९१०० | ८९७०० | ७३१० | ७२००१ | ७९३११ | ६८.९६ | ९१.०३ | ८८.४२ |
| १९ | ३१४०५०११ | सशस्त्र प्रहरी बल | १४००९०९ | ४८६८७२ | १८८७७८१ | १२५७३३६ | ४८१४२६ | १७३८७६२ | ८९.७५ | ९८.८८ | ९२.११ |
| २० | ३१४०५०१३ | क्षेत्रीय सशस्त्र प्रहरी बल कार्यालय | १५८६३८४९ | ८२८४८१ | १६६९२३३० | १५००४०२० | ७९७८४७ | १५८०१८६८ | ९४.५८ | ९६.३० | ९४.६७ |
| २१ | ३१४०५०१४ | सशस्त्र प्रहरी बल तालिम केन्द्रहरु | १२१४७३० | १५३६१४ | १३६८३४४ | १०८१८२६ | १५३३७० | १२३५१९६ | ८९.०६ | ९९.८४ | ९०.२७ |
| २२ | ३१४०५०१५ | नेपाल ए.पी.एफ अस्पताल | २७३१५० | ९५१६८ | ३६८३१८ | २५५३४६ | ९५०८६ | ३५०४३२ | ९३.४८ | ९९.९१ | ९५.१४ |
| २३ | ३१४०५०१६ | सशस्त्र प्रहरी बल राजश्व भन्सार तथा औद्योगिक सुरक्षा बल | ० | ० | ० | ० | ० | ० | ० | ० | ०.०० |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २४ | ३१४९१०११ | प्रहरी किताबखाना | २२५४० | ८०० | २३३४० | १८०९० | ७८५ | १८८७५ | ८०.२६ | ९८.१८ | ८०.८७ |
| २५ | ३१४९२०११ | समरजंग कम्पनी कार्यालय | १४२५० | १०० | १४३५० | ५८४० | १०० | ५९४० | ४०.९८ | ९९.८९ | ४१.३९ |
| २६ | ३१४९२०१२ | जिल्ला प्रशासन कार्यालयहरु | १४९१०३४ | १९४८७६८ | ३४३९८०२ | १२५९३२३ | १८३४५८५ | ३०९३९०८ | ८४.४६ | ९४.१४ | ८९.९४ |
| २७ | ३१४९२०१३ | सीमा प्रशासन कार्यालयहरु | २६३६३ | १२०० | २७५६३ | १६०८८ | ११४६ | १७२३३ | ६१.०२ | ९५.४७ | ६२.५२ |
| २८ | ३१४९३०११ | इलाका प्रशासन कार्यालयहरु | ३७७२९१ | २२०५०३ | ५९७७९४ | २९२५८४ | ९१७४८ | ३८४३३१ | ७७.५५ | ४१.६१ | ६४.२९ |
| कुल जम्मा | | | **१३६५१७६३५** | **९५२१८१२** | **१४६०३९४४७** | **१२७०६१२७१** | **८२९६०९८** | **१३५३५७३६८** | **९३.०७** | **८७.१३** | **९२.६९** |

स्रोतः LMBIS

माथिको विवरणबाट गृह मन्त्रालय अन्तर्गतका निकायहरूमध्ये राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागमा २६.१ प्रतिशत (सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रम बाहेक)मात्र रही कुल विनियोजनको एक चौथाई भन्दा कम खर्च भएको देखिन्छ भने अध्यागमन विभागले पनि ५३.४ मात्र वित्तीय स्रोत उपयोगमा ल्याएको देखिन्छ। कार्यक्रमतर्फ राहत तथा पुनर्स्थापना कार्यक्रममा केवल ८.५ प्रतिशतमात्र खर्च हुन सकेको देखिन्छ। विभाग बाहेकका मन्त्रालय अन्तर्गतका निकाय तथा कार्यक्रमतर्फको खर्च २.१.३ मा प्रस्तुत गरिएको छ।

**तालिका नं. २.१.३: गृह मन्त्रालय अन्तर्गत सञ्चालित आयोजना एवं निकायहरूको प्रगति विवरण (विभागतर्फको बाहेक)**

| बजेट उपशीर्षक | | | बजेट | | | खर्च | | | खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | **बजेट कोड** | **बजेट उपशीर्षक** | **चालु** | **पुँजीगत** | **जम्मा** | **चालु** | **पुँजीगत** | **जम्मा** | **चालु** | **पुँजीगत** | **जम्मा** |
| १ | ३१४०००११ | गृह मन्त्रालय | ३८७५३१ | ६१७०० | ४४९२३१ | ३६८२४९ | ५३३२० | ४२१५६९ | ९५.०२ | ८६.४२ | ९३.८४ |
| २ | ३१४००१०१ | राहत तथा पुनर्स्थापना कार्यक्रम | १५९११ | ० | १५९११ | १३४४ | ० | १३४४ | ८.४५ | | ८.४५ |
| ३ | ३१४००१०२ | लागु औषधनियन्त्रण कार्यक्रम | ७९०० | १०० | ८००० | ४१७१ | १०० | ४२७१ | ५२.८० | १००.०० | ५३.३९ |
| ४ | ३१४०६०११ | प्रहरी किताबखाना | २२५४० | ८०० | २३३४० | १८०९० | ७८५ | १८८७५ | ८०.२६ | ९८.१८ | ८०.८७ |
| ५ | ३१४९१०११ | समरजङ्ग कम्पनी कार्यालय | १४२५० | १०० | १४३५० | ५८४० | १०० | ५९४० | ४०.९८ | ९९.८९ | ४१.३९ |
| ६ | ३१४९२०११ | जिल्ला प्रशासन कार्यालयहरू | १४९१०३४ | १९४८७६८ | ३४३९८०२ | १२५९३२३ | १८३४५८५ | ३०९३९०८ | ८४.४६ | ९४.१४ | ८९.९४ |
| ७ | ३१४९२०१२ | सीमा प्रशासन कार्यालयहरू | २६३६१ | १२०० | २७५६३ | १६०८८ | ११४६ | १७२३३ | ६१.०२ | ९५.४७ | ६२.५२ |
| ८. | ३१४९२०१३ | इलाका प्रशासन कार्यालयहरू | ३७७२९१ | २२०५०३ | ५९७७९४ | २९२५८४ | ९१७४८ | ३८४३३१ | ७७.५५ | ४१.६१ | ६४.२९ |
| ९ | ३१४९३०११ | जुद्ध वारुणयन्त्र कार्यालय | १५६५० | ५०० | १६१५० | १२८८३ | ४९७ | १३३८० | ८२.३२ | ९९.४८ | ८२.८५ |

स्रोतः LMBIS

## २.२ महाशाखा/शाखागत प्रगति विवरण

### २.२.१ कानुन महाशाखा

### २.२.१.१ कानुन तथा फैसला कार्यान्वयन शाखा

कानुन तथा फैसला कार्यान्वयन शाखाबाट आ.व. २०७७/७८ मा सम्पादित नीतिगत एवं कानुनी सुधारका कार्यहरू तालिका नं. २.२.१.१ मा प्रस्तुत गरिएको छ। उक्त अवधिमा विभिन्न नियमावलीहरू, अध्यादेशहरू, कार्यविधिहरू, आचार संहिता एवं अनुसूचीमा हेरफेर समेत गरी १७ वटा कानुनी प्रवन्धहरूको तर्जुमा/संशोधन/सुधार गरिएको देखिन्छ।

**तालिका नं. २.२.१.१: ऐन, नियम, निर्देशिका तथा कार्यविधि तर्जुमा**

| सि.नं. | नीतिगत तथा कानुनी सुधार र रूपान्तरण | उपलब्धिहरू |
|---|---|---|
| १ | कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) नियमावली, २०७७ | नेपाल राजपत्रमा मिति २०७७।१२।०२ मा प्रकाशित। |
| २ | तेजाव तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) नियमावली, २०७७ | नेपाल राजपत्रमा मिति २०७७।१२।१६ मा प्रकाशित। |
| ३ | वैयक्तिक गोपनीयता सम्बन्धी नियमावली, २०७७ | नेपाल राजपत्रमा मिति २०७७।०५।०८ मा प्रकाशित। |
| ४ | सामाजिक सुरक्षा (पहिलो संशोधन) नियमावली, २०७७ | संशोधन पश्चात् नेपाल राजपत्रमा मिति २०७७।०५।२९ मा प्रकाशित। |
| ५ | प्रहरी (आठौं संशोधन) नियमावली, २०७७ | संशोधन पश्चात् नेपाल राजपत्रमा मिति २०७७।०६।१९ मा प्रकाशित। |
| ६ | नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्यसञ्चालन, सुपरिवेक्षण र समन्वय) ऐन, २०७६ लाई संशोधन गर्न बनेको अध्यादेश | मिति २०७८।०१।२१ मा जारी। |
| ७ | सामाजिक सुरक्षा (पहिलो संशोधन) अध्यादेश, २०७८ | मिति २०७८।०१।२१ मा जारी। |
| ८ | तेजाव तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) अध्यादेश, २०७८ | मिति २०७८।०१।२१ मा जारी। |
| ९ | मनोसामाजिक अपाङ्ग बन्दी अस्पताल सञ्चालन कार्यविधि, २०७७ | मिति २०७७।०६।०५ मा मा. मन्त्रीस्तरबाट स्वीकृत भई कार्यान्वयनमा रहेको। |
| १० | राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण नियमावली, २०७७ | नेपाल राजपत्रमा मिति २०७७।१२।०२ मा प्रकाशित। |

| | | |
|---|---|---|
| ११ | फौजदारी कसूर (कैद कट्टा) (पहिलो संशोधन) नियमावली, २०७७ | संशोधन पश्चात् नेपाल राजपत्रमा मिति २०७७।०९।१३ मा प्रकाशित। |
| १२ | विभूषण (दोस्रो संशोधन) नियमावली, २०७७ | संशोधन पश्चात पश्चात मिति २०७७।०५।२९ मा नेपाल राजपत्रमा प्रकाशित। |
| १३ | राष्ट्रियपरिचयपत्र कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ | मन्त्रालयबाट स्वीकृत भई लागु भएको। |
| १४ | नेपाल नागरिकता (पहिलो संशोधन) अध्यादेश, २०७८ | मिति २०७८।०२।२९ मा जारी। |
| १५ | नेपाल नागरिकता (दोश्रो संशोधन) नियमावली, २०७८ | मिति २०७८।०२।२४ मा नेपाल राजपत्रमा प्रकाशित। |
| १६ | अध्यागमन विभाग तथा अन्तर्गतका कार्यालयहरूमा कार्यरत कर्मचारीहरूको आचारसंहिता, २०७८ | मन्त्रालयबाट स्वीकृत भई लागु भएको। |
| १७ | प्रहरी नियमावलीको अनुसूचीमा हेरफेर | मिति २०७८।०३।२८ मा नेपाल राजपत्रमा प्रकाशित। |

*स्रोतः कानुन तथा फैसला कार्यान्वयन शाखा*

त्यसैगरी मन्त्रालयउपर परेका २८४ वटा रिट निवेदनहरूको लिखत जवाफ तयार गर्ने र सम्मानित अदालतबाट प्राप्त फैसला कार्यान्वयन गर्ने क्रममा तोकिएको म्याद भित्रै सबै (२८४ वटा) रिटहरूमा लिखित जवाफ पठाइएको छ।

## ख. मानव अधिकार प्रवर्द्धन शाखा

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट संक्रामक रोग ऐन, २०२० र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ कार्यान्वयनको सन्दर्भमा देखिएका कठिनाई र त्यसमा गर्नुपर्ने सुधारका सुझाव श्री राष्ट्रिय मानव अधिकार आयोगमा उपलब्ध गराइदिन लेखी आएबमोजिम तयार गरी पठाइएको छ। मानव अधिकारकर्मीहरूको सुरक्षा र संरक्षण गर्ने कार्यविधि, २०७७ को तर्जुमाका लागि मिति २०७७/०९/१५ को सचिवस्तरीय निर्णयानुसार सरोकारवाला व्यक्तिहरूसँग मिति २०७७/०९/२० गते प्रारम्भिक छलफल भई कार्यविधि निर्माणको लागि पृष्ठपोषण प्राप्त भएको छ। त्यसै गरी International Covenant on Civil and Political Rights (ICCPR) सम्बन्धी अन्तर्क्रिया कार्यक्रम २०७७/०९/१७ मा कास्की जिल्लाको पोखरामा र मिति २०७७/०९/२४ देखि २०७७/०९/२६ सम्म रुपन्देही जिल्लाको बुटबलमा सम्पन्न भएको छ।

### २.२.२ आन्तरिक व्यवस्थापन महाशाखा

**क) आन्तरिक प्रशासन, सवारी तथा सभा समारोह व्यवस्थापन शाखा**

यस शाखाबाट खासगरी मन्त्रालयका लागि आवश्यक पर्ने सामग्रीहरूको आपूर्ति गर्ने सवारी तथा समारोह व्यवस्थापन गर्ने लगायतका कार्यहरू सम्पादन हुने गर्दछन्। उक्त शाखाबाट वितरित इन्धन तथा मर्मत खर्चको वार्षिक विवरण तालिका नं २.२.२.१ मा प्रस्तुत गरिएको छ।

**तालिका नं २.२.२.१: इन्धन तथा मर्मत खर्चको वार्षिक विवरण**

| क्र.स. | विषय | थान/सङ्ख्या | जम्मा खर्च रु. | कैफियत |
|---|---|---|---|---|
| १ | चारपाङ्ग्रे सवारी साधन मर्मत गरिएको | २५७ | ९३,५१,०००।- | १,००,०८,२५०।- |
| २ | दुई पाङ्ग्रे सवारी साधन मर्मत गरिएको | १५० | ६,५७,२५०।- | |
| ३ | लुब्रिकेन्ट/ईन्धनको जम्मा खर्च | - | १,१६,४८,८६६।- | |
| ४ | सवारी साधन हस्तान्तरण गरिएको | १७ | | |
| ५ | रातो नम्बर प्लेट सिफारिस गरिएको | १३६ | | |

*स्रोतः आन्तरिक प्रशासन,सवारी तथा सभा समारोह व्यवस्थापन शाखा*

**उक्त शाखाबाट सम्पादन भएका अन्य उल्लेखनीय कार्यहरू देहायानुसार रहेका छन् :-**

- यस मन्त्रालयमा रहेका सवारी साधनहरूको तेस्रो पक्ष बीमा गरिएको।
- मन्त्रिपरिषदबाट मिति २०७८।०३।१८ मा निर्णय भई पूर्व-प्रधानमन्त्री बाबुराम भट्टराई र मन्त्रिपरिषद्का पूर्व-अध्यक्ष खिलराज रेग्मीज्यूको प्रयोजनार्थ खरिद गरिएको सवारी साधनको सवारी दर्ता लगायत अन्य सम्पूर्ण प्रक्रिया पुरा गरी हस्तान्तरण गरिएको।
- यस मन्त्रालयमा रहेका सवारी साधनहरूको कर तथा नवीकरण सम्बन्धी कार्य गरिएको ।
- यस मन्त्रालयमा रहेका सवारी साधनहरूको High Security Embossed Number सम्बन्धी कार्यको प्रक्रिया अघि बढाइएको।

**ख) आर्थिक प्रशासन शाखा**

यस शाखाबाट मूलतः आर्थिक प्रशासनसँग सम्बन्धित कार्यहरू (अख्तियारी, बजेट निकासा, खर्च व्यवस्थापन, बेरुजू फछ्र्यौट लगायतका कार्यहरू) सम्पादन हुँदै आइरहेका छन्। गृह मन्त्रालयको आर्थिक वर्ष २०७६/७७ सम्मको बेरुजूको लगत तालिका नं. २.२.२.२ मा प्रस्तुत गरिएको छ।

**तालिका नं. २.२.२.२: कार्यालयगत बेरुजुको अवस्था** *(रू. हजारमा)*

| सि.नं | नाम | शुरु देखि ०५९।६० सम्मको बेरुजु | आ.व. ०६०।६१ देखि ०७५।०७६ सम्मको बेरुजु | आ.व. ०७६।०७७ को बेरुजु | जम्मा बेरुजु | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | गृह मन्त्रालय | | १८,८१,८३ | ३२,४१ | १९,१४,२४ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | प्रहरी प्रधान कार्यालय | ३,२१ | १४,७०,११ | १४,८४,८५ | २९,५८,१७ | |
| ३ | कारागार व्यवस्थापन विभाग | २७,७९ | ७,०८,५७ | ९६,९० | ८,३३,२६ | |
| ४ | अध्यागमन विभाग | ६,९० | ३८,६८ | ४९,७५ | ९५,३३ | |
| ५ | सशस्त्र प्रहरी बल | | ४,१३,८३ | १४,८४,१८ | १८,९८,०१ | |
| ६ | मतदाता परिपच पत्र | १,९०,०७ | | | १,९०,०७ | |
| ७ | प्रहरी किताबखाना | | | | ० | |
| ८ | जिल्ला प्रशासन | | ८,३६,४२ | १,६१,९६ | ९,९८,३८ | |
| ९ | ईलाका प्रशासन | | २,७९,८१ | ५४,०९ | ३,३३,९० | |
| १० | जुद्ध वारुण यन्त्र | | ८२ | | ८२ | |
| ११ | लागु औषध नियन्त्रण | | ३५,०७ | | ३५,०७ | |
| १२ | समरजङ्ग कम्पनी | | १,०३ | | १,०३ | |
| १३ | राष्ट्रिय परिचय पत्र | | ३,४२ | १,०८,४० | १,११,८२ | |
| १४ | सीमा प्रशासन | | ६२ | ९ | ७१ | |
| १५ | एकीकृत सेवा केन्द्र | | २६,५६ | | २६,५६ | |
| **जम्मा** | | **२,२७,९७** | **५६,९६,७७** | **३४,७२,६३** | **९३,९७,३७** | |

*स्रोतः आर्थिक प्रशासन शाखा*

आ.व. २०७५/७६ सम्मको मन्त्रालय र मातहतका विभाग/कार्यालयहरूको कुल बेरुजू रु. २ अर्ब १० करोड ९९ लाख २३ हजार रहेकोमा सो को ७१.९२ प्रतिशत फछ्यौंट भई रु.५९,२४,७४ हजार बाँकी रहेकोमा आ.व. २०७६/७७ को बेरुजू अङ्क रु. ३४,७२,६३ हजार थपिन गई आ.व. २०७६/७७ को अन्तसम्मको कुल बेरुजू रु.९३,९७,३७ हजार आ.व. २०७७/७८ मा सरिआएको देखिन्छ।

**ग) कार्यालय व्यवस्थापन तथा जिन्सी शाखा**

आ.व. २०७७/७८ मा उक्त शाखाबाट कार्यालयमा दैनिक रूपमा आवश्यक पर्ने स्टेशनरी, टोनर, कार्टेज लगायत अन्य अत्यावश्यक सामग्री खरिद तथा आपूर्ति गरिएको, मन्त्रालयको मूल प्रवेशद्वारमा Security/Walk Through Gate, पूर्व प्रधानमन्त्री र मन्त्रिपरिषद्का पूर्व अध्यक्षको प्रयोगको लागि २ थान गाडी खरिद र साविक प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय रहेको भवनमा गृह मन्त्रालय स्थानान्तरण गर्ने कार्य सम्पन्न गरिएको छ। सभा समारोहको रूपमा संविधान दिवस, २०७८, प्रजातन्त्र दिवस, २०७८, गणतन्त्र दिवस, २०७८ तथा ईन्द्रजात्रा महोत्सव र वसन्त-श्रवण लगायतका कार्यक्रम सम्पन्न गरिएको छ।

### २.२.३ विपद् तथा द्वन्द्व व्यवस्थापन महाशाखा

#### क) विपद् जोखिम न्यूनीकरण तथा पुनर्लाभ शाखा

**नीतिगत क्रियाकलापहरू:**

- विपद् पिडीत उद्धार र राहत सम्बन्धी मापदण्ड (सातौं संशोधन), २०७७ को तर्जुमा।
- विपद् खोज तथा उद्धार आधारभूत तालिम पाठ्यक्रम, २०७७ को तर्जुमा।
- विपद्का समयमा खोज तथा उद्धार, प्राथमिक उपचार र शव व्यवस्थापनका लागि आवश्यक सामग्री व्यवस्थापन सम्बन्धी मापदण्ड,२०७७ तर्जुमा।
- मनसुनजन्य विपद्का घटनामा खोज, उद्धार, राहत साथै क्षति भएका भौतिक संरचना र विकास पूर्वाधारहरूको पुनर्निर्माण तथा पुनर्स्थापना सम्बन्धी अल्पकालीन एकीकृत कार्ययोजना, २०७८ तर्जुमा।

**कार्यक्रमगत प्रगतिः** प्रदेश र स्थानीय तहहरूमा विपद् जोखिम न्यूनीकरण सम्बन्धी नीति, कानुन, निर्देशिका तथा रणनीतिक कार्ययोजना तर्जुमा गर्नका लागि समन्वय तथा सहजिकरण गर्ने/ गराउने साथै विपद् जोखिम न्यूनीकरण तथा पुनर्लाभ सम्बन्धमा अन्तरनिकाय समन्वय र साझेदार निकायसँगको सहकार्यमा सञ्चालित कार्यक्रम आयोजनाहरू (UNDRR, UNDP/CDRMP, DFID/PIF, ADPC/BDRF, APP, DRF, CARE लगायत) कार्यान्वयनमा समन्वय र सहजीकरण गरिएको छ। त्यसैगरी यस अवधिमा विपद् व्यवस्थापन सम्बन्धी क्षेत्रीय तथा अन्ताराष्ट्रिय स्तरमा व्यक्त गरिएका प्रतिवद्धताहरूको कार्यान्वयन स्थितिको समीक्षा र प्रतिवेदन समेत गरिएको छ।

**कोभिड नियन्त्रणमा गरिएको प्रयास र प्रगतिः** कोभिड-१९ सङ्कट व्यवस्थापन समन्वय केन्द्र (Covid-19 Crisis Management Coordination Centre –CCMCC), प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलगायत सबै सम्बद्ध मन्त्रालयको समन्वयमा कोभिड-१९ नियन्त्रणका लागि रोकथाम, नियन्त्रण, निदान र उपचार सम्बन्धी तत्कालको एकीकृत कार्ययोजना, २०७८ तयार गरी सबै निकायमा कार्यान्वयनका लागि पठाइएको।

**सिर्जनात्मक क्रियाकलापहरू**

- कोभिड-१९ नियन्त्रणका लागि रोकथाम, नियन्त्रण, निदान र उपचार सम्बन्धी तत्कालको एकीकृत कार्ययोजना, २०७८
- मनसुनजन्य विपद्का घटनामा खोज, उद्धार, राहत साथै क्षति भएका भौतिक संरचना र विकास पूर्वाधारहरूको पुनर्निर्माण तथा पुनर्स्थापना सम्बन्धी अल्पकालीन एकीकृत कार्ययोजना, २०७८ तर्जुमा।

#### ख) राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्र (विपद् पूर्वतयारी तथा प्रतिकार्य शाखा)

**नियमित संस्थागत कार्यप्रगतिः** देशका विभिन्न स्थानमा भएको विपद् सम्बन्धी घटनाहरूको २४सै घण्टा जाहेरी सङ्कलन, अद्यावधिक र प्रतिकार्यमा समन्वय, विवरणहरूको दैनिक वस्तुस्थिति प्रतिवेदन तयार गरी गृह मन्त्रालयको विपद् व्यवस्थापन पोर्टल (DRR Portal) मा दैनिक रूपमा अद्यावधिक गर्ने गरिएको छ। जल तथा मौसम विज्ञान विभागसँगको समन्वयमा मौसम पूर्वानुमान, बाढी र पहिरोको पूर्वानुमान लगायतका पूर्वसूचना राष्ट्रिय आपत्कालीन

कार्यसञ्चालन केन्द्र, प्रदेशस्तरीय आपत्कालीन कार्यसञ्चालन केन्द्र, जिल्लास्तरीय आपत्कालीन कार्यसञ्चालन केन्द्र हुँदै स्थानीयस्तरीय आपत्कालीन कार्यसञ्चालन केन्द्रमार्फत समुदायस्तरसम्म पुऱ्याई जोखिम न्यूनीकरणको कार्य गरिएको छ। सबै जिल्लाहरूबाट दैनिक रूपमा कोभिड-१९ सँग सम्बन्धित विवरणहरू सङ्कलन गरी सोको एकीकृत विवरण तयारी, प्रतिवेदन र प्रकाशनका काम सम्पन्न भएका छन्। विपद् पूर्वतयारी तथा प्रतिकार्यको सुदृढीकरणका लागि आ.व.०७७/७८ मा थप १७ वटा जिल्ला आपतकालीन कार्य सञ्चालन केन्द्र (DEOC) स्थापना गरी ७१ वटा DEOC सञ्चालनमा ल्याईएको छ ।

राष्ट्रिय बन्दोबस्ती विषयगत क्षेत्र (National Logistic Cluster) को नेतृत्व गर्ने निकायको हैसियतले सरोकारवाला निकायहरूसँग समन्वय गरी बन्दोबस्तीको व्यवस्थापन गरिएको छ ।प्राकृतिक विपद् गोदाम घर तथा विभिन्न जिल्लामा रहेका मानवीय सहायता स्थलहरूमा विपद् पूर्वतयारीका लागि खोज, उद्धार तथा राहत सामाग्रीको Prepositioning गरिएको छ |विभिन्न जिल्लाहरूका जिल्ला विपद् व्यवस्थापन कोषमा आवश्यकतानुसार राहत वितरणका लागि केन्द्रीय विपद् व्यवस्थापन कोषमार्फत् रकम निकासा गरिएको र सम्बन्धित जिल्ला विपद् व्यवस्थापन कोषबाट विपद् प्रभावितहरूलाई राहत वितरण कार्य गरिएको छ। विपद् व्यवस्थापन सम्बन्धमा नेपाल सरकारले अन्ताराष्ट्रिय रूपमा गरेको प्रतिबद्धता अनुरूपको Sendai Framework For Disaster Risk Reduction (२०१५-२०३०) र Sustainable Development Goals (२०१५-२०३०) को नियमित प्रगति प्रतिवेदन गर्ने गरिएको छ।

<u>**कोभिड-१९ नियन्त्रणमा गरिएको प्रयास र प्रगतिः**</u> सबै जिल्लाहरूको दैनिक रूपमा कोभिड-१९सँग सम्बन्धित एकीकृत विवरण सङ्कलन कार्यका लागि सफ्टवयेर तयार गरी दैनिक प्रतिवेदन पेश गर्ने गरिएको छ भने कोभिड-१९ बाट प्रभावित जिल्लाहरूलाई जोखिमको आधारमा कोभिड-१९ सङ्कट व्यवस्थापन समन्वय केन्द्र (CCMC) को मापदण्ड अनुसार वर्गीकरण समेत गरिएको छ।

### ग) शान्ति प्रवर्द्धन शाखा

शान्ति स्थापना र द्वन्द्व व्यवस्थापनसँग सम्बन्धित UN Resolution 1325 र 1820 सम्बन्धमा National Action plan (NAP) – II सम्बन्धी प्रस्ताव मन्त्रिपरिषदमा पेश गरिएको छ। द्वन्द्वका समयमा सरकार तथा द्वन्द्वरत पक्षसँग भएका शान्ति सम्झौताहरूको अभिलेख अद्यावधिक गरिएको छ। सशस्त्र द्वन्द्वमा बेपत्ता, मृतक र विस्थापित परिवारलाई आर्थिक सहायता साथै सशस्त्र द्वन्द्वमा घाइते भएका व्यक्तिहरूलाई जीवन निर्वाह भत्ता एवं बेपत्ता, मृतक एवं घाइतेहरूका सन्ततिहरूलाई छात्रवृति प्रदान गरिएको छ।

### घ) राहत तथा तथ्याङ्क व्यवस्थापन शाखा

मिति २०७८/०१/०१ मा सहिद परिवार, जनआन्दोलन/सशस्त्र सङ्घर्ष/मधेश आन्दोलन तथा बहिर्गमित लडाकुहरू गरी ३८३ जना लोकतन्त्रका योद्धालाई सम्मान गरिएको छ। राहत सूचना व्यवस्थापन प्रणालीलाई अपडेट गरिएको छ। राष्ट्रिय मानव अधिकार आयोग, सत्यनिरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगका सिफारिसहरू आवश्यक कारबाही अगाडि बढाइएको छ भने आ.व. २०७८/७९ को पूर्वार्द्धमा सशस्त्र द्वन्द्वमा घाइते भई अपाङ्गता भएका करिब ५०० जनाको प्रतिशत निर्धारण तथा पुनरावलोकन कार्य समेत सम्पन्न गरिएको छ।

### २.२.४ सुरक्षा तथा समन्वय महाशाखा

### क) शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा

यस शाखाबाट आ.व. २०७७/७८ मा देहायानुसारका कार्यहरू सम्पादन भएका छन् -

**अ) शान्ति सुरक्षा तथा अपराध नियन्त्रण**

- संविधान र कानुन विपरितका विध्वंसात्मक गतिविधिहरू नियन्त्रण तथा न्यूनीकरण गरिएको।
- अति विशिष्ट/विशिष्ट व्यक्तिहरूको समय समयमा हुने भ्रमणमा सुरक्षाका लागि २८९ पटक समन्वय गरिएको।
- विशिष्ट विदेशी पदाधिकारी एवं कूटनैतिक नियोगका विशिष्ट पदाधिकारीहरूको भ्रमणको सुरक्षाका लागि ९ पटक समन्वय गरिएको ।
- जिल्ला प्रशासन कार्यालयहरूलाई शान्ति सुरक्षा सम्बन्धी समन्वयकारी निर्देशन दिईएको।
- मिति २०७७ चैत्र २९ र ३० गते गण्डकी प्रदेशस्तरीय सुरक्षा गोष्ठी सफलतापूर्वक सम्पन्न गरिएको।
- दशैं, तिहार लगायतका चाडपर्वको समयमा हुन सक्ने चोरी, डकैती, लुटपाट लगायत आपराधिक घटना न्यूनीकरण गरी शान्ति सुरक्षा तथा सुव्यवस्था कायम गर्न विशेष सुरक्षा कार्ययोजना तयार गरी कार्यान्वयन गरिएको।
- शान्ति सुरक्षा सम्बन्धी जरुरी गोप्य खबरहरू तत्काल महाशाखामा उपलब्ध गराइएको।
- केन्द्रीय सुरक्षा समितिका निर्णयहरू कार्यान्वयन गरिएको।
- सिंहदरबार सुरक्षा व्यवस्थापनको लागि सिंहदरबार सुरक्षा व्यवस्थापन कार्ययोजना, २०७८ तयार गरी कार्यान्वयनमा ल्याइएको।

**आ) विपद् उद्धार तथा राहत/क्षतिपूर्ति**

- सडक दुर्घटना, विभिन्न दुर्घटना, विपदमा परी घाइते तथा अलपत्र परेका ६०० जना भन्दा बढी व्यक्तिहरूलाई नेपाली सेनाको हेलिकप्टरबाट उद्धार गरिएको तथा देशका विभिन्न जिल्लाहरूमा गएको बाढी पहिरोबाट प्रभावितहरूलाई करिब १३०० क्वीन्टल भन्दा बढी राहत सामग्री नेपाली सेनाको हेलिकप्टरमार्फत् ढुवानी गरी उपलब्ध गराउन आवश्यक सहजीकरण गरिएको।
- कोभिड-१९ को बन्दाबन्दीको समयमा पनि उक्त शाखा २४सै घण्टा सञ्चालन भएको हुँदा सबै क्षेत्रमा हवाई उद्धार उडानको लागि निजी क्षेत्रको हेलिकप्टर तथा एयरलाइन्सहरूलाई २७५पटक भन्दा बढी उडान अनुमति प्रदान गरिएको।
- बाढी, पहिरो लगायत प्राकृतिक विपद् प्रभावित व्यक्तिहरूलाई उद्धार, राहत, पुनर्स्थापनाका लागि नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, तथा स्थानीय प्रशासनलाई परिचालन गर्न समन्वयात्मक भूमिका निर्वाह गरिएको।

- सडक दुर्घटना लगायत अन्य कारणले नदीमा वेपत्ता भएका व्यक्तिहरूको खोजतलासको लागि सशस्त्र प्रहरी बल,नेपालबाट गोताखोर परिचालन गरिएको।
- रुकुम पश्चिम घटनाका मृतकका ६ परिवारलाई प्रति परिवार रु. १० लाखका दरले आर्थिक सहायता उपलब्ध गराउन तथा ११ जना घाइतेको उपचारको क्रममा उपचार उपचार गर्दा लागेको बील बमोजिमको उपचार खर्च उपलब्ध गराउन आवश्यक रकम उपलब्ध गराइएको।
- अवैध सामानहरू नियन्त्रणमा लिन खोज्दा झडप हुदा सशस्त्र प्रहरीको साथमा रहेको हतियार खोस्न खोज्दा हतियार बचाउ तथा आत्मरक्षाको लागि प्रहरी जवानले हतियार कक गर्दा पड्कन गई १ राउण्ड गोली फायर हुँदा सहवाज मियाँ घाइते भई उपचारको क्रममा मृत्यु भएकोले निजको उपचारको क्रममा भएको खर्च रु. ४,६४,६६०/- मन्त्रिपरिषद्को निर्णयबाट उपलब्ध गराइएको।
- बलात्कार पछि हत्या गरिएकी सम्झना कामीको परिवारलाई आर्थिक सहायता स्वरुप रु. ५ लाख मन्त्रिपरिषद्को निर्णयबाट उपलब्ध गराइएको।
- दुई पक्षबीच झैझगडा भै जिल्ला सर्लाही रामनगर गाउँपालिका वडा नं ७ डमार टोल बस्ने वर्ष ६० को महेन्द्र महरा घाइते भई उपचारको क्रममा मृत्यू भएकोले निज महराको परिवारलाई आर्थिक सहायता स्वरूप रु. १० लाख उपलब्ध गराइएको।
- प्रहरीसँगको झडपमा परी घाइते भएका रंजन कुमार यादवको उपचारमा लागेको उपचार खर्च रु. ३,५८,७९५ उपलब्ध गराइएको।
- हत्या भई मृत्यु भएकी महोत्तरी जिल्लाको बर्दिवास नगरपालिका वडा नं. १४ निवासी गुलाबसा खातुन र सोही हत्याको विषयलाई लिएर मृतकको पक्षमा प्रर्दशनको क्रममा मृत्यु भएको संजय भन्ने बुद्धिराज न्यौपानेको परिवारहरूलाई प्रति मृतक रु. ३/३ लाखको दरले आर्थिक सहायता उपलब्ध गराइएको।
- भुटानका निर्वासित नेता टेकनाथ रिजाललाई दैनिक जीवनयापनको लागि प्रति महिना १ लाखका दरले उपलब्ध गराइएको।
- पशु चौपाया काटेको सम्बन्धमा ताजबुल हकलाई नियन्त्रणमा लिने स्थानीयहरू भेला भई सुरक्षाकर्मीसँग झडप हुँदा सशस्त्र प्रहरी बल नेपालले हवाइ फायर गरेको गोली लागि मृत्यु भएका झापा गाउँपालिका वडा नं. ३ कटुवामारी बस्ने वर्ष ३८ को रफिक उल आलमको परिवारलाई परिवारलाई रु. ५ लाख राहत उपलब्ध गराइएको।
- कर्तव्य पालनाको सिलसिलामा तस्करहरूको आक्रमणमा परी मृत्यु भएका प्र.स.नि. स्व. गोविन्द बि.क. र स्व. प्रहरी रामबहादुर साउदका आश्रित परिवारलाई राहतस्वरूप प्रति-परिवार रु. १० लाखका दरले उपलब्ध गराइएको।
- हत्या गरिएकी बैतडी जिल्ला, दोगडाकेदार गा.पा. वडा नं. ७ चडेपानीकी भागिरथी भट्टका हकवाला परिवारलाई आर्थिक सहायतास्वरूप रु. ५ लाख उपलब्ध गराइएको।

- प्रहरी हिरासतमा रहेको अवस्थामा घाइते भई उपचारको क्रममा मृत्यु भएका कैलाली जिल्ला धनगढी उपमहानगरपालिका वडा नं १४ का अमरबहादुर चन्दको आश्रित परिवारलाई रु ५ लाख आर्थिक सहायता उपलब्ध गराइएको।
- मिति २०७४/०१/३१ मा भएको स्थानीय तह निर्वाचनको क्रममा दोलखा जिल्ला मैलुङ् गा.पा. वडा नं. १ स्थित मतदान केन्द्रमा भएको घटनामा घाइते भएका दोलखा जिल्ला मैलुङ् गाउँपालिका वडा नं. १ पवटीका रोशन भुजेल भनिने जितबहादुर भुजेललाई उपचारमा लागेको बिलबमोजिमको रकम रु. ५९,१०५/- उपलब्ध गराइएको।
- बाजुरा जिल्लाको बडीमालिका नगरपालिका वडा नं. ९ स्थित गैरीबजारमा मिति २०७६/११/१० गते बम डिस्पोजलका क्रममा क्षति पुगेको रेडियो बाजुरा र धर्म रोकायाको घरको क्षतिपूर्ति वापत रु. १ लाख जिल्ला प्रशासन कार्यालय बाजुराको नाममा उपलब्ध गराइएको।
- रोल्पा बम बिष्फोट घटनामा मृत्यु भएका नोखीराम डाँगी, गौरव नेपाली, विमला खत्री र विजय खत्रीको परिवारलाई उपलब्ध गराइएको प्रति मृतक रु. ५लाखमा अतिरिक्त रु. ५ लाखका दरले हुन आउने जम्मा रु. २० लाख क्षतिपूर्ति/राहतस्वरूप उपलब्ध गराइएको।

**इ) निर्देशन/ परिपत्र**

- प्रतिबन्धित ने.क.पा. विप्लव समूहको गतिविधि सम्बन्धमा प्राप्त हुने गोप्य सूचनाका आधारमा उक्त समूहको गतिविध नियन्त्रण, कानुन विरोधी योजना निस्तेज पार्न सुरक्षा निकाय, जिल्ला प्रशासन कार्यालयहरूलाई नियमित रूपमा पत्राचार गर्ने गरिएको ।
- शान्ति सुरक्षा, अमनचयन, अपराध नियन्त्रण, सुशासन कायम, प्रभावकारी सेवा प्रवाहका तथा कोभिड-१९ नियन्त्रण गर्ने सम्बन्धी मन्त्रिपरिषदबाट भएका निर्णयहरू कार्यान्वयन गर्ने गराउने सम्बन्धमा जिल्ला प्रशासन कार्यालयहरूलाई २३७ पटक परिपत्र गरिएको।
- शान्ति सुरक्षा तथा सुव्यवस्था कायम गर्ने, सबै प्रकारका अपराध नियन्त्रण गर्ने, जिल्लास्थित सरकारी निकायबाट हुने सेवा प्रवाहलाई प्रभावकारी बनाउने तथा जिल्लामा सुशासन कायम गर्ने, विपद् व्यवस्थापन, प्रदेश र स्थानीय तहवीच समन्वय, विकास निर्माण लगायतका जनसरोकारका जुनसुकै विषयमा सहयोग, समन्वय, सहजीकरण तथा कोभिड-१९ को बढ्दो सङ्क्रमण रोकथाम, नियन्त्रण तथा उपचार, तथा विभिन्न मितिमा मन्त्रालयबाट भएका निर्णय, निर्देशन, परिपत्रहरूको कार्यान्वन तथा प्रगति विवरण मन्त्रालयमा पठाउन च.नं. ९२२ मिति २०७८/०६/१३ गतेको परिपत्रबाट विभिन्न १६ शिर्षकमा ११८ बुँदे वशिेष नर्िदेशन सबै जल्लिा प्रशासन कार्यालयहरूमा पठाइएको ।
- नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, संवैधानिक आयोगबाट प्राप्त निर्देशन तत्काल कार्यान्वयन गरिएको ।

- माननीय गृहमन्त्रीज्यू, श्रीमान् गृह सचिवज्यूलाई सम्बोधन गरी प्राप्त भएका ४९ गुनासो, उजुरी/निवेदन कारबाहीका लागि मातहत सम्बन्धित निकायलाई निर्देशन गरिएको।

**ई) नव प्रवर्द्धनात्मक कार्य तथा सुधार कार्य**

- शाखालाई प्रविधिमैत्री बनाउन तथा अभिलेखको चुस्त व्यवस्थापन गर्न शाखामा रहेका महत्त्वपूर्ण कागजातहरू, मिति २०२७ सालदेखि हालसम्मका मन्त्रिपरिषद्का निर्णयहरू, गृह मन्त्रालयसँग सम्बन्धित प्रतिवेदन स्क्यान गरी डिजिटल अभिलेख राखिएको।

**उ) समिति गठन**

- रौतहट जिल्लाको गरुडा न.पा.-८ बसबिटी जिंगडिया बस्ने नन्दलाल रामको छोरा वर्ष २० को निरन्जन रामलाई धारिलो हतियारले घाँटीमा प्रहार गरी कर्तव्य गरी रतन साहको खेतमा फालेको साथै उक्त घटनाका प्रतिवादी रहेका बिजय महरालाई प्रहरी हिरासतमा राखी अनुसन्धान भइरहेको अवस्थामा मिति २०७७/०५/०३ गते एक्कासी पखाला र बान्ता लागि उपचारको क्रममा अस्पतालमा मृत्यु भएको विषयका सम्बन्धमा घटनाको सत्यतथ्य बुझी छानबिन प्रतिवेदन पेश गर्न ईलाका प्रशासन कार्यालय, चन्द्रनिगाहपुर, रौतहटका उपसचिव डोरेन्द्र निरौलाको संयोजकत्वमा छानबिन समिति गठन भएको।
- मिति २०७७।०६।२१ मा जाजरकोट जिल्ला सदरमुकाम खलङ्गा बजारदेखि जुनीचाँदे गाउँपालिकातर्फ यात्रु लिई गएको भे.१ज ९३५ नम्बरको बोलेरो जीप सोही गा.पा. वडा नं. १ स्थित औलखोलामा सडकदेखि ५००-७०० मिटर तल खसी भएको दुर्घटनामा सातजनाको मृत्यू र एकजना गम्भीर घाइते भएको सम्बन्धमा स्पष्ट छानबिन गर्न यस मन्त्रालयका उपसचिव श्री भीमकान्त शर्माको संयोजकत्वमा तीन सदस्यीय छानबिन समिति गठन भएको।
- महोत्तरी जिल्लाको बर्दिबास नगरपालिका- १४ की निवासी सहिद अन्सारीको छोरी अन्दाजी वर्ष ६ गुलाबसा खातुनको हत्या भएको विषयलाई लिएर प्रर्दशनको क्रममा संजय भन्ने बुद्धिराज न्यौपानेलाई गोली लाग्न गई घाइते भई उपचारको क्रममा मृत्यु भएको घटनाका सम्बन्धमा सत्यतथ्य, निष्पक्ष छानबिन गरी प्रतिवेदन पेश गर्न मन्त्रालयका उपसचिव रुद्र प्रसाद पण्डितको संयोजकत्वमा ३ सदस्यीय छानबिन समिति गठन भएको।
- सातै वटा प्रदेश तथा प्रदेश मातहत कार्यालयहरूमा आम्दानीमा बाँधिएका र बेवारिसे अवस्थामा फेला परेका वा बरामद गरिएका, म्याद समाप्त भई जीर्ण अवस्थामा रहेका बिष्फोटक पदार्थहरू विभिन्न प्रहरी कार्यालयहरूमा भण्डारण गरी राखिएका र यस्ता जीर्ण अवस्थामा रहेका बिष्फोटक पदार्थहरू कुनै पनि समयमा बिष्फोटन हुन गई भौतिक तथा मानवीय क्षति हुनसक्ने भएकोले त्यस्ता विष्फोटक पदार्थहरू व्यवस्थापन गर्न **'हातहतियार खरखजाना एवं बिष्फोटक पदार्थ व्यवस्थापन निर्देशिका, २०६९ को** दफा

५(१) बमोजिम नेपाल प्रहरीका प्रहरी अतिरिक्त महानिरीक्षकको अध्यक्षतामा ६(छ) सदस्यीय समिति गठन गरिएको।

- कोभिड -१९ को दोस्रो लहरको सङ्क्रमण दिनानुदिन बढिरहेको र यसको **उचित व्यवस्थापनमा समन्वय, सहजीकरण तथा अनुगमन** गर्ने प्रयोजनार्थ गृह मन्त्रालय, सुरक्षा तथा समन्वय महाशाखा प्रमुखको संयोजकत्वमा ११ सदस्यीय समिति गठन गरिएको।
- मिति २०७८/०२/०५ गते बुधबार बिहान नवलपरासी-पश्चिम सुस्ता -५ नथुइ नाका बनकट्टीबाट भारततर्फ जान लागेका स्थानीय ३/४ जना युवाहरूलाई सशस्त्र प्रहरीले रोक्ने क्रममा वादविवाद हुँदा उत्तेजित भीडबाट सशस्त्र प्रहरी बल र प्रहरीमथि ढुङ्गामुढा गरेकोले आत्मरक्षा लागि सशस्त्र प्रहरीले चलाएको गोली लागि अविनाश राजभरको मृत्यु भएको घटनाका सम्बन्धमा छानबीन गर्न गृहमन्त्रालयका सहसचिवको नेतृत्वमा ५ सदस्यीय समिति गठन गरिएको।

## ऊ) ऐन, नीति, नियम तथा कानुन तर्जुमा

- विशिष्ट व्यक्तिहरूको सुरक्षा व्यवस्थापन कार्यविधि, २०७० लाई संशोधन गरी परिवर्तित संरचना अनुकुल र समयसापेक्ष बनाउन तयार गरिएको विशिष्ट व्यक्तिको सुरक्षा व्यवस्थापन कार्यिधि, २०७७ नेपाल सरकार मन्त्रिपरिषद्बाट स्वीकृत भई कार्यान्वयनमा रहेको।
- दार्चुला जिल्ला, व्यास गाउँपालिकाको समग्र विकासको लागि **"दार्चुला जिल्ला, व्यास गाउँपालिकाको समग्र विकास तथा सेवाप्रवाहमा सुधार सम्बन्धी एकीकृत कार्ययोजना, २०७७"** तयार गरी कार्यान्वयनको लागि सम्बन्धित मन्त्रालय तथा निकायहरूमा पत्राचार गरिएको।
- आर्थिक सहायता उपलब्ध गराउने प्रक्रियालाई सरल, स्पष्ट र पारदर्शी बनाई उपचार खर्च, राहत वा आर्थिक सहायतामा एकरूपता कायम गर्न **"उपचार खर्च, राहत तथा आर्थिक सहायता सम्बन्धी मापदण्ड, २०७७"** बनाई स्वीकृत भई कार्यान्वयनमा रहेको।
- दुर्घटना, प्राकृतिक विपद् वा अन्य कुनै कारणबाट मृत्यु भई पहिचान हुन नसकेको वा हकवाला वा आफन्त फेला पार्न नसकी वेवारिसे भएका शवको उचित रूपमा व्यवस्थापन गर्ने सम्बन्धमा **पहिचान नभएका तथा वेवारिसे शव व्यवस्थापन निर्देशिका, २०७८** मस्यौदा तयार गरिएको।

## ऋ) कोभिड-१९ रोकथाम तथा नियन्त्रण

- कोभिड-१९ नियन्त्रण तथा रोकथाम सम्बन्धमा मन्त्रिपरिपषद्का निर्णयहरूको कार्यान्वयनमा समन्वय तथा सहजीकरण गर्ने क्रममा काठमाण्डौ उपत्यका एकीकृत क्वारेन्टिन व्यवस्थापन समितिको बैठकको निर्णय बमोजिम क्वारेन्टिन निर्माण सम्बन्धमा जिल्ला प्रशासन कार्यालयहरूसँग समन्वय गरी ५,५८७ बेडको लागि स्थान पहिचान गरी बेड संख्या १,९०४ तयार पारिएको।

- नेपालमा कोभिड-19 को सङ्क्रमण फैलिने सम्भावना देखिएकोले सङ्क्रामक रोग ऐन, २०२० को दफा २ ले दिएको अधिकार प्रयोग गरी सो को रोकथाम र निर्मूल गर्न आदेश जारी गर्ने नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७७/१२/०९ को निर्णय कार्यान्वयनका लागि सबै सुरक्षा निकाय र जिल्ला प्रशासन कार्यालयहरूमा निर्देशन पठाइएको।
- जिल्ला सुरक्षा समितिका सम्पूर्ण सदस्य सहित आवश्यकतानुसार विज्ञ सम्मिलित कमाण्ड पोष्ट स्थापना गर्न र औचित्यका आधारमा पास जारी गर्न र सोको अभिलेख राख्न सबै जिल्ला प्रशासन कार्यालयहरूलाई परिपत्र गरिएको।
- कोभिड-१९ सङ्क्रमण रोकथाम, नियन्त्रण तथा उपचार लगायतका कार्यहरू प्रभावकारी बनाउन Crisis Management Center स्थापना गर्न सबै सुरक्षा निकाय र सबै जिल्ला प्रशासन कार्यालयहरूलाई पत्राचार गरिएको।
- कोभिड-१९ बाट बढी प्रभावित हुने व्यक्ति वा समूहका लागि भाइरस सङ्क्रमणको जोखिमविरुद्ध पूर्व सावधानी अपनाउन र रोकथामको लागि जनचेतनामूलक सन्देश तथा सूचना प्रवाह गर्न प्रहरी प्रधान कार्यालयमा पत्राचार गरिएको।
- जिल्ला सुरक्षा समितिको दैनिक बैठक बसी सबै सुरक्षा निकायबीच समन्वय गरी सीमा नाका जोडिएका जिल्लाहरूले सीमा नाकातर्फ आवश्यकतानुसार थप सुरक्षाकर्मीको व्यापक गस्ती बढाएर Area Domination गरी लुकिछिपी नेपाल प्रवेश गर्ने कार्यलाई निरुत्साहित गर्न जिल्ला प्रशासन कार्यालयहरूमा निर्देशन पठाइएको।
- कोभिड-१९ को बढ्दो सङ्क्रमण र उक्त सङ्क्रमणबाट हुनसक्ने गम्भीर जोखिमलाई दृष्टिगत गर्दै मापदण्डअनुसार क्वारेन्टिन क्षमतावृद्धि गर्न स्थानीय तह र प्रदेश सरकारसँगको समन्वयमा आवश्यक व्यवस्थाको लागि भारतसँग सीमा जोडिएका सबै जिल्ला प्रशासन कार्यालयहरूमा निर्देशन पठाइएको।
- नेपाली नागरिकहरूलाई स्वदेश आउन सहजीकरण गर्ने सम्बन्धी विषयमा म.प.बै.सं. १२/०७७ मिति २०७७/०२/१२ को मन्त्रिपरिषद् बैठकको निर्णयबमोजिम "कोभिड-१९ को विश्वव्यापी सङ्क्रमणको कारणबाट सिर्जित असहज परिस्थितिमा स्वदेश आउनै पर्ने अवस्थामा रहेका नेपाली नागरिकहरूलाई स्वदेश आउन सहजीकरण गर्ने सम्बन्धी आदेश, २०७७" प्रभावकारी रूपमा कार्यान्वयन गर्न गराउन सबै सुरक्षा निकाय र जिल्ला प्रशासन कार्यालयहरूमा निर्देशन पठाइएको।
- देशका विभिन्न भागमा अलपत्र परेका विदेशी नागरिकहरूलाई स्वदेश फर्किने प्रयोजनका लागि काठमाडौंसम्म आउन सहजीकरण गरिएको।
- कोभिड-१९ को दोस्रो लहरको सङ्क्रमण दिनानुदिन बढिरहेको र यसको प्रभावकारी व्यवस्थापनका लागि समन्वय सहजीकरण तथा व्यवस्थापन गर्ने प्रयोजनार्थ गृह मन्त्रालय सुरक्षा तथा समन्वय महाशाखा

प्रमुखको संयोजकत्वमा **उपत्यका सुरक्षा, अत्यावश्यक सेवा सञ्चालन, समन्वय एवं अनुगमन समिति** गठन गरिएको।

- कोभिड-१९ को दोस्रो लहरको बढ्दो सङ्क्रमण रोकथाम, उपचार तथा नियन्त्रणका सन्दर्भमा नेपाल सरकारबाट जारी आदेशको कार्यान्वयन अवस्था र उपलब्ध स्वास्थ्य पूर्वाधारको विवरण दैनिक रूपमा अद्यावधिक गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा प्रतिवेदन गरिएको ।

### ख) स्थानीय प्रशासन तथा प्रदेश समन्वय शाखा

स्थानीय प्रशासन तथा प्रदेश समन्वय शाखाबाट आ.व.२०७७/७८ सम्पादित मुख्य कार्यहरूमा मुख्यतया स्थानीय प्रशासन तथा प्रदेश तथा परराष्ट्र मामिलासँग सम्बन्धित विषयहरू पर्दछन्। ती बिषयमा गरिएको समन्वय, परिपत्र, राय लगायतका प्रगति विवरण तालिका नं. २.२.४.१ मा समेटिएको छ।

**तालिका नं. २.२.४.१: स्थानीय प्रशासन तथा प्रदेश समन्वय शाखाबाट सम्पादित मुख्य कार्यहरू**

| सि.नं. | विवरण | कैफियत |
|---|---|---|
| १ | १५ वटा कम्पनीलाई वाकिटकि सञ्चालन गर्न अनुमति दिन सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा सिफारिस गरिएको तथा विभिन्न ५वटा सेक्युरिटी कम्पनीलाई सञ्चालन अनुमति दिईएको। | |
| २ | विभिन्न मित्रराष्ट्रहरूबाट आवासीय/गैर आवासीय राजदुत / Deputy Defense Attaché पदमा प्रस्तावित व्यक्तिहरू २४ जनाको नाममा Security Clearance गरी सहमति प्रदान गरिएको। | |
| ३ | २६जना तिब्बती शरणार्थीहरूको ट्राभल्स डकुमेन्ट सिफारिस गरिएको । | |
| ४ | नेपाल र भारतबीचको Oversight Mechanism को आठौं बैठकका लागि गृहमन्त्रालय अन्तर्गतका परियोजनाहरूको प्रगति विवरण तयार गरी परराष्ट्र मन्त्रालय पठाइएको। | |
| ५ | विभिन्न मन्त्रालय तथा निकायहरूबाट वैदेशिक नियोग मार्फत प्राप्त गृहसँग सम्बन्धित बिषयमा माग भएका राय प्रतिक्रिया तयार गरी पठाइएको। | |
| ६ | विभिन्न मित्रराष्ट्रहरूसँग परराष्ट्रमन्त्री स्तरीय बैठकमा छलफल हुने एजेण्डाका लागि गृह सम्बन्धी विषयमा विवरण तयार गरी परराष्ट्र मन्त्रालयमा पठाइएको। | |
| ७ | नेपाल र भारतबीच Fake Currency सम्बन्धमा प्रस्तावित MOU मा आवश्यक परिमार्जन गरी परराष्ट्र मन्त्रालयमा पठाइएको। | |
| ८ | गृह मन्त्रालय र जनवादी गणतन्त्र चीन सरकारको Ministry of Public Security बीच प्रस्तावित Agreement on Cooperation को परिमार्जित मस्यौदा उपर कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयबाट प्राप्त राय परराष्ट्र मन्त्रालयमा पठाइएको। | |
| ९ | BIMSTEC सदस्य राष्ट्रको रूपमा नेपालले अबलम्बन गरेका भिसासम्बन्धी असल अभ्यासहरूको विवरण परराष्ट्र मन्त्रालयलाई पठाइएको। | |

| | | |
|---|---|---|
| १० | संविधान दिवसको अवसरमा २८९ सामान्य कैदी र ८ जना ज्येष्ठ नागरिक कैदी गरी २९७ जना कैदी बन्दीहरूको बाँकी कैद सजाय माफी मिनाहाका लागि र महोत्तरीका राम दयाल मण्डल खत्वे उपरको पूरै सजाय माफी मिनाहाका लागि मन्त्रिपरिषद्मा प्रस्ताव पेश गरिएको। | |
| ११ | परराष्ट्र मन्त्रालयलाई सिराहा जिल्ला गोलबजार-१३ बस्ने सत्यनारायण पासवानको मृतक शरीर ल्याउन सहजीकरण गर्न पत्राचार गरिएको। | |
| १२ | कैदीबन्दीहरूमा कोभिड-१९ को सङ्क्रमणबाट हुनसक्ने नकारात्मक असर न्यून गर्ने सम्बन्धमा सर्वोच्च अदालतबाट भएको आदेश कार्यान्वयनका सन्दर्भमा छलफल गर्न मा. गृह मन्त्रीज्यूको अध्यक्षतामा गृह मन्त्रालय, महान्यायधिवक्ताको कार्यालय समेतको प्रतिनिधित्वमा बैठक सम्पन्न भएको (मिति २०७७।०५।३१) | |
| १३ | कैदीबन्दीहरूमा कोभिड-१९ को सङ्क्रमण हुन नदिन गरिएको व्यवस्था तथा अपनाउनु पर्ने सतर्कता सम्बन्धमा सचिवज्यूको अध्यक्षतामा स्वास्थ्य सेवा विभाग, कारागार व्यवस्थापन विभाग र उपत्यकाका कारागारका प्रमुखहरू समेतको उपस्थितिमा बैठक सम्पन्न भएको। | |
| १४ | भारत सरकारको सहयोगमा भईरहेको राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान निर्माण परियोजनाको Project Co-coordinator मा प्रहरी अतिरिक्त महानिरीक्षक प्रद्युम्न कुमार कार्कीलाई नियुक्त गरिएको बारे परराष्ट्र मन्त्रालय मार्फत भारत सरकारलाई जानकारी गराईएको । | |
| १५ | फौजदारी कसूर (कैदकट्टा) नियमावली, २०७४ संशोधन सम्बन्धमा गठित समितिको सिफारिस समेतको आधारमा नियमावली संशोधनको लागि पेश गरिएको। | |
| १६ | नेपाल रेडक्रस सोसाइटीको हिसाब जाँच गर्न जिल्ला प्रशासन कार्यालय, काठमाडौंले गठन गरेको हिसाब जाँच (विज्ञ समूह) समितिले बुझाएको प्रतिवेदन थप छानबिन र कारबाहीको लागि प्रहरी प्रधान कार्यालयलाई निर्णय पश्चात पत्राचार गरिएको । | |
| १७ | मित्रराष्ट्र चीनको तिब्बत प्रहरीबाट सशस्त्र प्रहरी बल नेपाललाई प्राप्त हुने सुरक्षा उपकरण सम्बन्धी सहायता यस मन्त्रालयको सकारात्मक राय परराष्ट्र मन्त्रालय मार्फत पठाइएको। | |
| १८ | नेपाल र चीनबीचको सहसचिवस्तरीय बैठकका लागि Joint Prevention and Control Mechanism को पहिलो बैठकमा सीमा सम्बन्धमा उठान गर्नुपर्ने विषयहरू तयार गरी परराष्ट्र मन्त्रालयमा पठाइएको। | |
| १९ | श्रीलङ्का सरकारद्वारा प्रेषित Sanction List गृह मन्त्रालयको वेबसाइटमा अपलोड गरी नियमनकारी निकाय र अनुसन्धानकर्ता निकायहरूलाई लिङ्क गर्न पत्राचार गरिएको। | |
| २० | United Nations High Commissioner for Refugees (UNHCR) र National Coordination Unit for Refugee Affairs (NUCRA) बीच भुटानी शरणार्थीहरूको तथ्याङ्क NUCRA लाई हस्तान्तरण गर्ने सम्बन्धमा सहमतिपत्रमा हस्ताक्षर सम्पन्न भएको। | |
| २१ | Asia Pacific Group on Money Laundering (APG) अन्तर्गत पारस्परिक मूल्याङ्कन सम्बन्धी सुझावहरूमध्ये गृह मन्त्रालयसँग सम्बन्धित Recommendation 4.4, Recommendation 39, | |

| | | |
|---|---|---|
| | Recommendation 6 and Recommendation 7 को जवाफ तयार पारी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइएको। | |
| २२ | शरणार्थी शिविरहरूको अनुगमन सम्बन्धमा अनुगमनकर्ताको आचार संहिता तथा अनुगमन प्रतिवेदनको लागि ढाँचा तयार गरिएको । | |
| २३ | कोभिड-१९ सङ्क्रमणको कारण साधारण सभा गर्न नसकी नवीकरण गर्न नसक्ने गै.स.स.हरूको नवीकरणका लागि साधारण सभाको सट्टा कार्य समितिबाट भएको निर्णयलाई समेत मान्यता दिने सम्बन्धमा मन्त्रालयको निर्णय सम्बन्धित निकायलाई जानकारी गराइएको। | |
| २४ | फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ कार्यान्वयनपश्चात् माफी मिनाहा र कैद छुटका आधारमा कैद मुक्त भएका कैदीबन्दीको विवरण राज्य व्यवस्था तथा सुशासन समितिमा पठाइएको। | |
| २५ | सिन्धुपाल्चोक जिल्ला हेलम्बु गाँउपालिका-४ अलपत्र परेका फ्रेन्च नागरिक Furgerot Sharles लाई सम्बन्धित राजदूतावासलाई जानकारी गराईदिने सम्बन्धमा परराष्ट्र मन्त्रालयलाई अनुरोध गरिएको। | |
| २६ | कारागार कार्यालय, नख्खु, ललितपुरमा थुनामा रहेका जर्मन नागरिक Albert fred Klinicke को मृत्यु भएको हुँदा सम्बन्धित राजदूतावास मार्फत निजको परिवारजनलाई जानकारी गराउन परराष्ट्र मन्त्रालयलाई अनुरोध गरिएको। | |
| २७ | राष्ट्रिय मानव अधिकार आयोगद्वारा २८ वटा जिल्लाका कारागारहरूको द्रूत अनुगमन गरिदिएको प्रतिवेदन कार्यान्वयनका लागि कारागार व्यवस्थापन विभाग पठाइएको। | |
| २८ | रक्सौल-काठमाडौं विद्युतीय रेलमार्गको Field Location survey सम्बन्धी समझदारीपत्रको मस्यौदामा गृह मन्त्रालयको सहमति रहेको र नेपाल तथा भारत सरकारबीचको Development of Railway Infrastructure at Fire Border Points Longs the India-Nepal Border सम्बन्धी समझदारीपत्र सम्बन्धी मस्यौदामा गृह मन्त्रालयको सहमति रहेको जानकारी भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सिंहदरबार काठमाडौंलाई गराइएको। | |
| २९ | नेपाल भारत पाँचौं परराष्ट्र मन्त्रीस्तरीय बैठकका निर्णयहरू मध्ये यस मन्त्रालयसँग सम्बन्धित विषयहरूमा प्रगति विवरण तथा आगामी बैठकका लागि सुझावहरू तयार गरी परराष्ट्र मन्त्रालयमा पठाएको। | |
| ३० | सम्पत्ति शुद्धीकरण तथा आतकंवादी क्रियाकलापमा वित्तीय लगानी निवारण, पारस्परिक मूल्याङ्कन अन्तर्गत पारस्परिक मूल्याङ्कनको प्रभावकारिता सम्बन्धी तयारी बैठकको निर्णय बमोजिम Immediate Outcome 10 and 11 को जवाफ तयार गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइएको। | |
| ३१ | SAARCPOC को आयोजना सम्बनधमा गृह सचिवज्यूको अध्यक्षतामा परराष्ट्र मन्त्रालय, नेपाल प्रहरी र अध्यागमन विभागका प्रतिनिधिको सहभागितामा बैठक सम्पन्न। | |
| ३२ | ललितपुर महानगरपालिका-१६ पट्को टोलस्थित लक्ष्मी नारायणको पुरातात्विक मूर्ति चोरी भएकोमा हाल उक्त मूर्ति अमेरिकामा टेक्सास राज्यस्थित डल्लास म्युजियम अफ आर्टसमा | |

| | | |
|---|---|---|
| | रहेको खुल्न आएकोले उक्त मूर्ति यथाशक्य नेपाल झिकाइ दिने व्यवस्थाका लागि आवश्यक पहल गरिदिन परराष्ट्र मन्त्रालयमा पत्राचार गरिएको। | |
| ३३ | जनवादी गणतन्त्र चीनको तिब्बत स्वायत्त क्षेत्रको सार्वजनिक सुरक्षा विभागले सशस्त्र प्रहरी बल, नेपाललाई डिसेम्बर २२, २०२० मा हस्तान्तरण गरेका सुरक्षा उपकरण बुझिलिन सशस्त्र प्रहरी बल, नेपाल नं. १६ गण हे. क्वा. सिन्धुपाल्चोकमा कार्यरत सशस्त्र प्रहरी उपरीक्षक अर्जुन खत्रीलाई पठाउने निर्णय भएको तथा भन्सार छुटका लागि मूल्यसूची खुलाई अर्थ मन्त्रालयमा सिफारिस गरिएको। | |
| ३४ | नेपाल भारतबीचको प्रस्तावित सुपूर्दगी सन्धिको मस्यौदा उपर गृह सचिवज्यू र सबै महाशाखा प्रमुखहरूको उपस्थितिमा छलफल तथा अन्तरक्रिया कार्यक्रम (मिति २०७७/०९/२०) सम्पन्न गरिएको। | |
| ३५ | UNHCR र NUCRA बीच सन् २०२१ का लागि PPA (Project Partnership Agreement) गर्न स्वीकृति प्राप्त भई हस्ताक्षर भएको। | |
| ३६ | नेपाल-भारतबीच परराष्ट्र मन्त्रीस्तरीय संयुक्त आयोगको बैठकका सन्दर्भमा गृह मन्त्रालयसँग सम्बन्धित विषयहरू पहिचान तथा प्रगति अद्यावधिक गरिएको। | |
| ३७ | भारतका विभिन्न बालसुधार गृहमा ३९जना बालबालिकाहरू हुन सक्ने देखिएकाले यकिन गरी विस्तृत विवरण उपलब्ध गराउन १८ वटा सम्बन्धित जिल्ला प्रशासन कार्यालयलाई पत्राचार गरिएको। | |
| ३८ | लामो समयसम्म शरणार्थी परिचयपत्र नवीकरण नगराउने तिब्बतियन शरणार्थीहरूलाई परिचयपत्र नवीकरण गराउने प्रयोजनका लागि १४ वटा जिल्ला प्रशासन कार्यालयहरूलाई पत्राचार। | |
| ३९ | संविधान दिवस, २०७७ को अवसरमा कैद छुट तथा माफी पाएका व्यक्तिहरूको विवरण राजपत्रमा प्रकाशन गर्ने प्रयोजनार्थ राष्ट्रपतिको कार्यालयमा पठाइएको। | |
| ४० | साविकका यातायात समितिहरूको नाममा रहेको अचल सम्पत्तिको विवरण उपलब्ध गराउन सबै जिल्ला प्रशासन कार्यालयहरूलाई परिपत्र गरिएको। | |
| ४१ | BIMSTEC Convention Against Trafficking in Persons सम्बन्धमा म्यानमार सरकारले पठाएको प्रतिकृया सम्बन्धमा विभिन्न चरणमा छलफल भएको। | |
| ४२ | गृह सचिवज्यूको अध्यक्षतामा परराष्ट्र मन्त्रालय, अध्यागमन विभाग तथा मन्त्रालयका महाशाखा प्रमुखहरूको उपस्थितिमा UNHCR सँग आबद्धरहेका Person of Concern सम्बन्धी विषयमाछलफल/अन्तरक्रिया सम्पन्न भएको। | |
| ४३ | कतारको सरकारी निकायमा सुरक्षाकर्मीको रूपमा नेपाली नागरिकलाई रोजगारीको अवसर प्रदान गर्ने सम्बन्धमा यस मन्त्रालयको सकारात्मक राय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा पठाइएको। | |
| ४४ | भारतमा भएको चोरीका सामान नेपाल प्रहरीले जफत गरी जिल्ला प्रशासन कार्यालय कैलालीमा राखिएकोमा उक्त सामानहरू फिर्ता गर्न नेपाल प्रहरीलाई अनुमति दिइएको। | |

| | | |
|---|---|---|
| ४५ | BIMSTEC National Security Chief को तेस्रो बैठकको निर्णय प्रतिवेदन उपर सकारात्मक राय पठाइएको। | |
| ४६ | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको पत्रमार्फत् प्राप्त निवेदन बमोजिम मो. एजाजुर रहमान लगायत र माननीय गृह मन्त्रीज्यूलाई सम्बोधन गरी पेश निवेदन मार्फत् नसीम खाँ उपर लागेको मुद्दा फिर्ताका लागि माग भएकोमा आवश्यक कारबाहीको लागि कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयमा सक्कलै कागजात/फायल पठाइएको। | |
| ४७ | संस्था दर्ता ऐन, २०३४ मा पाँचौ संशोधन गर्न मस्यौदा तयार गरी रायका लागि भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र अर्थ मन्त्रालयमा पठाइएको। | |
| ४८ | Nepal Center for Security Governance नामक संस्थाले प्रस्ताव गरेको Enhancing Good Security Governance सञ्चालन गर्न नमिल्ने सुझाव २०७७/११/०४ मा समाज कल्याण परिषद्लाई पठाइएको। | |
| ४९ | प्रजातन्त्र दिवस २०७७ को अवसरमा १५जनाको सजाय माफी तथा ५७९ जनाको बाँकी कैद कट्टा भएकोमा निजहरूको लगत कट्टा तथा कारागार मुक्त गर्ने सम्बन्धी कार्य गरिएको। | |
| ५० | BIMSTEC को १७औं मन्त्रीस्तरीय बैठकको प्रस्तावित माइन्युट/प्रतिवेदनबारे तथा BIMSTEC Convention Against TIP सम्बन्धमा मन्त्रालयको सुझाव पठाइएको। | |
| ५१ | सन् २००५मा नेपाल भारत गृह सचिवस्तरमा हस्ताक्षरित सुपुर्दगी सन्धिको मस्यौदा उपर नेपालमा सुपुर्दगी ऐन, २०७० कार्यान्वयनमा आएको प्रसङ्गमा नेपालको दृष्टिकोण एवं प्रतिकृयाका लागि लेखी आएकोमा मन्त्रालयमा विज्ञ तथा सम्बन्धित निकायका प्रतिनिधिसँग माननीय गृह मन्त्रीज्यूको उपस्थितिमा समेत छलफल पश्चात् नेपालको राय/प्रतिकृयालाई अन्तिम रूप प्रदान गरिएको। | |
| ५२ | मानव बेचबिखन तथा ओसारपसार मुद्दाका फरार प्रतिवादी सन्तोष कुमार लवाङ्गवाको सुपुर्दगीको लागि सम्बन्धित कागजात संलग्न गरी परराष्ट्र मन्त्रालय मार्फत् United Arab Emirates सरकारसँग अनुरोध गरिएको। | |
| ५३ | वन तथा वातावरण मन्त्रालयलाई प्रयोगशालाबाट निष्कासन हुने रसायनयुक्त फोहोर व्यवस्थापन सम्बन्धी मार्ग दर्शन, २०७७ सम्बन्धमा गृह मन्त्रालयको १६ बुँदे राय/सुझाव पठाइएको। | |
| ५४ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई आपूर्ति नीति, २०७७ को मस्यौदा उपर राय/सुझाव, प्रतिक्रियाहरू तयार गरी पठाइएको। | |
| ५५ | कारागारहरूमा सुरक्षा सावधानीसाथ ग्याँस चुलो जडान गरी प्रयोग गर्न अनुमति दिने निर्णय कार्यान्वयनका लागि कारागार व्यवस्थापन विभागमा पठाइएको । | |
| ५६ | चीन सरकारको सहयोगमा Digital Radio Trunking Communication System नेपालका केही जिल्लामा सञ्चालनमा रहेको र सो को अन्य जिल्लामा समेत विस्तार गर्नु विभिन्न आयामबाट महत्त्वपूर्ण भएकोले Digital Radio Trunking Communication System | |

| | | |
|---|---|---|
| | बिस्तारका लागि नेपाल प्रहरीबाट अनुरोध भई आए बमोजिम चीन सरकारसँग आवश्यक समन्वयका र पहलका लागि अर्थ मन्त्रालयसँग (परराष्ट्र मन्त्रालयलाई बोधार्थ दिई) अनुरोध गरिएको। | |
| ५७ | ४८औं विकास समस्या समाधान समितिको निर्णय कार्यान्वयन (बुँदा नं. ११) सम्बन्धमा अन्ताराष्ट्रिय सन्धि/सम्झौता सम्बन्धी विवरण तयार गर्न सुरक्षा तथा समन्वय महाशाखा प्रमुखको संयोजकत्वमा समिति गठन भएको र उक्त समितिमा सदस्य तोकिएको जानकारी मन्त्रालयका सबै शाखा प्रमुखहरूलाई गराइएको। | |
| ५८ | नेपालमा बरामद भएको नक्कली भारतीय नोट Forensic Analysis को लागि हाललाई भारत पठाउनु नपर्ने व्यहोराको (प्रहरी प्रधान कार्यालयबाट लेखी आएबमोजिम) जानकारी परराष्ट्र मन्त्रालय मार्फत् काठमाडौंस्थित भारतीय दूतावासलाई पठाइएको। | |
| ५९ | राष्ट्रिय दलित आयोगको दलित सूची अद्यावधिक गर्ने सूचना प्रचारप्रसारको लागि लेखी आएकोले सबै जिल्ला प्रशासन कार्यालयहरूलाई पठाइएको। | |
| ६० | निजी सुरक्षा कम्पनीको नियमन सम्बन्धमा अवधारणा पत्र र कार्ययोजन स्वीकृत भई कार्यान्वयनमा आएको। | |
| ६१ | नेपाल सरकार वादी भई चलाइएका मुद्दा फिर्ता लिने सम्बन्धी निर्देशिका, २०७७ स्वीकृत भई कार्यान्वयनमा आएको प्रसङ्गमा सोही निर्देशिकाको दफा ८ बमोजिमको छानबिन समितिको कार्यविवरण तथा कार्यदिश यस मन्त्रालयबाट स्वीकृत भई उक्त समितिले जिम्मेवारी तोकिए बमोजिम कार्य सम्पादन गरिरहेको। | |
| ६२ | पाकिस्तानी नागरिक Shahjehan Tanvir को विषयमा प्रहरी प्रधान कार्यालयबाट प्राप्त विवरण सम्बन्धित दूतावासको जानकारीको लागि कन्सुलर सेवा विभाग पठाइएको। | |
| ६३ | नेपाल-चीन सीमा क्षेत्रमा चीनबाट नेपालतर्फ ड्रोन उडान भई फर्केको जानकारी सशस्त्र प्रहरी बलबाट प्राप्त भएबमोजिम आवश्यक अनुगमन तथा निगरानीका लागि जिल्ला प्रशासन कार्यालय रसुवालाई लेखी पठाइएको। | |
| ६४ | SADRE ALAM को नागरिकता छानबिनको प्रसङ्गमा निजलाई काठमाडौंस्थित भारतीय दूतावासबाट जारी गरिएको Certificate of Registration as Indian National को आधिकारिकता एवं सो प्रमाणपत्र प्राप्त गर्दा निजले पेश गरेका कागजात उपलब्ध गराइदिनु भनी परराष्ट्र मन्त्रायमार्फत\ भारतीय दूतावाससँग अनुरोध गरिएको। | |
| ६५ | गणतन्त्र दिवस, २०७८ को अवसरमा जम्मा ४३० जना कैदीहरूको बाँकी कैद कट्टा गरी कैदमुक्त गर्न मन्त्री परिषद्मा प्रस्ताव पठाइएको। | |
| ६६ | बागमती प्रदेशबाट निर्वाचित माननीय रामबहादुर थापा मगरको राष्ट्रिय सभा सदस्यको रिक्त पदमा पूर्तिको लागि २०७८ जेठ ६गते बिहीबारका दिन उपनिर्वाचनको मिति तोक्ने र सोको जानकारी निर्वाचन आयोगलाई दिन र उपनिर्वाचनको मिति तोकिएको सूचना नेपाल राजपत्रमा प्रकाशन गर्न मन्त्रिपरिषद्मा प्रस्ताव पठाइएको। | |
| ६७ | लुम्बिनी प्रदेशबाट निर्वाचित माननीय चन्द्रबहादुर खड्काको राष्ट्रिय सभा सदस्यको रिक्त पदपूर्तिको लागि २०७८ साल जेठ १७ गते सोमबारका दिन उपनिर्वाचनको मिति तोक्ने | |

| | | |
|---|---|---|
| | र सोको जानकारी निर्वाचन आयोगलाई दिन र उपनिर्वाचनको मिति तोकिएको सूचना नेपाल राजपत्रमा प्रकाशन गर्न मन्त्रिपरिषद्मा प्रस्ताव पठाइएको। | |
| ६८ | सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना (२०७६-२०८१) बमोजिम गठन भएको आतङ्कवाद प्रतिरोध बैठकको निर्णयानुसार आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी हुन सक्ने सम्भावनालाई मध्यनजर गरी गैरनाफामूलक संस्थाहरू (Non Profit Organizations) को दर्ता तथा नवीकरण गर्दा वित्तीय स्रोत, उद्देश्य र क्रियाकलापहरूका सम्बन्धमा जानकारी राखी आवश्यकता अनुसार अनुगमन गर्न सबै जिल्ला प्रशासन कार्यालयलाई निर्देशन प्रदान गरिएको । | |
| ६९ | नेपाल बाल सङ्गठनलाई भर्चुअल (प्रविधि) मात्र प्रयोग गरी बिना भौतिक उपस्थिति केन्द्रीय सभाको अधिवेशन सञ्चालन गर्न अनुमति प्रदान गरिएको। | |
| ७० | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट तर्जुमा भइरहेको मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ लाई संशोधन गर्न बनेको विधेयक उपर राय/सुझावको लागि यस मन्त्रालयको कानुन तथा फैसला कार्यान्वयन शाखा मार्फत लेखी आएकोले नेपाल पक्ष भएको Protocol to Prevent, Suppress and Punish Trafficking in Person Especially Women and Children, BIMSTEC Convention Against Trafficking in Personको मस्यौदा र नेपालको प्रचलित ऐनमा रहेका प्रावधानहरू समेतको अध्ययन तथा छलफलका आधारमा विस्तृत रूपमा राय/सुझाव तयार गरी पठाइएको। | |
| ७१ | सन् २०२१ जुन ३मा सुरक्षा समन्वय महाशाखा प्रमुखज्यू, नेपाल प्रहरी महानिरीक्षकज्यू समेतको उपस्थितिमा यस मन्त्रालय र संयुक्त अरब इमिरेट्सको Ministry of Interior बीच सम्पन्न बैठकमा छलफल गरिएका विषयहरू समावेश गरी Meeting Notes परराष्ट्र मन्त्रालय मार्फत् Ministry of Interior, UAE पठाइएको तथा उक्त बैठकमा द्विपक्षीय साझेदारीका विभिन्न आयामहरूबारे छलफल समेत गरिएको । | |
| ७२ | खस आर्य समुहमा पर्ने सिफारिस सन्दर्भमा स्थानीय तहबाट किटानी सिफारिस भई आएमा जिल्ला प्रशासन कार्यालयहरूबाट प्रमाणित गर्न जिल्ला प्रशासन कार्यालयहरूलाई निर्देशन दिइएको । | |
| ७३ | निर्वाचन आचार संहिता २०७८ को मस्यौद उपर राय/परामर्श पठाइएको । | |
| ७४ | अमेरिकाले प्रकाशित गरेको मानव अधिकार प्रतिवेदन उपर मन्त्रालयको राय पठाइएको । | |
| ७५ | बैंकिङ् कसूर तथा लिखत किर्ते मुद्दाका फरार केदार ढुङ्गानालाई सुपुर्दगी गर्न परराष्ट्र मन्त्रालय मार्फत पोर्चुगल सरकारलाई अनुरोध गरिएको । | |
| ७६ | मा. गृहमन्त्री खगराज अधिकारीज्यू र भारतीय राजदूत महामहिम श्री विनय मोहन क्वात्रासँगको भेटमा समन्वय गरिएको। | |

*स्रोतः स्थानीय प्रशासन तथा प्रदेश समन्वय शाखा*

### ग) सीमा तथा अध्यागमन शाखा

यस शाखाबाट निषेधित क्षेत्रमा हेलिकप्टर उडान अनुमति, अन्ताराष्ट्रिय सीमा सम्बन्धी समन्वय, विदेशी नागरिकहरूलाई कार्य सहमति, विदेशी नागरिकहरूलाई निष्कासन गर्ने, आगमन विन्दुमा भिसा सहजीकरण लगायतका क्रियाकलापहरू सम्पादन हुन्छन्। आर्थिक वर्ष २०७७/७८ मा यस शाखाबाट सम्पादित मुख्यमुख्य कार्यहरूको विवरण तालिका नं. २.२.४.२ मा दिइएको छ।

**तालिका नं. २.२.४.२: सीमा तथा अध्यागमन शाखाबाट सम्पादित मुख्यमुख्य कार्यहरू**

| क्र.सं. | क्रियाकलापहरू | एकाइ | परिमाणात्मक लक्ष्य | कार्यसम्पादन सूचक | प्रगति विवरण | |
|---|---|---|---|---|---|---|
| | | | | | पटक | कैफियत |
| १. | निषेधित क्षेत्रमा हेलिकप्टर उडान अनुमति | पटक | माग अनुसार | उडान अनुमति विवरण | २१६ | |
| २. | निषेधित क्षेत्रमा निशुल्क पदयात्रा अनुमति | | | अनुमति विवरण | ०८ | |
| ३. | अन्ताराष्ट्रिय सीमा सम्बन्धी समन्वय | | आवश्यकतानुसार | समन्वय विवरण | ८५ | |
| ४. | विदेशी नागरिकहरूलाई कार्य सहमति | | माग अनुसार | कार्य सहमतिको विवरण | ५४६ | |
| ५. | विदेशी नागरिकहरूलाई निष्काशन | | आवश्यकतानुसार | निष्काशन विवरण | ११७ | |
| ६. | नेपाल हज समितिसँग समन्वय | | आवश्यकतानुसार | समन्वय विवरण | २६ | |
| ७. | नीति मस्यौदा, राय तथा मन्त्रिपरिषद् प्रस्ताव | | आवश्यकतानुसार | प्रस्ताव/राय विवरण | २७ | |
| ८. | अमेरिकी नागरिकलाई बहुप्रवेशी भिसा | | माग अनुसार | अनुमति विवरण | ५ | |
| ९. | आगमन विन्दुमा भिसा | | माग अनुसार | अनुमति विवरण | १२६ | |
| १०. | यात्रा अनुमति | | माग अनुसार | अनुमति विवरण | १५ | |
| ११. | कोभिड-१९ आवागमन सहजीकरण | | माग अनुसार | अनुमति विवरण | १,२०२ | |
| १२. | विदेशी नागरिक अनुगमन | | आवश्यकतानुसार | प्रगति विवरण | - | |
| १३. | विदेशी नागरिकहरूको चालचलन | | फाइल अनुसार | समन्वय विवरण | ३२३ | |
| १४. | विविध | | आवश्यकतानुसार | प्रगति विवरण | २८५ | |

*स्रोत :स्थानीय प्रशासन तथा प्रदेश समन्वय शाखा*

### २.२.५ प्रशासन महाशाखा

## क) निजामती कर्मचारी प्रशासन शाखा

### अ) नियमित संस्थागत कार्य प्रगति

*सरुवा*

समीक्षा अवधिमा यस मन्त्रालयमा सरुवा भई आएका/मन्त्रालयबाट सरुवा भै गएका ८० जना सहसचिवहरू तथा ६६ जना उपसचिवहरूको पदस्थापना/सरुवा मन्त्रालय वा मातहतका निकायहरूमा गरिएको थियो।

*मनोनयन*

- मन्त्रालय वा अन्तर्गतका निकायहरूबाट २० जना कर्मचारीहरूलाई विभिन्न देशमा हुने १५ वटा भर्चुअल माध्यमबाट हुने कार्यक्रममा सहभागिताका लागि मनोनयन गरिएको थियो।
- उक्त आ.व.मा गृह मन्त्रालय र अन्तर्गत कार्यालयमा कार्यरत कुल ३५ जना राजपत्राङ्कित प्रथम र द्वितीय श्रेणीका प्रमुख जिल्ला अधिकारी र अधिकृत कर्मचारीहरूलाई ३ (तीन) महिने कानुन तथा न्याय सम्बन्धी तालिम सञ्चालन गर्न अनुमानित लागत रकम रु. २० लाख ५० हजार न्याय सेवा तालिम केन्द्रका नाममा निकासाका लागि अर्थ मन्त्रालयमा अनुरोध गरी पठाइएको थियो।

*कार्यसम्पादन करार सम्झौता*

- ७७ वटै जिल्लाका प्रमुख जिल्ला अधिकारीहरूसँग कार्यसम्पादन सम्झौता गरिएको।

*सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण***(O&M)**

- यस मन्त्रालयबाट राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको लागि सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी स्वीकृतिको लागि पेश भएकोमा मिति २०७७/०६/११ को मा. मन्त्रीस्तरीय निर्णयबाट स्वीकृत भएको।
- सरुवा, पदस्थापन तथा कायम मुकायम मुकरर लगायतका कुराहरूलाई मिति २०७७।०३।०१ देखि कर्मचारी विवरण सूचना प्रणाली (ERIS Software) मार्फत् व्यवस्थित गरिएको।

## ख) प्रहरी कर्मचारी प्रशासन शाखा

प्रहरी कर्मचारी प्रशासन शाखाबाट आ.व. २०७७/७८ मा नेपाल प्रहरी र सशस्त्र प्रहरी बल, नेपालका प्रहरी कर्मचारीहरूको नियुक्ति, सरुवा, बढुवा, विभागीय कारवाही, वैदेशिक मनोनयन लगायतका विषयमा सम्पादित कार्यहरूको विवरण तालिका नं २.२.५.१ मा समावेश गरिएको छ।

**तालिका नं २.२.५.१: प्रहरी कर्मचारी प्रशासन शाखाबाट सम्पादन भएका कार्यहरू**

| सि.नं. | कार्य सम्पादन लक्ष्य | एकाइ | वार्षिक परिमाणात्मक लक्ष्य | कार्य सम्पादन मापन सूचक | प्रगति | |
|---|---|---|---|---|---|---|
| | | | | | नेपाल प्रहरी | सशस्त्र प्रहरी बल, नेपाल |
| १. | नेपाल प्रहरी/ सशस्त्र प्रहरी बल, नेपालका कर्मचारीहरूको नियुक्ति, सरुवा, बढुवा, विभागीय कारबाही सम्बन्धी कार्य गर्ने। | जना | आवश्यकता र प्रक्रिया पुगेका सबै | नियुक्ति, सरुवा, बढुवा, विभागीय कारबाहीको विवरण | **नियुक्ति**<br>प्र.नि.- १४९ जना<br>**सरुवा**<br>प्र.अ.म.नि.- ४ जना, प्र.ना.म.नि.- १६ जना, प्र.ब.उ.- ५५ जना<br>**पदस्थापना**<br>प्र.अ.म.नि.- १ जना,<br>प्र.ना.म.नि.- १ जना<br>**बढुवा**<br>प्र.अ.म.नि.- ४ जना, प्र.ना.म.नि- ९ जना, प्र.ब.उ.- ११ जना, प्र.उ.- १६ जना, प्रा.प्र.उ.- ३ जना, प्रा.प्र.ना.उ.- १५ जना, प्र.ना.उ.- ४६ जना<br>**एकतह बढुवा**<br>प्र.ना.उ.- ३ जना, प्र.नि.- २७ जना<br>मा.प्र.नि.- १ जना<br>**विभागीय कारबाही**<br>प्र.उ.- २ जना, प्र.ना.उ.- २ जना<br>प्र.नि.- ५ जना | **नियुक्ति**<br>स.प्र.नि.- ६२ जना<br>**सरुवा**<br>स.प्र.अ.म.नि.- २ जना, स.प्र.ना.म.नि.- ११ जना<br>स.प्र.ब.उ.- १४ जना<br>**बढुवा**<br>स.प्र.ना.म.नि.- ८ जना, का.मु.स.प्र.ब.उ.- १९ जना<br>स.प्र.उ.- १५ जना, स.प्र.ना.उ.- ३८ जना<br>**एकतह बढुवा**<br>स.प्र.उ.-१८ जना, स.प्र.ना.उ.- १९ जना,<br>स.प्र.नि.-१ जना<br>**विभागीय कारबाही**<br>स.प्र.ब.उ.- १ जना, स.प्र.नि.- ३ जना<br>**पदावधी थप**<br>स.प्र.अ.म.नि.-२ जना, स.प्र.ना.म.नि.- २ जना |
| २. | नेपाल प्रहरी/सशस्त्र प्रहरी बल, नेपालका कर्मचारीहरूको वैदेशिक मनोनयन सम्बन्धी कार्य गर्ने। | पटक | आवश्यकता अनुसार | मनोनयन भएका कर्मचारीहरूको विवरण | प्र.ब.उ.- ४ जना, प्र.उ.- १३ जना<br>प्र.ना.उ.- ७ जना, प्र.नि.- १४ जना | स.प्र.ना.म.नि.- २ जना, स.प्र.ब.उ.- ४ जना<br>स.प्र.उ.- ३ जना, स.प्र.ना.उ.- ९ जना<br>स.प्र.नि.- १ जना |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३. | अन्ताराष्ट्रिय प्रहरी सङ्गठनहरूसँग भएका सम्झौता र समझदारीहरूको कार्यान्वयन सहजीकरण गर्ने। | पटक | प्राप्त सबै सम्झौता | सम्झौताहरू कार्यान्वयन विवरण। | नेपाल सरकार र भारत सरकारबीच भएको साझदारीपत्र (MOU) बमोजिम राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान भारत सरकारको अनुदानमा निर्माण कार्यको तयारी। | जर्मन संस्था (GIZ) मार्फत ए.पि.एफ. अस्तालमा आवश्यक रहेको Improvement of Healthcare Waste Management सम्बन्धी भौतिक पूर्वाधार मर्मतको लागि सहयोग गरेको रकम स्वीकृतप्रदान गरी पत्राचार गरिएको । |
| ४. | मिसन | | | | प्र.उ.- १ जना, प्र.ना.उ.- ३ जना प्र.नि.- ३ जना, प्र.ना.नि.- २२ जना प्र.स.नि.- ३ जना | स.प्र.ब.उ.- १ जना, स.प्र.ना.उ.- ३, स.प्र.नि.- १२ जना, स.प्र.ना.नि.- १५, स.प्र.स.नि.- १२, स.प्र.ब.ह.- ३१, स.प्र.ह.- १८, स.प्र.स.ह.- ४६, स.प्र.ज.-३२ स.प्र.प.-१० |
| ५. | विविध | - | - | - | नेपाल प्रहरी र प्रदेश प्रहरीको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन, २०७७ नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७७/०५/१४ को निर्णयानुसार स्वीकृत भएको। | नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७७/०६/०८ को निर्णयानुसार सशस्त्र प्रहरी बल, नेपालमा कार्यरत ३७ जना गोताखोर Deep Water Diving तालिम प्राप्त सशस्त्र प्रहरी कर्मचारीहरूको प्रति व्यक्ति रु. १० लाखका दरले मिति २०७७/०७/२१ गतेबाट लागू हुने गरी एक वर्ष अवधिको सामुहिक दुर्घटना बीमा गरिएको र गोताखोर तालिम प्राप्त सशस्त्र प्रहरी कर्मचारीहरू विभिन्न उद्धारमा खटिएकोमा प्रति दिन रू. ३००/-(तीन सय) का दरले प्रोत्साहन भत्ता सम्बन्धित सशस्त्र प्रहरी कर्मचारीहरूलाई निकासा गर्रिदै आएको। |

*स्रोतः प्रहरी कर्मचारी प्रशासन शाखा*

### ग) सूचना प्रविधि शाखा

सूचना प्रविधि शाखाबाट आ.व. २०७७/७८ मा भएका मुख्य मुख्य कार्यहरूको वार्षिक प्रगति विवरण यसप्रकार छः

- यस मन्त्रालय मार्फत निर्माण भएका Citizenship Information Management System (CIMS), District Administration Automation System(DAAS), e-Attendance System, जिल्ला/इलाका प्रशासन कार्यालयहरूको Website, परिपत्रलगायतका प्रणालीहरूको प्राविधिक सुपरिवेक्षण, Remote Support गरिएको ।
- ७७ जिल्ला प्रशासन कार्यालय, ४७ इलाका प्रशासन कार्यालय र एउटा सीमा प्रशासन कार्यालयको Internet/Intranet लाई व्यवस्थित सञ्चालनका लागि आवश्यक Support गरिएको।
- Oracle Database (DBA) Support for CIMS सम्बन्धी परामर्श सेवा खरिदका लागि आवश्यक कागजात (TOR, Estimate, Document) तयार तथा खरिद सम्बन्धी कार्य गरिएको ।
- नागरिकताको अभिलेखिकरणको क्रममा अनुसूची लगायतका महत्त्वपूर्ण कागजातहरू अपलोड गर्न मिल्ने गरी प्रणालीको स्तरोन्नति गरिएको।
- MOHA High End Server खरिद सम्बन्धमा आवश्यक कागजात (specification, estimate) तयार गरिएको र खरिदपश्चात् चेकजाँच गरी सञ्चालनमा ल्याइएको।
- मन्त्रालयको लागि आवश्यक NITC मार्फत प्राप्त २०० TB Storage तथा यस मन्त्रालयको लागि खरिद गरिएकोमा २ वटा सर्भरलाई समेत Installation गरिएको।
- MOHA High End Firewall खरिद सम्बन्धमा आवश्यक कागजात (specification, estimate) तयार गरिएको, खरिद पश्चात आवश्यक चेकजाँच तथा जडान गरी सञ्चालनमा ल्याइएको।
- Firewall Licence खरिद सम्बन्धमा आवश्यक कागजात तयार (specification, estimate) गरिएको, खरिद पश्चात आवश्यक चेकजाँच तथा जडान गरी सञ्चालनमा ल्याइएको।
- Video Conferencing का लागि PTZ Camera खरिद सम्बन्धमा आवश्यक कागजात (specification, estimate) तयार गरिएको, खरिद पश्चात आवश्यक चेकजाँच गरी सञ्चालनमा ल्याइएको।
- मन्त्रालयबाट निर्माण गरिएको SMS System, Website Upgradation तथा Support कार्य गरिएको।
- Oracle Database तथा PHP Programming Training सम्पन्न गरिएको।
- मन्त्रालयको लागि आवश्यक KVM Switch खरिद सम्बन्धमा आवश्यक कागजात तयार (specification, estimate) गरिएको तथा खरिद पश्चात आवश्यक चेकजाँच तथा जडान गरी सञ्चालनमा ल्याइएको।
- Antivirus खरिद सम्बन्धमा आवश्यक कागजात (specification, estimate) तयार गरिएको तथा खरिद पश्चात आवश्यक चेकजाँच तथा जडान गरी सञ्चालनमा ल्याइएको।

- प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले विकास गरेको नागरिक मोबाइल एपको लागि CIMS मा भएका नागरिकता सम्बन्धी विवरणहरू उपलब्ध गराउन छुट्टै सर्भरको व्यवस्था गरी Read Only Access प्रदान गरिएको।
- CIMS को केन्द्रीय Application सर्भरलाई कम क्षमताको Tower Server बाट बढी क्षमताको Server मा Migrate गरिएको।
- नागरिकताको विवरणमा भएको त्रुटि संशोधनका लागि Citizenship Complaint Registration System (CCRS) को निर्माण तथा परीक्षण गरी सञ्चालनमा ल्याइएको।
- जिल्ला/इलाका प्रशासन कार्यालयहरूमा नागरिकता लगायतका तथ्याङ्कहरूको सुरक्षाको लागि नेपाल टेलिकमबाट प्रदान गरिदै आएको Internet तथा Intranet (VPN) सेवा मध्ये Internet सेवालाई हटाइएको।
- जिल्ला प्रशासन कार्यालय, बाराको CIMS मा कम्प्यूटर ईन्ट्री गर्ने क्रममा त्रुटी भएको ५,१२१ सङ्ख्याको सम्मानार्थ नागरिकतालाई अद्यावधिक गरिएको।
- जिल्ला प्रशासन कार्यालय सिराहा, जिल्ला प्रशासन कार्यालय कञ्चनपुर र इलाका प्रशासन कार्यालय कोल्हवीको Network Router मा आएको समस्या समाधान गरी सञ्चालनमा ल्याइएको।
- मन्त्रालयको लागि आवश्यक Storage Management को लागि SAN Switch खरिद गरिएको।
- मन्त्रालयको भवन स्थानान्तरण पश्चात Local Area Network(LAN) व्यवस्थापन, Networking and Cablingसम्बन्धी कार्य; WiFi व्यवस्थापनको लागि Wifi AP खरिद तथा जडान गरी सञ्चालनमा ल्याइएको। LAN तथा Wifi मा देखिएको समस्या समाधान गरिएको।
- मन्त्रालयको भवन स्थानान्तरण पश्चात मन्त्रलयको सभाहल व्यवस्थापनका लागि Sound System र Display Screen खरिद सम्बन्धी कार्य, आवश्यक चेकजाँच तथा जडान गरी सञ्चालनमा ल्याइएको।
- मन्त्रालयको लागि आवश्यक Security System (Flap Barrier, Metal Detector Door, Access Control Device) खरिद गरी जडान एवं सञ्चालन गरिएको।

### घ) गुनासो व्यवस्थापन शाखा

यस शाखाबाट खासगरी निजामती कर्मचारीहरू, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल, नेपालका प्रहरी कर्मचारीहरूका विषयमा तथा मन्त्रालयको कार्यक्षेत्रका सम्बन्धमा मन्त्रालयको गुनासो शाखामा सोझै प्राप्त हुने तथा हेलो सरकार र अनलाइन पोर्टलमार्फत प्राप्त हुने गुनासो/विषयमा प्राप्त गुनासाहरू फछ्र्यौट गरिन्छ। गुनासो फछ्र्यौटको विवरण तालिका नं. २.२.५.२ र २.२.५.३ मा उल्लेख गरिएको छ।

**तालिका नं. २.२.५.२: गुनासो व्यवस्थापन शाखाबाट सम्पादन भएका मुख्यमुख्य कार्य प्रगति**

| सि.नं. | विषय | अघिल्लो आ.व.बाट सरिआएको उजुरी | प्राप्त उजुरी | जम्मा उजुरी सङ्ख्या | फछ्यौंट | बाँकी उजुरी |
|---|---|---|---|---|---|---|
| १. | नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल, निजामती कर्मचारी लगायत अन्य विषयमा प्राप्त गुनासा/उजुरीहरू | ९१ | ६०९ | ७०० | ६३३ | ६७ |
| २. | हेलो सरकार र अनलाइन पोर्टलमा प्राप्त गुनासा/उजुरीहरू | ९ | १२१ | १३० | १३० | ० |
| कुल | | १०० | ७३० | ८३० | ७६६ | ६७ |
| **कुल प्रगति प्रतिशत ९२.३%** | | | | | | |

*स्रोतः गुनासो व्यवस्थापन शाखा*

**तालिका नं. २.२.५.३: अख्तियार दुरुपयोग अनुसन्धान आयोगको निर्णय कार्यान्वयनका लागि गृह मन्त्रालयमा प्राप्त लगत, मिसिलको विवरण**

| सि.नं. | विषय | सङ्ख्या |
|---|---|---|
| १. | कुल जम्मा | १०६ |
| २. | हालसम्म लगत कट्टा भएका | ५२ |
| ३. | स्थानीय तहमा लगत सार्नका लागि मन्त्रालयबाट निर्णय गरी लेखी पठाएका | ३८ |
| ४. | विभिन्न अदालतमा विचाराधीन रहेका | ८ |
| ५. | कार्यान्वयन प्रक्रियामा रहेका | ९ |
| **टोल फ्रि र टेलिफोनमा प्राप्त गुनासोहरूको तत्काल सम्बोधन गरी शत प्रतिशत फछ्यौंट गरिएको।** | | |

*स्रोतःगुनासो व्यवस्थापन शाखा*

### २.२.६ नीति, योजना, अनुगमन तथा मूल्याङ्कन महाशाखा

#### क) योजना, अनुगमन तथा मूल्याङ्कन शाखा

**यस शाखाबाट सम्पादन भएका मुख्य मुख्य कार्य प्रगति विवरण देहायानुसार रहेका छन्-**

- आ .व.२०७७/७८ को आर्थिक सर्वेक्षणको लागि गृह मन्त्रालयसँग सम्बन्धित बिषयमा यथार्थ बिवरण तयार गरी अर्थ मन्त्रालयमा पठाइएको।
- गृह मन्त्रालयबाट आ.व. २०७८/७९ को वार्षिक नीति तथा कार्यक्रममा समेटिने मुख्य मुख्य नीति बिषयहरू समेटी नीति तथा कार्यक्रम प्रस्ताव गरिएको।
- गृह मन्त्रालय र अन्तर्गतका निकायहरूको आ.व. २०७८/७९ को लागि वार्षिक बजेट कार्यक्रम प्रस्ताव गरी LMBIS प्रविष्टि गरिएको।
- आ.व. २०७६/७७ को गृह मन्त्रालय र अन्तर्गतका निकायहरूको मुख्य मुख्य कार्यक्रमहरूको प्रगति बिवरण समेटिएको वार्षिक प्रगति पुस्तक तयार गरिएको।
- प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट संविधानको धारा - ५३ को व्यवस्था अनुसारको यस मन्त्रालयसँग सम्बन्धित बिवरण तयार गरी पठाइएको।
- मन्त्रालयस्तरीय समस्या समाधान समितिको चौमासिक, अर्धवार्षिक र वार्षिक बैठक सम्पन्न गरी राष्ट्रिय समस्या समधान समितिको बैठकमा पेश हुने एजेण्डा तय गरी पठाइएको।
- गृह सुधार कार्ययोजना अनुसारको वार्षिक प्रतिवेदन तयार गरिएको।
- मातहतका निकायहरूलाई बजेट अख्तियारी तथा खर्च मितव्ययिता गर्ने सम्बन्धी अर्थ मन्त्रालयबाट प्राप्त निर्देशन समेत पठाइएको।
- प्रमुख जिल्ला अधिकारीहरूको वस्तुगत सूचकमा आधारित कार्यसम्पादन सम्झौता तयार गरी श्रीमान् गृह सचिवज्यूसँग कार्यसम्पादन करार सम्पन्न गरिएको।
- गृह अन्तर्गत विभागका विभागीय प्रमुखज्यूहरूसँग विषयगत सूचक तयार गरी श्रीमान् गृह सचिवज्यूसँग कार्यसम्पादन करार सम्पन्न गरिएको।
- प्रमुख जिल्ला अधिकारीहरूको कार्यसम्पादन करार बमोजिम मूल्याङ्कन गरिएको ।
- गृह मन्त्रालय र अन्तर्गतका निकायहरूका लागि बस्तुगत सुचकाङ्कमा आधारित भई माइलस्टोन तयार गरी अनलाइन रिपोर्टिंग गर्ने गरेको।
- गृह मन्त्रीज्यूको पद बहाली भए पश्चात १०० दिनको कार्य योजना तयार गरिएको।
- अनुगमन तथा मूल्याङ्कन योजना बमोजिम अनुगमन टोली परिचालन गरिएको।
- प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा आ.व. २०७७/७८ को कार्यक्रम/ आयोजना कार्यान्वयनको अवस्था सम्बन्धमा मन्त्रालयगत छलफलका लागि विवरण तयार गरी प्रस्तुतीकरण गरिएको ।

- भारतीय अनुदान सहयोगमा काभ्रेपलाञ्चोक जिल्लाको पनौतीमा राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानको भवन लगायतका पूर्वाधार निर्माण गर्ने सम्बन्धमा आबश्यक समन्वय र सम्बन्धित निकायलाई निर्देशन दिइएको।
- मन्त्रालय तथा बिभागबाट माग भई आए बमोजिम सम्बद्ध निकायका कार्यक्रमहरूको बजेट स्रोतान्तर र रकमान्तरबहुवर्षीय खरिद गुरुयोजना स्वीकृति सम्बन्धी दर्जनौ फाइलहरूको स्वीकृति ,का लागि पेश गर्ने र निर्णय कार्यान्वयन गर्ने/गराउने कार्य सम्पन्न गरिएको।
- थप बजेट माग भएका गृह अन्तर्गतका निकायका लागि आवश्यकता र औचित्यका आधारमा थप बजेट निकासा गरिएको।
- राष्ट्रिय विकास समस्या समाधान समिति तथा उपसमितिको बैठकका लागि प्रस्तुतिकरण तयार गरी मन्त्रालयको तर्फबाट प्रस्तुतिकरण गरिएको।
- विभिन्न बिषयगत मन्त्रालयहरूबाट माग भई आएको राय/ प्रतिक्रिया गृह मन्त्रालयको तर्फबाट तयार गरी पठाइएको।
- सङ्घीय व्यवस्थापिकामा माननीय सांसदज्यूहरूले गृह मन्त्रालय र अन्तर्गत निकायहरूसँग सम्बन्धित बिषयमा उठाउनु भएको प्रश्नको मन्त्रालयको तर्फबाट जवाफ तयार गरी पठाइएको।
- बिभिन्न संसदीय समितिहरूले माग गरेका बिवरणहरू तयार गरी निर्धारित समयमा नै उपलब्ध गराइएको।

### ख) लागु औषध नियन्त्रण शाखा

यस शाखाबाट सम्पादन भएका मुख्यमुख्य क्रियाकलापहरूको विवरण तालिका नं. २.२.६.१ मा उल्लेख गरिएको छ।

**तालिका नं. २.२.६.१: लागु औषध नियन्त्रण शाखाबाट सम्पादन भएका मुख्य मुख्य कार्यहरू**

| सि.नं. | कार्यक्रमको विवरण | कार्यक्रम सञ्चालन गर्ने निकाय | लाभान्वित सङ्ख्या |
|---|---|---|---|
| १ | लागु औषध नियन्त्रण कार्यक्रमलाई प्रदेश सरकारको नीति तथा कार्यक्रममा मूल प्रवाहीकरण गर्ने सम्बन्धमा प्रदेश सरकारका आन्तरिक मामिला तथा कानुन मन्त्रालय र सामाजिक विकास मन्त्रालयका सम्बन्धित महाशाखा प्रमुख तथा शाखा प्रमुखसँग समन्वयात्मक बैठक चितवनमा सञ्चालन गरिएको। | गृह मन्त्रालय<br>लागु औषध नियन्त्रण शाखा | ३० जना |
| २ | लागु औषध निषेध तथा मदिरा नियन्त्रण एवं बालबालिका माथि हुने हिंसा न्यूनीकरण सम्बन्धी अन्तरक्रिया कार्यक्रम (धनकुटा, पाल्पा, नवलपरासी पश्चिम र कञ्चनपुर)मा सञ्चालन गरिएको। | गृह मन्त्रालय<br>लागु औषध नियन्त्रण शाखा | ३०० जना |

| | | | |
|---|---|---|---|
| ३ | लागु औषध निषेध तथा मदिरा नियन्त्रण र अपराध न्यूनीकरण सम्बन्धी अन्तरक्रिया कार्यक्रम (पर्वत, बाँके र सर्लाही) जिल्लामा सम्पन्न | गृह मन्त्रालय लागु औषधनियन्त्रण शाखा | ३०० जना |
| ४ | Commission on Narcotic Drugs (CND) का विभिन्न सभा तथा छलफलमा नेपाल सरकारको तर्फबाट सहसचिव एवं उपसचिवस्तरबाट सक्रिय सहभागिता जनाउनु भएको। गाँजाजन्य पदार्थको सम्बन्धमा भएको CND को ६३औं Reconvened Session मा नेपालले सहभागिता जनाई पक्षमा मतदान गरेको। | | |
| ५ | तेजाब तथा अन्य घातक पदार्थ (नियमन) अध्यादेश २०७८ र तेजाब तथा अन्या घातक पदार्थ (नियमन) नियमावली २०७७ तर्जुमा भई सोही अनुसार रासायनिक पदार्थको प्रयोग निकासी पैठारी व्यवस्थित गरिएको। उक्त आ.व.मा रासायनिक पदार्थ आयातका लागि ६९ वटा आयात इजाजत पत्र जारी गरिएको। | | |
| ६ | लागु औषध उपचार तथा पुनर्स्थापना केन्द्रहरूलाई अनुदान वितरणका लागि कार्यविधि तर्जुमा गरी ३ वटा उपचार केन्द्रलाई अनुदान वितरण गरिएको। | | |
| ७ | देशभर सञ्चालनमा रहेका लागु औषध उपचार तथा पुनर्स्थापना केन्द्रहरूलाई पुरस्कृत गर्न मापदण्ड तर्जुमा गरी प्रदेशस्तरबाट उत्कृष्ट कार्यसम्पादन गरेका ४ वटा केन्द्रहरूलाई नगद र प्रमाणपत्रबाट पुरस्कृत गरिएको। | | |
| ८ | एउटा श्रव्य दृश्य सहितको लागु औषधसम्बन्धी सचेतना गीत उत्पादन गरिएको। | | |
| ९ | लागु औषध नियन्त्रण सम्बन्धी सचेतनामूलक श्रव्य-दृश्य सामग्री निर्माण र प्रचारप्रसार गरिएको। | | |
| १० | लागु औषध नियन्त्रण सम्बन्धी सूचनामूलक सन्देश अनलाइन र छापा माध्यमबाट प्रचार प्रसार र वितरण गरिएको। | | |
| ११ | औषधी उद्योगलाई विभिन्न औषधी उत्पादनमा आवश्यक पर्ने नियन्त्रित लागु औषध तथा सहायक रसायनको आयात अनुमति प्रदान गरिएको। यस आ.व.मा विभिन्न औषधी उत्पादक कम्पनीहरूलाई ६८ वटा आयात इजाजत पत्र प्रदान गरिएको। | | |
| १२ | जलविद्युत आयोजना तथा अन्य औद्योगिक प्रतिष्टानका लागि आवश्यक पर्ने विष्फोटक पदार्थ खरिद तथा विदेशबाट पैठारीका लागि माग अनुसार इजाजत प्रदान गरिएको।<br>यस आ.व.मा विभिन्न आयोजनाहरूलाई १०८ वटा आयात इजाजत पत्र प्रदान गरिएको। | | |
| १३ | देशभर रहेका मौखिक प्रतिस्थापन उपचार केन्द्रहरूको सहभागितात्मक अनुगमन पश्चात मौखिक उपचार पद्धति सुधार कार्ययोजना -२०७७/७८ तर्जुमा गरी कार्यान्वयन गरिएको। | | |
| १४ | लागु औषधप्र योगकर्ताहरूको लागि सञ्चालित उपचार तथा पुनर्स्थापना केन्द्रहरूको नियमित अनुगमन गरिएको । | | |
| १५ | लागु औषध नियन्त्रण सम्बन्धमा प्रदेश जिल्ला र स्थानीय तहहरूसँग आवश्यक समन्वय र सहजीकरण। | | |
| १६ | जिल्ला प्रशासन कार्यालयको सिफारिस अनुसार नयाँ स्थापना भएका ८ वटा उपचार तथा पुनर्स्थापना केन्द्रहरूलाई मन्त्रालयमा आवद्धता गरिएको। | | |
| १७ | गाँजा तथा गाँजाजन्य पदार्थको वैज्ञानिक प्रयोग र औषधीय उपयोगका सम्बन्धमा अध्ययन अनुसन्धानका लागि सम्बद्ध निकायहरूसँग समन्वय गरिएको। | | |

| | |
|---|---|
| १८ | लागु औषध नियन्त्रण सम्बन्धी वार्षिक कार्यक्रमको कार्यान्वयन कार्योजना (माइलस्टोन) तयार र सोही बमोजिम कार्यान्वयन गरिएको। |
| १९ | लागु औषध नियन्त्रणसँग सम्बन्धित विषयमा माग भई आए अनुसार शाखाबाट राय प्रदान गरिएको। |
| २० | लागु औषध दुरुपयोग तथा अवैध ओसारपसार विरुद्धको अन्ताराष्ट्रिय दिवस -२६ जुनको अवसरमा सचेतना कार्यक्रम छलफल र प्रचारप्रसार गरिएको साथै सुरक्षित जीवनको १८औं अङ्क प्रकाशन गरिएको। |
| २१ | ५ वटा भाषामा लागु औषध नियन्त्रण सम्बन्धी सचेतना श्रव्यदृश्य सामग्री उत्पादन गरी प्रचारप्रसार। |

*स्रोत:लागु औषध नियन्त्रण शाखा*

**ग) नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखा**

यस शाखाबाट सम्पादन भएका मुख्य मुख्य कार्य प्रगति तालिका नं. २.२.६.२ मा प्रस्तुत गरिएको छ।

**तालिका नं. २.२.६.२: नागरिकता तथा रा. प. व्य. शाखाबाट सम्पादित मुख्यमुख्य क्रियाकलापहरू**

| क्र.सं. | विवरण | | जम्मा |
|---|---|---|---|
| १ | नागरिकता वितरण | वंशज | ६,६१,५७८ |
| २ | | वैवाहिक अङ्गीकृत | १४,९२३ |
| ३ | | अङ्गीकृत | ४३ |
| ४ | नागरिकता सम्बन्धी उजुरी | परेका उजुरी सङ्ख्या | १२५ |
| ५ | | फछ्यौंट उजुरी सङ्ख्या | २ |
| ६ | नाम तथा लिङ्ग परिवर्तन | | ५ |
| ७ | नागरिकता बदर/रद्द/परित्याग | नेपाली नागरिकता रद्द | २७ |
| ८ | | नेपाली नागरिकबाट हटाईएको | ० |
| ९ | | परित्याग | ५६ |
| १० | CIMS मा मन्त्रालयमा रहेका पुरानो नेपाली नागरिकताको विवरण प्रविष्टि | | १२,५६१ |
| ११ | CIMS मा मातहतका कार्यालयमा रहेका पुरानो नेपाली नागरिकताको विवरण प्रविष्टि | | **३,४३,६१६** |

**<u>शाखाबाट सम्पादित अन्य कार्यहरू:</u>**

- विगतमा वितरण भएका सबै अङ्गीकृत नेपाली नागरिकता सम्बन्धी अभिलेखहरूलाई CIMS मा प्रविष्टि।
- नागरिकता सूचना व्यवस्थापन प्रणाली (CIMS) मा रहेका त्रुटीपूर्ण Data को Purification गरिएको।
- अनलाइन प्रणालीबाट दर्ता, चलानी तथा टिप्पणीको रेकर्ड राख्ने Integrated System को सुरुवात।
- कार्यालयमा रहेका अभिलेख फाइल/मिसिलहरूलाई Touch to find को आधारमा तुरुन्तै फेला पार्ने गरी Record Management System (RMS) को कार्यान्वयनको सुरुवात।
- शाखाबाट नागरिकता वितरण सम्बन्धी हालसम्म भएका निर्देशन/परिपत्रहरूको संगालोको मस्यौदा तयार।
- नागरिकताको लागि निवेदनसाथ प्राप्त हुने अनुसूची लगायतका कागजातहरूको CIMS मा अपलोड गर्ने कार्यको सुरुवात।
- जिल्ला प्रशासन कार्यालयहरूबाट छानबिन तथा अनुसन्धान हुने नागरिकता सम्बन्धी उजुरीहरूको Tracking गर्न Citizenship Complaints Management System (CCMS) को Prototype तयारी कार्य भइरहेको।

## २.३ विभागीय प्रगति समीक्षा

### २.३.१ नेपाल प्रहरी

#### क) नेपाल प्रहरीको वार्षिक विनियोजित बजेट र खर्चको अवस्था

आ.व. २०७७/७८ मा नेपाल प्रहरीतर्फ विभिन्न खर्च उपशीर्षकहरूमा प्रहरी प्रधान कार्यालय, महानगरीय प्रहरी, राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान, प्रदेश प्रहरी कार्यालयहरू, नेपाल प्रहरी अस्पताल र जिल्ला प्रहरी कार्यालयहरूका लागि बजेट तथा कार्यक्रम स्वीकृत भएको थियो। नेपाल प्रहरीले त्रीवर्षीय अपराध नियन्त्रण तथा अनुसन्धान कार्ययोजना अन्तर्गत समेत विशेष कार्यक्रम चलाइरहेको छ। उक्त आ.व.मा नेपाल प्रहरीलाई विभिन्न शिर्षकमा विनियोजित चालु तथा पूँजीगत बजेट र सो को खर्चको अवस्था (LMBIS बाट प्राप्त तथ्याङ्क अनुसार) तालिका नं २.३.१.१ मा प्रस्तुत गरिएको छ।

**तालिका नं. २.३.१.१: नेपाल प्रहरी तर्फ आ.व. २०७७/७८ मा बजेट विनियोजन र खर्चको अवस्था**

रु. हजारमा

| बजेट उपशीर्षक | | | बजेट | | | खर्च | | | खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | बजेट कोड | बजेट उपशीर्षक | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा |
| १. | ३१४०४०११ | प्रहरी प्रधान कार्यालय | ३४०५८७१ | ११४६४३० | ४५५२३०१ | ३१६१४१७ | १०९१८४० | ४२५३२५६ | ९२.८२ | ९५.२४ | ९३.४३ |
| २. | ३१४०४०१२ | महानगरीय प्रहरी | ५६२१९२८ | १०३२६०० | ६६५४५२८ | ५३९६३९२ | ९६१७१७ | ६३५८११० | ९५.९९ | ९३.१४ | ९५.५५ |
| ३. | ३१४०४०१३ | राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान | ५९७१८८ | २०२२६७ | ७९९४५५ | ५१४७०० | १६९९५३ | ६८४६५३ | ८६.१९ | ८४.०२ | ८५.६४ |
| ४. | ३१४०४०१४ | प्रदेश प्रहरी कार्यालयहरू | ६४३९८८३ | २२९६१५ | ६६६९४९८ | ५८८६२६६ | २२८२८७ | ६११४५५२ | ९१.४ | ९९.४२ | ९१.६८ |
| ५. | ३१४०४०१५ | नेपाल प्रहरी अस्पताल | ६२८४४४ | ३०६०३९ | ९३४४८३ | ५४९१७९ | २९९४३६ | ८४८६१५ | ८७.३९ | ९७.८४ | ९०.८१ |
| ६. | ३१४०४०१६ | जिल्ला प्रहरी कार्यालयहरू | २२४२१८२२ | १२७१६५५ | २३६९३४८ | २०६१२५६७ | १२३६६१७ | २१८४९१८४ | ९१.९३ | ९७.२४ | ९२.२२ |
| ७. | ३१४०४१०३ | त्रि-वर्षीय अपराध नियन्त्रण तथा अनुसन्धान कार्ययोजना | १०६०० | ७९१०० | ८९७०० | ७३१० | ७२००१ | ७९३११ | ६८.९६ | ९१.०३ | ८८.४२ |

## ख) शान्ति सुरक्षा व्यवस्थापन

- नेपाल प्रहरीले शान्ति सुरक्षा व्यवस्थापन अन्तर्गत विभिन्न क्रियाकलापहरू गर्दै आइरहेको छ। आ.व. २०७७ ७८/मा शान्ति सुरक्षा व्यवस्थापन अन्तर्गत सम्पादित मुख्यमुख्य क्रियाकलापहरू निम्न बमोजिम रहेका छन् -
- विभिन्न दल/समुहहरूले विभिन्न समयमा नेपाल बन्द आह्वान गर्दा सर्वसाधारणमा भय, त्रास तथा हिंसात्मक वातावरण सिर्जना गर्न सक्ने भएकोले मुलुकभर शान्ति सुव्यवस्था कायम गरिएको तथा उक्त गतिविधिमा संलग्न व्यक्तिहरूलाई पक्राउ गरी कानुनी दायरामा ल्याइएको।
- आ.वं. २०७७/२०७८ मा देशभर विभिन्न ४१ स्थानमा अस्थायी प्रहरी पोष्ट स्थापना गरी शान्ति सुरक्षाको व्यवस्था मिलाइएको।
- नेपाल प्रहरीको Quick Response Team (QRT) चुस्त दुरुस्त बनाउने, राजमार्ग तथा सहरी क्षेत्रमा १० मिनेट भित्र प्रहरी घटनास्थलमा पुग्ने व्यवस्था मिलाइएको ।
- तत्कालीन अवस्थामा प्रतिवन्धित ने.क.पा माओवादी विप्लव समूहको गतिविधिहरूको निगरानी तथा नियन्त्रण गरिएको।
- प्रदेश मातहतका जिल्लाहरूमा अ.प्र.पोष्ट राख्न स्वीकृती प्रदान गरिएको।
- बन्द हड्ताल तथा गुण्डागर्दी नियन्त्रण गरिएको।
- धार्मिक मेलापर्व/जात्राको सुरक्षा प्रबन्ध गरिएको।
- नेपाल प्रहरीको QRT कार्य योजना तयार गरी लागू गरिएको।
- आप्रवासी गतिविधि निगरानी तथा नियन्त्रण गरिएको।

## ग) प्रहरी सङ्गठनको सुदृढीकरण

प्रहरी सङ्गठनको सुदृढीकरणका लागि नेपाल प्रहरीले विभिन्न क्रियाकलापहरू सम्पादन गरेको छ। आ.व. २०७७/७८ मा प्रहरी सङ्गठन सुदृढीकरण अन्तर्गत सम्पादित मुख्यमुख्य क्रियाकलापहरू निम्न बमोजिम रहेका छन् -

- मिति २०७७/०४/२५ गते प्रहरी महानिरीक्षकबाट "नेपाल प्रहरी कार्य योजना, २०७७" सार्वजनिकीकरण भई शुभारम्भ भएको।
- नेपाल प्रहरीमा कार्यरत प्रहरी हवल्दार तथा जवानहरूको मनोबलको बर्तमान अवस्था, कारक तत्व तथा उत्प्रेरणा अभिवृद्धिका क्षेत्रहरू" सम्बन्धी विस्तृत अध्ययन कार्य सम्पन्न गरी सोको अध्ययन प्रतिवेदन तयार गरिएको।
- "सेवा प्रतिको सन्तुष्टि र कार्य सम्पादनमा प्रभाव पार्ने तत्त्वहरूः नेपाल प्रहरीमा कार्यरत जुनियर प्रहरी अधिकृतहरूको मामला अध्ययन (A Study of Job Satisfaction and Job Performance: A Case Study

of Junior Police Officers of Nepal Police)" विषयक अध्ययन कार्यको प्रतिवेदन लेखन कार्य भइरहेको।

- नेपाल प्रहरी र प्रदेश प्रहरीको सङ्गठन संरचना तथा नेपाल प्रहरी र प्रदेश प्रहरीमा रहने दरबन्दी विवरण सहितको "नेपाल प्रहरी र प्रदेश प्रहरीको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन २०७७" स्वीकृत भई कार्यान्वयन भईरहेको।
- नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) ऐन, २०७६ को कार्यान्वयनलाई सहज तुल्याउन नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) नियमावलीको प्रारूप, विभिन्न १४ वटा निर्देशिका, ५ वटा मापदण्डको मस्यौदा तर्जुमा भएको ।
- प्रहरी र जनताबीच सुमधुर सम्बन्ध कायम राख्नुका साथै अपराध नियन्त्रण तथा रोकथाम बारे जनचेतना जगाउने कार्यको लागि रेडियो प्रहरी कार्यक्रम सञ्चालन गरिएको ।
- प्रहरी दिवस २०७७ को अवसरमा प्रहरी दर्पण १००० प्रति छपाई गरी वितरण गरिएको ।
- आतङ्कवाद प्रतिरोध संयन्त्र सचिवालयको सञ्चालन कार्यविधि (SOP) तयार गरी कार्यन्वयन भैरहेको।
- श्रव्य दृश्य सम्बन्धी सेवाकालीन तालिम सञ्चालन भएको।

## घ) मानव स्रोत व्यवस्थापन

प्रहरी सङ्गठनमा नयाँ रक्तसञ्चार गर्न र विद्यमान जनशक्तिको क्षमता विकासबाट प्रहरी सङ्गठनलाई अझ सक्षम, नागरिकमैत्री र कार्यदक्ष बनाउने हेतु आ.व. २०७७/७८ मा विभिन्न क्रियाकलापहरू सम्पन्न भएका छन्। ती मध्ये मुख्यमुख्य क्रियाकलापहरू निम्न बमोजिम रहेका छन् -

- विभिन्न कारणले रिक्त रहेका जनपद समूह तर्फ प्र. नि. १४९ जना, प्र. ज. ३,५९६ जना र प्र. का. स. ३६० जना नियुक्ति सिफारिस भएको ।
- वार्षिक तालिम क्यालेण्डर अनुसार तथा अन्य संस्थाहरूसँगको सहकार्यमा प्रहरी कर्मचारीहरूको क्षमता विकास गरी व्यवसायिक तथा दक्ष बनाउन नियमित रूपमा तालिमहरू सञ्चालन गरिएको।
- नेपाल प्रहरीको आधारभूत तथा सेवाकालीन तालिमसँग सम्बन्धित पाठ्यक्रमहरू निर्माण तथा परिमार्जन गरिएको।
- प्रहरी ऐन तथा नियमावली विपरीत कार्य गर्ने प्रहरी कर्मचारीलाई गरिएको कारबाहीको अभिलेखलाई कर्मचारीको व्यक्तिगत अभिलेख (डोसियर बुक) तथा PMIS मा समेत कारबाही गर्नु पर्ने कारण खोली अभिलेखीकरण गर्ने गरिएको।
- प्र.प्र.का. सूचना प्रविधि निर्देशनालय र प्रबन्ध निर्देशनालय मार्फत सङ्घीय संरचनासँग तादात्म्य हुने गरी समय सापेक्ष नयाँ PMIS सफ्टवयेरको स्तरोन्नति तथा सम्बन्धित उपकरणहरू खरिद गरी थप मोड्यूलहरू बनाउने कार्य भइरहेको।

### ङ) ट्राफिक व्यवस्थापन

कुनै पनि शहरी सभ्यता उक्त शहरको ट्राफिक व्यवस्थापनमा झल्किन्छ भने सडक दुर्घटनाबाट धनजनको क्षति न्यूनीकरणका लागि पनि ट्राफिक व्यवस्थापन राम्रो हुनुपर्छ। सीमित जनशक्ति र स्रोतसाधनका बाबजुद पनि आ.व. २०७७/७८ मा नेपाल प्रहरीले ट्राफिक व्यवस्थापनका क्षेत्रमा सम्पादन गरेका मुख्यमुख्य क्रियाकलापहरू निम्न बमोजिम रहेका छन् -

- नियमित, आकस्मिक चेकिङ्ग तथा संयुक्त चेकिङ्ग, No Horn कारवाही, तीव्र गतिमा सवारी साधन चलाउने उपरको कारवाही, यान्त्रिक चेकजाँच तथा प्रदुषण सम्बन्धी कारवाही, Smart Card Reader बाट कारवाही, Communication Messenger Apps को प्रयोग, मादकपदार्थ सेवन (मा.प.से.) चेकिङ्ग, CCTV को प्रयोगबाट सवारी अनुगमन तथा कारवाही, ट्राफिक नियम उल्लङ्घन गर्ने टयाक्सी उपर कारवाहीलाई तीव्रता दिइएको।
- विभिन्न विद्यालय तथा कलेजहरूमा ३४,०८२ पटकमा २५,५५,१३३ जनालाई ट्राफिक नियम तथा सडक प्रयोग गर्दा अपनाउनु पर्ने सावधानी सम्बन्धी जनचेतनामूलक कक्षा सञ्चालन गरिएको।
- सवारी ऐन नियम तथा ट्राफिक ज्ञान र सुरक्षित सवारी बनाउने उद्देश्यले चालक परिचालकहरूलाई आन्तरिक तथा बाह्य प्रशिक्षण दिई १०,०८६ पटकमा २,५९,१३७ जनालाई प्रशिक्षण दिईएको ।
- सडक लेन अनुशासन कार्यक्रम सञ्चालन गरी लेन अनुशासन पालना नगर्ने जम्मा १०,१७५ जना सवारी चालकहरूलाई कारबाही गरी ५०,८७,५००।- राजस्व सङ्कलन गरिएको।
- ट्राफिक सम्बन्धी जनचेतनामुलक सामाग्री वितरण गरिएको।
- ट्राफिक नियम उल्लङ्घन गर्ने १६,४०,२०० सवारी साधनहरूलाई कारबाही गरी रु. १,१६,३५,३४,४००।- राजस्व जरिवाना सङ्कलन भई बैंक दखिला गरिएको।
- ध्वनि प्रदुषण नियन्त्रण गर्न काठमाण्डौ उपत्यकामा ६९५ जना सवारी साधनका चालकहरूलाई कारबाही गरिएको।
- देशभर तीव्र गतिमा सवारी साधन चलाउने २६,६०३ वटा सवारी साधनहरूलाई कारबाही गरिएको।
- नक्कली सवारी अनुमतिपत्र बाहकको पहिचान तथा कारबाही गरिएको।
- Apps को प्रयोगबाट लामो दुरीको सबारीमा चालक परिबर्तन भए नभएको पहिचान गरी कारबाही गरिएको।
- आ.व.२०७७/०७८ मा मा.प.से. चेकजाँच गर्दा मातहत समेतबाट जम्मा २१,५९३ सवारी साधनका चालकहरूलाई कारबाही गरी रु. २,०८,०३,०००।- राजस्व जरिवाना सङ्कलन भई बैंक दखिला गरिएको।
- CCTV को माध्यमबाट सवारी अनुगमन गरी ९,६११ जना सवारी चालकलाई कारबाही गरिएको।
- उपत्यकामा सञ्चालित मिटर जडित भाडाका ट्याक्सी मिटरमा जान नमान्ने, मिटर बिगारी सञ्चालनमा रहेका, बढी भाडा लिने, कल फाष्ट गर्ने तथा अर्थिङ्ग गरी सञ्चालन गरेका ७,९१८ वटा ट्याक्सीहरूलाई

आ.व. २०७६/०७७ मा कारबाही गरिएको थियो भने आ.व. २०७७/०७८ मा ५,०३८ वटा ट्याक्सीहरूलाई कारबाही गरिएको।

### च) अपराध अनुसन्धानमा प्रविधिको प्रयोग

सूचना प्रविधिमा आधारित अपराध अनुसन्धान वर्तमान युगको अपरिहार्यता हो। परम्परागत अपराधका प्रकृतिमा परिवर्तन आई विद्युतीय प्लेटफर्मको माध्यमबाट अपराध गर्ने प्रवृत्ति एकातिर बढ्दो छ भने अर्कोतिर परम्परागत प्रकृतिका अपराध अनुसन्धानका लागि पनि आधुनिक प्रविधिको प्रयोगले सहजता थपेको छ। नेपाल प्रहरीले आफ्ना क्रियाकलापहरूलाई प्रविधिमैत्री बनाउँदै लगेको छ। आ.व. २०७७/७८ मा नेपाल प्रहरीले प्रविधिको प्रयोगमार्फत् अपराध अनुसन्धानलाई प्रभावकारी बनाउन गरेका मुख्यमुख्य क्रियाकलापहरू निम्न बमोजिम रहेका छन् -

- अनलाईनमार्फत प्रहरी चारित्रिक प्रमाणपत्र प्रदान गर्ने कार्यका लागि उक्त सफ्टवेयरमा SMS मार्फत आफ्नो आवेदनका सम्बन्धमा प्रगति प्राप्त गर्न सकिने Feature को विकास गरिएको। नागरिक एप्समार्फत समेत प्रहरी चारित्रिक प्रमाणपत्र आवेदन दिन तथा प्रमाणपत्र प्राप्त गर्न सकिने व्यवस्था गरिएको।
- काठमाडौं उपत्यकाभित्र ट्राफिक नियम उल्लङ्घन गर्नेहरूको अभिलेख राख्ने उक्त प्रणालीमा अनलाईन मार्फत जरिवाना तिर्न सकिने सुविधा थप गरी कार्यान्वयनमा ल्याईएको ।
- यस प्रणालीको व्यवस्थापन तथा यस प्रणालीमा यस प्रणालीको व्यवस्थापन तथा यस प्रणालीमा कोभिड -१९ बाट उत्पन्न समस्याहरू समाधानका लागि आवश्यक Module थप गरिएको।
- प्रहरीका विभिन्न कार्यालयहरूबाट विभिन्न उद्देश्यहरू (जस्तैः प्राकृतिक प्रकोप व्यवस्थापन, V/VIP सुरक्षा इत्यादि) सहजताका साथ समाधान गर्नका निम्ति आवश्यक ७९ वटा विभिन्न प्रकारका GIS Digital Map हरू निर्माण तथा वितरण गरिएको।
- उपत्यका लगायत विभिन्न स्थानहरूमा ७,९४८ सि.सि.टि.भि. क्यामेराहरू थप जडान भई सञ्चालन र Monitoring मा रहेको।
- सवारी दुर्घटना न्यूनीकरण तथा सुरक्षित यात्राको लागि Software निर्माण गरी Traffic Communication App लाई थप २.० र २.२ Version मा विकास गरी हाल १९ वटा ट्राफिक प्रहरी चेकप्वाईन्टहरूमा प्रयोग भइरेहेको।
- CUG सेवामा प्रहरी परिवार र पुर्व प्रहरी कर्मचारी समेत गरी ६४,४६९ जना प्रयोगकर्ताहरू आबद्ध भई पहिलो चरणमा पोष्ट-पेडमा मात्र रहेकोमा हाल प्रि-पेड प्रयोगकर्ताहरूलाई समेत उपलब्ध गराईएको।
- Internet बिना नै इमेल पठाउन सकिने व्यवस्था गरिएको।
- H.F. Data & Voice प्रविधि ५ वटा सङ्घीय प्रहरी एकाइ कार्यालयहरू (काभ्रे/गण्डकी/दाङ/सुर्खेत/धनगढी) र प्रहरी प्रधान कार्यालयमा सञ्चालन गरिएको।
- सञ्चार साधनहरूबाट सम्पर्क नहुने स्थानहरू मध्ये ७ दुर्गम स्थानहरू र प्रहरी प्रधान कार्यालयमा एक समेत गरी ८ वटा स्थानहरूमा VSAT Communication Network सञ्चालनमा रहेको।

- विपद व्यवस्थापन, जात्रा, गाँजा फडानी, लकडाउन, अवाञ्छित गतिविधि निगरानी तथा ट्राफिक व्यवस्थापन र प्रहरी कार्यका लागि आवश्यकता अनुसार UAV उडान गरी प्रविधिबाट Video Footage हरू लिने कार्यहरू गरिँदै आएको।
- हाल सञ्चार निर्देशनालयमा २ थान ड्रोन र सञ्चालनको लागि आवश्यक ड्रोन पाइलट रहेकोमा यो प्रविधिलाई नेपाल दुरसञ्चार प्राधिकरणको आर्थिक सहयोगमा सबै जिल्लाहरूमा विस्तार गर्ने योजना रहेको र हाल २ नं. प्रदेश प्रहरी कार्यालय तथा जिल्ला प्रहरी कार्यालय धनुषामा १/१ थान ड्रोन सहित पाइलट व्यवस्थापन भएको।

### छ) अपराध नियन्त्रण तथा अनुसन्धान

शान्ति सुरक्षा र अमनचयन कायम गर्दै नागरिकहरूलाई सुरक्षित बनाउनु राज्यको कर्तव्य हो। कुनै पनि देशमा जति कम अपराध हुन्छ त्यति नै त्यो देशको छवि अन्ताराष्ट्रिय जगतमा समेत उज्यालो हुन्छ। सीमित स्रोत र साधनको प्रयोगबाट पनि उच्चस्तरका अपराध अनुसन्धान र नियन्त्रण गर्न दिशामा नेपाल प्रहरीले गर्विलो स्थान बनाएको छ। नेपाल प्रहरीले त्रि-वर्षीय अपराध नियन्त्रण तथा अनुसन्धान कार्ययोजनाको दोस्रो चरण सफलतापूर्वक कार्यान्वयन गरी तेस्रो चरणको कार्यायोजना तयार गरी स्वीकृतार्थ गृह मन्त्रालयमा पेश गरेको छ। आ.व. २०७७/७८ मा नेपाल प्रहरीले अपराध नियन्त्रण र अनुसन्धानका क्षेत्रमा सम्पादन गरेका मुख्यमुख्य क्रियाकलापहरू विभिन्न तालिकाहरूमा प्रस्तुत गरिएको छ।

**तालिका नं. २.३.१.२: अपराध अनुसन्धान सम्बन्धी तालिम**

| क्र.सं. | तालिमको प्रकार | व्यक्ति समुह | जम्मा |
|---|---|---|---|
| १. | स्वदेश तालिम | ११४ समुहमा | २,९९७ जना |
| २. | विदेश तालिम | १०८ जना (Online Based) | ३,१०५ जना |

*स्रोत : नेपाल प्रहरी*

लागु औषध नियन्त्रण ब्युरो र शाखा कार्यालयहरू लगायत अन्य प्रहरी एकाइहरूद्वारा गरिएका खबर सङ्कलन, निगरानी तथा प्रहरी अप्रेसनबाट लागु औषध बरामद तथा संलग्न व्यक्तिहरूलाई पक्राउ गरी अनुसन्धान तथा कारबाहीको दायरामा ल्याइएको छ जसलाई तालिका नं. २.३.१.३ मा प्रस्तुत गरिएको छ।

**तालिका नं. २.३.१.३: प्रहरी अपरेशनबाट बरामद भएको लागु औषध**

| क्र.सं. | लागु औषध | परिमाण |
|---|---|---|
| १. | हेरोइन | ९ किलो २३६ ग्रा.म ३४६ मि.ग्रा. |
| २. | चरेश | ५११ किलो ५६ ग्राम ९२६ मि.ग्रा. |
| ३. | गाँजा | ८,२३४ किलो ७७४ ग्राम ५३४ मि.ग्रा. |
| ४. | अफिम | २६२ किलो ५३८ ग्राम ३४० मि.ग्रा |
| ५. | कोकिन | ३२ किलो २३१ ग्राम |
| ६. | मनोद्दीपक लागू औषध | ट्याब्लेट २,३५,६६६, एम्पुल-१,६३,५२४ |
| ७. | कोरेक्श | १३,४२७ बोतल, अन्य ५,०१७ |

| | | |
|---|---|---|
| ८. | एम्फेटामाईन | ४ किलो २४८ ग्राम ५७० मि.ग्रा., |
| ९. | पोल्याण्ड | ६ किलो ६७८ ग्राम |
| १०. | ईफिड्रिन | ६४ किलो २० ग्राम |

*स्रोत : नेपाल प्रहरी*

- खवर सङ्कलन, सीमा नाका तथा आपराधिक क्रियाकलाप हुनसक्ने स्थान तथा आपराधिक क्रियाकलापमा संलग्न व्यक्तिहरूमा निगरानी एवं प्रहरी कारबाही तथा वस्तुनिष्ठ तथा प्रमाणमुखी अनुसन्धान गरी कानुनी कारबाहीलाई निरन्तरता दिइएको।
- हराएका तथा फेला परेका मानिसहरूको अभिलेख राख्ने तथा वर्गीकरण गरी तथ्याङ्क विश्लेषण र तत्काल आवश्यक कारबाही गर्ने गरिएको।
- सनाखत हुन नसकेका बेवारीसे लासहरूको तथ्याङ्क संकलन गर्ने प्राप्त विवरणहरूलाई क्रमश नेपाल प्रहरीको वेबसाइटमा राख्दै र अद्यावधिक गरेका महत्त्वपूर्ण काम कारबाही एवं अभिलेख दुरुस्त गरिएको।
- २१७ वटै एकाइमा अपराध अनुसन्धान समूह अन्तर्गत सूचना सङ्कलन तथा विश्लेषण समूहको व्यवस्था गरिएको।
- अपराध अनुसन्धान तथा साक्षी सुरक्षाको प्रयोजनका लागि सुरक्षित घर सञ्चालन गर्ने अभ्यास शुरु गरिएको।
- Lawful Interception का लागि कानुनी आधार तयार गर्न पहल भइरहेको।
- सूत्र परिचालन निर्देशिकाको मस्यौदा तयार गरी पेश गरिएको।
- Gas Chromatograph Mass Spectrometer Head Space (GCMS-HS) मेसिन खरिद भई केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशालामा जडान, फोटोकपी मेसिन तथा ल्यापटप, कम्प्युटरहरू खरिद भएको र विभागबाट खरिद भएको, २५ सेट SOCO Kit Box २० वटा कार्यालयलाई वितरण भएको।
- लुम्विनी प्रदेश प्रहरी कार्यालय, विधि विज्ञान प्रयोगशाला नेपालगञ्जबाट भिषेरा परीक्षणको लागि चाहिने कटिङ कोठा र कोल्ड च्याम्बर राख्ने कोठाको निर्माण कार्य सम्पन्न भएको।
- पोलिग्राफ परिक्षण कार्यनिर्देशिका, २०७८ तर्जुमा भै कार्यान्वयनमा आएको ।
- अपराधको अवस्था, अपराध नियन्त्रणको अवस्था, अपराध अनुसनधान तथा अपराध अनुसन्धान विभागका गतिविधिहरू समेटी त्रैमासिक ई—बुलेटिन प्रकाशन गरिएको।
- अपराध सूचना सङ्कलन एकाइ (CICU) सेवा २४सै घण्टा सञ्चालनमा राखी फोन, ई-मेल, SMS, Fax, टोल फ्री आदि मार्फत् प्राप्त सूचनाको तत्काल सम्बोधन गर्न सम्बन्धित एकाइलाई समन्वय गरी Follow up गर्ने तथा निवेदक वा पीडितलाई प्रगति विवरणको जानकारी गराउने प्रणाली लागू गरिएको।
- लैङ्गिक हिंसा नियन्त्रण सञ्जाल समिति गठन तथा कार्यसञ्चालन बिधि, २०७५ लाई संशोधन गरी लैङ्गिक हिंसा नियन्त्रण सञ्जाल गठन तथा कार्यसञ्चालन बिधि, २०७८ तर्जुमा गरिएको।
- विशिष्टीकृत अपराध (Cyber, financial, organized crime, crime Analysis) प्रशिक्षक- सेवाकालीन तालिम सञ्चालन भएको।

### ज) समुदाय-प्रहरी साझेदारी कार्यक्रम

समुदाय स्तरसम्म अपराध नियन्त्रण, शान्ति सुरक्षा, हिंसा न्यूनीकरण, लागु औषध नियन्त्रणको लागि समुदायको सहभागिता अभिवृद्धि गर्न सबै स्थानीय तह र वडास्तरसम्म समुदाय-प्रहरी साझेदारी कार्यक्रम आ.व. २०७७/७८ मा नेपाल प्रहरीले सम्पादन गरेका मुख्यमुख्य क्रियाकलापहरू निम्न बमोजिम रहेका छन् -

- यस कार्यक्रम अन्तर्गत जनचेतनामूलक श्रव्यदृश्य सामाग्रीको निर्माण, सामुदायिक अभिमुखीकरण, अस्पताल सरसफाई, सामुदायिक कार्यक्रम, विद्यालय सम्पर्क कार्यक्रम, प्रहरीसँग एक दिन, Anti-ragging Campaign, सार्वजनिक सुनुवाई, छाउपडी र कोभिड–१९ सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको।
- विभिन्न विद्यालय तथा कलेजहरूमा ३४,०८२ पटकमा २५,५५,१३३ जनालाई ट्राफिक नियम तथा सडक प्रयोग गर्दा अपनाउनु पर्ने सावधानी सम्बन्धी जनचेतनामूलक कक्षा सञ्चालन गरिएको।
- सवारी ऐन नियम तथा ट्राफिक ज्ञान र सुरक्षित सवारी बनाउने उद्देश्यले चालक परिचालकहरूलाई आन्तरिक तथा बाह्य प्रशिक्षण दिई १०,०८६ पटकमा २,५९,१३७ जना प्रशिक्षण दिइएको।
- सडक लेन अनुशासन कार्यक्रम सञ्चालन गरी लेन अनुशासन पालना नगर्ने जम्मा १०,१७५ जना सवारी चालकहरूलाई कारबाही गरी ५०,८७,५००।– राजस्व सङ्कलन गरिएको ।
- ट्राफिक सम्बन्धी जनचेतनामूलक सामाग्री वितरण गरिएको।

### झ) अन्ताराष्ट्रिय सम्पर्क तथा समन्वय

- शान्ति स्थापनार्थ सुडानको डार्फरस्थित UNAMID मिसनमा १८० जना प्रहरी कर्मचारीहरू FPU को रूपमा खटिई गएको जसमा ३६ जना महिला प्रहरी कर्मचारीहरू रहेका र उक्त FPU हाल UN Police Guard Unit को रूपमा रूपान्तरण भई ८३ जना कार्यरत रहेका, जसमा १९ जना महिला प्रहरी कर्मचारीहरू रहेका।
- AMS परीक्षा उत्तीर्ण दक्षिण सुडान स्थित UNMISS मिसनमा १४ जना प्रहरी कर्मचारीहरूको नामावली मनोनयन गरिएको।
- संयुक्त राष्ट्र सङ्घको अनुरोधमा सुडानको डार्फर, दक्षिण सुडान, सोमालिया, कङ्गो र Abyei स्थित क्रमशः UNAMID, UNMISS,UNSOM, MONUSCO र UNISFA मिसनहरूमा कुल ४१ जना प्रहरी कर्मचारीहरू IPOs रूपमा खटिएको र UN DPO, Mission Management and Support Section मा Police Office, P-३ मा १ जना प्रहरी अधिकृत खटिएको साथै विभिन्न मिसनमा १३ जना महिला प्रहरी कर्मचारीहरू खटिई गएको।

### ञ) अति विशिष्ट व्यक्तिहरूको भ्रमणको सुरक्षा प्रबन्ध

- बङ्गलादेशका महामहिम मो.अब्दुल हमिदज्यूको निमन्त्रणामा सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यू नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्नु हुँदै मिति २०७७/१२/०९ देखि ऐ. १० गतेसम्म भएको राजकीय भ्रमण कार्यक्रमको लागि कारकेड लगायत अन्य भरपर्दो सुरक्षा व्यवस्था मिलाएको।

- सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूको आ.व. २०७७/०७८ मा हालसम्म भएको ७ (सात) वटा औपचारिक तथा ७ वटा अनौपचारिक कार्यक्रमको लागि कारकेड लगायत अन्य भरपर्दो सुरक्षा व्यवस्था मिलाएको।
- भारतका Col 1 GR of Indian Army, Brig Naveen Kumar Goel ज्यूको डेलिगेशन टोली सहित विभिन्न १७ जना विदेशी विशिष्ट व्यक्तिहरूको नेपाल भ्रमण अवधिभर भरपर्दो सुरक्षा व्यवस्था मिलाएको।

## ट) अपराध अनुसन्धान प्रशिक्षणको संस्थागत विकास तथा क्षमता अभिवृद्धि

- यस कार्यक्रम अन्तर्गत विशेष अपराध सम्बन्धी नयाँ तालिमहरूको पाठ्यक्रम निर्माण गरी प्रशिक्षण सञ्चालन गरिएको।
- सूचना विश्लेषण तालिम अनुशिक्षण, साईबर अपराध अनुसन्धानमा कार्यरत प्रहरी कर्मचारीको क्षमता अभिवृद्धि तालिम, साईबर अपराध अनुसन्धान तथा अभिवृद्धि तालिम, सम्पत्ति शुद्धिकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी अपराध अनुसन्धान प्रशिक्षण तालिम, अनुसन्धानत्मक कार्यविधि मुचुल्का लेखन अभ्यास पाठ्यक्रम, खुल्ला स्रोत सूचना विश्लेषण तालिम र Arson Case Investigation को नयाँ पाठ्यक्रम निर्माण गरिएक।
- घटनास्थल अनुसन्धान अधिकृत तालिम (SOCO) विशेष कार्यक्रम तथा घटनास्थल अनुसन्धान सहायक तालिम (प्र.ह. तथा प्र.ज) SOCO सञ्चालन गरिएको।
- विशिष्टीकृत अपराध (Cyber, financial, organized crime,crime Analysis) प्रशिक्षक-सेवाकालीन तालिम सञ्चालन भएको।

## ठ) नेपाल प्रहरी अस्पताल

- आ.व. २०७७/०७८ मा नेपाल प्रहरी अस्पतालबाट ५०,११८ जना वहालवाला प्रहरी कर्मचारीहरू, ३४,८११ जना वहालवाला प्रहरी कर्मचारीका परिवारहरू, १५०४७ जना पूर्व प्रहरी कर्मचारीहरू, ११,१२२ जना पूर्व प्रहरी कर्मचारीहरूका परिवारहरू र ११,८९७ जना सर्वसाधारण गरी जम्मा १,२२,९९५ जना बिरामीहरूको उपचार गरिएको। नेपाल प्रहरी अन्तर्गतका विभिन्न प्रहरी कार्यालयहरूमा कोभिड डेस्क खडा गरी स्वास्थ्य मापदण्डको पालना, कन्टयाक्ट ट्रेसिङ, क्वारेन्टिन तथा आइसोलेसन, उपचार लगायतका आवश्यक सम्पूर्ण कार्य सञ्चालन गरिएको।
- कोभिड १९ नियन्त्रण गर्नको लागि अग्रपङ्क्तिमा रही नेपाल प्रहरीले कार्य सम्पादन गर्दै आईरहेको।
- कोभिड- १९ नियन्त्रणको क्रममा प्रत्यक्ष ड्यूटीमा आफ्नो भूमिका निर्वाह गर्ने क्रममा विभिन्न दर्जाका १७ जना प्रहरी कर्मचारीहरू कोरोना सङ्क्रमित भई उपचारको क्रममा निधन भई नेपाल प्रहरी सङ्गठनलाई अपुरणीय क्षति पुग्न गएको।

## ड) बेरुजु फछ्र्यौट

- आ. व. ०७७/०७८ मा नेपाल प्रहरीलाई प्राप्त खुद बजेट रु. ४३,३९,३४,४२,०००/- रहेकोमा वार्षिक कार्ययोजना बमोजिम ९०% प्रतिशत भन्दा बढी बेरुजु फछ्र्यौट गर्ने लक्ष्य लिएकोमा ८९.३५% बेरुजु फछ्र्यौट गरी नेपाल प्रहरीले बेरुजु फछ्र्यौट मूल्याङ्कन र अनुगमन समितिको कार्ययोजना बमोजिम

बेरुजु फछ्र्यौट कार्यमा "सर्वोत्कृष्ट" स्थान हासिल गरेको छ। प्रहरी कर्मचारी निवृत्त भई जाने क्रममा आ.ले.प. शाखाबाट सेवा अवधिभर बसेको दरबन्दीमा कुनै बेरुजु भए त्यसको फछ्र्यौट भएपश्चात् मात्र Clearance Report दिने व्यवस्था मिलाइएको।

- Clearance को व्यवस्था भएदेखि निवृत्त भएका प्रहरी कर्मचारीहरूको बेरुजु रकम बाँकी नरहेको।

## ढ) विगत तीन वर्षको अपराध प्रवृत्ति विश्लेषण

अपराधको सङ्ख्यात्मक बढोत्तरीले शान्ति सुरक्षाको अवस्था र जनताको चेतनास्तर समेतलाई मापन गर्दछ । समग्रमा विगत तीन वर्षको विभिन्न अपराधको तुलनात्मक विवरण हेर्दा सङ्ख्यात्मक रूपमा अपराधले घटेको जस्तो देखिन्छ। विगत तीन वर्षको तथ्याङ्कीय विवरण हेर्दा आ.व. २०७५/७६ मा कुल ४३,०५१ आ.व. २०७६/७७ मा ४१,८९८ र आ.व. २०७७/७८ मा ४०,१२० अपराधका घटना घटेको देखिन्छ। आ.व २०७५/७६ को तुलनामा आ.व. २०७६/७७ मा २.७ प्रतिशत र आ.व २०७७/७८ मा ४.२४ प्रतिशतले अपराध घटेको देखिन्छ भने अघिल्लो वर्षको तुलना गर्दा करिब ७ प्रतिशतले अपराध घटेको देखिन्छ। यसले मुलुक शान्ति, स्थिरता र विकासतर्फ अघि बढेको र जनतामा समेत चेतनाको स्तर वृद्धि हुँदै गएको सङ्केत गर्दछ।

अपराधको प्रकृतिको आधारमा आठ खण्डमा विभक्त गरी विभिन्न अपराधिक घटनाहरूको त्रि-वर्षीय तथ्याङ्क समेटिएको छ। प्रकृतिका आधारमा सबैभन्दा बढी सामाजिक अपराध खण्डमा बढी अपराधिक घटना घटेको तथ्याङ्कले देखाउँछ। तथापि विगत वर्षको तुलनामा यस्तो प्रकृतिका अपराधका घटनामा कमी हुनु समाजमा सामाजिक सद्भाव र भाइचारा बढेको अनुमान लगाउन सकिन्छ। आ.व २०७६/७७ को तुलनामा आ.व. २०७७/७८ मा करिब २९ प्रतिशतले यस्तो अपराधिक घटनामा कमी आएको तथ्याङ्कले देखाउँछ।

वितेका तीन आ.व.हरूमा ज्यान सम्बन्धी कसुरमा तुलनात्मक रूपले अपराधिक घटनाहरूको सङ्ख्या बढेको देखिन्छ। आ.व.२०७५/७६ को तुलनामा आ.व २०७६/७७ मा २.४ प्रतिशतले र २०७७/७८ मा १३.३ प्रतिशतले ज्यान सम्बन्धी कसुर बढेको देखिन्छ। ज्यान सम्बन्धी विभिन्न कसुरहरू मध्ये भवितव्यजन्य (Accidental) को हिस्सामा बढी देखिन्छ। बढ्दो शहरीकरण र बाह्य प्रभावका कारण तथा आकांक्षा अनुसार प्रतिफल र उपलब्धि प्राप्त नहुँदा आत्महत्या सम्बन्धी घटनामा बढोत्तरी भएको त्रि-वर्षीय तथ्याङ्कले देखाउँछ। अघिल्लो वर्षको तुलनामा आ.व.२०७७/७८ मा करिब १३% ले आत्महत्या सम्बन्धी अपराधको घटनामा बढोत्तरी आएको देखिन्छ। यस अवधिमा विश्वव्यापी रूपमा सङ्क्रमण फैलिएको कोभिड-१९ को प्रभावले यस्ता अपराध वृद्धिमा सहयोग पुगेको अनुमान लगाउन सकिन्छ। तर यसै अवधिमा विगत वर्षहरूको तुलनामा चोरी सम्बन्धी अपराधमा भने उल्लेखनीय रूपमा कमी आएको देखिन्छ। आ.व २०७५/७६ को तुलनामा आ.व २०७७/७८ मा १७.१ प्रतिशतले चोरी सम्बन्धी अपराधमा कमी आएको छ। कोभिड-१९ को सङ्क्रमणबाट बच्न सरकारले लगाएको निषेधाज्ञा तथा लकडाउनको कारण यस्तो अपराधमा कमी आएको हुन सक्ने देखिन्छ।

विगतको त्रि-वर्षीय तथ्यहरू हेर्दा सङ्गठित र आर्थिक अपराधमा समेत कमी आएको देखिन्छ। निषेधाज्ञाका कारण थुनिएर बस्नुपर्दा तथा आर्थिक गतिविधिमा सङ्कुचन हुँदा लागु औषध कारोबारमा, सार्वजनिक हित विरुद्धको कसुर, सार्वजनिक अपराध, मानव बेचविखन तथा ओसारपसार, सार्वजनिक उपद्रयाई, सवारी ज्यान, बैंकिङ कसुरजस्ता अपराधका घटनामा उल्लेखनीय स्तरमा कमि आएको तथ्याङ्कमा देखिन्छ। यसरी विगत तीन वर्षको अपराधको

तथ्याङ्क हेर्दा महिला तथा बालबालिका सम्बन्धी कसुरमा खास गरी जबरजस्ती करणीका घटनामा विगत आ.व.को तुलनामा आ.व.२०७७/७८ मा १५.३२ प्रतिशतले बढेको देखिन्छ। यसले एकातर्फ नेपाली समाजमा अझै पनि महिलाहरू प्रति हिंस्रक रहेको भन्ने देखाउँछ भने अर्कोतर्फ अन्यायको विरूद्ध उजुरी गर्ने साहस बढेको देखिन्छ जसले अपराधीलाई कानुनी रूपमा सजाय दिलाउन मद्दत पुग्ने देखिन्छ।

अपराधको तीन वर्षीय तुलनात्मक विश्लेषण तालिका नं. २.३.१.४ मा प्रस्तुत गरिएको छ।

**तालिका नं. २.३.१.४: अपराधको त्रि-वर्षीय प्रवृत्ति**

| क्र.सं. | प्रकृति | अपराधकोप्रकार | आर्थिक वर्ष | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | |
| १ | ज्यान सम्बन्धी | खुन डाँका | ० | ० | १ | |
| | | कर्तव्य ज्यान | ६५९ | ५५५ | ६९७ | |
| | | विष खुवाएर | २ | ० | ० | |
| | | ज्यान मार्ने उद्योग | ९२७ | ८६९ | १०५१ | |
| | | भवितव्य ज्यान | ४०३५ | ४२०० | ४६७१ | |
| | | फुटकर ज्यान | १२४३ | १३२१ | १४३० | |
| | | गौवध | ३१ | ४१ | १७ | |
| | | आत्महत्या गर्न दुरुत्साहन गरेको | ६२ | १३८ | १६४ | |
| | | गर्भपतन | २७ | ३१ | २८ | |
| | | जम्मा | ६९८६ | ७१५५ | ८०५९ | |
| २ | आत्महत्या सम्बन्धी | बिष खाएर | १३२० | ११३६ | १२७६ | |
| | | आगो लगाएर | २४ | ९ | १९ | |
| | | झुण्डिएर | ४३१२ | ५०१४ | ५७२० | |
| | | हाम फालेर | ४८ | ३३ | ४६ | |
| | | करेण्ट लाएर | ४ | १ | २ | |
| | | हातहतियार औजारबाट | १५ | २१ | १८ | |
| | | पानीमा हाम फालेर(डुबेर) | ३० | २७ | ३६ | |
| | | बिस्फोटक पदार्थ प्रयोगगरीआ.ह. | १ | ० | ० | |
| | | जम्मा | ५७५४ | ६२४१ | ७११७ | |
| ३ | चोरी सम्बन्धी | डाँका चोरी | २१८ | १७५ | १६८ | |
| | | रहजनी चोरी | ३ | ० | ० | |
| | | नकबजनी चोरी | १७१ | ९५ | १०८ | |
| | | जबरजस्ती चोरी | १० | २ | ४ | |
| | | साधारण चोरी | २३२४ | २०१३ | १९३१ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | सवारी चोरी | १३२ | १४८ | १५० | |
| | | पुरातात्विक चोरी | ४ | ० | १ | |
| | | चौपाया चोरी | ११ | १८ | २० | |
| | | जम्मा | २८७३ | २४५१ | २३८२ | |
| ४ | सङ्गठित तथा आर्थिक अपराधसम्बन्धी | जुवा | ३९१ | ४७७ | ४९५ | |
| | | खोटा चलन | २३ | ४१ | २५ | |
| | | ठगी | ६७२ | ६६८ | ६०७ | |
| | | लागू औषध | ३७०३ | २८८५ | ३०१३ | |
| | | कालो बजार | २९ | ८६ | ६० | |
| | | प्राचीन स्मारक | ५ | १ | ४ | |
| | | चन्दा सङ्कलन | २५ | १५ | १६ | |
| | | सरकारी छाप दस्तखत किर्ते | १२२ | १०७ | ५२ | |
| | | राहदानी | ३ | १ | ३ | |
| | | व्यक्ति अपहरण | ११५ | १०१ | १०५ | |
| | | हातहतियार खरखजना | २११ | २२३ | २७० | |
| | | प्रतिलिपि अधिकार उल्लङ्घन | २ | ३ | २ | |
| | | जम्मा | ५३०१ | ४६०८ | ४६५२ | |
| ५ | सामाजिक अपराध | केही सार्वजनिक अपराध | १९०५ | १५६० | ९६८ | |
| | | सार्वजनिकउपद्रयाई | ३४ | ९४ | १३७ | |
| | | सार्वजनिक शान्तिविरुद्ध अपराध | १३२६ | ० | ० | |
| | | सार्वजनिक हित स्वस्थ्य सुरक्षा विपरित कसुर | ७३२४ | ९५१७ | ६६४८ | |
| | | अपराधी प्रवेश | १९९ | ० | ० | |
| | | सार्वजनिक अधिकारी अख्तियारी विरुद्ध कसुर | ६१ | १० | ४ | |
| | | नागरिकता सम्बन्धी | ९१ | ८० | १२४ | |
| | | कुटपिट अंगभंग | १२७ | १२६ | २०९ | |
| | | राज्य विरुद्धको अपराध | ७० | ४२ | ८ | |
| | | धर्म परिवर्तन | ४ | १० | ४ | |
| | | आवश्यक वस्तु संरक्षण ऐन | ५ | ३ | ४ | |
| | | आवश्यक सेवा सञ्चालन ऐन | ० | ० | ० | |
| | | जातीय भेदभाव तथा छुवाछुत | ४३ | ३९ | ६२ | |
| | | जम्मा | १११८९ | ११४८१ | ८१६८ | |
| ६ | महिला तथा बालबालिकासम्बन्धी | मा.बे.बि. तथा मानवअंगप्रत्यारोपण | २४७ | १६४ | १२२ | |
| | | बहु विवाह | १००१ | ७३४ | ८५२ | |
| | | बाल विवाह | ८६ | ६४ | ८४ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | बाल विवाह गरी ज.क.ज. | ३ | ० | ० | |
| | | जबरजस्ती करणी | २२३० | २१४४ | २५३२ | |
| | | जबरजस्ती करणी उद्योग | ७८६ | ६८७ | ७३५ | |
| | | अप्राकृतिक मैथुन | २४ | २७ | ३६ | |
| | | बालयौन दुराचार | ० | २३२ | २८१ | |
| | | यौन दर्व्यवहार | ० | ६ | २ | |
| | | बोक्सीको आरोप | ४६ | ३४ | ६१ | |
| | | घरेलु हिंसा | ० | ० | ० | |
| | | जम्मा | ४४२३ | ४०९२ | ४७०५ | |
| ७ | सवारी सम्बन्धी | सवारी ज्यान | २२८४ | १७४७ | १९७१ | |
| | | सवारी अङ्गभङ्ग | २५६ | २२३ | २०७ | |
| | | सवारी दुर्घटना | ० | १ | ० | |
| | | जम्मा | २५४० | १९७१ | २१७८ | |
| ८ | विविध | मा.बे.बि. तथा मानव अङ्ग प्रत्यारोपण | ० | ३ | १ | |
| | | मा.बे.बि तथा जबरजस्ती करणी | १५ | १ | १३ | |
| | | कुटपिट गरी गर्भ तुहाएको | १ | ० | ० | |
| | | जिउँदो बच्चा जन्माई फालेको | ४ | ४ | १ | |
| | | आगलागी सम्बन्धी | ५१ | ५९ | २० | |
| | | विष्फोटक पदार्थ | ७२ | ५७ | २५ | |
| | | बम विष्फोटन | ११ | १७ | ४ | |
| | | अपहरण तथा जबरजस्ती करणी | ४७ | ३५ | ६५ | |
| | | अपहरण तथा शरीर बन्धक उद्योग | ३ | ० | ० | |
| | | सङ्गठित अपराध | १२ | २६ | १४ | |
| | | विद्युतीय कसुर तथा साइबर अपराध | १६७ | ११७ | १०४ | |
| | | दूरसञ्चार कसुर,टेलिफोन तार चोरी | ९ | ६ | २ | |
| | | वैंकिङ कसुर | ३१६७ | ३३०९ | २३७३ | |
| | | परीक्षा तथा शिक्षा ऐन | २३ | १० | ११ | |
| | | चौपायाको महल | ३३ | ६२ | ९२ | |
| | | चिठ्ठा | २ | २ | २ | |
| | | बालयौन दुराचार | २११ | ० | ० | |
| | | यौन दुर्व्यवहार | ६ | ० | ० | |
| | | इलाज सम्बन्धी कसुर | ३ | ८ | ८ | |
| | | ज.ज.क. गरी कर्तब्य | ११ | २ | ४ | |
| | | अपहरण तथा कर्तब्य | ३ | २ | ४ | |
| | | लिखत सम्बन्धी कसुर | ७९ | १०१ | ९३ | |
| | | अन्य | ५५ | ७८ | २३ | |
| | | जम्मा | ३९८५ | ३८९९ | २८५९ | |
| | कुल जम्मा | | ४३०५१ | ४१८९८ | ४०१२० | |

*स्रोत : नेपाल प्रहरी*

### ण) दण्ड जरिवाना/सजाय आदिबाट राजस्व सङ्कलन

अवैध तवरबाट हुने सुनचाँदी लगायतका बहुमूल्य वस्तुको चोरी तस्करी नियन्त्रणमा पाएको सफलताबाट मुलुकको ढुकुटीमा राजश्व मात्र थपिएको छैन, गैरकानुनी कारोबार र गतिविधि नियन्त्रण गर्न समेत सहयोग पुगेको छ। यस कार्यक्रममा सुरक्षाकर्मी तथा अन्य कर्मचारीको भूमिका सराहनीय देखिन्छ। दण्ड जरिवाना र सजायबाट सङ्कलित राजस्वको तीन वर्षीय तुलना तालिका नं. २.३.१.५ मा प्रस्तुत गरिएको छ।

**तालिका नं. २.३.१.५: दण्ड जरिवाना र सजाय आदिबाट राजस्व सङ्कलन**

*रू. हजारमा*

| सि.नं. | राजस्व सङ्कलनको आधार | आर्थिक वर्ष | | | कैफियत |
|---|---|---|---|---|---|
| | | ०७५/७६ | ०७६/७७ | ०७७/७८ | |
| १ | सुन बरामद | ३०,१७,५७ | २०,३०,५१ | २७,१५,९२ | |
| २ | चाँदी बरामद | ५८,७९ | ३७,५० | ७५,२८ | |
| ३ | अन्य मालसामान बरामद | ४३,०२,६१ | ५५,६४,१३ | ९७,६८,६४ | |
| ४ | काठ बरामद | २,३२,७२ | २,२१,९६ | ३,२३,८५ | |
| ५ | नदीजन्य पदार्थ | २,८४,४७ | २,५१,६६ | ५,६६,२६ | |
| ६ | अदालती फैसलाकार्यान्वयन जरिवाना | ४०,७०,९७ | ३८,८९,७४ | ४८,६०,५५ | |
| कुल जम्मा | | १,१९,६७,१३ | १,१९,९५,४९ | १,८३,१०,४९ | |

*स्रोत :नेपाल प्रहरी*

### त) लागु औषध नियन्त्रण

पछिल्ला वर्षहरूमा लागु औषध दुर्व्यसन र यसको ओसारपसारले समाजलाई गम्भीर मोडतर्फ धकेलेको देखिन्छ। यसबाट समाजमा सुरक्षा चुनौती समेत थपिएको छ। विगत तीन वर्षमा नेपाल प्रहरीले बरामद गरेको लागु औषधको विवरण तालिका नं २.३.१.६ र २.३.१.७ बाट देखाइएको छ।

**तालिका नं. २.३.१.६: लागु औषध बरामद**

| क्र.सं. | लागु औषधको प्रकार | आर्थिक वर्ष (परिमाण किलोग्राममा) | | | कैफियत |
|---|---|---|---|---|---|
| | | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | |
| १ | गाँजा | १०,३५९.९ | ४,३६७.३ | ८,२३४.७ | |
| २ | चरेश | २,६५८.२ | ६१९.६ | ५११.६ | |
| ३ | हेरोईन | ११.३ | ७.९ | ९.२ | |
| ४ | अफिम | ३४.३ | ४४.३ | २६२.५ | |
| ५ | कोकिन | ० | १५.० | ०.३ | |
| ६ | एम्फेटामाईन | ०.७ | ६.५ | ४.२ | |
| ७ | ईफिड्रिन | ० | ४.२ | ६४.२ | |

| क्र.सं. | लागु औषधको प्रकार | आर्थिक वर्ष (परिमाण किलोग्राममा) | | | कैफियत |
|---|---|---|---|---|---|
| | | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | |
| ८ | यावा | ०.७ | ०.१ | ० | |
| ९ | पोल्याण्ड | ०.२ | ० | ० | |
| १० | खात | ० | ० | ० | |

*स्रोत :नेपाल प्रहरी*

**तालिका नं. २.३.१.७: बरामद लागु औषधको प्रकार**

| क्र.सं. | लागु औषधको प्रकार | आर्थिक वर्ष | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७५/७६ | | | | २०७६/७७ | | | | २०७७/७८ | | | |
| १ | मनोद्विपक लागू औषध | ट्याब्लेट | एम्पुल | कोरेक्स | अन्य | ट्याब्लेट | एम्पुल | कोरेक्स | अन्य | ट्याब्लेट | एम्पुल | कोरेक्स | अन्य |
| | | ४४१३०२ | ४१८८१८ | ६१२६ | १३९६ | १८९८४१ | १३२४१६ | ११५३० | १९२३ | २३५६६६ | १६३५२४ | १३४२७ | ५०१७ |

*स्रोत : नेपाल प्रहरी*

## थ) अवैध हातहतियार बरामद अवस्था

लामो छोटा हातहतियारको बढ्दो बरामद दर हेर्दा कारोबारीहरू सल्बलाएको देखिन्छ तथापि सुरक्षा निकायको सजगता र निगरानी सफलताको कारण यो बरामदी दर बढेको सहज अनुमान लगाउन सकिन्छ। त्यसले समग्र शान्ति सुरक्षा व्यवस्थामा समेत सकारात्मक प्रभाव पारेको छ। खुला सीमाका कारण अवैध हातहतियार ओसारपसारमा नियन्त्रण गर्न भने चुनौतीपूर्ण देखिन आएको छ। विगत तीन आर्थिक वर्षहरूमा बरामद भएका अवैध हातहतियारहरूको सङ्ख्या एवं मुद्दा दर्ता र फछ्र्यौटको सङ्ख्या क्रमशः तालिका नं. २.३.१.८ र नं. २.३.१.९ मा प्रस्तुत गरिएको छ।

**तालिका नं. २.३.१.८: अवैध हातहतियार बरामद**

| क्र.सं. | हातहतियारको प्रकार | आर्थिक वर्ष | | | कैफियत |
|---|---|---|---|---|---|
| | | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | |
| १ | लामो हतियार | १९८ | १९८ | ४६३ | |
| २ | छोटो हतियार | १०० | ११३ | ९२ | |
| | जम्मा | २९८ | ३११ | ५५५ | |

*स्रोत : नेपाल प्रहरी*

**तालिका नं. २.३.१.९: मुद्दा दर्ता र फछ्र्यौट**

| क्र.सं. | हातहतियारको प्रकार | आर्थिक वर्ष | | | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७५/७६ | | | २०७६/७७ | | | २०७७/७८ | | | |
| १ | अपराध तथ्याङ्क | जम्मा मुद्दा दर्ता | जम्मा फर्छ्यौट | बाँकी | जम्मा मुद्दा दर्ता | जम्मा फर्छ्यौट | बाँकी | जम्मा मुद्दा दर्ता | जम्मा फर्छ्यौट | बाँकी | |
| | जम्मा | ४३०५१ | ४१६७८ | १३७३ | ४१८९८ | ३३६९९ | ८१९९ | ४०१२० | २७०३५ | १३०८५ | |

*स्रोत : नेपाल प्रहरी*

### द) लैङ्गिक हिंसा र छुवाछूत तथा जातीय भेदभावमा कारबाही

लैङ्गिक हिंसा सामाजिक असमानताको द्योतक मात्रै होइन समाजको चरित्रको पनि प्रतिविम्व हो। दुर्भाग्यवश पछिल्ला तीन वर्षको तथ्याङ्क विश्लेषण गर्दा लैङ्गिक हिंसाका घटनामा कमी आएको देखिँदैन। नेपाल प्रहरीको एक्लो प्रयासले मात्र समाजमा लैङ्गिक हिंसा कम गर्ने अपेक्षा गर्न सकिँदैन। फौजदारी प्रकृतिका हुनाले यस्ता घटनाहरूमा नेपाल प्रहरीले साधिकार निकायमा मुद्दा दर्ता गर्दछ। विगत तीन आर्थिक वर्षमा मुद्दा फछ्र्यौट अनुपात क्रमशः ९३.५, ८८.०२ र ८५.२३ प्रतिशत भै घट्दो अनुपातमा मुद्दा टुङ्गिएको देखिन्छ। लैङ्गिक हिंसाको प्रकृति र संख्या तालिका नं. २.३.१.१० मा देखाइएको छ।

त्यसै गरी नेपालको संविधानले समावेशी, समतामूलक र समन्यायिक समाजको परिकल्पना गरेको भएतापनि समाजमा जातीय विभेद र छुवाछुत जस्ता सामाजिक कलङ्कका अवशेषहरूलाई नामेट पार्न सकिएको छैन। तत्सम्बन्धी तुलनात्मक तथ्याङ्क तालिका नं. २.३.१.११ मा प्रस्तुत गरिएको छ।

**तालिका नं. २.३.१.१०: लैङ्गिक हिंसा- मुद्दा दर्ता तथा फछ्र्यौट सम्बन्धी तथ्याङ्क**

| क्र.सं. | अपराध शिर्षक | २०७५/७६ | | २०७६/७७ | | २०७७/७८ | |
|---|---|---|---|---|---|---|---|
| | | दर्ता | फछ्र्यौट | दर्ता | फछ्र्यौट | दर्ता | फछ्र्यौट |
| १ | जबरजस्ती करणी | २२३० | २०३२ | २१४४ | १८५९ | २५३२ | २१३६ |
| २ | जबरजस्ती करणी उद्योग | ७८६ | ७३५ | ६७६ | ५८४ | ७३५ | ६१९ |
| ३ | बहु विवाह | १००१ | ९७१ | ७३४ | ६६३ | ८५२ | ७३९ |
| ४ | बाल विवाह | ८६ | ८६ | ६४ | ६२ | ८४ | ७५ |
| ५ | बोक्सीको आरोप | ४६ | ४२ | ३४ | २८ | ६१ | ५२ |
| ६ | गर्भपतन | २७ | २४ | ३१ | ३० | २७ | २३ |
| ७ | बालयौन दूराचार | २११ | २११ | २३२ | २२० | २८१ | २५३ |
| जम्मा | | ४३८७ | ४१०१ | ३९१५ | ३४४६ | ४५७२ | ३८९७ |

*स्रोत :नेपाल प्रहरी*

**तालिका नं. २.३.१.११: जातीय भेदभाव तथा छुवाछूतको त्रि-वर्षीय मुद्दा दर्ता तथा फछ्र्यौट सम्बन्धी तथ्याङ्क**

| सि.नं. | अपराध शीर्षक | आ.व.०७५/०७६ | | आ.व.०७६/०७७ | | आ.व.०७७/०७८ | |
|---|---|---|---|---|---|---|---|
| | | मुद्दा दर्ता | फछ्र्यौट | मुद्दा दर्ता | फछ्र्यौट | मुद्दा दर्ता | फछ्र्यौट |
| १ | जातीय भेदभाव तथा छुवाछुत | ४३ | ४२ | २९ | २६ | ३९ | ३२ |

*स्रोत :नेपाल प्रहरी*

### ध) सडक दुर्घटनाको अवस्था

मानव सिर्जित विपद्कै रूपमा स्वीकारिएको सडक दुर्घटनाको विगत तीन वर्षको ग्राफ हेर्दा कहालीलाग्दो तस्वीर देखिन्छ। सडकको दुरावस्था, सवारीको सङ्ख्यात्मक चाप बढ्नु, ट्राफिक नियमको बेवास्ता, सडक साक्षरतामा कमी, सवारीको अवस्थामा यात्रु तथा चालकको लापरबाही आदिको कारणबाट वर्षेनी सडक दुर्घटना बढेको सहज कारण अनुमान लगाउन सकिन्छ। विगत तीन वर्षको तथ्याङ्क हेर्दा आ.व. २०७५/७६ को तुलनामा आ.व. २०७६/७७ मा १४.१ प्रतिशत र आ.व. २०७६/७७ को तुलनामा आ.व. २०७७/७८ मा २४.६२% ले सडक

दुर्घटना बढेको देखिन्छ। पछिल्लो एक वर्षको सडक दुर्घटनाको तथ्याङ्क हेर्दा समग्र यातायात व्यवस्थापनका लागि गम्भीर चुनौती थपिएको देखिन्छ। विगत तीन आर्थिक वर्षको सवारी दुर्घटनाको तथ्याङ्क तालिका नं. २.३.१.१२ मा प्रस्तुत गरिएको छ भने ट्राफिक नियम उल्लङ्घन गर्ने सवारी चालकहरूलाई गरिएको कारबाहीको विवरण तालिका नं. २.३.१.१३ मा प्रस्तुत छ। त्यसै गरी सडक दुर्घटनाबाट भएको क्षेतिको विवरण तालिका नं. २.३.१.१४ मा प्रस्तुत छ।

**तालिका नं. २.३.१.१२: सडक दुर्घटनाको विवरण**

| क्र.सं. | आर्थिक वर्ष | सवारीको प्रकार(दुर्घटनामा संलग्न सवारी साधन) | | | | | | | | | | सवारी दुर्घटना सङ्ख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ट्रक/ट्याङ्कर | टिपर | बस | माईक्रो | जिप, कार | ट्याक्टर | टेम्पो | मो.सा. | शा.स.चल्ने | अन्य | | |
| १. | ०७५/७६ | २०४० | ६४५ | २६३३ | ५९२ | ६०७९ | ६२७ | ३३६ | ८५५४ | ४६६ | ११५ | १३३६६ | |
| २. | ०७६/७७ | १९१६ | ७१९ | ४३ | २६०७ | ३२८ | ७५६६ | ६०५ | ४०४ | १०८६९ | ६०४ | १५५५९ | |
| ३. | ०७७/७८ | २२९९ | ७८० | ७९ | १७१९ | २३४ | ७५५९ | ९९३ | ८९९ | १७०८७ | १३४० | २०६४० | |

*स्रोत :नेपाल प्रहरी*

**तालिका नं. २.३.१.१३: ट्राफिक कारबाही**

| क्र.सं. | सवारीको प्रकार | आर्थिक वर्ष | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | २०७५/७६ | | २०७६/७७ | | २०७७/७८ | | |
| | | कारबाही सङ्ख्या | राजस्व (रु.) | कारबाही सङ्ख्या | राजस्व (रु.) | कारबाही सङ्ख्या | राजस्व (रु.) | |
| १ | ट्रक/ट्याङ्कर | ४००३८० | २६८२६४००० | ३०१२८२ | २०७४९२४०० | ४९५१२२ | ४०२४०८५०० | |
| २ | बस/मिनिबस | २४०१३५ | १५०४६६००० | १९८०९८ | १२६७०६००० | १४६५२६ | १०१०७१००० | |
| ३ | कार/जिप/भ्यान | ३६०९७३ | २२४०५८५०० | २९९३२१ | १८६८२०४०० | ३२०४१२ | २०९१०३७०० | |
| ४ | ट्याक्टर | १११९८६ | ६७५७५५०० | ७१८२७ | ४४०४७००० | १०२०८१ | ६४३७२५०० | |
| ५ | मो.सा. | ५१४७१५ | ३३५७७०५०० | ४३८२९३ | २९०६६३००० | ५०७६१८ | ३४२६४४७०० | |
| ६ | टेम्पो/अन्य | ५८६५५ | ३६७३४१०० | ५३३११ | ३४०६७००० | ६८६३२ | ४३९३१५०० | |
| | **जम्मा** | १६८६०४४ | १,०८,२८,६८,६०० | १३६२१३२ | ८८,९७,९५,८०० | १६४०३९१ | १,१६,३५,३१,९०० | |

*स्रोत :नेपाल प्रहरी*

**तालिका नं. २.३.१.१४: सडक दुर्घटनाबाट भएको क्षतिको विवरण**

| क्र.सं. | क्षतिको प्रकार | आर्थिक वर्ष | | | कैफियत |
|---|---|---|---|---|---|
| | | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | |
| १ | मृतक | ८२८ | ८२३ | ६६० | |
| २ | घाईते | ५१०४ | ६५६३ | ६८६३ | |

*स्रोत : नेपाल प्रहरी*

गत तीन वर्षमा (आ.व. २०७५/७६ देखि आ.व. २०७७/७८ सम्म) २,३११ जना व्यक्तिले सडक दुर्घटनाबाट ज्यान गुमाएका छन भने सोहि अवधिमा १८,५३० जना गम्भीर घाइते समेत हुन पुगेको देखिन्छ। ट्राफिक नियम उल्लङ्घन गर्ने सवारी कारबाहीबाट मनग्ये राजस्व (आ.व. २०७७/७८ मा सवारी कारबाहीबाट रु. १ अर्ब १६ करोड ३५ लाख ३१ हजार ९ सय राजस्व उठेको) उठे पनि सडक अनुशासनको पक्षबाट हेर्दा सन्तोष मान्नु पर्ने ठाउँ छैन।

### २.३.२ सशस्त्र प्रहरी बल, नेपाल

### (क) बजेट विनियोजन र खर्च

आर्थिक वर्ष २०७७/७८ मा सशस्त्र प्रहरी बल, नेपालकाका लागि चालुतर्फ रु. १८,७५,२६,३८ हजार र पूँजीगततर्फ रु. १,५६,४१,३५ हजार गरी गरी जम्मा रु. २०,३१,६७,७३ हजार विनियोजन भएकोमा चालूतर्फ रु. १७,५९,८५,३२ हजार र पूँजीगततर्फ रु. १,५२,७७,२९ हजार गरी जम्मा रु. १९,१२,६२,६१ हजार खर्च भएको देखिन्छ। यस हिसाबले उक्त सङ्गठनले चालुतर्फ विनियोजित बजेटको ९३.८ प्रतिशत र पूँजीगततर्फ ९७.६ प्रतिशत खर्च गरी कुल बजेट विनियोजनको ९४.१ प्रतिशत खर्च गर्न सफल भएको छ।

पुँजीगत खर्चको शीर्षकमा विनियोजित बजेटलाई भवन निर्माण, सार्वजनिक निर्माण, पुँजीगत सुधार कार्य तथा अन्य पुँजीगत खर्च शीर्षकहरूमा नियमानुसार ढङ्गबाट गरिएको देखिन्छ भने चालु खर्चको शीर्षकमा विनियोजित बजेटलाई सोही खर्च शीर्षकमा नियमानुसार खर्च गर्ने/गराउने कार्य भइरहेको छ । उक्त आ.व.मा सशस्त्र प्रहरी बल, नेपाल र मातहतका कार्यालयहरूमा पुँजीगत र चालू खर्चको विवरण तालिका नं. २.३.२.१ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. २.३.२.१: आ.व. २०७७/७८ मा सशस्त्र प्रहरी बल, नेपालतर्फको बजेट विनियोजन र खर्चको अवस्था**

| बजेट उपशीर्षक | | | बजेट | | | खर्च | | | खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | बजेट कोड | बजेट उपशीर्षक | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा |
| १. | ३१४०५०११ | सशस्त्रप्रहरी बल | १४००९०९ | ४८६८७२ | १८८७७८१ | १२५७३४० | ४८१४२६ | १७३८७६५ | ८९.७५ | ९८.८८ | ९२.११ |
| २. | ३१४०५०१३ | क्षेत्रीय सशस्त्र प्रहरी बल कार्यालय | १५८६३८४९ | ८२८४८१ | १६६९२३३० | १५००४०८५ | ७९७८४७ | १५८०१९३३ | ९४.५८ | ९६.३ | ९४.६७ |
| ३. | ३१४०५०१४ | सशस्त्र प्रहरी बल तालिम केन्द्रहरू | १२१४७३० | १५३६१४ | १३६८३४४ | १०८१८०६ | १५३३७० | १२३५१७६ | ८९.०६ | ९९.८४ | ९०.२७ |
| ४. | ३१४०५०१५ | नेपाल ए.पी.एफ अस्पताल | २७३१५० | ९५१६८ | ३६८३१८ | २५५३०१ | ९५०८६ | ३५०३८७ | ९३.४७ | ९९.९१ | ९५.१३ |
| ५. | ३१४०५०१६ | सशस्त्र प्रहरी बल राजश्व भन्सार तथा औद्योगिक सुरक्षा बल | ० | ० | ० | ० | ० | ० | | | |


स्रोत : *LMBIS*

वित्तीय अनुशासन कायम गर्ने विषयमा समेत सशस्त्र प्रहरी बल, नेपालको कार्यसम्पादन प्रशंसनीय देखिन्छ। आ.व. २०७५/०७६ को लेखापरीक्षणबाट पनि ०.३४ प्रतिशत मात्र बेरुजु कायम भई उत्कृष्टता हासिल गरी मजकुर मन्त्रालयबाट पुरस्कृत भएको अवस्था छ भने आ.व. २०७६/०७७ मा फछ्र्यौट गर्नुपर्ने कुल बेरुजुमध्ये ६१.९२ प्रतिशत बेरुजु फछ्र्यौट भएको देखिन्छ। आ.व. २०७७/०७८ मा ६०.५५ प्रतिशत बेरुजु फछ्र्यौट गरी गरिएको छ। बेरुजु शून्य बनाउने सङ्गठनको नीतिअनुसार मातहत कार्यालयहरूलाई समय-समयमा परिपत्र तथा निर्देशन गर्ने गरिएको छ।

**(ख) नियमित संस्थागत कार्य प्रगति**

- मानव बेचबिखन, खासगरी महिला र बालबालिकाको बेचविखन तथा ओसारपसारको रोकथाम नियन्त्रण गर्न सीमाक्षेत्रमा सशस्त्र प्रहरी कर्मचारी परिचालित भई सीमाक्षेत्रबाट १६७ (एक सय सतसठ्ठी) जना व्यक्तिहरूको उद्धार गरी सम्बन्धित निकायहरूमा बुझाएको।
- मानव अधिकार एवं कानुनी विषयहरूमा प्रशिक्षण प्रतिष्ठान तथा तालिम शिक्षालयहरू लगायत अन्य ९ (नौ) वटा युनिटहरूमा सञ्चालन भएका विभिन्न दर्जाका आधाभूत तालिम, यु. एन्. मिशन रिफ्रेशर तालिम, उन्नत तालिम लगायत अन्य विभिन्न तालिमहरूमा तालिमरत सशस्त्र प्रहरी कर्मचारीहरूलाई प्रशिक्षण प्रदान गरिएको।
- प्रतिवेदन अवधिमा वाहिनी मुख्यालयलाई कार्यक्षेत्रमा परिचालित सशस्त्र प्रहरी कर्मचारीहरूलाई सुरक्षा कारवाहीको दौरान कार्यान्वयन गर्नुपर्ने न्यूनतम बल प्रयोगको सिद्धान्त अनुसार कार्य गर्नका लागि परिपत्र गरिएको ।

**रेखाचित्र नं. २.३.२.१: सीमा सुरक्षामा कार्यरत युनिटहरू**





- लैङ्गिक हिंसाका घटनाहरू तथा सो माथिका कारवाही प्रक्रियालाई प्रभावकारी बनाई विवरणहरू एकीकृत गर्न सम्पूर्ण कार्यालयहरूको लागि डाटाबेस बनाएको।
- सशस्त्र प्रहरी बल, नेपालबाट सीमा सुरक्षामा खटिएका युनिटहरूको विवरण रेखाचित्र नं. २.३.२.१ मा प्रस्तुत गरिएको छ।

**(ग) नियमित अपरेसनल कार्यहरू**

- प्रतिवेदन अवधिभर जम्मा ८२ वटा (नेपाल भारत ७८ र नेपाल चीन -४) नयाँ बि.ओ.पि.हरू स्थापना भई जम्मा २२४ वटा (नेपाल-भारत-२१७ र नेपाल-चीन-७) बि.ओ.पि.रहेको। समीक्षा अवधिमा बि.ओ.पि. स्थापनाको विवरण रेखाचित्र नं. २.३.२.२ मा प्रस्तुत गरिएको छ।

- देशको सार्वभौमसत्ता एवं अखण्डताको लागि सीमा सुरक्षालाई विशेष ध्यान दिई सीमा क्षेत्रमा हुने सीमा अपराधहरूको रोकथाम र नियन्त्रण गरी सीमाको सुरक्षा व्यवस्थालाई बलियो र सुरक्षित एवं व्यवस्थित बनाउन सशस्त्र प्रहरी बल, नेपालको सीमा सुरक्षामा तैनाथी बढाइएको।
- दक्षिणी सीमामा रहेका बि.ओ.पि. बीचको औसत दुरी हाल ८.६६ कि.मि. मा कायम भएको। साथै उत्तरतर्फको २०२ कि.मि. कायम रहेको। जम्मा ६६ वटा BOP (Border Out Post) को भवन निर्माण गर्ने कार्य अन्तर्गत ६१ वटाको निर्माण कार्य सम्पन्न भएको एवं ५ वटाको निर्माण कार्य भइरहेको र एउटा भवनका लागि जग्गा प्राप्तिको क्रममा रहेको।


**रेखाचित्र नं. २.३.२.२: स्थापना भएका बि.ओ.पि. संख्या**




- मिति २०७७/०६/२१ गते बि.ओ.पि. किमाथान्का, सँखुवासभाको भवन शिलान्यास भएकोमा हाल ५० प्रतिशत कार्य सम्पन्न भएको। साथै बि.ओ.पि. लामाबगर, दोलखाको लागि मिति २०७७/०६/०९ गतेको जिल्ला सुरक्षा समितिको बैठकले जग्गा उपलब्ध गराउने निर्णय गरी जग्गा प्राप्तिको लागि आवश्यक लेखापढी गरिएको। मिति २०७७/०६/०९ गते नं. ५० गुल्म हे.क्वा. छाङ्गरुको विधिवत् रूपमा उद्घाटन तथा भवन शिलान्यास भई ३० प्रतिशत कार्य सम्पन्न भएको र मिति २०७७/०७/१९ गते जिल्ला मुस्ताङ्, लोमान्थाङ्ग गाउँपालिका-४ स्थित नेचुङ्गमा बि.ओ.पि. नेचुङ्गको भवन शिलान्यास भई ३० प्रतिशत कार्य सम्पन्न भएको।
- महत्वपूर्ण सीमा इलाकामा सीमा निगरानीका लागि अघिल्लो आ.व.मा १२ स्थानमा ४३ वटा सि.सि. क्यामरा जडान गरिएकोमा यस अवधिमा थप ७६ स्थानमा २१७ सि.सि. क्यामरा जडान गरिएको हुँदा हाल जम्मा ८८ स्थानमा कुल २६० सि.सि. क्यामरा जडान भएको।
- सीमा स्तम्भहरूको नियमित अनुगमन, रेखदेख गरी अतिक्रमण हुन नदिने तथा सो सम्बन्धमा मासिक रूपमा प्रतिवेदन पेश गर्ने गरिएको। सीमा इलाकामा २७७९ (नफ्री २२२१८ जना) वटा संयुक्त गस्ती र १२१८ (नफ्री १०६३६ जना) वटा एकल गस्ती सञ्चालन भएको।
- नयाँ भेटिएका सीमा स्तम्भहरू (मुख्य सीमा स्तम्भ-११ र १२ हुम्ला) जि.पि.एस. प्रणालीमा राखी अभिलेखीकरण गर्ने कार्य सम्पन्न भइसकेको।
- सीमा व्यवस्थापनमा सहजीकरणका लागि मोबाइल एप्स निर्माण गरी हाल परीक्षणको क्रममा रहेको।
- सीमा इलाकामा अवैध भरुवा बन्दुक २३, कटुवा पेस्तोल ७ नाल SUNMITA INDUSTRIAL सेमिअटोमेटिक पेस्तोल-१ नाल, Humica Indeseral पेस्तोल-१ नाल, घरेलु बन्दुक (साइकलको वेरिङ्गमा लाग्ने बल प्रयोग हुने)- १ नाल र Made in Italy Auto Pistol लेखिएको -१ नाल गरी जम्मा ३४ नाल

लगायत विभिन्न प्रकारका लागूऔषधहरू बरामद गरिएको, मानव वेचबिखनमा शंकास्पद (६२ जना बेचिन लागेका र बेच्ने कार्यमा संलग्न ४४ जना) व्यक्तिहरूलाई नियन्त्रणमा लिई सम्बन्धित निकायमा बुझाइएको।

- प्रतिवेदन अवधिभर रु. ८१,२५,५५,२६० बराबरको अवैध चोरी पैठारी निकासीका सामान बरामद गरी सम्बन्धित कार्यालयमा बुझाइएको।
- सशस्त्र प्रहरी बल, नेपाल र भारतीय सशस्त्र सीमा बल (SSB) बीच DIG स्तर -१ वटा, जिल्लास्तर -१६ वटा, गणस्तर -६४ वटा, गुल्मस्तर -१ वटा र स्थानीयस्तर -३६ वटा तथा चिनियाँ सुरक्षा समकक्षीसँग जिल्लास्तर -५ वटा गरी कुल १२३ वटा सीमा समन्वयात्मक बैठक सञ्चालन भएको। तत्सम्बन्धी विवरण रेखाचित्र नं. २.३.२.३ मा प्रस्तुत गरिएको छ।





रेखाचित्र नं. २.३.२.३: सीमा समन्वयात्मक बैठक

- उत्तरी सीमाको BOP -१ (हुम्ला जिल्लाको हिल्सा) को जग्गा प्राप्ति पश्चात् वहुवर्षीय खरिद सम्झौता गरी भवन निर्माण गर्ने कार्य अन्तर्गत जग्गा प्राप्तिको प्रक्रियामा रहेको।
- विपद् व्यवस्थापनको कार्यदिशलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न जनशक्ति तथा उपलब्ध स्रोत साधनको अधिकतम प्रयोग गरी उद्धार तथा राहत कार्यका लागि दक्षता अभिवृद्धि क्रियाकलापहरू सञ्चालन गरिएको।
- सशस्त्र प्रहरी बल, नेपालका ७ वटा वाहिनी मुख्यालयहरू अन्तर्गत प्रदेशस्तरीय विपद् व्यवस्थापन टिम, विपद् व्यवस्थापन तालिम शिक्षालय कुरिनटार, नं. २० गण (विपद् उद्धार), काठमाडौं तथा नं. ९ पशुपतिनाथ वाहिनी मुख्यालय, बलम्बुमा १/१ प्लाटुन गरी जम्मा १० स्थानमा विपद् व्यवस्थापन तालिम प्राप्त दक्ष जनशक्तिलाई आवश्यक उद्धार सामाग्रीहरू सहित २४सैं घण्टा स्टयाण्डवाई अवस्थामा राखिएको। स.प्र.बल, नेपालमा हालसम्म १,८६६ जना सशस्त्र प्रहरी कर्मचारीहरूले विपद् व्यवस्थापन तालिम प्राप्त गरिसकेको जसमध्ये वाहिनी मुख्यालय लगायत मातहत कार्यालयहरूमा जम्मा १,२५० जना विपद् व्यवस्थापन तालिम प्राप्त सशस्त्र प्रहरी कर्मचारीहरू परिचालित रहेका।
- स्थानीय स्तरमा सञ्चालन गरिने विपद् सम्बन्धी जनचेतनामूलक कार्यक्रम अन्तर्गत शीतलहर तथा चिसोबाट बच्ने उपाय सम्बन्धी ७१ वटा विद्यालयहरू र ६३१ स्थानीय क्लबहरूमा गरी ५,७१४ जना सहभागी संलग्न गरी कक्षा सञ्चालन गरिएको।
- २०२ वटा विपद् व्यवस्थापन सम्बन्धी तालिम सञ्चालन गर्ने कार्य अन्तर्गत विपद् व्यवस्थापन सम्बन्धी ७ वटा उन्नत तालिममा २४८ जना र १३८ वटा विपद् व्यवस्थापन अनुशिक्षण तालिममा ५,०९० जना सशस्त्र प्रहरी कर्मचारीहरू सहभागी भएका।
- विभिन्न किसिमको १,६५६ वटा घटनाहरूमा ३२२ जना जीवित उद्धार, १,८०२ जना घाईते उद्धार र ८६६ जनाको शव निकालेको जसमा १७,९२४ जना सशस्त्र प्रहरी कर्मचारी परिचालन भएको। विपद् व्यवस्थापन तालिम शिक्षालय कुरिनटारमा सञ्चालित सशस्त्र प्रहरी बल ट्रमा केयर अस्पताललाई थप व्यवस्थित र स्तरवृद्धि गर्न मजकुर गृह मन्त्रालयमा पहल भइरहेको।

- विशिष्ट व्यक्ति सुरक्षा अन्तर्गत ६३ स्थानमा ३३२ जना, जलविद्युत आयोजना तथा अन्य राष्ट्रिय गौरवका आयोजना सुरक्षा अन्तर्गत ६ स्थानमा २२७ र महत्वपूर्ण प्रतिष्ठान अन्तर्गत ११ स्थानमा २९४ जना स.प्र.क.हरू तथा राजदूतावास ५ वटामा ८५ जना गरी जम्मा ९९३ जना स.प्र.क.हरू परिचालित रहेको। अति विशिष्ट तथा विशिष्ट व्यक्तिहरूको १४३ वटा भ्रमण कार्यक्रमको सुरक्षा व्यवस्था मिलाइएको।
- सशस्त्र प्रहरी बल, नेपालको वार्षिक तालिम क्यालेण्डर अनुसार ८ वटा महत्वपूर्ण प्रतिष्ठान सुरक्षा तालिममा ३९८ जना प्रशिक्षार्थीहरू सहभागी भई समापन भइसकेको।
- हालसम्म विशिष्ट व्यक्ति सुरक्षा तालिम १,४६१ जना, विशिष्ट व्यक्ति तथा महत्वपूर्ण प्रतिष्ठान सुरक्षा तालिम ५४३ जना र औद्योगिक तथा महत्वपूर्ण प्रतिष्ठान सुरक्षा तालिम १,६३० जना सशस्त्र प्रहरी कर्मचारीहरूलाई प्रदान गरिएको।
- नेपाली सेना विद्युत तथा यान्त्रिक शिक्षालय खरिपाटीमा INSAS हतियार सम्बन्धी मेकानिक्स-२८ जना र प्रशिक्षक तालिम-३० जना गरी जम्मा ५८ जना स.प्र.क.लाई तालिम प्रदान गरिएको ।
- विभिन्न युनिटहरूबाट ३७८ वटा Force March (६,२८३ जना) टोली परिचालित गरिएको।
- आर्थिक वर्ष २०७७/०७८ मा २३ भरुवा बन्दुक ७ कटुवा पेस्तोल १ सेमिअटोमेटिक पेस्तोल १ अटोमेटिक पेस्तोल १ घरेलु बन्दुक १ Humica Indeseral लगायतका अवैध हातहतियार, गोली गठ्ठा सहित संलग्न ३९ जनालाई पक्राउ गरिएको।
- इन्टेलिजेन्स व्यूरोबाट प्राप्त सूचनाको आधारमा भाद्र २७ गते, कार्तिक ५ गते र मंसिर २७ गते सञ्चालित ३ वटा अप्रेशनमा पोलेन जस्तो देखिने लागूऔषध १२ के.जी., मोर्फिन र डाईजिपाम १५० पिस र अन्दाजी ५० के.जी.चरेश सहित ९ जना पक्राउ गरी सम्बन्धित निकायमा बुझाएको।
- निम्नानुसार लागु औषध बरामद गरी संलग्नलाई पक्राउ गरिएको। बरामद भएको लागु औषधको प्रकृति रेखाचित्र नं. २.३.२.४ मा प्रस्तुत गरिएको छ।

**रेखाचित्र नं. २.३.२.४: बरामद लागु औषधको प्रकृति**




- अन्य विभिन्न अपराधमा संलग्न व्यक्ति पक्राउ संख्या २८० जना रहेको।
- यस आ.व. २०७७/७८ मा २ वटा ईन्टेलिजेन्स सम्बन्धी तालिममा ६७ जना सशस्त्र प्रहरी कर्मचारीहरू सहभागी रहेको र ईन्टेलिजेन्स सम्बन्धी तालिम ११३ जना सशस्त्र प्रहरी कर्मचारीहरूलाई प्रदान गरिएको।

- मातहत एकाइहरूले समसामयिक परिस्थिति अनुकुल सुरक्षा योजना (ने.क.पा. विप्लव समूह गतिविधि, भि.आई.पि, भि.भि.आई.पि सुरक्षा, चाडपर्व सुरक्षा लगायतका विभिन्न सुरक्षा योजना) बनाई परिचालित हुने गरेकोमा चाडपर्व लक्षित सुरक्षा योजना बनाई १७,३४७ जनशक्ति परिचालित भएको।
- इन्टेलिजेन्स व्यूरोबाट प्राप्त सूचनाको आधारमा श्रावण २६ गते र कार्तिक २० गते सञ्चालित २ वटा अप्रेशनमा ४ जना प्रतिबन्धित ने.क.पा. (विप्लव) समूहका कार्यकर्ताहरू पक्राउ गरी सम्बन्धित निकायमा बुझाएको।
- इन्टेलिजेन्स व्यूरोबाट प्राप्त सूचनाको आधारमा माघ १४ गते सञ्चालित अप्रेशनमा सिन्धुपाल्चोक भोटेचौर गा.पा.-३ स्थायी वतन भई जिल्ला काठमाडौं सामाखुशी टाउनप्लानिङ्ग बस्ने वर्ष २८ को कृष्ण चौलागाईलाई काठमाडौं म.न.पा.-२६ लैनचौरबाट कटुवा पेस्तोल नाल-१, ७.६२ मि.मि. बाल राउण्ड गोटा-१ र मोबाईल फोन थान-१ सहित नियन्त्रणमा लिई सम्बन्धित निकायमा बुझाएको ।
- इन्टेलिजेन्स व्यूरोबाट प्राप्त सूचनाको आधारमा चैत्र १४ गते सञ्चालित अप्रेशनमा का.म.न.पा.-५, हाँडीगाउँ स्थित निम्बु क्याफेबाट जिल्ला काभ्रे, रोशी गा.पा.-३, शिखरअम्बोटे घर भई जडिबुटी बस्ने वर्ष २८ को पोते लामा र ऐ. जिल्ला नमोबुद्ध न.पा.-११, पुटगाउँ घर भई जडिबुटी बस्ने बर्ष २४ को अनन्त तामाङलाई अन्दाजी १५.३० बजेको समयमा "Automatic Pistol Made in USA" लेखिएको ९ मि.मि. पेस्तोल थान-१, ऐ.को म्यागजिन थान-१, ऐ.हतियारमा प्रयोग हुने ९ मि.मि. बाल राउण्ड गोटा-५, सामसुङ मोबाइल सेट थान-१, भिभो मोबाईल सेट थान-१ र प्रदेश नं. ३-०२ ०११ प. ४३१५ नं. को पल्सर मोटरसाईकल थान-१ सहित नियन्त्रणमा लिई सम्बन्धित निकायमा बुझाएको।

### (घ) सिजर्नात्मक कार्य

- विश्व वातावरण दिवस तथा निजामती सेवा दिवसको अवसरमा स.प्र.बल, नेपालका विभिन्न युनिटहरूमा फलफूल ८,०१८ र अन्य १६,२२१ गरी २४,२३९ सङ्ख्यामा वृक्षरोपण गरिएको।
- संगठनमा राम्रो काम गर्ने स.प्र.क.हरूलाई प्रोत्साहन स्वरुप पुरस्कृत गरिएको जसअन्तर्गत कुल ४० जना पुरस्कृत भएको।
- मानव अधिकार एवं कानुनी विषयहरूमा ९ (नौ) वटा युनिटहरूमा तालिम सञ्चालन भएको।
- ५ वटा वाहिनीमा लैङ्गिक हिंसा सम्बन्धी अनुशिक्षण तालिम सञ्चालन गरिएको।
- संगठनमा लैङ्गिकमैत्री वातावरण निर्माण गर्न सबै एकाइहरूलाई लैङ्गिक समानता सम्बन्धी परिपत्र गरिएको।

### (ङ) गुनासो व्यवस्थापन

- सशस्त्र प्रहरी बल, नेपालका कार्यालयहरूलाई एकजना अधिकृतलाई फोकल पर्सनको जिम्मेवारी दिई कार्य गर्न/गराउन निर्देशन गरिएको।

- गुनासो तथा उजुरी प्राप्त गर्ने माध्यमहरूलाई सरल, सहज र पहुँचयोग्य बनाई स.प्र.बल, नेपालले विभिन्न माध्यम हेलो सरकार, वेभ मेल, फेसबुक, टेलिफोन, प्रत्यक्ष गुनासो आदिबाट गुनासो तथा उजुरी प्राप्त गर्ने व्यवस्था गरेको। यस प्रतिवेदन अवधिमा प्राप्त गुनासो तथा उजुरीको विवरण तालिका नं. २.३.२.३ बमोजिम रहेको।

**तालिका २.३.२.३: गुनासो तथा उजुरी र फछ्यौंटको अवस्था**

| सि.नं. | गुनासोको माध्यम | गुनासोको संख्या | फछ्यौंटको अवस्था | |
|---|---|---|---|---|
| | | | भइसकेको | हुन बाँकी |
| १. | हेलो सरकार | १२ | १२ | ० |
| २. | गृह मन्त्रालय | १६ | १६ | ० |
| ३. | अन्य माध्यम | ११९ | १०० | १९ |
| जम्मा | | १४७ | १२८ | १९ |

उपर्युक्त तालिकाबाट स्पष्ट हुन्छ कि उक्त सङ्गठनले प्राप्त गुनासो तथा उजुरीको ८७ प्रतिशत फछ्यौंट गर्न सकेको देखिन्छ।

### (च) माइलस्टोन प्रगति

- २ वटा तालिम शिक्षालय (स.प्र.बल, नेपाल सीमा सुरक्षा तालिम शिक्षालय बर्दघाट र स.प्र.बल, नेपाल जवान तालिम शिक्षालय नौबस्ता) को भवन निर्माण गर्ने कार्य सम्पन्न भएको ।
- गुल्म (२ वटा) को भवन निर्माण गर्ने कार्य अन्तर्गत स.प्र.बल, नेपाल आश्रित गुल्म बाजुराको भौतिक पूर्वाधार निर्माणको लागि जग्गा प्राप्ति अन्तिम चरणमा रहेको र स.प्र.बल, नेपाल आश्रित गुल्म रामेछापको निर्माण कार्य सम्पन्न भएको ।
- नेपाल ए.पि.एफ. अस्पतालका लागि आ.व. २०७७/०७८ मा आवश्यक Patient Controlled Analgesia device, Hysteroscopy Complete set, Microdebrider र BMD (Bone Mineral Density) Scan-१/१ सेट बोलपत्रको माध्यमबाट खरिद गरिएको।

### (छ) कोभिड नियन्त्रणमा गरिएको प्रयास र प्रगति

- नेपाल सरकारबाट भएका निर्णयहरू कार्यान्वयन गर्न/गराउन, स. प्र. बल, नेपालको आन्तरिक सुरक्षा तथा वाह्य सुरक्षामा परिचालनलाई प्रभावकारी बनाउन, परिचालनको अनुगमन गर्न/गराउन कार्य तथा सीमा सुरक्षा विभागका प्रमुख सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षकको अध्यक्षतामा मिति २०७६/१२/०६ गते १० सदस्यीय सशस्त्र प्रहरी बल, नेपाल Crisis Response मूल समिति गठन गरी कार्य सम्पादन गर्दै आइरहेको ।
- सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय मातहत बाहिनी तथा गण, गुल्महरूमा मिति २०७६/१२/०७ गतेदेखि २४ सै घण्टा कार्य गर्ने गरी छुट्टै शाखाको रूपमा Crisis Response Cell गठन गरी कोभिड-१९ संक्रमण रोकथाम तथा नियन्त्रणमा सशस्त्र प्रहरी बल, नेपालको परिचालन गर्ने कार्य भइरहेको ।

- विश्वका विभिन्न देशमा नोवेल कोरोना भाइरस कोभिड-१९ को संक्रमणको शुरुवात भएपश्चात् रसुवा जिल्लाको टीमुरेमा २०७६/१०/११ गते पहिलो हेल्थ डेस्क स्थापना गरी नेपाल सरकारबाट लकडाउन घोषणा हुनु अगाडिसम्म कुल १९० स्थानमा अन्य निकायहरूसँग समेत समन्वय गरी हेल्थ डेस्क स्थापना गरी सोही अवधिसम्म ७ लाख १ हजार ७ सय ३ जना व्यक्तिको परीक्षण समेत गरिएको।
- जनसमुदायमा कोरोना भाईरसको संक्रमण रोकथाम सम्बन्धमा सचेतनाका लागि विभिन्न ४३ स्थानहरूमा हेल्थ डेस्क राखिएको साथै विभिन्न एकाईहरूमा घुम्ती मनोपरामर्श सम्बन्धी जनचेतनामूलक कार्यक्रमहरू ३ चरणमा सञ्चालन गरिएको।
- कोभिड-१९ को समयमा पर्न सक्ने मनोवैज्ञानिक प्रभाव न्यूनिकरणको लागि सशस्त्र प्रहरी बल, नेपालका विभिन्न् युनिटहरूमा मनोपरामर्शकर्ता र चिकित्सक सहितको टोलीले मनोपरामर्श सेवा अन्तर्गत Psychological First Aid (PFA) तालिममा ४४३ जना सशस्त्र प्रहरी कर्मचारीहरूलाई प्रशिक्षण गराइएको।

  सीमा नाकाबाट आवतजावत गर्ने व्यक्तिको विवरण राख्ने गरिएकोमा यो अवधिमा सीमा नाकाबाट ९,६२,२१६ जना प्रवेश र १०,८३,४९१ जना प्रस्थान गरेको देखिन्छ।
- सीमा नाकाबाट आवतजावत गरेका सवारी साधनको विवरण राख्ने गरिएको। जसमा लकडाउन पश्चात् प्रतिवेदन अवधिभर ४,७०,८५१ वटा सवारी साधन नेपाल प्रवेश गरेको र ५,५६,६०० वटा सवारी साधन भारततर्फ प्रस्थान गरेको। साथै त्रिभुवन अन्ताराष्ट्रिय विमानस्थलबाट ४,७७,५०१ जना आगमन र ३,५३,९६७ जना प्रस्थान गरेको ।
- देशभर परिचालित सशस्त्र प्रहरी कर्मचारीहरूको स्वास्थ्य अवस्थालाई नियमन तथा अनुगमन गरी आवश्यक राय सुझाव दिन र ड्यूटीको सिलसिलामा कुनै पनि घटनाहरू घटेमा साथै व्यक्तिगत आपत्कालीन अवस्थामा समेत जानकारी दिन सक्ने गरी COVID-19 APF mobile app निर्माण गरी प्रयोगमा ल्याइएको ।
- नेपाल सरकारद्वारा लिइएको लकडाउनको नीतिलाई कार्यान्वयन गर्न र सीमा नाकाबाट हुने आवतजावतलाई नियन्त्रण गर्न BOP हरू एवं FOB हरू स्थापना गरी सीमा ईलाकाका १,१३७ स्थानमा दैनिक २२,५०० जनशक्ति परिचालन गरी सीमा नाकालाई पूर्ण रूपमा सिल गरी कोभिड-१९ रोकथाम तथा नियन्त्रण गर्ने कार्य गरिएको ।

**नेपाल ए.पी.एफ .अस्पतालको व्यवस्थापन एवं अस्पतालद्वारा प्रदान गरिएको स्वास्थ्य सेवाको विवरण**

- मिति २०७६/१२/०८ गतेको नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णयानुसार बलम्बुमा अवस्थित ११० शैयाको नेपाल ए.पि.एफ. अस्पताललाई कोभिड-१९ युनिफाईड कमाण्ड अस्पतालको रूपमा परिणत गरिएको।
- कोभिड-१९ उपचार एवं व्यवस्थापनका लागि नेपाल ए.पि.एफ. अस्पतालका मेडिकल डाइरेक्टर सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक रुपक महर्जनको नेतृत्वमा "कोर ग्रुप" गठन गरिएको।


**नेपाल ए.पी.एफ .अस्पतालबाट अन्य अस्पतालहरूलाई प्रदान गरिएको सहयोगको विवरणः**

- मिति २०७८-०१-३० गते राष्ट्रिय ट्रमा सेन्टरलाई ४७ लिटरको १० सिलिन्डर अक्सिजन प्रदान।
- मिति २०७८-०२-०१ गते स्टार अस्पताललाई ४७ लिटरको २० सिलिन्डर अक्सिजन प्रदान।
- मिति २०७८-०२-०२ गते भक्तपुर अस्पताललाई ४७ लिटरको १५ सिलिन्डर अक्सिजन प्रदान।


- मिति २०७८-०१-०३ गते नेपाल मेडिसिटी अस्पताललाई ४७ लिटरको २५ सिलिन्डर अक्सिजन प्रदान।
- कोभिड-१९ संक्रमित तथा शंकास्पद बिरामीहरूको लागि छुट्याईएको ए.पी.एफ. अस्पतालको पूर्वाधार एवं क्षमता यस प्रकार छः आइ.सि.यू. -२० (१२ भेन्टिलेटर सहित), भेन्टिलेटर -८, HDU–५०,जनरल वार्ड -१३०, सशस्त्र प्रहरी कर्मचारीको लागि अलग आइसोलेसन सेन्टर -६० बेड।
- २०७८ असार मसान्तसम्म नेपाल ए.पी.एफ. अस्पतालद्वारा गरिएको PCR परीक्षण २६०९७ जना
- २०७८ असार मसान्तसम्म कोभिड-१९ को उपचार प्राप्त गर्ने सर्वसाधारण नागरिक २,६६७ जना
- २०७८ असार मसान्तसम्म कोभिड-१९ को उपचार प्राप्त गर्ने सुरक्षाकर्मी १,०५० जना
- २०७८ असार मसान्तसम्म कोभिड-१९ को उपचार प्रदान गरिएको संख्या ३,७३७ जना
- उपचार पश्चात् निको भएका ३,४७९ जना
- २०७८ असार मसान्तसम्म ICU मा राखी उपचार प्रदान गरिएको संख्या ४०१ जना
- २०७८ असार मसान्तसम्म भेन्टिलेटरमा राखी उपचार प्रदान गरिएको संख्या १७७ जना
- २०७८ असार मसान्तसम्म मृत्यू भएको संख्या १५७ जना (स.प्र.क.३)
- २०७८ असार मसान्तसम्म सर्वसाधारणहरूलाई खोपः प्रथम मात्रा २९,१४४ र दोस्रो मात्रा ४,०८२
- २०७८ असार मसान्तसम्म स.प्र.क.हरूलाई खोपः प्रथम मात्रा- ४,९०७, दोस्रो मात्रा २,६३७

नेपाल सशस्त्र प्रहरी अस्तपत्तालबाट समीक्षा अवधिमा गरिएको पिसिआर परीक्षण तथा उपचारको विवरण रेखाचित्र नं. २.३.२.५ र रेखाचित्र नं. २.३.२.६ मा प्रस्तुत गरिएको छः

**रेखाचित्र नं. २.३.२.५: नेपाल ए.पी.एफ. अस्पतालबाट PCR परीक्षण**




**रेखाचित्र नं. २.३.२.६: नेपाल ए.पी.एफ. अस्पतालबाट कोभिड-१९ बिरामी उपचार**



### २.३.३ राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

#### (क) बजेट विनियोजन र खर्च

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका लागि आर्थिक वर्ष २०७७।७८ मा शुरू विनियोजन ५ करोड मात्र भएकोमा पछि अनुदान रकममा रु. ३२ करोड ८६ लाख र पुँजीगततर्फ रु. २२ करोड ०६ लाख बजेट थप भई कुल जम्मा रु. ६० करोड ७३ लाख खुद वजेट कायम हुन आएको थियो। उक्त अनुदान रकम रु. ३२ करोड ८६ लाख मध्ये रु. ३२ करोड ८५ लाख ७६ हजार आर्थिक वर्षको अन्त्यसम्ममा २२ जिल्लाहरूका लागि निकासा गरिएको थियो। यसरी भएको खुद विनियोजनको आधारमा प्राधिकरणले चालु खर्चतर्फ ५१.३४ प्रतिशत, विपद् पश्चातको पुनर्स्थापना तथा पुनर्निर्माण, जग्गा खरिद अनुदान रकम तर्फ ९९.९९ प्रतिशत र पूँजीगत खर्चमा जम्मा २२ प्रतिशत गरी खुद विनियोजनको ६७ प्रतिशत खर्च गरेको देखिन्छ (तालिका नं. २.३.३.१)।

**तालिका नं. २.३.३.१: आ.व.२०७७/७८ मा बजेट विनियोजन तथा खर्चको अवस्था (रू.हजारमा)**

| चालु /पूँजीगत | शुरू बजेट | खुद बजेट | खर्च | वित्तीय प्रगति |
|---|---|---|---|---|
| चालुतर्फ | ३,५५,०० | ५,८१,३९ | २,९८,४७ | ५१.३४ |
| विपद पुर्नस्थापना तथा पुनर्निर्माण, जग्गा खरिद अनुदान रकम | ० | ३२,८६,०० | ३२,८५,७६ | ९९.९९ |
| पूँजीगत तर्फ | १,४५,०० | २२,०६,०० | ४,८५,२३ | २२.०० |
| कुलजम्मा | ५,००,०० | ६०,७३,३९ | ४०,६९,४७ | ६७.०० |

*स्रोत : राष्ट्रिय विपद जोखिम न्युनिकरण तथा व्यवस्थापन प्राधिकरण*

यसरी विनियोजित बजेटको स्रोतगत विनियोजन र खर्चको विवरण तालिका नं. २.३.३.२ मा प्रस्तुत गरिएको छ।

**तालिका नं. २.३.३.२: आ.व. २०७७/७८ को बजेट विनियोजन तथा खर्चको स्रोतगत अवस्था**

*(रू. हजारमा)*

| स्रोतगत | शुरू बजेट | खुद बजेट | खर्च | वित्तीय प्रगति |
|---|---|---|---|---|
| नेपाल सरकार | ५,००,०० | १८,१८,५६.८ | १६,२०,४६.६४ | ८९.११ |
| वर्ल्ड बैंक -ट्रष्ट कोष | ० | २२,०९,८२ | ४,२१,५०.२७ | १९.०७ |
| आइडिए/डिपिसि | ० | २०,४५,०० | २०,२७,४९.७७ | ९९.१४ |
| कुल जम्मा | ५,००,०० | ६०,७३,३८.८ | ४०,६९,४६.६८ | ६७.०० |

स्रोतः LMBIS

## (ख) नियमित संस्थागत कार्य प्रगति

### *(अ) निजी आवास पुनर्निर्माण र पुनर्स्थापना सम्बन्धी*

उक्त आर्थिक वर्षमा वि.सं. २०७८ को मनसुनबाट निजी आवास पूर्ण क्षति भएका घर परिवारलाई अस्थायी आवास निर्माण गर्ने प्रयोजनका लागि यस प्राधिकरणलाई प्राप्त रु. २,८६,००,०००।- (दुई करोड छयासी लाख) र गत वर्षको लागि प्राप्त अनुदान रकमबाट बाँकी रु. ७३,७५०।- (त्रिहत्तर हजार सात सय पचास) मध्येबाट पचास हजारका दरले अनुदान उपलव्ध गराउने गरी जिल्ला विपद् व्यवस्थापन कोषमा रकम पठाउन शुरु गरिएको छ। आर्थिक वर्षको अन्त्यसम्म ८ जिल्ला (प्यूठान, दैलेख, दाङ, हुम्ला, अर्घाखाँची, लमजुङ, सिन्धुपाल्चोक र बाजुरा) का ५७३ लाभग्राहीहरूका लागि अनुदान रकम वापत रु. २,८६,५०,०००।- (दुई करोड छयासी लाख पचास हजार) पठाईसकिएको छ। गत २०७७ सालको मनसुनजन्य विपदबाट क्षतिग्रस्त निजी आवासलाई सुरक्षित तरिकाले मर्मत, प्रबलीकरण, पुननिर्माण र पुनर्स्थापना गर्ने कार्यलाई व्यवस्थित रूपले सञ्चालन गरी विपद् प्रभावितलाई प्रदान गरिने अनुदानलाई व्यवस्थित गर्ने उद्देश्य बमोजिम विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिले मिति २०७७/०९/२६ मा जारी गरेको मनसुनजन्य विपद् प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधि,२०७७ अनुसार यस प्राधिकरणलाई प्राप्त रु.३०,००,००,०००।- (तीस करोड) मध्ये हालसम्म विभिन्न २२ जिल्ला (म्याग्दी, धनकुटा, भोजपुर, स्याङ्जा, बाजुरा, पर्वत, मोरङ्ग, बाग्लुङ्ग, रुकुम, पश्चिम, दार्चुला, कालिकोट, रोल्पा, कास्की, जाजरकोट, संखुवासभा, लमजुङ, मकवानपुर, बझाङ्ग, तनहुँ, गोरखा, नुवाकोट र सिन्धुपाल्चोक) का ४,९३७ जना लाभग्राहीलाई उपलव्ध गराउन रु.२९,९९,२६,२५०।- (उनन्तीस करोड उनान्सय लाख छब्बीस हजार दुई सय पचास) अनुदान रकम सम्बन्धित जिल्ला विपद् व्यवस्थापन कोषमा पठाइसकिएको छ।

अनुदान प्रयोजनको लागि हुने कुल लागत मध्ये महानगरपालिका/उपमहानगरपालिकाले २० प्रतिशत, नगरपालिकाले १५ प्रतिशत, गाउँपालिकाले १० प्रतिशत, प्रदेश सरकारले ३० प्रतिशत र बाँकी सङ्घीय सरकारले व्यहोर्ने प्रावधान बमोजिम राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणबाट पठाइएको रकम सङ्घीय सरकारले व्यहोर्ने लागत सहभागिता वापतको रकम हो। विभिन्न २२ जिल्लाबाट कुल ५,९१४ लाभग्राहीको सूची राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा प्राप्त भएकोमा ९७७ जना आवास प्रबलीकरण गर्नुपर्ने लाभग्राहीको हकमा कार्यविधिले तोकेबमोजिम सम्झौता गरी सम्झौता अनुसार कार्यसम्पन्न गरेको प्राविधिक जाँचपास प्रतिवेदन र जिल्ला विपद् व्यवस्थापन समितिको निर्णयानुसार रकम माग गरी पठाउनुहुन सम्बन्धित जिल्ला प्रशासन कार्यालयलाई जानकारी गराईएको छ।बाँकी ४,९३७ जना लाभग्राही मध्ये ३,२६० जना पुनर्निर्माणका लाभग्राहीको हकमा र १,६७७ जना पुनर्स्थापनाका लाभग्राहीको हकमा सम्झौता हुनासाथ आवास पुनर्निर्माणका लागि पहिलो किस्ता बापत पचास हजार मध्ये सङ्घीय सरकारको लागत सहभागिता अन्तर्गतको रु. १४,२६,१०,०००।- (चौध करोड छब्बीस लाख दश हजार) र अस्थायी आवास निर्माणको लागि पचास हजार मध्ये सङ्घीय सरकारको लागत सहभागिता

अन्तर्गतको रु. १२,८४,८६,२५०।- (बाह्र करोड चौरासी लाख छयासी हजार दुई सय पचास) अनुदान रकम पठाइएको छ।

अस्थायी आवास निर्माणको लागि नुवाकोट र सिन्धुपाल्चोक जिल्लामा पहिलो किस्ता वापत पच्चीस हजारमध्ये सङ्घीय सरकारको लागत सहभागिताको हिस्सा मात्र पठाइएकोमा बाँकी थप रकम आगामी आर्थिक वर्षको सुरुवातमा पठाउने गरी तयारी भईरहेको छ। उक्त २२ जिल्लामध्ये ८ जिल्ला (धनकुटा, स्याङ्जा, पर्वत, मोरङ्ग, बाग्लुङ्ग, दार्चुला, कास्की र संखुवासभा)का ३२९ लाभग्राहीलाई निजी जग्गा घडेरी खरिदको लागि रजिष्ट्रेशन दस्तुर तिरेको प्रमाणित लिखतको आधारमा बढीमा तीन लाख रुपैयाँसम्म जग्गादाताको बैंक खातामा उपलव्ध गराउन सङ्घीय सरकारको लागत सहभागिताको अनुदान बापतको रकममध्ये हाललाई सोको ५० प्रतिशत रु. २,८८,३०,०००।- (दुई करोड अठासी लाख तीस हजार) समेत उपलव्ध गराईएको छ। लागत सहभागिताको बाँकी ५० प्रतिशत रकम सम्बन्धित जिल्ला प्रशासन कार्यालयले माग गरेपश्चात पठाइनेछ।

**वन डढेलो तथा जलवायूजन्य विपद् जोखिम न्यूनीकरण सम्बन्धी तालिम/गोष्ठी/अभिमुखीकरण कार्यक्रमहरू**

- विपद प्रतिकार्य व्यवस्थापन सम्बन्धी अन्तरक्रिया कार्यक्रम,
- वन डढेलो तथा आगलागीको जोखिम पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धी अन्तर्किया कार्यक्रम,
- Risk Sensetive Land Use and Development Planning Programme,
- पर्यटनमा विपद् उत्थानशीलताः सरकारी, निजी क्षेत्र र समुदायको सहकार्य,
- जलवायुजन्य विपद तथा वन डढेलो जोखिम न्यूनीकरण तथा व्यवस्थापन सङ्घीय, प्रादेशिक तथा स्थानीय सरकार बीचको रणनैतिक सहकार्य कार्यक्रम,
- मनसुन पूर्वतयारी तथा प्रतिकार्यमा आधारित कृत्रिम घटना अभ्यास अन्तर्गत सिमुलेशन अभ्यास,
- मनसुन पूर्वतयारी तथा प्रतिकार्यमा आधारित कृतिम घटना अभ्यास अन्तर्गत सिमुलेशन अभ्यास,
- मनसुन पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना २०७८ का लागि प्राधिकरण र ७ प्रदेशहरूबीच अन्तर्क्रिया कार्यक्रम,
- Training of Trainers on Disasters Response Tabletop Exercise (ToT),
- नेपालमा विपद्का लुप्त घटना (Silent Disasters: Data on Disaster Events, Damage and Loss in Nepal), सम्बन्धी अन्तरक्रिया कार्यक्रम ।

***आ) अन्य कार्यहरू***

- विपद् जोखिम वित्तीय व्यवस्थापन रणनीति, २०७८
- विपद् पीडित उद्धार र राहत सम्बन्धी (सातौं संशोधन) मापदण्ड, २०७७ कार्यान्वयनमा ल्याईएको।
- प्रारम्भिक द्रुत लेखाजोखा कार्यविधि, २०७२ को IRA खण्ड (प्रथम संशोधन),
- आगलागीबाट क्षति भएका निजी आवास पुनर्निर्माण सम्बन्धी कार्यविधि, २०७८,
- Technical Guidelines to Conduct Field Investigation of Settlements Affected by Landslides.

***इ) जनचेतनामूलक कार्यहरू***

- विपदका घटनाहरूको दैनिक बुलेटिन सार्वजनिक गर्ने गरिएको,

- DRR Portal, BIPAD Portal, bipad.gov.np मार्फत विपद्सँग सम्बन्धित जानकारी तथा तथ्याङ्कहरू सार्वजनिक गरिएको,
- विपद्का घटनाहरूबारे जनचेतनामूलक श्रव्यदृष्य सामग्री स्थानीय भाषाहरूमा समेत तयार गरी प्राधिकरणको सामाजिक सञ्जाल र विभिन्न रेडियो, टेलिभिजन मार्फत प्रसारण भइरहेको,
- फेसबुक, रेडियो नेपाल, युट्युव, ट्वीटर लगायत प्रदेश स्तरीय सञ्चार माध्यमहरूबाट मौसम पूर्वानुमान तथा सम्भावित विपद्का सूचना र सुरक्षाका उपायहरू सम्बन्धी जनचेतनाका विषयवस्तुहरू (स्थानीय भाषामा समेत) नियमित प्रसारण गरिएको।

### ई) अध्ययन तथा अनुसन्धानात्मक कार्यक्रम

- Application of Geospatial Information Technology for Disaster Risk Management and Decision Support सम्बन्धी कार्यशाला सम्पन्न गरिएको।
- Preliminary Report on Probable Boulder Fall Problem above Negi Settlement (दुप्चेश्वर गाउँपालिका, नुवाकोट)सम्बन्धी स्थलगत अनुगमन तथा प्रतिवेदन तयार।

### उ) विपदबाट भएको मानवीय क्षति

विगत तीन आर्थिक वर्षहरूमा भएका विभिन्न खाले विपद्हरूबाट हुने मानवीय क्षतिको प्रवृत्ति हेर्दा वर्षा, बाढी, पहिरो र जनावर आक्रमणबाट हुने मानवीय क्षति बढ्दो क्रममा देखिएको छ भने हावाहुरीका कारणबाट हुने मानवीय क्षति घटेको देखिन्छ जसको विवरण तालिका नं. २.३.३.३ मा प्रस्तुत गरिएको छ।

**तालिका नं. २.३.३.३: विपदबाट भएको मानवीय क्षति**

| क्र.सं. | विपद्को प्रकार | मानवीय क्षति | | | कैफियत |
|---|---|---|---|---|---|
| | | आ.व. २०७५/०७६ | आ.व. २०७६/०७७ | आ.व. २०७७/०७८ | |
| १ | आगलागी | ७२ | ३७ | ७९ | |
| २ | बाढी | ३ | २३ | ४३ | |
| ३ | पहिरो | ८२ | १५० | २५० | |
| ४ | चटयाङ्ग | ४९ | ८८ | ५९ | |
| ५ | जनावर आक्रमण | ३२ | ४३ | ४९ | |
| ६ | महामारी | २ | ० | ० | |
| ७ | हावाहुरी | ४८ | ७ | २ | |
| ८ | हिमपात | ३ | ७ | १ | |
| ९ | हिमपहिरो | १ | ० | १ | |
| १० | शितलहर | ० | ६ | १ | |
| ११ | अविरल वर्षा | - | २ | १२ | |
| १२ | डुङ्गा दुर्घटना | - | ० | १ | |
| १३ | लेक लाग्नु | - | ६ | ३ | |
| १४ | भूकम्प | - | ० | ० | |
| कुल | | २९२ | ३६९ | ५०१ | |

*स्रोतः राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण*

### २.३.४ अध्यागमन विभाग

#### (क) अध्यागमन विभागको वार्षिक विनियोजित बजेट र खर्चको अवस्था

अध्यागमन विभागको लागि आ.व. २०७७/७८ मा विभिन्न उपशीर्षकमा विनियोजित बजेट,कुल बजेट तथा सो अवधिमा भएको खर्चको विवरण तालिका नं. २.३.४.१ मा रहेको छ ।

**तालिका नं. २.३.४.१: अध्यागमन विभाग र अन्तर्गतको कार्यालयको कुल बजेट र खर्च**

*(रु. हजारमा)*

| बजेट उपशीर्षक | | | बजेट | | | खर्च | | | खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | बजेट कोड | बजेट उपशीर्षक | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा |
| १ | ३१४०३०११ | अध्यागमन विभाग | ६३२६३.१ | ७८६०० | १४१८६३.१ | ५८४६९ | १७३४० | ७५८०९ | ९२.४२ | २२.०६ | ५३.४४ |
| २ | ३१४०३०१२ | अध्यागमन कार्यालयहरू | १८४११२.७ | ५००० | १८९११२.७ | १५०१११ | ४५५७ | १५४६६८ | ८१.५३ | ९१.१४ | ८१.७९ |
| **जम्मा** | | | **२४७३७५.८** | **८३६००** | **३३०९७६** | **२०८५८०** | **२१८९७** | **२३०४७७** | **८४.३** | **२६.१९** | **६९.५६** |

*स्रोत: LMBIS*

माथिको तालिकाबाट अध्यागमन विभागले उक्त आर्थिक वर्षका लागि कुल विनियोजित बजेट रु. १४१८६३.१ हजार मध्ये चालुतर्फ ९२.४२ प्रतिशत र पूँजीगततर्फ २२.०६ प्रतिशत गरी औसतमा ५३.४४ प्रतिशत रकम खर्च गरेको देखिन्छ भने अध्यागमन कार्यालयहरूको कुल विनियोजित बजेट रु. १८९११२.७ हजार मध्ये चालुतर्फ ८१.५३ प्रतिशत र पूँजीगततर्फ ९१.१४ प्रतिशत गरी औसतमा ८१.७९ प्रतिशत रकम खर्च भएको देखिन्छ। विभाग र कार्यालयहरूका लागि जम्मा रु. ३३,०९,७६ हजार विनियोजन भएकोमा चालुतर्फ ८४.३ प्रतिशत र पुँजीगततर्फ २६.१९ प्रतिशत खर्च भई कुल विनियोजनको ६९.५६ प्रतिशत मात्र वित्तीय स्रोत उपयोग हुन सकेको देखिन्छ। अध्यागमन विभागले पुँजीगततर्फ विनियोजित बजेटको उपयोग गर्न सकेको देखिँदैन।

## (ख) अध्यागमन विभागको कार्यसम्पादन स्थिति समीक्षा

- आ.व. २०७७।७८ मा कुल २,७१२ भिसा जारी भएकोमा व्यावसायिक भिसा २,६५२ वटा र कामदार भिसा जम्मा ६० वटा जारी भएको देखिन्छ।
- गैर पर्यटक शाखाबाट जारी भिसाको सङ्ख्यात्मक प्रगति विवरण हेर्दा विभिन्न ८ प्रकारका भिसा जारी हुने गरेकोमा आ.व. २०७७।७८ मा भिसा स्टिकर (MRE/SRE Features) जारी नभएको प्रष्ट हुन्छ । त्यसबाहेक सबैभन्दा बढी नाता भिसा ४,४११ वटा जारी भएको देखिन्छ। त्यसपछि क्रमशः कामदार भिसा ३,३३१ वटा, वैवाहिक भिसा १,२६५ वटा, अध्ययन भिसा १,२५८ वटा, गैरआवासीय नेपाली भिसा ५१ वटा, आवासीय भिसा २१ वटा र प्रेस भिसा १० वटा गरी जम्मा १०,३४७ वटा भिसा जारी भएको देखिन्छ जसको विवरण तालिका नं. २.३.४.२ मा प्रस्तुत गरिएको छ।

**तालिका नं. २.३.४.२: गैरपर्यटक शाखाबाट जारी भिसाको सङ्ख्यात्मक प्रगति विवरण**

| सि.नं. | भिसाको प्रकार | आ.व.को जम्मा | सि.नं. | भिसाको प्रकार | आ.व.को जम्मा |
|---|---|---|---|---|---|
| १. | नाता भिसा | ४,४११ | २. | गैर आवासीय नेपाली भिसा | ५१ |
| ३. | वैवाहिक भिसा | १,२६५ | ४. | आवासीय भिसा | २१ |
| ५. | कामदार भिसा | ३,३३१ | ६. | प्रेस भिसा | १० |
| ७. | अध्ययन भिसा | १,२५८ | | | |
| कुल जम्मा १०,३४७ | | | | | |

*स्रोतः अध्यागमन विभाग*

- पर्यटक भिसा शाखाबाट जारी भिसाको सङ्ख्यात्मक प्रगति विवरण हेर्दा आ.व. २०७७/७८ मा जम्मा १७,८८५ वटा भिसा जारी भएकोमा पर्यटक भिसा १६,८३६ वटा र गैरआवासीय नेपाली भिसा १,०४९ वटा जारी भएको देखिन्छ।
- आ.व. २०७७।७८ मा एजेन्सी शाखाबाट जम्मा ३०९ वटा पदयात्रा अनुमतिपत्र र आ.व. २०७७/७८ को अन्तिम त्रैमासिकमा १४३ वटा अनुमतिपत्र जारी भएका छन्।
- आ.व. २०७७/७८ मा विभिन्न १८ वटा अपराधमा २७७ जना विदेशीहरूलाई निष्कासन गरिएको छ। निष्कासन गरिएकामध्ये सबैभन्दा धेरै ओभर स्टेका कारण २३२ जनालाई निष्कासन गरिएको देखिन्छ जुन कुल संख्याको (८३.७५%) हुन आउँछ। त्यसैगरी लागु औषधको मुद्दामा ८ जना (२.८९%) विदेशीलाई, संदिग्ध आचरण (धर्म प्रचार) को अपराधमा ७ जना (२.५३%) लाई निष्कासन गरेको देखिन्छ । आन्दोलनमा सहभागी, बिना भिसा र खोटा चलनको अपराधमा ४-४ जना (१.४४%) विदेशीलाई विदेशी विनिमय अवैध कारोबारमा संलग्न ३ जना (१.०८%), चोरी, बाल यौनदूराचार र मानव बेचविखन अपराधमा प्रत्येकमा २-२ जना (०.७२%) लाई, राजश्व चुहावट, जाली भिसा र राहदानी भिसा अनियमित, बैकिङ् कसुर, राहदानी च्यातेको, जालसाची र सुन चोरी अपराधमा प्रत्येकमा १-१ जना (०.३६%) लाई र अन्य अपराधमा २ जना (०.७२ प्रतिशत) लाई निष्कासन गरिएको देखिन्छ।

- आ.व. २०७७/७८ मा नेपालमा कुल ४,८२,६३१ जनाको आगमन भएकोमा ६८,१८१ जना विदेशीको र ४,१४,४५० जना स्वदेशी नागरिकको आगमन भएको देखिन्छ। त्यसैगरी प्रस्थान भएका कुल ३,७४,५०७ जनामध्ये ७०,३०८ जना विदेशी रहेका छन् भने ३,०४,१९९ जना नेपाली नागरिक रहेका छन्।

**(ग) राजस्व सङ्कलन**

आ.व. २०७७।७८ मा विभिन्न ६ वटा शीर्षकमा कुल आम्दानी रकम रु. ६३,५०,९९,२३५।५९ भएकोमा सबैभन्दा धेरै भिसा शुल्कबाट रु. ६०,२९,३५,३२४।०९ आम्दानी भएको देखिन आउँछ। त्यसपछि क्रमशः प्रशासनिक दण्ड जरिवाना र जफतबाट रु. २,४९,२९,३७९।६१, पदयात्रा शुल्कबाट रु. ६७,७६,५५६।६९, अन्य प्रशासनिक सेवा शुल्कबाट रु. ३,०७,०००।००, अन्य बिक्रीबाट रु. ८०,०००।०० र असुल गर्नुपर्ने बेरुजुबाट रु. ७०,९७५।२० आम्दानी भएको देखिन्छ ।

### २.३.५ कारागार व्यवस्थापन विभाग

## (क) बजेट विनियोजन र खर्च

कारागार व्यवस्थापन विभाग र मातहतका कारागार कार्यालयहरूका लागि आ. व. २०७६/७७ मा चालुतर्फ रु. १,९३,९०,४७ हजार र पुँजीगततर्फ ४८,५८,०० हजार गरी कुल रु. २,४२,४८,४८ हजार विनियोजन भएकोमा चालुतर्फ रु. १,७७,२२,५७ हजार र पुँजीगततर्फ रु. ३९,०५,३० हजार गरी कुल रु. २,१६,२७,८८ हजार खर्च भएको देखिन्छ। यस हिसाबले चालुतर्फ कुल विनियोजनको ९१.४ प्रतिशत र पुँजीगततर्फ ८०.४ प्रतिशत खर्च हुन गई कुल विनियोजनको ८९.२ प्रतिशत वित्तीय प्रगति भएको देखिन्छ। विभाग र अन्तर्गतका कारागार कार्यालयहरूको चालु र पूँजीगततर्फको बजेट विनियोजन र खर्चको विवरण तालिका नं. २.३.५.१ मा प्रस्तुत गरिएको छ।

**तालिका नं. २.३.५.१: कारागार व्यवस्थापन विभागको बजेट विनियोजन र खर्च**

| बजेट उपशीर्षक | | | बजेट | | | खर्च | | | खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं | बजेट कोड | बजेट उपशीर्षक | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा |
| १ | ३१४०२०११ | कारागार व्यवस्थापन विभाग | १७५३२.५ | ३२४६०० | ३४२१३२.५ | १४७४८ | २७६६३६ | २९१३८५ | ८४.१२ | ८५.२२ | ८५.१७ |
| २ | ३१४०२०१२ | कारागार कार्यालयहरू | १९२१५१५.४ | १६१२०० | २०८२७१५.४ | १७५७५०९ | ११३८९४ | १८७१४०३ | ९१.४६ | ७०.६५ | ८९.८५ |

*स्रोत: LMBIS*

## (ख) कार्यसम्पादनको प्रगति समीक्षा

कारागार व्यवस्थापन विभाग र मातहतका कार्यालयहरूबाट आ. व. २०७६/७७ मा सम्पादित मुख्यमुख्य क्रियाकलापहरूको सूची तालिका नं. २.३.५.२ मा प्रस्तुत गरिएको छ।

**तालिका नं. २.३.५.२: मुख्यमुख्य गतिविधिहरू**

<table>
<tr><th>सि.न.</th><th>कामको विवरण</th><th>कैफियत</th></tr>
<tr><td>१.</td><td>क) शहरी विकास तथा भवन निर्माण विभागसँग समझदारीपत्रमा हस्ताक्षर भई केन्द्रीय कारागार अस्पताल तथा मोरङ, धनकुटा र पाँचथरमा कारागार भवन निर्माणको लागि शहरी विकास तथा भवन निर्माण विभागबाट Tender प्रकृया शुरु भएको।<br>ख) नुवाकोटको त्रिशुलीमा केन्द्रीय कारागार भवनको निर्माणको दोश्रो चरणको निर्माण कार्य अन्तिम अवस्थामा रहेको। सम्पूर्ण निर्माण कार्य शहरी विकास तथा भवन निर्माण विभागबाट हुने।<br>ग) ललितपुर जिल्लाको नख्खुमा महिला बन्दीगृहको निर्माण कार्य अन्तिम अवस्थामा रहेको।<br>घ) शहरी विकास तथा भवननिर्माण विभाग डिभिजन कार्यालयबाट बाँकेको नौवस्तामा क्षेत्रीय कारागार निर्माण कार्य क्रमागतरूपमा सञ्चालन भैरहेको।<br>ङ) बाँकेको गनापुरमा खुला कारागार सञ्चालनका लागि प्रशासनिक र सुरक्षा भवनको निर्माण कार्य अन्तिम अवस्थामा रहेको।</td><td></td></tr>
<tr><td>२.</td><td>असार मसान्त सम्मको कारागारमा रहेका कैदीबन्दीहरूको सङ्ख्यात्मक विवरण
<table>
<tr><td>क)</td><td>पुरुष कैदी बन्दीको सङ्ख्या</td><td>२३,०३२</td></tr>
<tr><td>ख)</td><td>महिला कैदी बन्दीको सङ्ख्या</td><td>१,३५८</td></tr>
<tr><td>ग)</td><td>विदेशी कैदी बन्दीको सङ्ख्या</td><td>१,२६४</td></tr>
<tr><td>घ)</td><td>आश्रित नाबालक सङ्ख्या</td><td>८९</td></tr>
</table>
असार मसान्त सम्मको बालसुधार गृहमा रहेका बालबालिकाहरूको सङ्ख्यात्मक विवरण
<table>
<tr><td>क)</td><td>बालसुधार गृहमा रहेका बालक सङ्ख्या</td><td>७९१</td></tr>
<tr><td>ख)</td><td>बालसुधार गृहमा रहेका बालिका सङ्ख्या</td><td>२५</td></tr>
<tr><td></td><td>जम्मा</td><td>८१६</td></tr>
</table></td><td></td></tr>
<tr><td>३.</td><td>माफी मिनाहा: २०७८ साल असार महिना भरीमा ३७ जना कैदी कामदारी सुविधा समेत जोडेर शतप्रतिशत कैद भुक्तानी भै छुटकारा दिइएको।</td><td></td></tr>
<tr><td>४.</td><td>बेरुजु रकम र सो को फछ्यौटको स्थिति:<br>➢ विभाग र कारागार कार्यालयको अन्तरगत कुल बेरुजु - रू. ९,९६,८३,०००/-<br>➢ सम्परीक्षणको लागि म.ले.प.मा पेश भएको रु. ३,५०,०००/-</td><td></td></tr>
</table>

| | | |
|---|---|---|
| | ➢ कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालयमा मिन्हाको लागि पेश भएको रु ३१,१८,०००/-<br>➢ सम्परीक्षण भइआएको रु. २, ६०,४९,०००/-<br>➢ गृह मन्त्रालयमा नियमितका लागि पेश भएको रु. ३,३१,०००/-<br>➢ फछ्र्यौट प्रतिशत २६.१३% | |

*स्रोतः कारागार व्यवस्थापन विभाग*

विभाग र मातहतका कार्यालयमा भौतिक पूर्वाधार निर्माण गर्ने प्रकृयाले गति लिएको देखिन्छ। कतिपय भवन तथा पूर्वाधारहरूको निर्माणको भौतिक प्रगति उल्लेख्य भएतापनि वित्तीय स्रोत व्यवस्थापन गर्न कठिन भएको अवस्था छ। आर्थिक वर्ष २०७६/७७ मा कारागार सम्बद्ध संरचनाहरूको निर्माणको अवस्था तालिका नं. २.३.५.३ मा मा प्रस्तुत गरिएको छ।

**तालिका नं. २.३.५.३: कारागार भवन एवं संरचनाहरूको निर्माणको अवस्था**

| **आयोजनाको नाम** | **विनियोजित बजेट (रु. हजारमा)** | **खर्च (रु. हजारमा)** | **वित्तीय प्रगति प्रतिशत** | **भौतिक प्रगति प्रतिशत** | **कैफियत** |
|---|---|---|---|---|---|
| केन्द्रीय कारागार भवन निर्माण (दोस्रो चरण) | ७,९५,०० | ६,६४,७७.९ | ८३.६ | ९०.० | |
| क्षेत्रीय कारागार नौबस्ता बाँके (दोस्रो चरण) | १५,५०,०० | १५,४८,९३ | ९९.९ | १००.० | |
| केन्द्रीय कारागार अस्पताल भवन निर्माण, काठमाडौं | १,१०,०० | ० | ० | ८५.० | |
| गम्भीर प्रकृतिका अपराधमा संलग्न कैदीबन्दीहरूका लागि छुट्टै बन्दी गृह निर्माण, धनकुटा | २०,०० | १९,७१ | ९८.६ | १००.० | |
| कारागार कार्यालय भवन निर्माण, मोरङ | ४,००,०० | ३,९९,४१.५ | ९९.९ | १००.० | |
| कारागार कार्यालय भवन निर्माण, पाँचथर | २,३०,०० | ५,९७.२ | २.६ | १००.० | |

*स्रोत : कारागार व्यवस्थापन विभाग*

### (ग) आ.व. २०७७/७८ का माइलस्टोन तथा अन्य क्रियाकलापहरूको सम्पादन स्थिति

**माइलस्टोनहरूको प्रगतिः**

- नख्खु कारागार महिला बन्दीगृह सुरक्षा पर्खाल मर्मत तथा सुधारको कार्य अन्तिम चरणमा रहेको।
- जगन्नाथदेवल, डिल्लीबजार र नख्खु कारागारमा डिप वोरिङ तथा पानी प्रशोधनको कार्य भएको।
- कैदीबन्दीको सीपलाई उत्पादनमूलक कार्यमा लगाउन हालसम्म ३०० जना कैदीबन्दीलाई तालिम सम्पन्न भएको।
- बाँकेको खुला कारागारको सुरक्षा पर्खाल निर्माण कार्य पुरा भएको।

**भौतिक पूर्वाधारतर्फः**

- खुला कारागार गनापुर बाँकेको निर्माण कार्य सम्पन्न भएको ।
- महिला बन्दीगृह नख्खु ललितपुरको भवन निर्माणको जिम्मा पाएको ठेकेदार कम्पनीले सम्झौता अनुसार कार्य सम्पन्न नगरेको कारण ठेक्का सम्झौता अन्त्य गरिएको।
- मुगु, हुम्ला, सिन्धुली, बझाङ, डोल्पा, मोरङ्ग, पाँचथर, बाँके, नुवाकोटलगायत १६ वटा कारागार कार्यालयहरूको निर्माण कार्य शहरी विकास तथा भवन निर्माण विभागबाट भैरहेको।
- कारागार कार्यालय जगन्नाथ देवललाई लोकतान्त्रिक संग्रहालय (Democratic Museum) को रूपमा विकास गर्न राष्ट्रिय पुनर्निर्माण प्राधिकरणबाट DPR तयार भई निर्माण प्रारम्भ भएको।
- केन्द्रीय कारागार अस्पताल जगन्नाथदेवलबाट नख्खु ललितपुरमा निर्माण प्रकृया सुरु गर्न कार्यक्रम स्वीकृतिको प्रकृया अघि बढाईएको।

**कोभिड-१९ को प्रभाव र रोकथाम**

आव २०७७/७८ मा कारागारमा रहेका कैदीबन्दीहरू समेत कोभिडको महामारीबाट पीडित हुन पुगे। कुल २०६२ कैदीबन्दी र थुनुवाको पिसिआर परीक्षण गराउँदा ३९.७ प्रतिशतमा कोभिड पोजिटिभ देखियो भने कुल कोभिड पोजिटिभको १.४ प्रतिशतले ज्यान गुमाउन पुगे। त्यसैगरी स्वास्थ्यकर्मी/सुरक्षाकर्मीतर्फ जम्मा ५३४ जनाको पिसिआर परीक्षण गर्दा २४.९ प्रतिशत कोभिड पोजिटिभ फेला परे। यस सम्बन्धी तथ्याङ्क नं. २.३.५.४ मा प्रस्तुत गरिएको छ।

**तालिका नं. २.३.५.४: कैदीबन्दीहरूमा कोभिड-१९ को प्रभाव**

| विवरण | PCR-Test | PCR-Positive | मृत्यु | सङ्क्रमणमुक्त |
|---|---|---|---|---|
| कैदीबन्दी र थुनुवा | २०६२ | ८०६ | ११ | ७९५ |
| कर्मचारी/स्वास्थ्यकर्मी/सुरक्षाकर्मी | ५३४ | १३३ | ० | १३३ |

*स्रोतः कारागार व्यवस्थापन विभाग*

***कोभिड १९-को सङ्क्रमण नियन्त्रणका लागि भएका प्रयासहरू*** -स्वास्थ्य तथा सुरक्षा मापदण्डको पूर्ण पालना गरिएको, कैदीबन्दीहरूको वाह्य भेटघाट स्थगन गरिएको, आइसोलेसन कक्ष निर्माण गरी क्वारेन्टिनमा राख्ने गरिएको, कोभिड-१९ विरुद्धको खोप सञ्चालन गरी पहिलो खोप लगाउने सङ्ख्या - २०४४६ र दोस्रो खोप लगाउने सङ्ख्या-१९९१० रहेका।

### २.३.६ राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

## (क) बजेट विनियोजन र खर्च

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको लागि आ.व. २०७७/७८ मा विभिन्न उपशीर्षकमा विनियोजित बजेट कुल बजेट तथा सो अवधिमा भएको ,पुँजीगत तथा चालु खर्चको विवरण तालिका नं. २.३.६.१ रहेको छ ।

**तालिका नं. २.३.६.१ राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग**

| बजेट उपशीर्षक | | | बजेट | | | खर्च | | | खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | बजेट कोड | बजेट उपशीर्षक | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा |
| १ | ३१४०१०११ | राष्ट्रियपरिचयपत्र तथा पञ्जीकरण विभाग | २१४४०३० | ६६६३०० | २८१०३३० | ४६९०९४ | २६५२८७ | ७३४३८१ | २१.८८ | ३९.८१ | २६.१३ |
| २ | ३१४०१०१२ | सामाजिक सुरक्षा तथा संरक्षण | ७१५६३५९८ | ० | ७१५६३५९८ | ६८५४६२९१ | ० | ६८५४६२९१ | ९५.७८ | | ९५.७८ |
| जम्मा | | | ७३७०७६२८ | ६६६३०० | ७४३७३९२८ | ६९०१५३८५ | २६५२८७ | ६९२८०६७२ | ९३.६३ | ३९.८१ | ९३.६३ |

*स्रोत:LMBIS*

माथिको तालिकाबाट स्पष्ट हुन्छ कि आर्थिक वर्ष २०७७/७८ मा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग अन्तर्गत राष्ट्रिय परिचयपत्र तथा स्थानीय तहमा अनुदानको रूपमा हस्तान्तरण गर्नुपर्ने सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रमका लागि समेत जम्मा रु. ७३ अर्ब ७० करोड ७६ लाख २८ हजार चालुतर्फ र रु. ६६ करोड ६३ लाख पुँजीगततर्फ बजेट विनियोजन भई कुल रु. ७४ अर्ब ३७ करोड ३९ लाख २८ हजार विनियोजन भएको देखिन्छ। कुल विनियोजनमध्ये चालुतर्फ ९३.६३ प्रतिशत र पुँजीगततर्फ ३९.८१ प्रतिशत खर्च भई समग्रमा कुल विनियोजनको ९३.१५ प्रतिशत रकम उपयोग भएको देखिन्छ। विभागतर्फमात्र पुँजीगत शीर्षकमा बजेट विनियोजन भएकोमा कुल विनियोजनको ३९.८१ प्रतिशत मात्र खर्च भएको देखिएकोले पुँजीगत खर्च वृद्धि गर्न आगामी दिनमा विभागले थप प्रयत्न गर्नुपर्ने देखिन्छ।

स्रोतगत हिसाबले हेर्दा विभागको मुख्य कार्यक्रमको रूपमा रहेको राष्ट्रिय परिचयपत्र कार्यक्रमका लागि विनियोजित रकम खर्च हुन सकेको देखिँदैन। राष्ट्रिय परिचयपत्र कार्ड खरिद प्रकृयाका लागि विनियोजित बजेट बमोजिम खर्च नहुनुका पछाडि खरिद प्रकृयामा लागेको अनपेक्षित समयलाई लिइएको छ। त्यसमा पनि विश्व बैङ्क/आइडिए स्रोततर्फको रकम ११.५२ प्रतिशत मात्र खर्च हुन सकेको देखिन्छ। सो को विस्तृत विवरण तालिका नं. २.३.६.२ मा प्रस्तुत गरिएको छ।

**तालिका नं. २.३.६.२: विभाग अन्तर्गतका कार्यक्रमका लागि वार्षिक बजेट विनियोजन र खर्चको अवस्था**

| वार्षिक वित्तीय प्रगति विवरण (रु हजारमा) | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| **विवरण** | **चालु** | | | **पूँजीगत** | | | **जम्मा** | | |
| | बजेट | खर्च | प्रतिशत | बजेट | खर्च | प्रतिशत | बजेट | खर्च | प्रतिशत |
| विभाग नियमित | ४२८०६ | ४१२६९ | ९६.४१ | ६७५० | ५२०२ | ७७.०६ | ४९५५६ | ४६४७१ | ९३.७७ |
| राष्ट्रिय परिचय पत्र कार्यक्रम | १६७१२१० | ५१४१२० | ३०.७६ | ४१००५० | २५८२७७ | ६२.९९ | २०८१२६० | ७७२३९७ | ३७.११ |
| विश्व बैंक (IDA) तर्फ | ४६७२८४ | ७९१२९ | १६.९३ | २३७००० | १९८१ | ०.८४ | ७०४२८४ | ८१११० | **११.५२** |
| **जम्मा** | **२१८१३००** | **६३४५१८** | **२९.०८** | **६५३८००** | **२५५४६०** | **३९.०७** | **२८३५१००** | **८९९९७८** | **३१.७४** |

*स्रोतः LMBIS*

**<u>बेरुजूतर्फः</u>** आ.व. २०७६/०७७ को प्रतिवेदन अनुसार विभागका नाममा कायम बेरुजु रकमः रु. १० लाख १० हजार रहेकोमा उक्त आ.व. मा रु. ६,६८,११६।५० सम्परीक्षण/फछ्र्यौट हुन गै ६६.१४ प्रतिशत प्रगति हुन सकेको देखिन्छ।

**<u>निकासा तथा हस्तान्तरणः</u>** विभागका नाममा विनियोजित कुल बजेट मध्ये जिल्ला प्रशासन कार्यालयहरू र स्थानीय तहका नाममा निकासा/हस्तान्तरण भएको रकमको विस्तृति विवरण तालिका नं. २.३.६.३ मा प्रस्तुत गरिएको छ।

**तालिका नं. २.३.६.३: जिल्ला प्रशासन कार्यालयहरू र स्थानीय तहका नाममा निकासा/हस्तान्तरण भएको रकम**

| ब.उ.शि.नं. | आयोजना/कार्यक्रम | जिल्ला प्रशासन (रु. हजारमा) | | | स्थानीय तह (रु. हजारमा) | | |
|---|---|---|---|---|---|---|---|
| | | चालु | पूँजीगत | कुल | चालु | पूँजीगत | कुल |
| ३१४०१०११ | राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको नाममा विनियोजित बजेटबाट पठाइएको । | ३५९३८९ | ३००० | ३६२३८९ | ० | ० | ० |
| ३१४०१०११ | SSSPCR परियोजनातर्फ (IDA) वित्तीय हस्तान्तरण गरी पठाइएको | ० | ० | ० | २३६४३५९ | ३५३४४१ | २७१७८०० |
| ३१४०१०११ | SSSPCR परियोजनातर्फ (IDA) विभागको बजेटबाट थप पठाइएको | ० | ० | ० | ३७२७० | ० | ३७२७० |
| ३१४०१०१२ | सामाजिक सुरक्षा तथा संरक्षण | ० | ० | ० | ६८६५२७१२ | ० | ६८६५२७१२ |
| **कूल जम्मा** | | **३५९३८९** | **३०००** | **३६२३८९** | **७१०५४३४१** | **३५३४४१** | **७१४०७७८२** |

## (ख) भौतिक लक्ष्य तथा प्रगतिको अवस्था

त्यसै गरी मुख्य नतिजा सूचकमा आधारित वार्षिक भौतिक लक्ष्य तथा प्रगति विवरण तालिका नं. २.३.६.४ मा प्रस्तुत गरिएको छ।

**तालिका नं २.३.६.४: मुख्य नतिजा सूचकमा आधारित वार्षिक भौतिक लक्ष्य तथा प्रगति विवरण**

| क्र. सं. | मुख्य नतिजा सूचक | एकाई | आ.व.२०७६/०७७ को | आ.व. २०७७/ ०७८ को वार्षिक लक्ष्य | प्रथम चौमासिक | | दोश्रो चौमासिक | | तेस्रो चौमासिक | | वार्षिक प्रगति | वार्षिक प्रगति प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | लक्ष्य | प्रगति | लक्ष्य | प्रगति | लक्ष्य | प्रगति | | | |
| १ | राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणाली विकास एवं सुधार | प्रतिशत | ६५ | १०० | ७५ | ७२ | १०० | ९२ | १०० | १०० | १०० | १००. | |
| २ | Enrollment and Issuance License र स्टेशन | संख्या | ५६६ | १०६६ | ७३० | ७३० | १०६६ | १०६६ | ० | ० | १०६६ | १००. | |
| ३ | राष्ट्रिय परिचयपत्र कार्यक्रम लागू भएका जिल्ला | संख्या | ४० | ७७ | ७७ | ७७ | ० | ० | ० | ७७ | १०० | १००. | |
| ४ | राष्ट्रिय परिचयपत्रका लागि वडास्तरबाट नागरिकको विवरण दर्ता अभियान सम्पन्न भएका जिल्ला | संख्या | १ | ३८ | ९ | ० | ९ | ७ | २० | ५ | १२ | ३१.५८ | हाल १५ जिल्लामा विवरण संकलन कार्य जारी रहेको। |
| ५ | राष्ट्रिय परिचयपत्रका लागि वडास्तरबाट नागरिकको विवरण दर्ता अभियान सम्पन्न भएका स्थानीय तह | संख्या | ८ | ४२२ | ७८ | ० | १०६ | ९८ | २३८ | ८६ | १८४ | ४३.६ | |
| ६ | राष्ट्रिय परिचयपत्रका लागि वडास्तरबाट नागरिकको विवरण दर्ता अभियान सम्पन्न भएका वडा संख्या | संख्या | ६० | ३८५९ | ७०१ | ० | ११२८ | ८०५ | २०३० | ८०८ | १६१३ | ४१.८ | |
| ७ | राष्ट्रिय परिचयपत्रका लागि नागरिकको विवरण दर्ता | संख्या लाखमा | २.८७ | १०० | २० | ४.९ | २० | १४.९ | ४० | ८.५ | ३०.५ | ३०.५ | |
| ८ | राष्ट्रिय परिचयपत्र खरिद/ प्राप्ति | संख्या लाखमा | १.१७ | १२० | - | - | - | - | - | - | | ० | राष्ट्रिय परिचयपत्र खरिदको लागि अन्तर्राष्ट्रियस्तरको बोलपत्र मार्फत आपूर्तिकर्ता छनौट भई सम्झौता गरिएको। |
| ९ | राष्ट्रिय परिचयपत्र छपाइ, प्रशोधन | संख्या लाखमा | १.१७ | - | - | - | - | - | - | - | | | |
| १० | राष्ट्रिय परिचयपत्र वितरण | संख्या लाखमा | १.१७ | - | - | - | - | - | - | - | | | |
| ११ | राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणालीसँग अन्य सार्वजनिक निकायका प्रणालीको आवद्धता (CIMS, VERSP-MIS, e-Passport, निर्वाचन आयोग र लोक सेवा आयोग) | संख्या | - | ५ | | २ | | ० | | १ | ३ | ६०. | दुरसंचार सेवा र बैंक तथा वित्तीय संस्थाका विद्युतीय प्रणालीलाई आबद्ध गर्न प्राविधिक कार्यदल गठन गरी काम थालिएको। |
| १२ | राष्ट्रिय परिचयपत्र कार्यक्रमसँग सम्वन्धित जनशक्तिको क्षमता अभिवृद्धि | संख्या | १०० | १००० | | ४९० | | ४५४ | | २० | ९६४ | ९६.४ | |
| १३ | अनलाइनबाट घटना दर्ता गर्ने थप वडा बिस्तार (२८०० बाट ४२०० पुऱ्याउने) | संख्या | २८३० | ४२०० | ३२०० | ३२२६ | ३६०० | ४०३२ | ४२०० | ५०४६ | ५०४६ | ३६०.४३ | |
| १४ | घटना दर्ताका पुराना अभिलेख डिजिटाइजेन गर्ने स्थानीय तह | संख्या | - | ७४२ | ० | २१४ | ६८० | २२३ | ६२ | २५१ | ६८८ | ९२.७२ | |
| १५ | पुराना घटना दर्ता अभिलेखबाट डिजिटाइज भएको घटना (६८८ वटा स्थानीय तहबाट १६३६२४५७ वटा घटना) | संख्या लाखमा | - | - | - | - | - | ३३ | ० | २१९ | २१९ | | केन्द्रमा रहेका २०३४ साल देखि २०५७ साल सम्मका व्यक्तिगत घटना दर्ता सम्बन्धी ५५ लाख ७५ हजार सूचना फारम समेत) |
| १६ | दर्ता शिविर सञ्चालन गर्ने स्थानीय तह | संख्या | ० | २०० | ० | ० | ५० | १४ | १५० | ३५० | ४०० | २००. | |
| १७ | अनलाइनबाट भएको कूल घटना दर्ता | संख्या लाखमा | १३ | - | ० | ०.९६ | - | ४.२२ | - | ३.०३ | २१.१ | | |
| १८ | सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको विवरण प्रविष्टि | संख्या लाखमा | ३१ | - | - | ३१ | - | ३२ | - | ३४.५५ | ३४.५५ | | |
| १९ | सामाजिक सुरक्षा भत्ता भुक्तानी | रु अर्वमा | ६६.१६ | ६७.५ | | | | | | | ६८.६५ | १०१.७ | |
| २० | बालपोषण भत्ता पोषण भत्ता लागु भएका थप जिल्ला (थप ११ जिल्ला (सप्तरी, बारा, धनुषा, रसुवा, कपिवस्तु, रोल्पा, रुकुम पुर्व, रुकुम पश्चिम, दैलेख, सल्यान र बैतडी) | संख्या | १४ | २५ | - | - | - | - | ११ | ११ | २५ | १००. | थप १७५३५२ लाभग्राही बालबालिकाहरु प्रणालीमा प्रविष्ट भएको) |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २१ | बैंकिङ प्रणालीमार्फत सामाजिक सुरक्षा भत्ता भुक्तानी गर्ने स्थानीय तह | संख्या | ६६ | १९० | ३४ | ३५३ | ५० | | ४० | १४१ | ५३९ | २८३.६८ | |
| २२ | बैंकिङ प्रणालीमार्फत सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने कूल लाभग्राही संख्या | संख्या | | - | - | १५.३६ | - | २०.४७ | - | २१.८८ | २१.८८ | | |
| २३ | सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको विवरण शुद्धिकरण गर्ने स्थानीय तह | संख्या | - | २५० | ५० | ० | १०० | ० | १०० | ७५३ | ७५३ | ३०१.२ | |
| २४ | सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको विवरण शुद्धिकरण | संख्या लाखमा | - | - | - | १.९६ | - | - | - | ०.१८ | २.१४ | | |
| २५ | व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा कार्यक्रममा संलग्न कर्मचारीको क्षमता अभिवृद्धि (अनलाइन समेत) | संख्या | १२०० | १४०० | - | ८०० | - | २५६४ | - | ८८० | ४२४४ | ३०३.१४ | विभाग, स्थानीय सरकार र प्रदेश सुशासन केन्द्र, बागमतीको व्यवस्थापन तथा सहजिकरणमा अल्पकालीन तालीम तथा अभिमुखिकरण गरिएको । |

*स्रोतः राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग*

## (ग) राष्ट्रिय परिचयपत्र कार्यक्रम कार्यान्वयनको अवस्था

### *(अ) राष्ट्रिय परिचयपत्र व्यवस्थापन सूचना प्रणाली विकास एवं सुधार प्रणाली (NIDMIS) को स्तरोन्नति*

- विवरण दर्ता क्षमता प्रतिघण्टा ६ हजार र विवरण प्रशोधन क्षमता प्रतिघण्टा ३ हजार ५ सय रहेको।
- कार्ड प्रशोधन तथा छपाईको क्षमता प्रति घण्टा ५ सयबाट १ हजार पुऱ्याइएको।
- नयाँ Personalization Hardware Setup भएको।
- भण्डारण क्षमता २ लाख ५० हजारबाट ३ करोड पुगेको।
- National Identity Registry System, Automated Biometric Identification System, Verification System,Card Management System, Personalization System, NID गेटजस्ता प्रणाली विकास भएको।
- सेवा आवद्धताका लागि १२ वटा विद्युतीय सेवाहरू (G2G, G2B, G2C) तयार भएको।
- अनलाईनबाट व्यक्तिगत विवरण भर्न मिल्ने गरी Pre-enrollment System को विकास गरिएको।
- राष्ट्रिय परिचयपत्रको डाटा सुरक्षाको लागि Disaster Recovery Site Server र Hardware Security Module-HSM खरिद कार्य सम्पन्न भएको।
- SMS प्रणालीको स्तरोन्नति भई राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणालीले नागरिकहरूलाई राष्ट्रिय परिचयपत्र नम्बर सहितको SMS पठाउन सुचारु भएको।

### *(आ) राष्ट्रिय परिचयपत्रको लागि विवरण सङ्कलन विवरण दर्ताका लागि स्टेशन परिचालनको अवस्था*

- राष्ट्रिय परिचयपत्रको लागि नागरिकको विवरण सङ्कलनः ३०,५०,२०९ (अभियान मार्फत २६,७२,५२७ र स्थायी स्टेशन मार्फत ३,७६,००२) पुगेको।
- ७७ वटा जिल्ला प्रशासनर विभागस्थित राष्ट्रिय परिचयपत्र व्यवस्थापन एकाइ जम्मा १४१ वटा स्थायी स्टेशन र १५ वटा जिल्लामा विवरण दर्ता अभियान सञ्चालन ८०३ वटा अस्थायी स्टेशनगरी जम्मा ९४४ वटा स्टेशन परिचालित रहेको।

### *(इ) राष्ट्रिय परिचयपत्र खरिद, छपाई र वितरण*

- प्रथम चरणको कार्यक्रम (Pilot Project) मार्फत १ लाख १७ हजार राष्ट्रिय परिचयपत्र (Biometric Smart Card) खरिद भई वितरण भएको।

- १ करोड २० लाख राष्ट्रिय परिचयपत्र खरिदको लागि अन्ताराष्ट्रियस्तरको बोलपत्र (ICB, मिति २०७७/११/१३ मा प्रथम पटक र मिति २०७८/०१/२२ गतेमा पुनः प्रकाशन) मार्फत आपूर्तिकर्ता छनौट भई सम्झौता गरिएको। संझौता भएको ६ महिनामा पहिलो लट कार्ड आउने र छपाई गरी सातौं महिनादेखि वितरण शुरु गरिने।
- आ.व. २०७८/०७९ मा ३० लाख नागरिकलाई राष्ट्रिय परिचयपत्र वितरण गर्ने लक्ष्य रहेको।

***(ई) अन्य विद्युतीय सेवासँग आवद्धता (e-Service Integration)***

- NIDMIS & VERSP MIS Integration: राष्ट्रिय परिचयपत्र प्रणाली (NIDMIS) र घटना दर्ता तथा सामाजिक सुरक्षाप्रणाली (VERSP MIS) बीच Integration परीक्षण सम्पन्न भई जन्म दर्ताकै बखत राष्ट्रिय परिचय नम्वर (NIN) सहितको जन्मदर्ता प्रमाणपत्र जारी गर्ने व्यवस्था भएको।
- NIDMIS सँग नागरिकता सूचना व्यवस्थापन प्रणाली (CMIS) बीच Integration भई लागू हुने क्रममा रहेको।
- राहदानी विभागसँग समझदारीपत्रमा हस्ताक्षर सम्पन्न भई राहदानी लिन राष्ट्रिय परिचय नम्वर वा परिचयपत्र अनिवार्य गरिएको साथै विद्युतीय राहदानी जारी गर्दा यस प्रणालीको विद्युतीय सेवाको प्रयोग गरी व्यक्ति पहिचान गर्ने कार्य अगाडि बढेको।
- निर्वाचन आयोग र लोक सेवा आयोगसँग अन्तरआवद्धताका सम्वन्धमा छलफल भएको।
- यातायात व्यवस्था, भूमि व्यवस्था, अध्यागमन, राजस्वसँग सम्बन्धित विद्युतीय प्रणालीलाई आबद्धता गराउँदै लैजाने योजना रहेको।
- बैंक तथा वित्तीय क्षेत्र र दूरसञ्चार सेवा प्रदायकका विद्युतीय प्रणालीलाई NIDMIS सँग आबद्ध गर्न प्राविधिक पक्षको अध्ययनका लागि कार्यदल गठन गरी कार्य अघि बढाइएको।

***(उ) पञ्जीकरण तथा सामाजिक सुरक्षा कार्यक्रम कार्यान्वियनको अवस्थाप्रणाली सुदृढीकरण***

- व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन प्रणाली (VERSP-MIS) को लागि Server खरिद भई Data Center, Disaster Recovery, Failover Center स्थापनाको कार्य भइरहेको।
- प्रणालीको परीक्षण र GAP Analysis को लागि सेवा प्रदायक छनौट गर्न EOI (Expression of Interest) मूल्याङ्कन सम्पन्न गरी RFP (Request for proposal, Technical Financial) प्राप्त भई मूल्याङ्कन भइरहेको।
- VERSP-MIS को लागि NID Smart Card Reader, Biometric Verification Device खरिदको लागि पहिलो पटक खोलिएको बोलपत्र रद्द गरी पुनः बोलपत्र आह्वानको सूचना प्रकाशन भएको।
- Integrated National Social Registry System को अवधारणापत्र तयार गरी अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगमा पठाइएको।

***(ऊ) घटना दर्ता तथा सामाजिक सुरक्षा कार्यक्रम***

- घटना दर्ता राष्ट्रिय अभियान २०७८ वैशाख १ देखि १६ गते सम्म सञ्चालन गरिएको।

- विदेशस्थित सबै कूटनीतिक नियोगबाट पञ्जीकरण सम्बन्धी कार्य गर्न प्रक्रिया अगाडि बढाइएको।
- महानिर्देशकको अध्यक्षतामा बैंकिङ्ग समस्या समाधान सहजीकरण समिति गठन भई कार्य प्रारम्भ।
- तत्कालीन सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय र सिटिजन्स इण्टरनेशनल बैंकबीच सन् २०१४ जनवरी २८ मा भएको सम्झौता बमोजिम बाँके, सुर्खेत र बागलुङ जिल्लाका सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीलाई बैंक मार्फत भत्ता वितरणको सिलसिलामा सिटिजन्स इण्टरनेशनल बैंकमा रहेको निष्क्रिय रकम रु. ७९,४४,७१५/- (उनासी लाख चवालीस हजार सात सय पन्ध्र) राजस्व खातामा जम्मा गरिएको।
- काठमाडौं महानगरपालिका र देवाही गोनाही नगरपालिका, रौतहटबाट सामाजिक सुरक्षा भत्तामा दोहोरो बुझेको र अनियमितता गरेको पाइएकोमा रु. ४,३४,५६०/- असुली गरिएको।

***(ऋ) क्षमता अभिवृद्धि***

- सेवा एकाइका कर्मचारीलाई अनलाइन मार्फतबाँकी ८०० जनालाई प्रशिक्षण दिइएको।
- स्थानीय तहका जनप्रतिनिधि, प्रमुख प्रशासकीय अधिकृत, लेखा प्रमुख, सूचना प्रविधि अधिकृत र पञ्जीकरण तथा सामाजिक सुरक्षा हेर्ने कर्मचारीलाई कार्यक्रम कार्यान्वयन सम्बन्धी अनलाइन अभिमुखिकरण प्रदान गरिएको।
- विभागको स्रोतमा विभागकै प्रशिक्षक स्थानीय तहमा पुगेर २,०६४ जना जनप्रतिनिधि र कर्मचारीलाई अभिमुखीकरण गरिएको।
- स्थानीय तहको स्रोतमा विभागका प्रशिक्षक स्थानीय तहमा पुगेर ५०० जना जनप्रतिनिधि र कर्मचारीलाई अभिमुखिकरण गरिएको।
- प्रदेश सुशासन केन्द्रको आयोजनामा बागमती प्रदेशका स्थानीय तहका ८८० प्राविधिक कर्मचारी र वडा सचिवलाई अनलाइन मार्फत तालिम प्रदान गरिएको।

***(ए) नीतिगत तथा कानुनी सुधारसम्बन्धी कार्य***

- सामाजिक सुरक्षा ऐन, २०७५ को पहिलो संशोधन अध्यादेश, २०७७ स्वीकृत भई कार्यान्वयनमा आएको।
- राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण नियमावली, २०७७ स्वीकृत भई कार्यान्वयनमा आएको।
- राष्ट्रिय परिचयपत्र कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ स्वीकृत भई कार्यान्वयनमा आएको।
- सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धी कार्यविधि, २०७७ स्वीकृत भई कार्यान्वयनमा आएको।
- राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ (संशोधन गर्ने तीन महले संशोधन मस्यौदा मन्त्रालय पठाइएको)।
- राष्ट्रिय परिचयपत्र व्यवस्थापन सम्बन्धी आर्थिक निर्देशिका, २०७६ (दोश्रो संशोधनको लागि मन्त्रालय पठाइएको)।

*(ऐ) गुनासो फछ्र्यौंट*

- व्यक्तिगत घटना दर्ता, सामाजिक सुरक्षा तथा राष्ट्रिय परिचयपत्र सम्बन्धमा जम्मा प्राप्त गुनासो १७५ मध्ये सबै गुनासो फछ्र्यौंट गरी शतप्रतिशत उपलब्धि हासिल गरिएको।

## (घ) भौतिक लक्ष्य तथा प्रगतिको अवस्था


आर्थिक वर्ष २०७७/७८ का लागि विभागले १२ वटा मुख्य क्रियाकलापहरू अन्तर्गत २३ वटा माइलस्टोन निर्धारण गरेको थियो। ती मध्ये करिब ४८ प्रतिशत माइलस्टोनमा शतप्रतिशत प्रगति हुन सकेको देखिन्छ भने १७ प्रतिशत माइलस्टोनमा ५० देखि ८० प्रतिशत प्रगति भएको छ। जम्मा ८ माइलस्टोनहरूको प्रगति ५० प्रतिशतभन्दा कम देखिएको छ। आगामी दिनमा माइलस्टोनहरूको समयमै कार्यसम्पादन गर्न विभाग थप सक्रिय हुनुपर्ने देखिन्छ। माइलस्टोनको प्रगति विवरण तालिका नं. २.३.६.४ मा प्रस्तुत गरिएको छ।

**तालिका नं. २.३.६.४: माइलस्टोन सम्बन्धी समग्र प्रगतिको अवस्था**

| कार्यक्रम | मुख्य क्रियाकलाप संख्या | Milestone को संख्या | २०७७/०७८ असाढ मसान्तसम्मको प्रगति अवस्था | | |
|---|---|---|---|---|---|
| | | | ५० प्रतिशतभन्दा कम | ५० देखि ८० प्रतिशत सम्म | १०० प्रतिशत वा सोभन्दा बढी |
| राष्ट्रिय परिचयपत्र | ६ | १० | ३ | २ | ५ |
| व्यक्तिगत घटना दर्ता | ५ | ११ | ५ | २ | ४ |
| सामाजिक सुरक्षा | १ | २ | ० | ० | २ |
| जम्मा | १२ | २३ | ८ | ४ | ११ |
| प्रगति प्रतिशत | | | ३४.७८ | १७.३९ | ४७.८३ |

*स्रोतः राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग*

**रेखा चित्र नं. २.३.६.१: माइलस्टोनको प्रगति अवस्था**



### (ङ) कार्यक्रम कार्यान्वयनमा देखिएका/रहेका समस्या/चुनौतीहरू

- राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ संशोधन हुन नसक्दा नागरिकका व्यक्तिगत घटना दर्ता संशोधनको मुद्दा गम्भीर समस्याको रूपमा देखा परेको साथै ऐन/नियमावली/कार्यविधि संशोधनको विषयलाई प्राथमिकतामा नराखिनु।
- कार्यक्रम कार्यान्वयन/अभियान सञ्चालनका निम्ति अन्य निकाय/तहसँगको निर्भरता।
- जिल्ला र स्थानीय तहमा कार्यक्रम प्रतिको अपनत्व र प्राथमिकीकरणको अभाव।
- राष्ट्रिय परिचयपत्र वितरणका लागि राष्ट्रिय माहोल सिर्जना हुन नसक्नु।
- अभियानमा खटिने जनशक्ति व्यवस्थापन (सुविधा कम/मनोबल कमजोर/असन्तुष्टि)।
- बायोमेट्रिक लिने कार्य स्वास्थ्य सुरक्षाका दृष्टिले जोखिमपूर्ण हुनु।
- सबै स्थानीय तहमा भौतिक पूर्वाधार (Internet & Electricity) पर्याप्तता नहुनु।
- अन्तर आवद्धतामा सरोकारवाला निकायहरूको चासो र सरोकार कमजोर हुनु।
- बजेट/खरिद व्यवस्थापनमा विशेषज्ञता/व्यावसायिकताको कमी ।

### (च) समस्या समाधानका लागि गरिएका प्रयासहरू

- ७७ जिल्ला प्रशासन कार्यालयमा राष्ट्रिय परिचयपत्र एकाइ स्थापना गरी राष्ट्रिय परिचयपत्र कार्यक्रम लागू गरिएको ।
- राष्ट्रिय परिचयपत्रका लागि अनलाइनबाट दरखास्त फाराम भर्न मिल्ने गरी Pre- enrollment सफ्टवेयर निर्माण गरिएको।
- अनलाइन माध्यमबाट दरखास्त सङ्कलन गरी खुल्ला प्रतिस्पर्धाद्वारा विवरण दर्ता अभियानमा खटिने जनशक्ति व्यवस्थापन गरिएको।
- स्वास्थ्य सुरक्षा मापदण्ड अपनाएर वडास्तरबाट समेत विवरण दर्ता अभियान तथा घटना दर्ता शिविर सञ्चालन गरिएको।
- राष्ट्रिय परिचयपत्र कार्यक्रम सञ्चालनमा सहजीकरण गर्न पटक पटक प्रमुख जिल्ला अधिकारीज्यूहरूसँग भर्चुअल माध्यमबाट छलफल, अन्तर्किया गरी माननीय गृहमन्त्रीज्यू र श्रीमान सचिवज्यूबाट निर्देशन भएको।
- कार्यक्रम कार्यान्वयनका सम्बन्धमा स्थानीय तहका जनप्रतिनिधि, कर्मचारी र सेवा एकाइका प्राविधिक कर्मचारीहरूलाई भर्चुअल माध्यमबाट अन्तरक्रिया, अभिमुखीकरण तथा प्रशिक्षण प्रदान गरिएको।
- सामाजिक सुरक्षा भत्ता बैंकिङ्ग प्रणाली मार्फत वितरण गर्न बैंक तथा वित्तीय संस्था, गाउँपालिका र नगरपालिका महासङ्घसँग अन्तरक्रिया कार्यक्रम गरिएको।

## (छ) कोभिड-१९ सिर्जित चुनौती सामना गर्दै हासिल गरिएका मुख्यमुख्य उपलब्धिहरू

कोभिड-१९को महामारीको अवस्थामा समेत जिल्ला प्रशसान कार्यालय र स्थानीय तहहरूबीच समन्वय गरी कार्यक्रमलाई निरन्तरता दिंदै देहाय अनुसारको नतिजा हासिल गरिएकोः

- प्रणाली स्तरोन्नति गरी राष्ट्रिय परिचयपत्र कार्यक्रमलाई ४० जिल्लाबाट ७७ जिल्लामा बिस्तार गरिएको,
- अभियान मार्फत वडास्तरमा घुम्ती टोली परिचालन गरी १३ जिल्लामा विवरण दर्ता कार्य सम्पन्न भएको र १५ जिल्लामा जारी रहेको,
- हालसम्म ३० लाख ५० हजार नागरिकको विवरण सङ्कलन गरिएको, १ लाख १७ हजार परिचयपत्र वितरण भएको,
- राष्ट्रिय परिचयपत्र खरिदका लागि अन्ताराष्ट्रिय बोलपत्रमार्फत आपूर्तिकर्ता छनोट गरिएको,
- वटा अन्य अन्य विद्युतीय प्रणालीहरूलाई राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणालीमा आवद्ध गर्ने कार्य भएको,
- २,३५६ वडामा रहेको अनलाइन घटना दर्तालाई ५,०४६ मा बिस्तार भएको,
- ६८८ स्थानीय तहमा डिजिटाइजेसन गर्ने कार्य सम्पन्न भएको,
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने ३४ लाख ५५ हजार लाभग्राहीको विवरण प्रणालीमा प्रविष्ट गरिएको,
- बैंकिङ प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी गर्ने स्थानीय तहको (गत साल ६८ रहेको) सङ्ख्या ५३९ पुगेको,
- ११ जिल्लाका ५ लाख बालबालिकालाई बालपोषण भत्ता थप गरिएको। भत्ता वितरण १४ जिल्लाबाट २५ जिल्ला पुगेको।

## (ज) कार्यान्वयन प्रक्रियामा प्रभावकारिता कायम गराउन केही सुझावहरू

- नीतिगत तथा कानुनी मार्गदर्शन।
- अविभावकत्व, चासो, मार्गनिर्देशन एवं प्राथमिकता।
- अन्तरमन्त्रालय एवं अन्तरनिकाय समन्वय।
- मातहत कार्यालयलाई आवश्यक निर्देशन।
- लक्ष्य प्राप्तिका लागि फिल्डस्तरमा गई काम गर्ने कर्मचारीहरूलाई प्रोत्साहन।
- विभागमा सञ्चालित विभिन्न सूचना प्रणाली (VERSP-MIS,NIDMIS, SR) को दिगोपना/निरन्तरता र सुधारको लागि (HR, Finance र O&M)।
- विभागको कार्य प्रकृति प्राविधिक र जटिल खालको भएकोले सोही अनुसारको जनशक्ति व्यवस्थापनमा सहजीकरण।

परिच्छेद - तीन

# समस्या तथा चुनौतीहरू

## ३.१ नेपाल प्रहरीले सामना गर्नुपरेका समस्या तथा चुनौतीहरू

### ३.१.१ प्रहरी प्रशासन तथा व्यवस्थापनतर्फ

नेपाल प्रहरीमा हाल २,६६० वटा प्रहरी एकाइहरू रहेका छन्, जसमध्ये प्रहरी चौकी १,३१६ वटा, इलाका प्रहरी कार्यालय ५५५ वटा रहेका छन् । हाल १०६ वटा इलाका प्रहरी कार्यालय र ६२१ वटा प्रहरी चौकीको कार्यालय भवन नभएको, १६१ इलाका प्रहरी कार्यालयमा प्रहरी कर्मचारीको लागि बस्ने ब्यारेक नभएको तथा ९१४ वटा प्रहरी एकाइमा मेश नभएको अवस्था विद्यमान रहेको छ । त्यसैगरी ८२१ वटा प्रहरी एकाइमा शौचालय नभएको अवस्था रहेको छ। मुद्दा चल्ने २१७ प्रहरी एकाइमा बाल निगरानी कक्ष, प्रहरी कार्यालयहरूमा शिशु स्याहार कक्ष, प्रहरी कर्मचारीको लागि प्रहरी परिवार आवास लगायतका संरचना नरहेको अवस्था छ।

हाल नेपाल प्रहरीमा ठूलो, सानो तथा मोटरसाइकल गरी जम्मा ४,८२० सवारी साधन रहेको, जसमध्ये ४,४४८ वटा सवारी साधन चालू अवस्थामा रहेका छन्। चालु अवस्थामा रहेका सवारी साधन पनि अधिकांश २०६४ सालको निर्वाचनमा प्राप्त भई हाल पुरानो अवस्थामा न्यून क्षमतामा सञ्चालन भइरहेका छन्। मुलुकभर सडक सञ्जाल विगत १० वर्षमा तीब्र गतिमा विकास भएको परिप्रेक्ष्यमा समयमा घटनास्थलमा पुग्न र शान्ति सुरक्षा कायम राख्न सघन रूपमा गस्ती बढाउन समेत प्रहरीलाई पर्याप्त मात्रामा नयाँ सवारी साधन उपलब्ध गराइनुपर्ने र पुराना भएका सवारी साधनहरू प्रतिस्थापन गर्नुपर्ने अवस्था छ।

राष्ट्रिय राजमार्गहरूमा पहिरो तथा दुर्घटनाका कारण हुन जाने सडक अबरोध समयमा हटाउन, राजमार्गमा दुर्घटनाग्रस्त सवारी साधनहरूलाई तत्काल सडकबाट किनारा लगाउन ट्राफिक प्रहरीलाई Wrecker, Loader लगायतका सवारी साधन समेत उपलब्ध हुनुपर्ने देखिन्छ।

अनुसन्धानको क्रममा थुनामा लिइएका अभियुक्तहरूलाई सहज रूपमा म्याद थप, अभियोजन, अड्डासार लगायतका कार्य गर्न Prisoner Truck समेत सम्पूर्ण मुद्दा चल्ने २१७ प्रहरी एकाइहरूलाई क्रमैसँग विस्तार गर्नुपर्ने देखिन्छ। घटनास्थलमा तत्काल खटिइ भौतिक सबुद प्रमाणहरू संरक्षण गर्दै तत्काल वैज्ञानिक रूपमा सङ्कलन गर्न सुविधा सम्पन्न Mobile Forensic Van समेत क्रमैसँग सबै मुद्दा चल्ने एकाइहरूमा उपलब्ध हुनुपर्ने देखिन्छ।

हाल प्रहरी प्रधान कार्यालय र सात वटै प्रदेश प्रहरी कार्यालय अन्तर्गत हातहतियार मर्मत शाखामार्फत हातहतियारको मर्मत तथा सम्भार गरिँदै आएको छ । हातहतियार मर्मतशालामा पर्याप्त मात्रामा यान्त्रिक उपकरणको अभाव रहेकोले हातहतियार मर्मतमा समेत कठिनाई भोग्नुपरेको हुँदा आवश्यक फलाम, काठ तथा अन्य स-साना उपकरणहरूको व्यवस्था तथा उपयुक्त भौतिक पूर्वाधारको व्यवस्था गरी विद्यमान अवस्थाको

हातहतियार मर्मत शाखाद्वारा सञ्चालित मर्मतशालाहरूलाई स्रोतसाधन सम्पन्न बनाई स्तरोन्नति गर्न आवश्यक रहेको छ ।

नेपाल प्रहरीले प्रदान गर्ने पोशाकको खपत अवधि लामो रहेको, भौगोलिक अवस्था अनुकुल पोशाक वितरण हुन नसकेकोले विशेष गरी पोशाक वितरणलाई भूगोल अनुसार बनाउनु पर्ने र हिमाली भूभागमा रहेका प्रहरी एकाइमा कार्यरत प्रहरी कर्मचारीहरूलाई उपयुक्त हुने पोशाक खरिद गरी उपलब्ध गराउनुपर्ने आवश्यकता रहेको छ।

### ३.१.२ अपराध नियन्त्रण तथा अनुसन्धान

अपराध नियन्त्रण तथा अनुसन्धानमा प्राविधिक तथा प्रशासनतर्फका जनशक्तिलाई समयानुकुल प्रभावकारी बनाउन र दक्षता अभिवृद्धि गर्दै सेवा विशिष्टीकरण गर्न अत्यावश्यक रहेको छ। अपराध अनुसन्धान तथा नियन्त्रणको विशिष्टिकृत समूहमा रही काम गर्ने अनुसन्धान अधिकृत, घटनास्थल अधिकृत, मिसिल लेखन, अभिलेख व्यवस्थापन CRS, CFD, AFIS, CDR Analysis महिला बालबालिका तथा जेष्ठ नागरिक सेवा केन्द्र आदिमा दरबन्दी ४,०३९ रहेकोले हाल आवश्यकता अनुसार ५,७७७ (कुल जनशक्तिको ७ प्रतिशत) प्रहरी कर्मचारीहरू कार्यरत रहेका छन्। हाल नेपाल प्रहरीमा केन्द्रीय अनुसन्धान व्यूरो, साइबर व्यूरो, मानव बेचविखन अनुसन्धान व्यूरो, लागुऔषध नियन्त्रण व्यूरो र विशेष व्यूरो गरी ५ वटा विशिष्टीकृत ब्यूरोहरू रहेका छन् र जम्मा २१७ वटा प्रहरी एकाइहरूबाट मुद्दा चलाउने व्यवस्था गरिएको छ र क्रमशः मुद्दा चलाउने एकाइहरू प्रत्येक स्थानीय निकायमा कम्तीमा १ वटा हुने गरी विस्तार गर्नु आवश्यक देखिन्छ। हाल नेपाल प्रहरीमा २३३ वटा महिला बालबालिका तथा जेष्ठ नागरिक सेवा केन्द्रहरू मार्फत जोखिमपूर्ण सेवाग्राहीहरूलाई सेवा प्रदान गरिँदै आएको छ भने १८४ वटा सामुदायिक प्रहरी सेवा केन्द्रहरूले नागरिकस्तरमा सहकार्य गर्दै अपराध नियन्त्रणको लागि जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेका छन् ।

अपराध अनुसन्धान तथा नियन्त्रणलाई अझै प्रभावकारी र परिणाममुखी बनाउन केन्द्र तथा प्रदेश स्तरमा सि.सि.टि.भी. ग्रिड निर्माण, सि.सि.टि.भी. अनुगमन कक्ष निर्माण, देशभर रहेका महानगरपालिका र उपमहानगरपालिकाहरूमा सि.सि.टि.भि. विस्तार, Crime Mapping र Crime Pattern Analysis (CPA) गरी अपराध विश्लेषण प्रणालीलाई प्रभावकारी बनाउन Software खरिद गरी अपराधको नक्साङ्कन गर्न आवश्यकता रहेको छ। मुद्दा चल्ने प्रहरी एकाइहरूमा Sound Proof Double Mirror र Audio Video Recordingसहितको अन्तर्वार्ता कक्ष (Interview Room) निर्माण र Automated Finger Print Information System (AFIS) Stations स्थापना, केन्द्रीय अपराध अभिलेखालयको Central Databaseलाई वैकल्पिक सुरक्षा प्रयोजनको लागि Disaster Recovery Center स्थापना लगायतका कार्यहरू गर्न आवश्यक रहेको छ। विशिष्टीकृत व्यूरोहरूको अनुसन्धान प्रणालीलाई विश्लेषणयोग्य र मापनयोग्य बनाई अनुसन्धान कार्यमा प्रभावकारिता ल्याउन Micro Data Center (MDC) र Server Room को स्थापना, केन्द्रीय अनुसन्धान व्यूरोको लागि Sleuth Aid Kit (SAK) र Major Crime Scene Investigation Kit (MCSI) खरिद, लागु औषध नियन्त्रण व्यूरोको लागि Handheld Trace Detector for Narcotics (sabre 5000) खरिद, लागु औषध चेकजाँच कार्यमा प्रभावकारिता ल्याउन Drugs testing kit box set खरिद, अपराध

अनुसन्धान कार्यको लागि SOCO Kit box खरिद र नेपाल प्रहरी केनाईन कार्यालयमा सेवारत कुकुरको उपचार व्यवस्थाको लागि उपचार एवं प्रयोगशाला कक्ष स्थापना गरी सञ्चालनमा ल्याउने जस्ता कार्यहरू अगाडि बढाई अपराध नियन्त्रण तथा अनुसन्धान कार्यको आधुनिकीकरण गर्दै लैजानुपर्ने आवश्यकता छ।

### ३.१.३ प्रहरी परिचालन र कार्यतर्फ

विपद् व्यवस्थापनमा नेपाल प्रहरीको भूमिका उल्लेखनीय रही आएको छ। आर्थिक वर्ष २०७७/०७८ मा देशभरमा घटेका ५,०११ वटा विपद्को घटनामा ३३,८३५ प्रहरी कर्मचारी परिचालन गरिएको थियो । हाल नेपाल प्रहरीको केन्द्रीयस्तरमा विपद् व्यवस्थापन कार्यालय तथा प्रदेशस्तरमा विपद् व्यवस्थापन गुल्म रहेको छ। विपद् व्यवस्थापन कार्यालयमा रहेका विपद् व्यवस्थापनका सामाग्रीहरूको अपर्याप्तताका कारण चुस्त व्यवस्थापनमा कठिनाइको सामना गर्नुपरेको अवस्था रहेको छ। नेपाल प्रहरी विपद् व्यवस्थापन कार्यालय एवं प्रदेश स्तरका विपद् व्यवस्थापन गुल्महरूलाई विपद् उद्धारका सामाग्रीहरूको व्यवस्थापन हुन जरुरी रहेको छ।

विद्यमान अवस्थामा नेपालभरको सडकको लम्बाई दूरी ६८,१२८.२१ कि.मि. तथा दर्ता भएका सवारी साधन संख्या ४४,०३,५३९ वटा रहेको हाल नेपाल प्रहरीमा ट्राफिक प्रहरी अन्तर्गत १ उपत्यका ट्राफिक प्रहरी कार्यालय, ७ वटा राजमार्ग सुरक्षा तथा व्यवस्थापन कार्यालय, ३ वटा ट्राफिक प्रहरी परिसर, १० वटा ट्राफिक प्रहरी वृत्त, ७ वटा ट्राफिक प्रहरी प्रभाग, ७५ वटा जिल्ला ट्राफिक प्रहरी कार्यालय, २२ वटा ट्राफिक प्रहरी कार्यालय गरी १२५ वटा ट्राफिक कार्यालयमा २,६०४ जना प्रहरी कर्मचारीको दरबन्दी रहेको छ भने ३,७२३ जना कार्यरत रहेको अवस्था रहेको छ। विद्यमान अवस्थामा एक ट्राफिक प्रहरीले १,६८० सवारी साधन र २६ किलोमिटर सडक हेर्नुपर्ने तथा एक ट्राफिक प्रहरी एकाइले ५४१ किलोमिटर सडक लम्बाइ हेर्नुपर्ने अवस्था रहेको छ। हाल ट्राफिक प्रहरीसँग १५० थान ब्रेथलाइजर, ३० थान राडर गन, ११ थान लिडार गन, ५२५ थान म्याजिक लाइट, ६३ थान गो-प्रो क्यामरा साबुत अवस्थामा रहेका छन्। ट्राफिक व्यवस्थापनलाई थप चुस्त बनाउनको लागि उपर्युक्त साधनहरू पर्याप्तता हुनु आवश्यक रहेको छ। राजमार्गमा हुने अवरोध हटाई सुचारु गर्न ट्राफिक प्रहरीलाई प्रदेश ट्राफिक प्रहरी कार्यालयमा रहने गरी एक-एक थान डोजर, र्‍याकर, क्रेन लगायतका साधनहरूको आवश्यकता रहेको छ।

हाल नेपाल प्रहरीमा विशिष्ट व्यक्तिको सुरक्षाको लागि प्रहरी प्रधान कार्यालय मातहत अङ्गरक्षक गण रहेको, महत्त्वपूर्ण प्रतिष्ठानहरूको सुरक्षाको लागि नेपाल प्रहरी पहरा गण, कारागार सुरक्षा गुल्म तथा गार्डहरू, विमानस्थल सुरक्षा कार्यालय तथा गार्डहरू, अदालत समन्वय तथा सुरक्षा प्रहरी एकाइहरू विद्यमान रहेका छन्। त्यसैगरी रिजर्भ जनशक्तिको रूपमा प्रत्येक प्रदेशमा दुईवटा गण, महानगरमा दुईवटा गण, प्रहरी प्रधान कार्यालय मातहत केन्द्रीय प्रहरी विशेष कार्यदल र एउटा गण रहेका छन् ।

नेपाल प्रहरीले प्रयोग गर्दै आइरहेको हातहतियारका गोलीगठ्ठा र विष्फोटक पदार्थहरूको म्याद समाप्त भई प्रयोग गर्न नमिल्ने भएका तथा पुरानो भई बिग्रिएर काम नलाग्ने भएका भिड नियन्त्रणका सामग्रीहरूलाई प्रतिस्थापन गरी नयाँ सामग्रीहरू खरिद गर्नुपर्ने आवश्यकता रहेको छ। अन्ताराष्ट्रियस्तरमा समेत पहिलो पङ्क्तिमा खटिने

प्रहरी कर्मचारीहरूले मानव अधिकार संरक्षणका दृष्टिले छोटो प्रकृतिका र गैह्र घातक हतियारहरू प्रयोग गर्दै गइरहेको पाइन्छ। तसर्थ दीर्घकालीन रूपमा पुराना र लामो दुरीमा मार हान्न सक्ने घातक हातहतियारलाई क्रमशः छोटो कम घातक हातहतियारहरूले प्रतिस्थापन गर्न आवश्यक देखिएको छ। त्यसैगरी हातहतियारको सुरक्षित भण्डारणको लागि केन्द्रमा र सबै प्रदेशहरूमा बङ्कर निर्माण गर्नुपर्ने आवश्यकता छ।

### ३.१.४ सञ्चार तथा सूचना प्रविधितर्फ

नेपाल प्रहरीमा राज्यले सुम्पेको शान्ति सुरक्षा जस्तो महत्वपूर्ण जिम्मेवारी निर्वाह गर्नको लागि सञ्चार तथा सूचना प्रविधिको अति महत्वपूर्ण भूमिका रहेको छ। विद्यमान समय सूचना प्रविधिको समय भएकोले सूचना प्रविधिमा भएको आमूल परिवर्तनलाई आत्मसात् गर्न सकिएन भने अपेक्षित लक्ष्य पूर्ति गर्न धेरै गाह्रो हुने वा असम्भव प्राय हुन्छ। नेपाल प्रहरीमा विद्यमान समयमा आधुनिक सञ्चार तथा सूचना प्रविधिका सामग्रीहरूको कमी रहेको, नियमित मर्मत हुन नसक्दा अधिकांश प्रहरी कार्यालयहरूमा चालु अवस्थामा नरहेका, मर्मत सम्भारको लागी आवश्यक जनशक्तिको कमी रहेको तथा प्रतिस्थापन योजना (Replacement Plan) प्रभावकारी रूपमा हुन नसक्दा हाल विद्यमान साधनहरूबाट कार्यसम्पादनमा कठिनाइ भइरहेको छ। नेपाल प्रहरीलाई सञ्चार तथा सूचना प्रविधिमा समयानुकुल बनाउनको लागि पुरानो सञ्चार उपकरणहरूलाई बिस्थापित गरी नयाँ प्रविधि “Digital Radio Trunking System” प्रयोग गर्ने, Analog UHF/VHF रेडियो सञ्चार प्रविधिलाई Digitalization गर्ने, वितरण नीति अनुसार १८,६८५ थान विभिन्न सेटहरु आवश्यक पर्नेमा ७,१५१ थान सेटहरु मात्र सञ्चालनमा रहेकोले विभिन्न प्रहरी एकाइहरुको माग तथा वितरण नीति अनुसार पनि रेडियो उपकरणहरुको व्यवस्थापन गर्न नसकिएकोले मागलाई व्यवस्थापन गर्ने, अलग अलग रहेका सि.सि.टि.भी. क्यामेराहरू एकीकृत गरी प्रहरी प्रधान कार्यालयमा रहेको केन्द्रीय नेटवर्कमा Display गराउने, सि.सि.टि.भी ग्रिड निर्माण र Data Center (Footages) को व्यवस्थापन गर्ने लगायत अत्याधुनिक प्रविधिको प्रयोगमा जोड दिई सञ्चार तथा सूचना प्रविधि प्रणालीलाई समयानुकुल गर्नुपर्ने आवश्यकता देखिएको छ।

### ३.१.५ प्रहरी प्रशिक्षण केन्द्रहरूको क्षमता विस्तारतर्फ

राज्यमा शान्ति सुरक्षा कायम गर्ने, अपराध नियन्त्रण तथा रोकथाम गर्ने र घटित अपराधको सफल अनुसन्धान गर्ने जस्ता राज्यले सुम्पेको महत्वपूर्ण जिम्मेवारी निर्वाह गर्नको लागि नेपाल प्रहरीमा सक्षम जनशक्ति उत्पादन गर्ने थलोको रूपमा राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान, नेपाल प्रहरी शिक्षालय, प्रहरी युक्ति तालिम महाविद्यालय, महानगरीय प्रहरी शिक्षालय लगायत ७ वटै प्रदेशमा प्रदेश प्रहरी तालिम केन्द्र समेत गरी कुल ११ वटा प्रशिक्षण केन्द्रबाट प्रहरी जनशक्तिहरूलाई आधारभूत तथा उन्नत तालिमहरू सञ्चालन गर्दै आइरहेको छ जसमा वार्षिक रूपमा आधारभूततर्फ करिब ४,०००(चार हजार) जना, उन्नततर्फ करिब १२,००० (बाह्र हजार) जना, अनुशिक्षणतर्फ करिब ४,००० (चार हजार) र घुम्ती प्रशिक्षणतर्फ करिब १६,००० (सोह्र हजार) जना गरी कुल ३६,००० (छत्तीस हजार) प्रशिक्षार्थीहरूलाई प्रशिक्षण प्रदान गर्दै आइरहेको छ। तालिमका अतिरिक्त भर्ना छनौटका सम्पूर्ण गतिविधिहरू समेत सोही प्रशिक्षण केन्द्रहरूबाट सञ्चालन गर्दै आइरहेको छ।

यस किसिमको महत्वपूर्ण जिम्मेवारी लिएको सङ्गठनमा दक्ष जनशक्ति उत्पादन गर्न परिवर्तित वातावरणमा प्रशिक्षण प्रणालीलाई समयानुकूल गरी नियमित सञ्चालन गर्नको लागि भौतिक पूर्वाधार, प्रविधि तथा दक्ष जनशक्ति लगायतका पक्षहरूलाई समेत सँगसँगै विकास गर्दै लैजानु अपरिहार्य देखिन्छ ।

विद्यमान समयमा कतिपय प्रशिक्षण केन्द्रहरूमा आधारभूत सेवा सुविधाहरू समेत नभएको देखिन्छ। जस्तैः प्रशिक्षार्थी ब्यारेक भवन, शौचालय, स्नान गृह, कक्षा कोठा, खेलकुद मैदान/सामग्री, सवारी साधन, हातहतियार, कम्प्युटर ल्याब लगायत विभिन्न प्रयोगात्मक कक्षाको लागि आवश्यक सामग्रीहरू (सोको किट बक्स, simulation कक्ष)हरूको कमी रहेको छ ।

यसरी प्रशिक्षण केन्द्रमा अत्यावश्यक स्रोत साधनको समेत उपलब्धता हुन नसक्दा, नेपाल प्रहरीमा ठुलो सङ्ख्यामा दरबन्दी खाली रहेको भए तापनि प्रशिक्षण केन्द्रहरूमा आवश्यक भौतिक संरचना लगायत स्रोत साधनहरूको उपलब्धता हुन नसक्दा आवश्यक जनशक्ति परिपूर्ति गर्न सकिएको छैन ।

## ३.२ सशस्त्र प्रहरी बल, नेपाल

**कार्यक्रम कार्यान्वयनका क्रममा देखिएका समस्या तथा चुनौतीहरू**

(क) सङ्गठनलाई प्राप्त कार्यदिशहरूको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक भौतिक संरचना तथा स्रोत साधन तथा बजेटको कमी (हातहतियार, गोलीगठ्ठा, असवाव तथा बन्दोबस्तीका सामान)।

(ख) नयाँ कार्यालय स्थापनाको लागि जग्गाको अभाव।

(ग) देशका विभिन्न स्थानबाट सशस्त्र प्रहरी बल, नेपालको एकाई स्थापनाको लागि माग भएतापनि पर्याप्त जनशक्ति अभावको कारण एकाई स्थापना गर्न नसकिएको।

(घ) विशिष्टीकृत तालिम शिक्षालय तथा आश्रित गुल्महरुको स्तरोन्नति र क्षेत्रीय अस्पतालको स्थापना अपरिहार्य भएतापनि जनशक्तिको कमीको कारण गर्न नसकिएको।

(ङ) मुलुकका कतिपय विकट भौगोलिक स्थानमा संचार पहुँच तथा विद्युतको अभाव।

(च) समयसापेक्ष प्रविधि तथा उपकरणहरुको अभावमा परिणाममुखी कार्य सम्पादन नदेखिएको हुँदा आवश्यकतानुसार CCTV, GPS, Tracking Device, Surveillance जस्ता प्रविधिमैत्री उपकरणहरु प्रयोग गर्न आवश्यक देखिएको।

(छ) वैज्ञानिक उपकरणहरु (मेटल डिटेक्टर, एक्सरे मेसिन, वडि सर्च मेशिन आदि) उपलब्ध नभएकोले प्रभावकारी रुपमा आपराधिक गतिविधि नियन्त्रण गर्न कठिनाई।

(ज) सशस्त्र प्रहरी बल, नेपालको गठन र सञ्चालन व्यवस्थापन गर्ने सम्बन्धमा विद्यमान कानुनी प्रावधानहरूमा समसामयिक नयाँ थप र संशोधन एवं परिमार्जन गरी सैद्धान्तिक र व्यवहारिक व्यवधानहरू हटाउनु पर्ने।

(झ) विपद् न्यूनीकरणका लागि विपद्को पूर्वसूचना प्रणालीको अभाव।

## ३.३ राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

- प्राधिकरणमा पर्याप्त प्राविधिक जनशक्तिको अभाव।
- उपलब्ध जनशक्तिलाई टिकाइ राख्न कठिन।
- विपद् व्यवस्थापन कोष सञ्चालन गर्ने आधारशिला तयार नहुँदा तत्काल विपद् पश्चातका जरुरी संरचनाहरूको पुनर्स्थापनाका लागि स्रोत व्यवस्थापन गर्न नसकिएको।
- विभिन्न अन्तरसम्बद्ध निकायहरूसँग समन्वयको चुनौती रहेको।
- प्राधिकरणको क्षेत्राधिकारमा रहेका अस्पष्टताहरू।

## ३.४ अध्यागमन विभाग

**कार्यक्रम कार्यान्वयनका क्रममा देखिएका समस्याहरू**

- अध्यागमन सम्बन्धी कानुनको समसामयिक सुधार हुन नसकेको,
- नेपालीहरुको भिजिट भिसामा प्रस्थान सम्बन्धी गुनासो आइरहने,
- खुला सीमाका कारण बिना भिसा नेपाल प्रवेश गर्ने विदेशीहरूको समस्या,
- अध्यागमन कार्यालयहरूको भौतिक पूर्वाधार र क्षमता कमजोर हुनु,
- कर्मचारीको मनोबल र उत्प्रेरणा वृद्धि गर्न नसकिनु,
- अन्तर निकायगत सहकार्यमा कठिनाइ हुनु, आदि।

**कार्यक्रम कार्यान्वयनका क्रममा देखिएका चुनौतीहरू**

- विद्युतीय अध्यागमन प्रणालीको सुदृढीकरण र विकास गर्नु।
- सुचना तथा तथ्याङ्कहरूमा गैरकानुनी पहुँच हुन नदिन सुदृढ र सुरक्षित अभिलेखाङ्कन गर्नु।
- तोकिएको उद्देश्य पुरा गर्न सरोकारवाला निकायहरूसँग प्रभावकारी रूपमा समन्वय र सहकार्य गर्ने।
- नेपाल भारतबीचको खुला सिमानाबाट हुनसक्ने तेस्रो मुलुकका नागरिकहरुको गैरकानुनी आगमनमा निगरानी गर्ने।
- नेपाली र भारतीय नागरिकहरूको स्थलमार्गबाट हुने सीमापार आवागमनलाई अभिलेखन तथा व्यवस्थित गर्ने।
- अन्ताराष्ट्रिय विमानस्थल तथा स्थलमार्गका सिमानाकामा रहेका अध्यागमन कार्यालयहरूबाट यात्रुहरूको आगमन/प्रस्थान तथा भिसा सम्बन्धी सेवा प्रवाह छिटोछरितो ढङ्गले सम्पादन गर्नुपर्ने भएकाले सोही अनुरूप चौबीसै घण्टा कार्यालय सञ्चालन गर्न कर्मचारीहरूको व्यवस्थापन गर्ने।

- विभाग, अध्यागमन कार्यालयहरु, परराष्ट्र मन्त्रालय र विदेशस्थित कूटनीतिक नियोगहरूबाट वितरण हुने गरेका प्रवेशाज्ञा र सोबाट सङ्कलित राजस्वको एकीकृत अभिलेख तयार गर्ने।
- विभाग र अध्यागमन कार्यालयहरूमा प्रविधिमैत्री, दक्ष कर्मचारीहरू भित्र्याउने र कार्यरत कर्मचारीहरुको मनोबल, उत्प्रेरणा कार्यदक्षता उच्च बनाई सेवा प्रवाहलाई प्रभावकारी बनाउने।
- अहिले पनि नेपाल भ्रमणमा आउने अधिकांश विदेशी नागरिकहरूले प्रवेश विन्दुमा मात्र प्रवेशाज्ञा (on arrival visa) लिने गरेका छन्। विदेशस्थित कूटनितिक नियोगबाटै भिसा लिई आउन प्रोत्साहन गर्नका लागि आवश्यक व्यवस्था मिलाउने।
- अध्यागमन सुधारका लागि प्राथमिक तथ्याङ्क तथा सूचनामा आधारित नीति निर्माण र निर्णय प्रकृया (Database policy and decision making ) लाई प्रवर्द्धन गर्नु।
- नेपालमा विदेशी नागरिकहरूको बसाई र गतिविधि नियमन गर्नका लागि ट्र्याकिङ्ग प्रणालीको विकास गर्नु।

## ३.५ कारागार व्यवस्थापन विभाग

### कार्यक्रम कार्यान्वयनका क्रममा देखिएका समस्या तथा चुनौतीहरू

- कारागारहरुको भौतिक संरचना र पूर्वाधार निर्माण।
- कैदीवन्दी र कारागार क्षमताबीचको सन्तुलन।
- निर्माणाधीन कारागारहरूको बजेट व्यवस्थापन।
- जनशक्ति व्यवस्थापन(Retention - स्वास्थ्यकर्मी र निजामती)।
- मनोसामाजिक अपाङ्ग बन्दी अस्पताललाई पूर्ण क्षमतामा सञ्चालन गर्ने
- सवारी साधन व्यवस्थापन र परिचालन।
- अनिवार्य दायित्व भुक्तानी व्यवस्थापन।
- सामाजिक सुरक्षा खर्च व्यवस्थापन।
- कैदीवन्दीको स्वास्थ्य उपचार व्यवस्थापन।

### आगामी कार्यक्रम

- खुला कारागार सञ्चालन कार्यविधि (SOP ) तयार गर्ने।
- कारागारमा रहेका कैदीवन्दीहरूको उमेर समुह अनुसार वर्गीकरण गर्न विवरण तयार गर्ने।
- निर्माणाधीन कारागारको प्रगति अनुगमन/ समन्वयमा प्राथमिकता।
- कारागार भवन निर्माणको लागि आवश्यक जग्गा पहिचान गर्ने ।
- केन्द्रीय कारागार नुवाकोट सञ्चालनमा ल्याउन आवश्यक तयारी गर्ने।
- कारागार कार्यालयका नाममा हक स्वामित्व कायम भएका जग्गा संरक्षण गर्ने।

## ३.६ राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

**कार्यक्रम कार्यान्वयनमा रहेका समस्या तथा चुनौतीहरू**

- कार्यक्रम कार्यान्वयन/अभियान सञ्चालनका निम्ति अन्य निकाय/तहसँगको निर्भरता,
- जिल्ला र स्थानीय तहमा कार्यक्रमप्रतिको अपनत्व र प्राथमिकीकरण नहुनु,
- राष्ट्रिय परिचयपत्रका लागि राष्ट्रिय जागरण सिर्जना हुन नसक्नु,
- अभियानमा शान्ति सुरक्षाको भरपर्दो व्यवस्थापन गर्नु,
- अभियानमा खटिने जनशक्ति व्यवस्थापन (सुविधा कम/मनोवल कमजोर/असन्तुष्टि) जटिल रहनु,
- बायोमेट्रिक लिने कार्य स्वास्थ्य सुरक्षाका दृष्टिले जोखिमपुर्ण रहनु,
- सवै स्थानीय तहमा भौतिक पूर्वाधार (Internet & Electricity) पर्याप्तता नहुनु,
- अन्तर-आवद्धतामा सरोकारवाला निकायहरूको चासो र सरोकार न्यून रहनु,
- बजेट/खरिद व्यवस्थापनमा विशेषज्ञता/व्यवसायिकताको कमी रहनु,
- सामयिक क्षमता विकास तथा जनशक्ति व्यवस्थापन गर्न नसक्नु,
- लक्षित वर्गसम्म सूचना तथा सञ्चारको पहुँच प्रभावकारी बनाउन नसक्नु,
- सामाजिक सुरक्षा भत्ता वितरणको प्रभावकारी नियमन गर्न नसक्नु,
- व्यक्तिगत घटना दर्ता सम्बन्धी अपराधजन्य कसुरलाई कानुनी कारवाहीको दायरामा ल्याउने, अनुसन्धान, छानबिन कार्यलाई सशक्त बनाउन नसक्नु,
- विद्युतीय माध्यमबाट भत्ता वितरण गर्न स्थानीय तहको अग्रसरता बढ्न नसक्नु, आदि।

परिच्छेद - चार

# नीति तथा कार्यक्रम, न्यूनतम साझा कार्यक्रम र समयवद्ध क्रियाकलापहरू

## ४.१ आ.व. २०७८/७९ को बजेट, नीति तथा कार्यक्रम र माइलस्टोनहरू

मुलुकमा शान्ति सुव्यवस्था र सुरक्षा कायम गरी जनताको जिउ धन र स्वतन्त्रताको संरक्षण गर्नु" गृह प्रशासनको मुख्य उद्देश्य हो। गृह प्रशासनलाई सबल र सक्षम बनाई जनतामा सुरक्षाको अनुभूति दिलाउन र सेवा प्रवाहलाई प्रभावकारी बनाई सुशासन कायम गर्न हाल गृह मन्त्रालय मातहत राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग, अध्यागमन विभाग, कारागार व्यवस्थापन विभाग, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, जिल्ला प्रशासन कार्यालय, इलाका प्रशासन कार्यालय, सीमा प्रशासन कार्यालय तथा सुरक्षा निकायका रुपमा नेपाल प्रहरी, सशस्त्र प्रहरी वल, नेपाल लगायतका निकायहरू केन्द्रदेखि स्थानीय तहसम्म क्रियाशील रहेका छन्। मन्त्रालय र अन्तर्गत कृयाशील निकायहरुले प्रचलित कानुन, स्वीकृत कार्यक्रम तथा मापदण्ड र विगतको अनुभव समेतलाई दृष्टिगत गरी आफ्ना क्रियाकलाप व्यवस्थित गर्नुपर्ने हुन्छ। विगतका सिकाई र कार्यसम्पादनको अनुभव समेतलाई दृष्टिगत गरी मन्त्रालय र मातहत निकायले आफ्ना आगामी क्रियाकलाप व्यवस्थित गर्नुपर्ने हुन्छ। यस आधारमा चालु आ.ब. २०७८/७९ मा नेपाल सरकारको नीति तथा कार्यक्रम र सोको आधारमा निर्माण गरिएको चालु आ.ब.को बजेटमा उल्लेखित यस मन्त्रालयसँग सम्बन्धित बुँदाहरू र सोको पौषमसान्तसम्मको प्रगति विवरणको सार तयार गरिएको छ।

### ४.१.१ गृह मन्त्रालयसँग सम्बन्धित वार्षिक नीति तथा कार्यक्रमहरू

आ.व. २०७८/७९ को वार्षिक नीति तथा कार्यक्रममा गृह मन्त्रालयसँग सम्बन्धित बुँदाहरू देहाय अनुसार रहेका छनः

***(क) १४ जेष्ठ २०७८ गतेका दिन सम्माननीय प्रधानमन्त्रीज्यूले राष्ट्रका नाममा गर्नुभएको सम्बोधन***

**बुँदा नं. ५५:** विपद् जोखिमबाट सुरक्षित नेपाल निर्माणको नीति लिइनेछ। यसका लागि जोखिममुक्त संरचना निर्माण, विपद्को पूर्व सूचना प्रणालीको विकास, विपद् सम्बन्धी जनचेतनाको अभिवृद्धिमा जोड दिइनेछ। सातै प्रदेशमा आवश्यक सेवा सुविधा सहित तत्काल क्रियाशील हुने विपद् उद्धार तथा व्यवस्थापन केन्द्रको व्यवस्था गरिनेछ। प्राकृतिक प्रकोपको उच्च जोखिम र निरन्तरको विपद्को वास्तविकतालाई ध्यानमा राखी विपद्पछिको पुनर्निर्माण सम्बन्धी कार्यको व्यवस्थापन गर्न राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको पुनर्संरचना गरिनेछ। विपद्बाट विस्थापित परिवारलाई उपयुक्त बसोबासको व्यवस्था, जोखिमयुक्त बस्तीहरूको सुरक्षित स्थानान्तरण, एकीकृत बस्तीको विकास र फुसले छाएका छाना जस्तापाताले प्रतिस्थापन गर्ने नीति लिइनेछ। वन, डढेलो लगायत विपत्तिहरूको सामना गर्न साधनस्रोतहरूको प्रबन्ध गरिनेछ।

**बुँदा नं. ६४:** सङ्क्रमणकालीन न्यायका बाँकी कार्य प्राथमिकताका साथ सम्पन्न गरिनेछ। बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगबाट पीडित परिचयपत्र प्राप्त व्यक्तिहरूलाई सहुलियत तथा सुविधा उपलब्ध गराइनेछ। लोकतन्त्रका योद्धाहरूको अभिलेखीकरण र सम्मानको कार्यक्रमलाई निरन्तरता दिइनेछ।

**बुँदा नं. ६५:** शान्ति सुरक्षालाई प्रभावकारी बनाई आम नागरिक र सम्पत्तिको सुरक्षा प्रत्याभूत गरिनेछ। राष्ट्रिय सुरक्षा र प्रतिरक्षा प्रणालीलाई सबल बनाइनेछ। सीमा क्षेत्रका थप स्थानहरूमा सशस्त्र प्रहरी बलको बोर्डर आउट पोष्ट स्थापना गरिनेछ। हवाई तथा स्थलमार्गबाट आवतजावत गर्ने विदेशी नागरिकको अभिलेख व्यवस्थित गरिनेछ। सुरक्षाकर्मीहरूका समस्या समाधानमा विशेष ध्यान दिइनेछ।

***(ख) संयुक्त सरकारको साझा न्यूनतम कार्यक्रम***

**संयुक्त सरकारका प्राथमिकताहरू**

**बुँदा नं. १.२:** संविधानको सर्वोच्चता, कानुनी राज्य र सुशासनको प्रत्याभूति दिने।

**बुँदा नं. १.३:** शान्ति प्रक्रियालाई पूर्णता दिन विस्तृत शान्ति सम्झौताका बाँकी कार्यभार तथा विभिन्न पक्षहरूसँग भएका सहमतिहरूको कार्यान्वयन गर्ने।

**बुँदा नं. १.९:** बाढी, पहिरो, आगलागी तथा डुबान लगायतका विपत्ति परेका जनताको उद्धार, राहत तथा पुनर्स्थापना गर्ने।

***ग) संयुक्त सरकारका नीति र कार्यक्रमहरू***

- **राष्ट्रिय हितको संवर्द्धन**

**बुँदा नं. २.२ (२) :** सीमा सुरक्षा र तस्करी नियन्त्रणका लागि सीमा सुरक्षा चौकी (बिओपी) वृद्धि गर्ने।

**बुँदा नं. २.२ (६):** सुरक्षा अङ्गको व्यवसायिकतामा जोड दिँदै मनोबल उच्च बनाउन आवश्यक साधन स्रोत उपलब्ध गराउने।

- **सङ्घीयताको कार्यान्वयन र सङ्घीय लोकतान्त्रिक गणतन्त्रको सुदृढीकरण**

**बुँदा नं. २.३(४):** प्रदेशसँगको समन्वयमा प्रदेश प्रहरी समायोजनको काम यथाशीघ्र सम्पन्न गर्ने।

**बुँदा नं. २.३(९):** मौलिक हकको प्रभावकारी रूपमा कार्यान्वयन गर्न राज्यको भूमिका अभिवृद्धि गर्ने।

- **शान्ति सुरक्षाको प्रत्याभूति, सुशासन र सदाचार**

**बुँदा नं. २.४(१):** कानुनी राज्यको मान्यता अनुरूप सुशासनको प्रत्याभूति, सार्वजनिक प्रशासन र सुरक्षा निकाय लगायतका सबै राज्य संयन्त्रलाई निष्पक्ष र जवाफदेही बनाउन ठोस कदम चाल्ने।

**बुँदा नं. २.४(२):** समाजमा शान्ति सुव्यवस्था कायम गर्न अपराध र अराजकता नियन्त्रण गरी दण्डहीनताको अन्त्य गर्ने।

**बुँदा नं. २.४(३):** निजामती प्रशासन, नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी लगायतका सुरक्षा निकायहरूलाई सक्षम, निष्पक्ष, पारदर्शी र जनउत्तरदायी रूपमा सञ्चालन गर्ने।

**बुँदा नं. २.४(५):** सङ्घीय व्यवस्थाको आधारभूत मान्यता अनुरूप निजामती सेवा एवं सुरक्षा निकायको पुनर्संरचनाको कामलाई पूर्णता दिने।

**बुँदा नं. २.४(१०):** राष्ट्रिय परिचयपत्र प्रणालीलाई देशभर लागू गर्ने।

### ➢ शान्ति प्रक्रियाको पूर्णता

**बुँदा नं. २.५(१):** सरकार र नेकपा (माओवादी) बीच भएको बृहत् शान्ति सम्झौता तथा मधेश आन्दोलन लगायत विभिन्न पक्षहरूसँग भएका सहमति र सम्झौताहरूको कार्यान्वयन गर्ने।

**बुँदा नं.२.५(२):** सशस्त्र सङ्घर्षको सन्दर्भमा गिरफ्तार गरिएका बन्दीहरूलाई बृहत् शान्ति सम्झौताको भावना अनुसार रिहा गर्ने।

**बुँदा नं. २.५(४):** लाल आयोगको प्रतिवेदन सार्वजनिक गर्ने। तराई मधेशमा भएका विभिन्न आन्दोलनको बेला लगाइएका मुद्दाहरूको पुनरावलोकन गरी अन्यायपूर्वक बन्दी बनाइएका व्यक्तिको रिहाइ गर्ने।

**बुँदा नं. २.५ (५):** तराई मधेश लगायत विभिन्न क्षेत्रमा सङ्घर्ष गरेका समूहहरूसँग सरकारले गरेका सहमतिलाई तदारुकताका साथ कार्यान्वयन गर्ने।

### ➢ आर्थिक नीति तथा कार्यक्रम

**बुँदा नं. २.६(१७):**भूकम्प, बाढी पहिरो, डुबान, भूक्षय तथा आगलागी जस्ता विपद्बाट हुने जनधनको नोक्सानी कम गर्नेका लागि डिजिटल प्रविधिको समेत प्रयोग गरी पूर्व सर्तकता प्रणाली विकास गर्ने, आवश्यकतानुसार बस्ती स्थानान्तरण गर्ने र एकीकृत बस्ती निर्माण सुरु गर्ने।

### ➢ सामाजिक रुपान्तरण

**बुँदा नं. २.७(१):** श्रमिक लगायत गरिबी, बञ्चितीकरण र जोखिमयुक्त जीवनयापन गरिरहेका तथा आफ्नो हेरचाह आफैं गर्न नसक्ने व्यक्तिहरूलाई सामाजिक सुरक्षा प्रदान गर्ने।सामाजिक सुरक्षा प्रणालीलाई व्यवस्थित गर्न एकीकृत राष्ट्रिय सामजिक सुरक्षा संरचना लागू गर्ने।

**बुँदा नं. २.७(१०):** महिला विरुद्धका सम्पूर्ण विभेदकारी कानुन, पितृसत्तात्मक परम्परागत मान्यता र व्यवहारको अन्त्य गरी लैङ्गिक समतामूलक समाज निर्माण गर्ने। महिला विरूद्धका सबै विभेदहरूलाई समाप्त गर्दै बलात्कार, घरेलु हिंसा, एसिड आक्रमण र बेचबिखनजस्ता अपराध गर्नेलाई कडा कारबाही गर्ने। यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकको अधिकार सुनिश्चित गर्ने।

**बुँदा नं. २.७(१२):** सबै समुदायको भाषा, लिपी, संस्कृति, सभ्यता र सम्पदाको संरक्षण र सम्वर्द्धन गर्ने।जाति, भाषा, धर्म र संस्कृतिको आधारमा गरिने सबै प्रकारका भेदभावको अन्त्य गर्ने। नेपाललाई जातीय छुवाछूतमुक्त राष्ट्र घोषित गरिसकेको सन्दर्भमा जातपातजन्य विभेद अन्त्यका लागि प्रभावकारी कदम चाल्ने।

➢ **तात्कालिक राहत, पुनर्निर्माण र पुनर्स्थापना**

**बुँदा नं. २.८ (१):** कोभिड -१९, बाढी, पहिरो, डुबान तथा अन्य विपद् पीडित परिवारलाई उद्धार तथा राहत प्रदान गर्ने। प्रभावित र विस्थापितहरूको पुनर्स्थापना गर्ने तथा विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापनलाई प्रभावकारी पार्ने।

**बुँदा नं. २.८ (२):** शहीद तथा बेपत्ता परिवार र द्वन्द्वपीडित एवं विस्थापितलाई राहत, पुनर्स्थापना र सहायताका लागि आवश्यक व्यवस्था मिलाउने।

**बुँदा नं. २.८ (३):** विभिन्न आन्दोलनमा घाइते भई उपचार नपाएकाहरूको यथोचित उपचारको व्यवस्था गर्ने, अङ्गभङ्ग भएकाहरूलाई क्षतिपूर्ति र परिवारका कम्तिमा एक जना सदस्यलाई रोजगारीको व्यवस्था गर्ने।

**बुँदा नं. २.८ (५):** सिन्धुपाल्चोक, मनाङ, लमजुङ, गोरखा, बाजुरा र सप्तरी लगायतका बाढी पहिरो र डुबान प्रभावित क्षेत्रका जनतालाई राहत तथा पुनर्स्थापना गर्ने। तराई मधेशमा डुबानको जोखिम क्षेत्रहरूमा नदी नियन्त्रण र पुनर्निर्माणको कामलाई प्राथमिकता दिने।

### ४.१.२ बजेट वक्तव्यसँग सम्बन्धित बुँदाहरू

आ.व. २०७८/७९ को वार्षिक बजेट वक्तव्यमा गृह मन्त्रालयसँग सम्बन्धित बुँदाहरू देहाय अनुसार छन्ः

**<u>बजेटका प्राथमिकता</u>**

- ➢ सबै नेपालीलाई जीवनचक्रमा आधारित सामाजिक सुरक्षा र संरक्षण,
- ➢ सबै प्रकारका विभेद र असमानताको अन्त्य, समन्यायिक विकास र विकासका प्रतिफलमा न्यायपूर्ण पहुँच,
- ➢ उत्तरदायी शासकीय व्यवस्था, सुशासन, भ्रष्टाचार नियन्त्रण, शान्ति सुरक्षाको प्रत्याभूति र सेवा प्रवाहमा प्रभावकारिता।

**बुँदा नं. १५९:** वृक्षारोपण र संरक्षण कार्यमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी समेतलाई परिचालन गरिनेछ।

**कार्यान्वयनको अवस्था:**

- वृक्षारोपण र संरक्षण कार्यमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी समेतलाई निरन्तर परिचालन गरिएको।

**बुँदा नं. ३८८:** मानव सभ्यताको कलङ्कको रूपमा रहेको जातीय भेदभाव र छुवाछूत निर्मूल गर्न सामाजिक जागरण र कानुनी कारबाहीलाई सशक्त बनाइनेछ।

**कार्यान्वयनको अवस्था:** प्रहरी कार्यालयहरूमा सेवा प्रवाहमा सहजीकरणका लागि दलित सेलको गठन गरिएको।

**बुँदा नं. ३८९:** शान्ति प्रक्रियाका बाँकी काम सम्पन्न गरिनेछ।

**कार्यान्वयनको अवस्था:** विप्लव समूह लगायत द्वन्द्वरत पक्षसँग निरन्तर संवाद अघि बढाइएको।

**बुँदा नं. ३९०:** नेपालमा अग्रगामी लोकतान्त्रिक परिवर्तनका लागि भएका सबै जनआन्दोलन, सशस्त्र सङ्घर्ष र क्रान्तिका क्रममा जीवन उत्सर्ग गर्ने शहिदका परिवार, बेपत्ता पारिएका व्यक्तिका परिवार, लोकतन्त्रका योद्धा, द्वन्द्व पीडित र विस्थापित, अपाङ्गता भएका व्यक्ति र घाइतेको अभिलेखीकरण गरी सहयोग, सम्मान र संरक्षण गरिनेछ। सशस्त्र द्वन्द्वबाट प्रभावित व्यक्तिहरूलाई सहुलियतपूर्ण कर्जा उपलब्ध गराई स्वरोजगार बन्न प्रेरित गरिनेछ।

**कार्यान्वयनको अवस्थाः**

- अभिलेख अद्यावधिक भैरहेको।

**बुँदा नं. ३९२:** अपराध नियन्त्रण गरी शान्ति सुरक्षा कायम गर्न आवश्यक पर्ने हातहतियार, सुरक्षा उपकरण तथा सवारीसाधनको व्यवस्था गरी सुरक्षा निकायलाई सुदृढ र सबलीकरण गरिनेछ। नेपाल प्रहरी र सशस्त्र प्रहरीबल, नेपालका सकल दर्जाको मनोबल उच्च बनाई राख्न खाईपाई आएको राशनमा १५ प्रतिशतले वृद्धि गरेकोछु।सीमा सुरक्षा, अपराध तथा अवैध व्यापार नियन्त्रण गर्न सीमावर्ती क्षेत्रमा सशस्त्र प्रहरी बलका थप १ सय २० बोर्डर आउट पोष्ट स्थापना गरिनेछ।

**कार्यान्वयनको अवस्थाः**

- नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७८/०७/०८ को निर्णयानुसार नेपाल प्रहरी र सशस्त्र प्रहरीबल, नेपालका ७७ वटै जिल्लाहरूमा कार्यरत प्रहरी कर्मचारीहरूलाई नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७२/१२/०१ र मिति २०७३/०३/०२ गतेको निर्णयले स्वीकृत राशन दररेटमा मिति २०७८/०४/०१ देखि लागू हुने गरी १५ प्रतिशतले वृद्धि गरी कार्यान्वयनमा आएको छ।
- आ.व. २०७८/७९ को वजेट वक्तव्य पश्चात सीमावर्ती क्षेत्रमा सशस्त्र प्रहरी बल, नेपालको हाल सम्म कुनै बोर्ड र आउट पोष्टहरू स्थापना हुन नसकेको अवस्था विद्यमान छ।
- सीमामा परिचालित स.प्र.बल, नेपालका बि.ओ.पि.हरूका लागि मिति २०७८/०८/१० गते २१० वटा मोटरसाईकल खरिद गरिएको ।
- सीमा इलाकामा आवश्यकता तथा संवेदनशीलता मध्यनजर गरी मातहत एकाइहरूको समन्वयमा बिओपि स्थापनाको लागि विभिन्न १२० स्थानहरू पहिचान तथा छनौट गरिएको। जसमध्ये आवश्यक जनशक्ति तथा बजेट उपलब्ध भएमा ६ स्थानमा तत्कालै बिओपि स्थापना गर्न सकिने।
- २७ वटा बिओपि भवन निर्माणको लागि सम्झौता भएको, १४ वटा सम्झौताको प्रकृयामा रहेको, पाँचवटा मूल्याङ्कनको क्रममा रहेको र एउटाको लागि पुनः सूचना प्रकाशन गर्नुपर्ने देखिएको।

**बुँदा नं. ३९३:** त्रिभुवन विमानस्थलमा अध्यागमन सेवालाई अन्ताराष्ट्रियस्तरको बनाउन यात्रुको विवरण अग्रिम रुपमा प्राप्त हुने एडभान्स पेसेन्जर इन्फरमेसन सिष्टमको प्रयोग, विद्युतीय प्रवेशद्वार सञ्चालन र क्युआरकोड सहितको विद्युतीय भिसा जारी गर्ने व्यवस्था मिलाइनेछ।

**कार्यान्वयनको अवस्थाः**

- त्रिभुवन विमानस्थलमा अध्यागमन सेवालाई अन्ताराष्ट्रियस्तरको बनाउन यात्रुको विवरण अग्रिम रुपमा प्राप्त हुने एडभान्स पेसेन्जर इन्फरमेसन सिष्टम(APIS)को प्रयोगका लागि बजेट प्राप्त भई कार्य गर्न प्रक्रियामा रहेको । बिद्युतीय QR code सहितको भिसा विभागमा कार्यान्वयनमा रहेको र अन्य अध्यागमन कार्यालयमा आवश्यक सामाग्री जडान गरी सञ्चालन गर्ने प्रक्रियामा रहेको।
- लागु औषध गाँजा -१,३१० के.जी., चरेश -२१ के.जी., नाईट्रोजन -७८९ ट्याव्लेट, नाईट्रोभेट -६३७० ट्याव्लेट, लुपिजेसिक -२३६ ट्याव्लेट, कोरेक्स -७४ बोत्तल, फेनरागन- १,६९६ ट्याव्लेट, एभिल -६५ बोत्तल, सिरिन्जहरु -१५ गोटा, स्पास्मो प्रोक्सिभन -१,५७० ट्याव्लेट, ब्राउन सुगर -३२४ ग्राम, डाइजिपाम -२६५४ ट्याव्लेट र नुफिन -२५०१ ट्याव्लेट बरामद गरी सम्बन्धित निकायमा बुझाइएको।
- मानव बेचबिखनमा परेका २० जनाको उद्धार र उक्त कार्यमा संलग्न १९ जनालाई पक्राउ गरी सम्बन्धित निकायमा बुझाइएको।
- संवेदनशील इलाका तथा भन्सार एरियाहरुको गतिविधिहरु अनुगमन गर्न ९७ स्थानमा २८७ वटा सि.सि .क्यामेरा जडान गरिएको साथै केन्द्रमा मनिटर सेल राखी अनुगमन गरिएको।

**बुँदा नं. ३९४:** सीमा नाकामा रहेका सबै अध्यागमन कार्यालयको भौतिक पूर्वाधार सुधार गर्नुका साथै नेपाल भित्रिने विदेशी नागरिकको बायोमेट्रिक विवरण सहितको अभिलेख विद्युतीय प्रणालीमा अद्यावधिक गरिनेछ।

**कार्यान्वयनको अवस्थाः**

- Biometric अद्यावधिक गर्ने कार्य सम्पन्न भई कार्यान्वयन भईरहेको र One to many Verification का लागि लागत अनुमान स्वीकृति एवं बजेट सुनिश्चितताका लागि मन्त्रालयमा पेश भएको।

**बुँदा नं. ३९५:** कारागारलाई सुधार गृहमा विकास गरिनेछ। नुवाकोट र बाँकेमा खुला कारागार निर्माण कार्य आगामी वर्ष सम्पन्न गरिनेछ। पाँचथर र मोरङमा कारागार निर्माण गर्न रकम विनियोजन गरेको छु। लोकतान्त्रिक आन्दोलनका सिलसिलामा कारागारमा रही गरिएको योगदानको संस्मरण र कारागारको इतिहास प्रतिविम्वित हुने गरी केन्द्रीय कारागार परिसरमा संग्रहालय निर्माण गरिनेछ।

**कार्यान्वयनको अवस्थाः**

- कारागारलाई सुधार गृहमा रूपान्तरण गर्न हालसम्म ७,००० कैदीबन्दीलाई सीपमुलक तालिम प्रदान गरिएको। निर्माणाधीन नुवाकोट खुला कारागारको ८५ प्रतिशत र बाँके कारागारको ७५ प्रतिशत भौतिक प्रगति भएको छ। मोरङ कारागारमा रकम विनोयोजन भई निर्माण कार्य भईरहेको, भौतिक प्रगति ३० प्रतिशत भएको छ। पाँचथर कारागारको निर्माण कार्य सुरु भएको छ। केन्द्रीय कारागारमा हाल कैदीबन्दी रहेकोले संग्रहालयको कार्य अगाडि बढेको छैन।

**बुँदा नं. ३९६:** दुई वर्षभित्र सबै नेपालीलाई राष्ट्रिय परिचयपत्र वितरण गर्ने लक्ष्य अनुरूप आगामी वर्ष ७० लाख व्यक्तिलाई परिचयपत्र वितरण गरिनेछ। व्यक्तिगत घटना दर्तालाई विद्युतीय माध्यमको प्रयोगबाट गुणस्तरीय, सरल र सहज बनाइनेछ।

**कार्यान्वयनको अवस्थाः**

- ७७ जिल्ला प्रशासन कार्यालय, १९ वटा इलाका प्रशासन कार्यालय, राहदानी विभाग र राष्ट्रिय परिचयपत्र व्यवस्थापन एकाइमा परिचयपत्र एकाइ (National ID Unit)को स्थापना गरी उक्त कार्यालयहरूबाट नियमित सेवाको रुपमा विवरण दर्ता कार्य शुरु गरिएको छ। राष्ट्रिय परिचयपत्रका लगि २०७८ पौष मसान्तसम्म अभियानमार्फत ४६,६३,७३४ र एकाइमार्फत ७,६१,३५६ जना नागरिकहरूको विवरण सङ्कलन गरिएको छ जसमध्ये २०७८ साउनदेखि पौष मसान्तसम्ममा अभियानमार्फत १९,९१,२०७ जना र एकाइमार्फत ३,८५,३५४ जनाको विवरण सङ्कलन गरिएको छ। हालसम्म २५ जिल्लाका २७९ स्थानीय तहका २,५४८ वडामा अभियान सम्पन्न भएको छ भने १३ जिल्लामा अभियान जारी छ।
- राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणाली (NIDMIS) को स्तरोन्नतिको कार्य परामर्शदाता IDEMIA मार्फत सम्पन्न भइ सञ्चालनमा रहेको र हाल Support तथा मर्मतको कार्य सुचारु रहेको छ भने NIDMIS को Disaster Recovery Site को लागि आवश्यक उपकरण खरिद एवं Site स्थापनाको अन्तिम चरणमा रहेको छ।
- राष्ट्रिय परिचयपत्रको Service Integration मा राहदानी विभागसँग System Integration भई e-Passport ले राष्ट्रिय परिचयपत्रको Verification गर्ने कार्य भएको। CMIS र VERSP-MIS सँग System Integration भई कार्यान्वयनमा रहेको। NIDMIS प्रणाली कै विद्यमान पुर्वाधार मार्फत सेवा आबद्धता भैरहेको। राष्ट्रिय परिचयपत्रको आवेदन नम्बरबाट NIN प्रदान गर्ने विद्युतीय सेवाको विकास भई सञ्चालनमा रहेको।
- NIDMIS को Disaster Recovery Site को लागि आवश्यक उपकरण खरिद एवं Site स्थापनाको अन्तिम चरणमा रहेको। आ.व. २०७८/०७९ मा ५० लाख राष्ट्रिय परिचयपत्रको स्मार्ट कार्ड आपूर्तिको लागि प्रतीतपत्र खोल्ने प्रक्रिया पुरा भई प्राप्तिको चरणमा रहको। आ.व. २०७८/०७९ मा ३० लाख नागरिकलाई राष्ट्रिय परिचयपत्र वितरण गर्ने लक्ष्य रहेको।
- अनलाइन मार्फत पौष मसान्तसम्म कुल २८,९३,२४९ व्यक्तिगत घटना दर्ता भएकोमा अनलाईन व्यक्तिगत घटना दर्ता गर्ने वडा संख्या – ५,७१० (यस आ.व.मा ६६४ वडा थप भएको) रहेको। व्यक्तिगत घटना दर्तातर्फ जन्म १५,३५,३८७, मृत्यु ३,९८,३०८, विवाह ६,०९,२३८, बसाइसराई ३,३१,५६२ र सम्बन्ध विच्छेद १८,७५४ रहेका।

**बुँदा नं. ४००:** विपद्जन्य जोखिमको व्यवस्थापन गर्न सरकारी कोषमा परेको चापलाई कम गर्न विपद् जोखिम न्यूनीकरण वित्तीय रणनीति कार्यानव्यन गरिनेछ। विपद्को पूर्वसूचना प्रणाली विकास गरी क्षति न्यूनीकरण गरिनेछ। विपद् पूर्वतयारी, खोज, उद्धार, राहत र पुनर्स्थापनाका कार्यक्रम सञ्चालन गर्न बजेटको व्यवस्था गरेको छु।

**कार्यान्वयनको अवस्थाः**

- ४६ वटा विपद् व्यवस्थापन तालिम सम्पन्न भएको, जसमा १,५६१ जना सहभागी भएका साथै हाल १ वटा तालिम सञ्चालनमा रहेको जसमा ४७ जना सहभागी भएका। विभिन्न ३३ किसिमका विपद् उद्धार सामाग्रीहरु सम्झौता भई आपूर्तिको क्रममा रहेको।

**बुँदा नं. ४०१:** डढेलोबाट हुने क्षति न्यूनीकरण गर्न नेपाली सेनाको व्यवस्थापनमा परिचालित हुनेगरी पानी खन्याउने बकेट सहितको हेलिकप्टर तथा अन्य उपकरणहरू तयारी अवस्थामा राखिनेछ। विपद् व्यवस्थापनमा सुरक्षा लगायत सम्बद्ध सबै निकाय समन्वयात्मकरुपमा क्रियाशील हुने व्यवस्था मिलाइनेछ।

**कार्यान्वयनको अवस्थाः**

- डढेलोबाट हुने क्षति न्यूनिकरण गर्न अग्नि नियन्त्रण सामग्रीहरू खरिद भई वितरणको चरणमा रहेको छ। उक्त सामग्रीहरू सुरक्षा लगायत अन्य सरोकारवालाहरूलाई समन्वयात्मक रूपमा परिचालन गर्ने गरी वितरण गरिनेछ।

**बुँदा नं. ४०२:** विपद् उद्धार तथा व्यवस्थापनको लागि सबै प्रदेशमा मल्टिपर्पोज रोबोटिक फायर फाइटिङ, अत्याधुनिक फायर ब्रिगेड, मल्टिसिटर एम्बुलेन्स, रेस्क्यु भेहिकल र सबै स्थानीय तहमा दमकल व्यवस्था गरी अग्निजन्य विपद् न्यूनीकरण र व्यवस्थापन गरिनेछ।

**कार्यान्वयनको अवस्थाः**

- रोवोटिक फायर फाइटिङको स्पेशिफिकेशन तयार हुने क्रममा रहेको र फायर ब्रिगेडको वोलपत्र आव्हानको तयारीमारहेको छ। मल्टिसिटर एम्वुलेन्स र रेस्क्यु भेकलको वोलपत्र आह्वान भई सम्झौताको क्रममा रहेको छ।

**बुँदा नं. ४०३:** विपद् पछिको पुनर्निर्माणलाई तीव्रता प्रदान गर्न राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको संरचनागत सुधार गरी संस्थागत क्षमता अभिवृद्धि गरिनेछ।

**कार्यान्वयनको अवस्थाः**

- संरचनात्मक सुधारका लागि सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको मस्यौदा तयार भई पेश हुने क्रममा रहेको छ।
- नेपाली सेना लगायत सम्पूर्ण सुरक्षा निकायहरुसँग आवश्यक समन्वय गरी विपद् व्यवस्थापन कार्य प्रभावकारी भूमिका निर्वाह गरिएको ।
- गोताखोर तालिम प्राप्त ३७ जना र विपद् व्यवस्थापन तालिम प्राप्त २०३४ जना जनशक्तिलाई आवश्यक उद्धार सामग्री सहित तैनाथ अवस्थामा रहेको।
- विभिन्न विपद्का ६६२ घटनाहरू (सडक दुर्घटनामा परेका, बाढीपहिरो नदी तथा तालमा डुबेका, वा बगाएका, हिमपात वा हिमपहिरोमा परेका) २१५ जनाको जीवितै उद्धार गरिएको ८२१

जना घाइते उद्धार र ३६६ मृतकको शव निकालिएको। उक्त कार्यको लागि ६८५५ जना सशस्त्र प्रहरीहरू परिचालन भएका।

- राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको संरचना अन्तर्गत सशस्त्र प्रहरी बल, नेपालको तर्फबाट एक जना विपद् व्यवस्थापन तालिम प्राप्त अधिकृतलाई आवश्यक समन्वय तथा सहजीकरणको लागि खटाइ पठाइएको।

**बुँदा नं. ४१८:** सार्वजनिक सेवालाई सर्वसुलभ, छरितो र प्रविधिमैत्री बनाइनेछ। सेवाग्राहीको पृष्ठपोषण लिने पद्धतिलाई संस्थागत गरिनेछ। नागरिकबाट प्राप्त गुनासोको तत्काल समाधान गर्ने व्यवस्था मिलाइनेछ। प्रमुख पदाधिकारी तथा आयोजना प्रमुखसँग परिमाणात्मक तथा मापनयोग्य सूचक सहित कार्यसम्पादन सम्झौता गरिनेछ।

**कार्यान्वयनको अवस्था:**

- गुनसो सुनुवाइलाई उच्च प्राथमिकता दिइएको।
- विभागीय प्रमुख तथा प्रमुख जिल्ला अधिकारीहरूसँग कार्यसम्पादन सम्झौता गरिएको।

**प्रतिस्थापन विधेयकबाट**

**बुँदा नं. ९:** समाजमा विद्यमान विभेदहरू अन्त्य गर्न दलित, थारु, आदिबासी जनजाति, मुस्लिम, गरिब, महिला, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, बालबालिका, लैङ्गिक अल्पसङ्ख्यक र भाषा संस्कृति आदिमा भइरहेको विभेद अन्त्य गर्न सामाजिक तथा सांस्कृतिक रुपान्तरणका लागि प्रभावकारी कार्यक्रम सञ्चालन गरिनेछ।

## ४.२ नतिजासूचक र समयवद्ध क्रियाकलापहरू (Milestones)

### ४.२.१ प्राथमिकताप्राप्त कार्यक्रम (P1) को प्रगति अवस्था

आ.व. २०७७/७८ मा गृह मन्त्रालय अन्तर्गत जम्मा दुईवटा पहिलो प्राथमिकता प्राप्त कार्यक्रमहरू रहेका थिए जसको प्रगति अवस्था तालिका नं ४.२.१.१ मा प्रस्तुत गरिएको छ।

**तालिका नं. ४.२.१.१: P1 अन्तर्गतका कार्यक्रमहरूको प्रगतिको अवस्था**

| क्र.सं. | प्राथमिकता प्राप्त आयोजनाहरु | विनियोजित बजेट (रु हजारमा) | | आ.व. २०७७/७८ को दोस्रो चौमासिक खर्च (प्रतिशतमा) | |
|---|---|---|---|---|---|
| | | चालु | पुँजीगत | चालु खर्च | पूँजीगत खर्च |
| १. | लागू औषध नियन्त्रण कार्यक्रम | ७९,०० | १०० | ५३.३९ | १०० |
| २. | त्रि-वर्षीय अपराध नियन्त्रण तथा अनुसन्धान कार्ययोजना | १,०६,०० | ७,९१,०० | ६८.९६ | ९१.०२ |

### ४.२.२ राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकका निर्णय कार्यान्वयन

राष्ट्रिय विकास समस्या समाधान समितिको ४६औं, ४७औं र ४८औं बैठकका गृह मन्त्रालयसँग सम्बन्धित निर्णयहरूको कार्यान्वयनको अवस्था तालिका तालिका नं. ४.२.२.१ मा प्रस्तुत गरिएको छ।

**तालिका नं. ४.२.२.१: राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकका निर्णय कार्यान्वयनको अवस्था**

| बैठक संख्या | निर्णय नं. | निर्णयको व्यहोरा | निर्णय कार्यान्वयनको व्यहोरा |
|---|---|---|---|
| ४६ | ५ | पञ्चवर्षीय पुनर्निर्माण तथा पुर्नस्थापना योजना (PDR) मा परेका तर सरकारका सम्बन्धित मन्त्रालय र निकायबाट नियमित कार्यक्रम अन्तर्गत पुनर्निर्माण गर्नुपर्ने खानेपानी, सडक, सिंचाई, स्थानीय तहका भवन, सुरक्षा निकायका भवन लगायतका संरचनाहरूको पुनर्निर्माण कार्य एवं जोखिमयुक्त वस्तीहरुको संरक्षणको लागि आवश्यक बजेटको व्यवस्था नभएकाले सम्बन्धित सङ्घीय मन्त्रालयले अर्थ मन्त्रालय, प्रदेश र स्थानीय तहसँग आवश्यक समन्वय र सहकार्य गरी पुनर्निर्माण सम्बन्धी कार्य आगामी एक वर्ष भित्र सम्पन्न गर्ने। | नेपाल प्रहरी तर्फ कुल १०५ वटा भवनको पुनर्निर्माण कार्य सम्पन्न भएको। |
| | ६ | जग्गा अधिग्रहण तथा मुआब्जा निर्धारण सम्बन्धी एकीकृत राष्ट्रिय नीति, २०७६ तयार गरी स्वीकृतिका लागि २०७६ पुसभित्र म. प. मा पेश गर्ने :<br>जग्गा अधिग्रहण तथा मुआब्जा निर्धारण कार्यमा स्थानीयस्तरमा सधैं विवाद भइरहने तथा जग्गा प्राप्ति सम्बन्धी आयोजनापिच्छे फाईलहरू मन्त्रीपरिषदमा लैजानु पर्ने एवं विभिन्न प्रकृतिका अतिक्रमित ऐलानी तथा पर्ति जग्गा समेतको प्राप्तिका सम्बन्धमा स्पष्ट आधार, मापदण्ड र नीति नभएकाले जग्गा प्राप्तिमा समस्या तथा ढिलाइ हुने गरेको हुँदा गृह मन्त्रालयले सरोकारवाला निकायसँगको समन्वयमा उचित मूल्यलाई आधार लिई ऐलानी तथा पर्ति जग्गाको हकमा मुआब्जा प्राप्त नहुने गरी जग्गा अधिग्रहण तथा मुआब्जा निर्धारण सम्बन्धी एकीकृत राष्ट्रिय नीति, २०७६ पौष महिना भित्र तयार गरी स्वीकृतिका लागि नेपाल सरकार, मन्त्रिपरिषदमा पेश गर्ने। | भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयबाट मुअब्जा क्षतिपूर्ति र राहत सम्बन्धी मार्गदर्शन, २०७६ का साथै एकीकृत भूमि तथा जग्गा प्राप्ति ऐन तयारीको कार्य भईरहेको जानकारी आएपछि यस मन्त्रालयवाट राष्ट्रिय योजना आयोगलाई आवश्यक समन्वय गरी दिन अनुरोध गरी पठाइएको। NDAC को ४७औं बैठकवाट यो कार्यका लागि रा.यो.आ.को माननीय सदस्यको संयोजकत्वमा सरोकारवाला निकायका सहसचिवस्तरका प्रतिनिधि सम्मिलित समिति गठन गरी ३ महिना भित्र प्रतिवेदन पेश गर्ने निर्णय भएको। |
| ४७ | ७ | तीव्र रूपमा गर्नुपर्ने पूर्वाधार विकास र निजी क्षेत्रको निर्माण सामाग्रीको आवश्यकता पूर्ति गर्न एकातिर चुलिँदो समस्या देखिएको छ भने अर्कोतिर देशका विभिन्न क्षेत्रमा प्राकृतिक स्रोतको रूपमा रहेका ढुङ्गा र वालुवा खानीको पहिचान, | उक्त नीतिको मस्यौदा खाका तयार गर्न गठित समितिमा श्रीमान सचिवज्युको सहभागिता भएको र उक्त समितिवाट खानी तथा भु-गर्भ |

| बैठक संख्या | निर्णय नं. | निर्णयको व्यहोरा | निर्णय कार्यान्वयनको व्यहोरा |
|---|---|---|---|
| | | विकास र उत्खनन हुन नसकेको सन्दर्भमा एउटा ठोस नीति बनाई कार्यान्वयन गर्न अत्यावश्यक भएकाले राष्ट्रिय योजना आयोगका मा. सदस्यको संयोजकत्वमा प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, उद्योग, वाणिज्य तथा आपूर्ति, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण, वन तथा वातावरण, गृह एवं अर्थ मन्त्रालय समेतका सचिवहरू सम्मिलित कार्यक्षेत्र र कार्यदिश सहितको एक उच्चस्तरीय समिति गठन गर्ने र सो समितिबाट एउटा उपयुक्त राष्ट्रिय नीति चार महिनाभित्र तयार गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले मं.प.मा प्रस्ताव पेश गर्ने। | विभागका महानिर्देशकको संयोजकत्वमा उक्त नीतिको मस्यौदा गर्न एक उपसमिति गठन भई मस्यौदाको खाका तयार गरी प्र.म.तथा म.प.को कार्यालयमा पेश गरिएको जानकारी प्राप्त भएको। मस्यौदा उपसमितिमा गृह मन्त्रालयको प्रतिनिधित्व भएको नदेखिएको भएतापनि मिति २०७७/४/३२ मा रा.यो.आ मा राय पठाइएको। |
| ४८ | १ | रूपान्तरणकारी आयोजनाको रुपमा रहेको राष्ट्रिय परिचयपत्र आगामी तीन वर्ष भित्र सबै नेपाली नागरिकलाई पृथक नम्वर सहित वितरण गरी सक्नुपर्ने स्थिति रहेको र उक्त परिचयपत्रसँग अन्य सरकारी सेवा प्रणाली आबद्ध गरी कार्यान्वयन गर्न सबै निकायको अपनत्व र यस अनुसारको दक्षता बृद्धि आवश्यक रहेकोले राष्ट्रिय परिचयपत्र कार्यक्रमलाई प्रभावकारी बनाउन सरोकारवाला सबै निकायसँग समन्वय गरी गृह मन्त्रालयले यसलाई अभियानको रूपमा सञ्चालन गर्ने। | सन् २०२२ को डिसेम्बर अन्त्यसम्ममा वितरण गरिसक्ने लक्ष्य। चालू आ.व.को अन्त्यसम्म १ करोड व्यक्तिको विवरण सङ्कलन गरिसक्ने र ५० लाख परिचयपत्र वितरण गरिसक्ने लक्ष्य रहेको। CIMS, Passport र व्यक्तिगत घटना दर्ता प्रणालीमा आवद्ध भैसकेको। अध्यागमन विभाग र कन्सुलर सेवा विभागसँग आवद्ध गर्ने चरणमा रहेको। टेलिकम सेवा प्रदायक र बैंक तथा वित्तीय क्षेत्रका विद्युतीय प्रणालीलाई आवद्ध गर्न प्राविधिक टोली बनाई अध्ययन भइरहेको। एक करोड बीस लाख कार्डको लागि ठेक्का सम्झौता भैसकेको। |
| | ७ | निजीक्षेत्रबाट सञ्चालित ठूला आयोजनाहरुको सुरक्षा व्यवस्थापन विद्यमान सुरक्षा जनशक्तिवाटै भईरहँदा जनशक्तिको अभाव भएको साथै खटिने जनशक्तिको प्रोत्साहन सेवा सुविधा उपलव्ध गराउन समस्या भएको र नेपाल सरकारको तर्फवाट पर्याप्त खर्च हुने गरेको हुँदा निजीक्षेत्रवाट सञ्चालित ठुला आयोजनाहरूको सुरक्षा व्यवस्थापन सम्वन्धमा छुट्टै मापदण्ड निर्धारण गरी ३ महिनाभित्रै कार्यान्वयन हुने गरी गृह मन्त्रालयले कारवाही अगाडि बढाउने। | सुरक्षा तथा समन्वय महाशाखाबाट उक्त मापदण्डको प्रारम्भिक मस्यौदा तयार भइ रा.यो.आ., प्र.म. तथा म.प. कार्यालय, उद्योग मन्त्रालय, लगानी वोर्ड लगायतका सरोकारवाला निकायहरुमा मिति २०७८/१/१९ मा राय माग गरी पठाइएको। राय प्राप्त भएपछि उक्त मापदण्डलाई अन्तिम रूप दिइने। |

| बैठक संख्या | निर्णय नं. | निर्णयको व्यहोरा | निर्णय कार्यान्वयनको व्यहोरा |
|---|---|---|---|
| | | | |
| | १३ | एकल बिन्दू सेवा केन्द्रको स्थापना देखि नै साविकमा अध्यागमन विभागबाट जारी हुँदै आएको व्यवसायीक भिसा र उद्योग विभागको सिफारिसको आधारमा प्रदान गरिने कामदार भिसा जारी गर्नका लागि एकल विन्दु सेवा केन्द्रमा एक जना निर्देशक (रा.प.द्वितीय) सहित अध्यागमन अधिकृत एक र सहायक कर्मचारी एक गरी जम्मा ३ जना कर्मचारीहरुलाई जिम्मेवारी तोकिएको छ। उल्लिखित भिसा सम्बन्धी सम्पूर्ण कार्य सोही विन्दुबाट टुङ्गिने गरी अधिकार प्रत्यायोजन समेत गरिएको छ। | कार्यान्वयनमा समस्याः<br>एकल बिन्दू सेवा केन्द्रमा कर्मचारी हाल सम्म अध्यागमन विभागकै दरबन्दीबाट पठाउने गरिएको, निर्देशक भने सोही कार्यालयको दरबन्दीमा रहेको भए तापनि तलबी प्रतिवेदन अध्यागमन विभागबाट पास हुने गरेको |

### ४.२.३ पन्ध्रौं योजनाको नतिजासूचकमा भएको प्रगति

पन्ध्रौं योजनामा उल्लिखित गृह मन्त्रालय सम्बद्ध १८ वटा नतिजा सूचकहरूमा भएको प्रगति तालिका नं. ४.२.३.१ मा प्रस्तुत गरिएको छ। ती मध्ये क्र.सं. १, ६ र ८ को प्रगतिको अवस्था उपलब्ध हुन सकेको छैन भने क्र.सं. १५, १६ र १७ को प्रगति सन्तोषजनक देखिएको छ। अन्य नतिजा सूचकहरूको प्रगतिको अवस्था कमजोर देखिएको छ।

**तालिका नं. ४.२.३.१: पन्ध्रौं योजनाका नतिजासूचकको प्रगति अवस्था**

| क्र. सं. | सूचक | एकाई | वार्षिक लक्ष्य | प्रगति अवस्था (२०७७/०७८) |
|---|---|---|---|---|
| १. | आधारभूत सामाजिक सुरक्षामा आवद्ध जनसङ्ख्या | प्रतिशत | ३९ | |
| २. | सडक दुर्घटनाबाट मृत्यु भएका व्यक्ति | सख्या | १६०० | २५११ |
| ३. | सडक दुर्घटनाबाट घाइते भएका व्यक्ति | सख्या | १०००० | २५०७१ |
| ४. | प्रहरी र जनताबीचको अनुपात | अनुपात | २९५ | १:३८२ |
| ५. | दर्ता भएका लैङ्गिक हिंसा लगायतका अपराधका घटना र अनुसन्धानको अनुपात | प्रतिशत | ९३.३ | ८५.२५ |
| ६. | मदिराको हानिकारक प्रयोग गर्ने जनसख्या (१५ वर्ष वा माथिको उमेर समूह) | प्रतिशत | १.८ | |
| ७. | लागु औषध निषेध तथा मदिरा विक्री वितरण व्यवस्थित गर्न रोकथाममूलक कार्यक्रम लागू भएका स्थानीय तह | सख्या | ५०० | ३०० |
| ८. | न्यूनतम मानवोचित सुविधा सहितको (भौतिक पूर्वाधार क्षमता) कारागारमा रहेका कैदी बन्दी | प्रतिशत | ८० | |

| क्र. सं. | सूचक | एकाई | वार्षिक लक्ष्य | प्रगति अवस्था (२०७७/०७८) |
|---|---|---|---|---|
| ९. | बायोमेट्रिक सहितको अपराध तथा अपराधी अभिलेख प्रणाली स्थापना | जिल्ला | ७७ | १५सम्पन्न र ३० थपिँदै |
| १०. | राष्ट्रिय परिचयपत्र प्राप्त गरेका नेपाली नागरिक | प्रतिशत | ३३ | (३० लाख ५० हजार विवरण दर्ता) |
| ११. | विपद्को कारण कुल गार्हस्थ्य उत्पादनमा भएको क्षति | प्रतिशत | २ | रु.२,१०,९६,७९,९०६ |
| १२. | विपद्का घटनावाट मृत्यु भएका जनसख्या | प्रति लाख | १.३ | १.८१ |
| १३. | विपद्का घटनावाट प्रभावित परिवार संख्या | प्रति हजार | १२.३ | १ परिवार |
| १४. | पाँच वर्षमुनिका वालवालिकाको जन्म दर्ता | प्रतिशत | ८४ | ६३ |
| १५. | राष्ट्रिय परिचयपत्र लागु हुने जिल्ला | सङ्ख्या | ७७ | ७७ |
| १६. | विदेशी मुलुकमा वालवालिकाको वेचविखन | सङ्ख्या | १२ | ० |
| १७. | नेपाल प्रवेश गर्ने र बाहिरिने विदेशीको जैविक सूचना सहितको अध्यागमन प्रणाली लागु भएका अध्यागमन कार्यालय | सङ्ख्या | ७ | ९ |
| १८. | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्वन्धी तालिम प्राप्त जनशक्ति | सङ्ख्या | २७०० | १२०७ |

### ४.२.४ माइलस्टोनको प्रगति अवस्था

विगतको पाठ र अनुभव, वर्तमान नीति तथा कार्यक्रम, विद्यमान कार्यसञ्चालन व्यवस्था, समस्या र सवालहरूलाई दृष्टिगत गरी आ.व. २०७८/७९ का क्रियाकलाप र माइलस्टोनहरूको विवरण तयार गरिएको छ। यस अनुसार नेपाल सरकारको आ.व. २०७८/७९ को नीति तथा कार्यक्रमलाई कार्यान्वयन गर्न गृह मन्त्रालय र अन्तरगतका निकायहरूको लागि कार्ययोजना तयार गरिएको छ। कार्ययोजनामा ५९ वटा क्रियाकलापहरू र १०६ वटा माइलस्टोनहरू समावेश छन्।

माइलस्टोन कार्यान्वयनको अवस्थाः समीक्षा अवधिमा जम्मा १०६ वटा माइलस्टोनहरूमध्ये ९२ वटा (८६.८%) सम्पन्न भएका र १४ वटा (१३.२%) मात्र कार्यान्वयनको क्रममा रहेको अवस्था छ। समीक्षा अवधिका लागि तोकिएमा माइलस्टोनहरूमा मन्त्रालयले उल्लेख्य प्रगति गरेको देखिन्छ। कार्यान्वयनको क्रममा रहेका माइलस्टोनहरूको विस्तृत विवरण तालिका नं. ४.२.४.१ र समग्र माइलस्टोनको विवरण तालिका नं. ४.२.४.२ मा प्रस्तुत गरिएको छ।

तालिका नं. ४.२.४.१: सम्पन्न हुन नसकेका/ कार्यान्वयनको क्रममा रहेका माइलस्टोनहरू

| सि.नं. | कृयाकलापहरू | माइलस्टोन | प्रगति | कैफियत |
|---|---|---|---|---|
| १ | अपराध नियन्त्रणका लागि काठमाडौं उपत्यकामा विभिन्न स्थानमा CCTV जडान गर्ने । | जडान गरी सञ्चालन । | कोभिड-१९ को कारण सम्पन्न हुन नसकेको। | |
| २ | २०२ वटा विपद् व्यवस्थापन सम्बन्धी तालिम सञ्चालन गर्ने । | तालिम सञ्चालन (चौमासिक संख्या) | १४५ सम्पन्न। | ५७ वटा कोभिड-१९ को कारण सम्पन्न हुन नसकेको। |
| ३ | १९७(Advance-१९२ र Basic- ५ गरी) वटा तालिम सञ्चालन गर्ने। | तालिम सञ्चालन | १४९ सम्पन्न | ४८ वटा कोभिडका कारण हुन नसकेको। |
| ४ | गुल्म (२ वटा) को भवन निर्माण सम्पन्न गर्ने । | बोलपत्र आह्वान र सम्झौता | आश्रित रामेछाप गुल्म सम्पन्न। | आश्रित वाजुराको २०७८।०१।१७ गते जग्गा प्राप्ति भएको। |
| ५ | उत्तरी सीमाका BOP-१ (हिल्सा हुम्ला) को बहुबर्षिय खरिद सम्झौता गरी भवन निर्माण गर्ने। | जग्गा प्राप्ति | जग्गा प्राप्तिको कार्य भइरहेको। | |
| ६ | उत्तरी सीमाका BOP-१ (हिल्सा हुम्ला) को बहुबर्षिय खरिद सम्झौता गरी भवन निर्माण गर्ने | बोलपत्र आह्वान | जग्गा प्राप्तिको कार्य भइरहेको। | |
| ७ | ७४ वटा कारागारहरुमा कैदीबन्दीको सीपलाई उत्पादनमूलक कार्यमा उपयोग गर्ने । | तालिम सञ्चालन र उत्पादनमूलक कार्य शुरु (कैदी बन्दी संख्या)। | | कोभिड-१९ का कारण सम्पन्न हुन नसकेको। |
| ८ | नख्खु, जगन्नाथदेवल र डिल्लीबजार कारागार कार्यालयहरुमा डिप बोरिङ निर्माण गर्ने । | बोलपत्र आव्हान, स्वीकृती र सम्झौता गरी कार्य आरम्भ। | | नख्खु कारागार कार्यालयमा डिप बोरिङ असफल भएको । |
| ९ | नख्खु, जगन्नाथदेवल र डिल्लीबजार कारागार कार्यालयहरुमा डिप बोरिङ निर्माण गर्ने । | निर्माण सम्पन्न । | | ,, ,, |
| १० | राष्ट्रिय परिचयपत्रको घुम्ती दर्ता केन्द्र (Mass Enrollment) स्थापना तथा सञ्चालन गर्ने । | थप नागरीकको विवरण संकलन (चौमासिक रुपमा लाखमा) | | कोभिड-१९ का कारण सङ्कलनमा समस्या भएको। |
| ११ | NIDMIS प्रणालीसँग ५ वटा प्रणालीको सेवा आबद्दता गर्ने । | आवद्दताको परीक्षण गरी सेवा प्रवाह शुरु | दुर संचार कार्यालयसंग Service Integration को लागि Technical | बाँकी कोभिड-१९ ले कार्यान्वयनमा ढिलाइ भएको। |

| सि.नं. | कृयाकलापहरू | माइलस्टोन | प्रगति | कैफियत |
|---|---|---|---|---|
| | | | Document Sharing भएको। | |
| १२ | राष्ट्रिय परिचयपत्र (स्मार्ट कार्ड) खरिद गर्ने । | स्मार्ट कार्ड प्राप्त । | वोलपत्र स्वीकृती भई सम्झौताको तयारी। | |
| १३ | व्यक्तिगत घटना दर्ता तथा सामाक सुरक्षा व्यवस्थापन प्रणाली (VERSP-MIS) को लागि सर्भर, Disaster Recovery Center खरिद तथा स्थापना गर्ने । | साइट स्थापना | ८०% सम्पन्न। | |
| १४ | VERSP-MIS प्रणालीको स्तरोन्नती गर्ने। | प्रणाली स्तरोन्नती तथा परीक्षण सम्पन्न । | ८०% सम्पन्न। | |

उपर्युक्त १४ वटा बाहेक तालिका नं. ४.२.४.२ मा उल्लिखित सम्पूर्ण माइलस्टोनहरूको कार्य सम्पन्न भएको छ।

## तालिका नं. ४.२.४.२: आर्थिक वर्ष २०७८/७९ को बजेट कार्यान्वयन कार्ययोजना (माइलस्टोन)

नेपाल सरकार गृह मन्त्रालय

### आर्थिक वर्ष २०७८/७९ को बजेट कार्यान्वयन कार्ययोजना (माइलस्टोन)

| सि.नं. | बजेट वक्तव्यसँग सम्बन्धित बुँदा नं | बजेट वक्तव्यको व्यहोरा | मुख्य कियाकलाप | LMBIS नम्बर | माइलस्टोन | पहिलो त्रैमासिक | | | दोश्रो त्रैमासिक | | | तेश्रो त्रैमासिक | | | चौथो त्रैमासिक | | | कार्यान्वयन गर्ने जिम्मेवार निकाय | सहयोगी निकाय | माइलस्टोनको समूह |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | १ | २ | ३ | १ | २ | ३ | १ | २ | ३ | १ | २ | ३ | | | |
| १ | ३९७ | कानुन कार्यान्वयन गर्ने निकायहरुलाई समन्वयात्मक रुपमा परिचालन गरी लागुऔषध उत्पादन, ओसारपासर र बेचविखन नियन्त्रण गरिनेछ । युवा र बालबालिकालाई कुलतबाट जोगाउन सामुदायिक संघ संस्थासँगको समन्वयमा चेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ । आधुनिक उपकरण, सूचना प्रविधिको प्रयोग तथा तालिमको माध्यमबाट सुरक्षा निकायलाई सबल बनाई मानव बेचविखन नियन्त्रण गरिनेछ । | क्रियाकलाप १ : सबै प्रदेशमा प्रदेश सरकार एवं नीजि संघसंस्थाको साझेदारीमा आधारित सेन्टर अफ एक्सिलेन्स (Center for Excellency) को रुपमा प्रदेशस्तरीय नमूना उपचार तथा पुनर्स्थापना केन्द्र स्थापना/विकास/संचालन गर्ने (क्रमागत) | २.६.६.५२ | १. प्रदेश स्तरीय नमुना लागू औषध उपचार तथा पुनर्स्थापना केन्द्र सञ्चालन निर्देशिका स्वीकृती | | | | | | | | | | | | | नीति, योजना अनुगमन तथा मुल्यांकन महाशाखा | गृह मन्त्रालय | १ |
| | | | | | २. प्रदेश सरकारको समन्वयमा सातै प्रदेशस्तरमा जग्गा व्यवस्थापन (लिज वा अन्य) | | | | | | | | | | | | | | | २ |
| | | | | | ३. उपचार तथा पुनर्स्थापना केन्द्र भवन लगायत पूर्वाधार निर्माण कार्य प्रारम्भ | | | | | | | | | | | | | | | ६ |
| | | | क्रियाकलाप २ : राष्ट्रिय लागू औषध रोकथाम तथा नियन्त्रण गुरुयोजना (National Narcotic Drug Prevention and Control Master Plan ) तयार गर्ने | २.६.६.५४ | १. प्रस्ताव आहवान | | | | | | | | | | | | | नीति, योजना अनुगमन तथा मुल्यांकन महाशाखा | गृह मन्त्रालय | ५ |
| | | | | | २. परामर्श दाता संग सम्झौता | | | | | | | | | | | | | | | |
| | | | क्रियाकलाप ३ : लागू औषध प्रयोगकर्ताहरुको लागि सञ्चालित उत्कृष्ठ उपचार तथा पुनर्स्थापना केन्द्रलाई अनुदान (आर्थिक सहायता) प्रदान गर्ने | २.७.२८.४० | १. संस्था छनौटका लागि सूचना प्रकाशन | | | | | | | | | | | | | नीति, योजना अनुगमन तथा मुल्यांकन महाशाखा | गृह मन्त्रालय | ६ |
| | | | | | २. संस्था मूल्यौंकन तथा छनौट | | | | | | | | | | | | | | | |
| | | | | | ३. अनुदान (आर्थिक सहायता वितरण) | | | | | | | | | | | | | | | |
| | | | क्रियाकलाप ४: लागू औषध, रसायन र विष्फोटक पदार्थको आयात प्रयोगको इजाजत र विद्युतिय अभिलेखाकनका लागि Drug, Chemical and Explosives Tracking and Management System (CEDTM) प्रणालीको अनुसन्धान | २.५.५.२५ | १. प्रस्ताव आहवान | | | | | | | | | | | | | नीति, योजना अनुगमन तथा मुल्यांकन महाशाखा | गृह मन्त्रालय | ५ |
| | | | | | २. सम्झौता गर्ने | | | | | | | | | | | | | | | ५ |
| | | | क्रियाकलाप ५ : गैरसरकारी संस्थाबाट संचालित उपचार तथा पुनर्स्थापना केन्द्रहरुमध्ये ७ प्रदेशका १/१ उत्कृष्ट केन्द्रलाई पुरस्कृत गर्ने | २.७.२६.५ | १. कार्यविधि संशोधन | | | | | | | | | | | | | नीति, योजना अनुगमन तथा मुल्यांकन महाशाखा | गृह मन्त्रालय | १ |
| | | | | | २. संस्था छनौटका लागि सूचना प्रकाशन/छनौट | | | | | | | | | | | | | | | ५ |
| | | | | | ३. पुरस्कार वितरण | | | | | | | | | | | | | | | ६ |

नेपाल सरकार
गृह मन्त्रालय

| | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | क्रियाकलाप ६ : राजपत्रांकित तृतीय श्रेणीका कर्मचारीहरुका लागि न्यायिक क्षमता/नेतृत्व विकास सेवा प्रवाहमा सुधार तालिम | २.७.८.३८ | तालिम संचालन २ पटक | | | | १ | | | | २ | | | | | प्रशासन महाशाखा | गृह मन्त्रालय | ६ |
| | | | क्रियाकलाप ७: प्रमुख जिल्ला अधिकारी/सहायक प्रमुख जिल्ला अधिकारी समेतका लागि गृह प्रशासन लगायतका महत्वपूर्ण विषयवस्तुमा अभिमुखिकरण | २.७.८.४० | अभिमुखिकरण कार्यक्रम ४ पटक | | १ | | २ | | | ३ | | | ४ | | | प्रशासन महाशाखा | गृह मन्त्रालय | ५ |
| २ | ४१८ | सार्वजनिक सेवालाई सर्वसुलभ, छरितो र प्रविधिमैत्री बनाईनेछ । सेवाग्रहीको पृष्ठपोषण लिने पद्धतीलाई सस्थागत गरिनेछ । प्रमुख पदाधिकारी तथा आपोजना प्रमुखसँग परिमाणात्मक तथा मापनयोग्य सूचक सहित कार्यसम्पादन सम्झौता गरिनेछ । | क्रियाकलाप ८: नागरिकता सूचना व्यवस्थापन प्रणालीको स्तरोन्नतीको लागि Application Software Upgradation तथा High End server खरिद गर्ने | ११.६.३.१३ | १. वोलपत्र आव्हान | | | | | | | | | | | | | प्रशासन महाशाखा | गृह मन्त्रालय | ५ |
| | | | | | २.सम्झौता र कार्यादेश | | | | | | | | | | | | | | | ५ |
| | | | क्रियाकलाप ९: मातहतका कार्यालयहरुलाई CMIS प्रणाली संचालन सम्बन्धी अभिमुखीकरण तालिम प्रदान, सूचना प्रविधि सम्बन्धी क्षमता अभिबद्धि गर्ने | २.७.८.३४ | तालिम संचालन | | | | | | | | | | | | | प्रशासन महाशाखा | गृह मन्त्रालय | ५ |
| | | | क्रियाकलाप १०: Ambulance for Mass Casuality Inciednt (Multi seater Class A ) खरीद | ११.३.६.२ | १. वोलपत्र आव्हान | | | | | | | | | | | | | विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्रधिकरण | गृह मन्त्रालय | ५ |
| | | | | | २. सम्झौता र कार्यादेश | | | | | | | | | | | | | | | ५ |
| ३ | ४०२ | विपद् उद्दार तथा व्यवस्थापनको लागि सबै प्रदेशमा मल्टिपर्पोज रोवोटिक फायरफाइटिङ, अत्याधुनिक फायरब्रिगेड, मल्टिसिटर एम्वुलेन्स, रेस्क्यु भेहिकल र सबै स्थानिय तहमा दमकल व्यवस्था गरी अग्निजन्य विपद् न्यूनिकरण र व्यवस्थापन गरिनेछ । | क्रियाकलाप ११: Multi Propose Robotic Fire Fighting खरीद | ११.३.६.२ | १. वोलपत्र आहवान | | | | | | | | | | | | | विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्रधिकरण | गृह मन्त्रालय | ५ |
| | | | | | २. सम्झौता र कार्यादेश | | | | | | | | | | | | | | | ५ |
| | | | क्रियाकलाप १२: Multiseater Grade A Ambulance or Rescue Vehicles for SAR 8 units (for NEOC and PEOC) खरीद | ११.३.५.४ | १. वोलपत्र आव्हान | | | | | | | | | | | | | विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्रधिकरण | गृह मन्त्रालय | ५ |
| | | | | | २. सम्झौता र कार्यादेश | | | | | | | | | | | | | | | ५ |
| | | विपद् जन्य जोखिमको व्यवस्थापन गर्न सरकारी कोषमा परेको चापलाइ कम गर्न विपद् जोखिम न्यूनिकरण | क्रियाकलाप १३: Communication and IT System for taretted DEOCs खरीद | ११.३.१७.३ | १. वोलपत्र आहवान | | | | | | | | | | | | | विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन | गृह मन्त्रालय | ५ |
| | | | | | २. सम्झौता र कार्यादेश | | | | | | | | | | | | | | | ५ |

नेपाल सरकार
गृह मन्त्रालय

| | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | ४०० | वित्तिय रणनीति कार्यान्वयन गरिने छ । विपद्को पूर्व सूचना प्रणाली विकास गरी क्षति न्यूनिकरण गरिनेछ । विपद् पूर्व तयारी, खोज उद्दार, राहत र पूनर्स्थापनाका कार्यक्रम सञ्चालन गर्न वजेटको व्यवस्थापन गरेको छु । | क्रियाकलाप १४ गोताखोर सम्बन्धि तालिम साधन तथा उद्दार उपकरण सामाग्री खरिद | ११.३.२२.१४९ | १. वोलपत्र आहवान | | | | | | | | | | | | | विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्रधिकरण | गृह मन्त्रालय | ५ |
| | | | | | २.सम्झौता र कायदिश | | | | | | | | | | | | | | | ५ |
| ५ | ४०२ | विपद् उद्दार तथा व्यवस्थापनको लागि सवै प्रदेशमा मल्टिपर्पोज रोवोटिक फायरफाइटिङ, अत्याधुनिक फायरव्रिगेड, मल्टिसिटर एम्वुलेन्स, रेस्क्यु भेहिकल र सवै स्थानिय तहमा दमकल व्यवस्था गरी अग्निजन्य विपद् न्यूनिकरण र व्यवस्थापन गरिनेछ । | क्रियाकलाप १५: विपद्संग सम्वन्धित खोज तथा उद्दार सामग्री खरिद | ११.३.२२.१४८ | १. वोलपत्र आहवान | | | | | | | | | | | | | विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्रधिकरण | गृह मन्त्रालय | ५ |
| | | | | | २.सम्झौता र कायदिश | | | | | | | | | | | | | | | ५ |
| ६ | ४०० | विपद् जन्य जोखिमको व्यवस्थापन गर्न सरकारी कोषमा परेको चापलाइ कम गर्न विपद् जोखिम न्यूनिकरण वित्तिय रणनीति कार्यान्वयन गरिने छ । विपद्को पूर्व सूचना प्रणाली विकास गरी क्षति न्यूनिकरण गरिनेछ । विपद् पूर्व तयारी, खोज उद्दार, राहत र पूनर्स्थापनाका कार्यक्रम सञ्चालन गर्न वजेटको व्यवस्थापन गरेको छु । | क्रियाकलाप १६: वहुप्रकोपिय पूर्व चेतावनी / सुचना प्रणाली विकास /Decision Support System /Common Alerting Protocol/ Message Broadcast /Geospatial and Satellite Based Technology लगायत खरीद | ११.६.४.६४ | १. वोलपत्र आहवान | | | | | | | | | | | | | विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्रधिकरण | गृह मन्त्रालय | ५ |
| | | | | | २.सम्झौता र कायदिश | | | | | | | | | | | | | | | ५ |
| ७ | ४०१ | डढेलोवाट हुने क्षति न्यूनिकरण गर्न नेपाली सेनाको व्यवस्थापनमा परिचालित हुने गरि पानि खन्याउने वकेट सहितको हेलिकप्टर तथा अन्य उपकरणहरू तयारी अवस्थामा राखिनेछ । विपद् व्यवस्थापनमा सुरक्षा लगायत सम्वद्द सवै निकाय समन्वयात्मक रूपमा क्रियाशिल हुने व्यवस्था मिलाइनेछ । | क्रियाकलाप १७: गोताखोर तालिम तथा उद्दार | ११.५.४०.१५ | १. तालिम संचालन | | | | | | | | | | | | | विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्रधिकरण | गृह मन्त्रालय | ६ |
| ८ | ४०३ | विपद् पछिको पुनर्निर्माणलाइ तीव्रता प्रदान गर्न राष्ट्रिय विपद् जोखम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरणको संरचनात्मक सुधार गरी संस्थागत क्षमता अभिवृद्दि गरिनेछ । | क्रियाकलाप १८: प्रदेश स्तरिय विपद् सम्वन्धी अभिमुखिकरण कार्यक्रम ७ वटा | ११.५.४०.१० | १. तालिम संचालन | | | | प्रदेश १ र २ | | | प्रदेश ३ र ४ | | प्रदेश ५, ६ र ७ | | | | विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्रधिकरण | गृह मन्त्रालय | ६ |
| ९ | ४०० | विपद् जन्य जोखिमको व्यवस्थापन गर्न सरकारी कोषमा परेको चापलाइ कम गर्न विपद् जोखिम न्यूनिकरण वित्तिय रणनीति कार्यान्वयन गरिने छ । विपद्को पूर्व सूचना प्रणाली विकास गरी क्षति न्यूनिकरण गरिनेछ । विपद् पूर्व तयारी, खोज उद्दार, राहत र पूनर्स्थापनाका कार्यक्रम सञ्चालन गर्न वजेटको व्यवस्थापन गरेको छु । | क्रियाकलाप १९: डुवान तथा कटान प्रभावित तराईका जिल्लाहरुमा लैंगिक मैत्री आपतकालीन आश्रयस्थल निर्माण गर्ने | ११.४.२२.२०५ | १. बोलपत्र आहवान | | | | | | | | | | | | | विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्रधिकरण | गृह मन्त्रालय | ६ |
| | | | | | २. सम्झौता र कायदिश | | | | | | | | | | | | | | | |
| ९ | ४०० | विपद् जन्य जोखिमको व्यवस्थापन गर्न सरकारी कोषमा परेको चापलाइ कम गर्न विपद् जोखिम न्यूनिकरण वित्तिय रणनीति कार्यान्वयन गरिने छ । विपद्को पूर्व ... | क्रियाकलाप २०: सुस्तामा विपद् आश्रय स्थल नमूनाको रूपमा | ११.४.२२.२०४ | १. बोलपत्र आहवान | | | | | | | | | | | | | विपद् जोखिम न्यूनिकरण ... | गृह मन्त्रालय | ५ |

नेपाल सरकार गृह मन्त्रालय

| | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | सूचना प्रणाली विकास गरी क्षति न्यूनीकरण गरिनेछ । विपद् पूर्व तयारी, खोज उद्दार, राहत र पूनर्स्थापनाका कार्यक्रम सञ्चालन गर्न वजेटको व्यवस्थापन गरेको छु । | निर्माण गर्ने | | २. सम्झौता र कायदिश | | | | | | | | | | | | | तथा व्यवस्थापन प्रधिकरण | | ५ |
| १० | ३९६ | दुई वर्षभित्र सबै नेपालीलाई राष्ट्रिय परिचयपत्र विवरण गर्ने लक्ष्य अनुरुप आगामी वर्ष ७० लाख व्यक्तिलाई परिचयपत्र वितरण गरिनेछ । व्यक्तिगत घटना दर्तालाई विघुतीय प्रयोगको माध्यमबाट गुणस्तरीय, सरल र सहज बनाइनेछ । | क्रियाकलाप २१: राष्ट्रिय परिचयपत्रको लागि नागरिकहरुको विवरण संकलन गर्ने | २.७.५.४३ | १. जिल्ला प्रशासन कार्यालय लगायतमा रहेका राष्ट्रिय परिचयपत्र इकाई र घुम्ती शिविर (अभियान) मार्फत विवरण संकलन (जना लाखमा) | ५ | १० | १६ | २२ | २८ | ३४ | ४० | ४६ | ५१ | ५८ | ६४ | ७० | राष्ट्रिय परिचयपत्र तथ पञ्जिकरण विभाग | गृह मन्त्रालय | ६ |
| | | | क्रियाकलाप २२: राष्ट्रिय परिचयपत्रको स्मार्ट कार्ड प्राप्ति तथा छपाई र वितरण गर्ने | २.७.२५.६७ | १. राष्ट्रिय परिचयपत्र प्राप्ति एवं छपाई गरी जिल्ला प्रशासन कार्यालय लगायतमा रहेका राष्ट्रिय परिचयपत्र इकाई र घुम्ती शिविर (अभियान) मार्फत वितरण (वटा लाखमा) | | | | | | | | ६ | १२ | १८ | २४ | ३० | राष्ट्रिय परिचयपत्र तथ पञ्जिकरण विभाग | गृह मन्त्रालय | ६ |
| | | | क्रियाकलाप २३: NIDMIS सँग अन्य सार्वजनिक सेवा प्रदायकको प्रणालीलाई आवद्धता गर्ने, (घटना दर्ता तथा सामाजिक सुरक्षा | ११.६.४.२९ | १. सेवा आवद्धताका लागि पूर्वाधार विकास | | | | | | | | | | | | | राष्ट्रिय परिचयपत्र तथ पञ्जिकरण विभाग | गृह मन्त्रालय | ६ |
| | | | | | २. सेवा आवद्धता कार्य संचालन सम्झौता | | | | | | | | | | | | | | | ५ |
| | | | क्रियाकलाप २४: व्यक्तिगत घटना दर्ता विस्तार | २.५.२.९७ | १. अनलाईन दर्ता विस्तार वडा | १०० | २०० | ३०० | ४०० | ५२५ | ६५० | ७७५ | ९०० | १०२५ | ११७५ | १२७५ | १४०० | राष्ट्रिय परिचयपत्र तथ पञ्जिकरण विभाग | गृह मन्त्रालय | ६ |
| | | | | | २. दर्ता शिविर संचालन स्थानीय तह | ३७ | ७५ | ११२ | १५० | १८७ | २२५ | २६२ | ३०० | | | | ४५० | | | ६ |
| | | | क्रियाकलाप २५: VERSP-MIS को लागि NID Smart Card Reader, Biomatric Verficaction Device खरिद तथा प्रणालीमा Integration | ११.३.७.४६४ | १. बोलपत्र आहवान | | | | | | | | | | | | | राष्ट्रिय परिचयपत्र तथ पञ्जिकरण विभाग | गृह मन्त्रालय | ५ |
| | | | | | २. सम्झौता र कायदिश | | | | | | | | | | | | | | | ५ |
| ११ | | जीवनचक्रमा आधारित सामाजिक सुरक्षा र संरक्षणको अवधारणा अनुरुप गर्भावस्थामा स्वास्थ्य जाँच र पोषण; बाल्यावस्थामा निशुल्क खोप, पोषण, आधारभूत शिक्षा र छात्रवृत्तिको व्यवस्था; युवावस्थामा शिक्षा, स्वास्थ्य र रोजगारीको प्रत्याभूति; वृद्धावस्थामा नि:शुल्क उपचार र मर्यादित जीवन सुनिश्चित गर्न सरकार प्रतिवद्ध छ। सबै प्रकारका सामाजिक सुरषा भत्तामा ३३ प्रतिशतले वृद्धि गरी जेष्ठ नागरिकको मासिक भत्ता रु ४ हजार पुर्याईएको छ। सामाजिक सुरक्षा भत्ताको लागि रु १ खर्व विनियोजन गरेको छ। ७८. अनाथ, दलित, अपाङ्गता भएका र विपन्न परिवारका बालबालिकालाई प्रदान गरिने बाल संरक्षण अनुदानको रकममा एक तिहाईले वृद्धि गरेको छ। | क्रियाकलाप २६: SSA System Integration (CGAS, नागरिकता, बैंक) | ११.६.४.२९ | १. API डिजाइन एण्ड डेभलोपमेन्ट | | | | | | | | | | | | | राष्ट्रिय परिचयपत्र तथ पञ्जिकरण विभाग | गृह मन्त्रालय | ५ |
| | | | | | 2. Lunching and Implementation | | | | | | | | | | | | | | | ६ |
| | | | क्रियाकलाप २७: सामाजिक सुरक्षा भत्तालाई बैंकिङ्ग प्रणाली मार्फत वितरण गर्ने | | २५४ वटा स्थानीय तहमा बैंकङ्ग प्रणाली मार्फत वितरण | | | | २४७ | | | | | | २५४ | | | राष्ट्रिय परिचयपत्र तथ पञ्जिकरण विभाग | गृह मन्त्रालय | ६ |

| | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | क्रियाकलाप २८ : अपराध नियन्त्रण कार्ययोजना (CAP) को प्रभावकारी कार्यन्वयन गर्न तथा Digital Forensic Lab को स्तरवृद्धिको लागि आवश्यक Equipments हरु खरिद गर्ने । | ११.३.७.१६२ | १. बोलपत्र आह्वान | | | | | | | | | | | | | नेपाल प्रहरी | गृह मन्त्रालय | ५ |
| | | | | | २. सम्झौता र कार्यदेश | | | | | | | | | | | | | | | ५ |
| | | | क्रियाकलाप २९: नेपाल प्रहरीलाई आवश्यक पर्ने हातहतियारका गोलीगट्ठा, विष्फोटक पदार्थ, Firing Simulator र भीड नियन्त्रणका असवाव सामाग्रीहरु लगायतका सुरक्षा उपकरणहरु खरिद गर्ने । | ११.६.६/११.६.९ | १. बोलपत्र आह्वान | | | | | | | | | | | | | नेपाल प्रहरी | गृह मन्त्रालय | ५ |
| | | | | | २. सम्झौता र कार्यदेश | | | | | | | | | | | | | | | ५ |
| | | | क्रियाकलाप ३०: साईवर अपराधको अनुसन्धानलाई थप प्रभावकारी बनाउन आवश्यक उपकरण तथा प्रविधि खरिद गर्ने। | ११.३.१९ | १. बोलपत्र आह्वान | | | | | | | | | | | | | नेपाल प्रहरी | गृह मन्त्रालय | ५ |
| | | | | | २. सम्झौता र कार्यदेश | | | | | | | | | | | | | | | ५ |
| | | | क्रियाकलाप ३१ : अपराध नियन्त्रणका लागि काठमाडौं उपत्यकामा विभिन्न स्थानमा CCTV जडान गर्ने । | ११.३.८ | १. बोलपत्र आह्वान | | | | | | | | | | | | | नेपाल प्रहरी | गृह मन्त्रालय | ५ |
| | | | | | २. सम्झौता र कार्यदेश | | | | | | | | | | | | | | | ५ |
| | | | क्रियाकलाप ३२: अपराध अनुसन्धानलाई प्रभावकारी बनाउन विधिविज्ञान प्रयोगशालाको लागि उपकरण खरिद गर्ने । | ११.३.९.१४० /११.३.८.१९७. २३०,२३१,२३३ | १. बोलपत्र आह्वान | | | | | | | | | | | | | नेपाल प्रहरी | गृह मन्त्रालय | ५ |
| | | | | | २. सम्झौता र कार्यदेश | | | | | | | | | | | | | | | ५ |
| | | | क्रियाकलाप ३३: कुकुरको प्रयोग गरी अपराध अनुसन्धान गर्न कुकुर ल्याउन लैजान आवश्यक पर्ने Kennel Fitted Vehicle खरिद गर्ने । | ११.३.२.१८/११ .३.२.७९ | १. बोलपत्र आह्वान | | | | | | | | | | | | | नेपाल प्रहरी | गृह मन्त्रालय | ५ |
| | | | | | २. सम्झौता र कार्यदेश | | | | | | | | | | | | | | | ५ |
| १२ | ३९७ | कानुन कार्यान्वयन गर्ने निकायहरुलाई समन्वयात्मक रुपमा परिचालन गरी लागुऔषध उत्पादन, ओसारपासर र बेचविखन नियन्त्रण गरिनेछ ।युवा र बालबालिकालाई कुलतबाट जोगाउन सामुदायिक संघ संस्थासँगकको समन्वयमा चेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ । आधुनिक उपकरण, सूचना | क्रियाकलाप ३४ : स्वीकृत वार्षिक तालिम क्यालेण्डर अनुसार नेपाल प्रहरीमा कार्यरत | | १.तालिम सञ्चालन गर्ने । (निरन्तर) | | | | | | | | | | | | | | | ६ |

| | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | प्रविधिको प्रयोग तथा तालिमको माध्यमबाट सुरक्षा निकायलाई सबल बनाई मानव बेचबिखन नियन्त्रण गरिनेछ । | प्रहरी कर्मचारीहरुको ज्ञान, सीप, क्षमताको विकास गरी सक्षम जनशक्ति तयार गर्न ३४४५७ जना प्रहरी कर्मचारीहरुलाई विभिन्न तालिमहरु प्रदान गर्ने । | २.६.१/२.६.२ | २. आ.व २०७७/०७८ मा सञ्चालित तालिमको प्रभाव मुल्यांकन तथा आ.व. २०७९/०८० को लागि Training Need Ana गर्ने । | | | | | | | | | | | | | नेपाल प्रहरी | गृह मन्त्रालय | ६ |
| | | | क्रियाकलाप ३५: अपराध नियन्त्रण कार्ययोजना (CAP) को प्रभावकारी कार्यान्वयन गर्न अपराध अनुसन्धानको क्षेत्रमा कार्यरत प्रहरी कर्मचारीहरुलाई ७ समूहमा २२० जनालाई तालिम प्रदान गर्ने । | २.६.३.३ | १. तालिम सञ्चालन गर्ने। (२२० जना) | | | ६० | | | १२० | | | १८० | | २२० | | नेपाल प्रहरी | गृह मन्त्रालय | ६ |
| | | | | | २.आ.व. २०७९/०८० को लागि Training need Analysis गर्ने । | | | | | | | | | | | | | | | ६ |
| | | | क्रियाकलाप ३६ : नेपाल प्रहरीको नियमित बजेटबाट क्रमागत रुपमा रहेका ६५ वटा प्रहरी कार्यालयहरुको भवन निर्माण | ११.१.२ | १. भौतिक प्रगति प्रतिवेदन (प्रगति प्रतिशत) | | | ३४ | | | ६८ | | | ९० | | | १०० | नेपाल प्रहरी | गृह मन्त्रालय | ६ |
| | | | क्रियाकलाप ३७ : समुदाय प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत स्थानिय तह र विद्यालय स्तर सम्ममा ३० हजार स्थानमा जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने । | २.७.२५.३ | १. कार्ययोजना तयार गर्ने । | | | | | | | | | | | | | नेपाल प्रहरी | गृह मन्त्रालय | १ |
| | | | | | २. प्रत्येक त्रैमासीकमा ७५०० स्थानहरुमा कार्यक्रम संचालन गर्ने । | | | ७५०० | | | १५००० | | | २२५०० | | ३०००० | | | | ६ |
| | | | क्रियाकलाप ३८: विपद व्यवस्थापनका लागि आवश्यक यन्त्र उपकरण खरिद गर्ने । | ११.३.२२.५३-७४ | १. बोलपत्र आह्वान | | | | | | | | | | | | | नेपाल प्रहरी | गृह मन्त्रालय | ५ |
| | | | | | २. सम्झौता र कार्यदेश | | | | | | | | | | | | | | | ५ |
| | | | क्रियाकलाप ३९ : विपद व्यवस्थापन सम्बन्धि तालिम संचालन गर्ने ।(५ समूहमा १५० जनालाई) | २.६.१.१२५ | १. तालिम सञ्चालन गर्ने । | | | | | ७५ जना | | | | | ७५ जना | | | नेपाल प्रहरी | गृह मन्त्रालय | ६ |
| | | | क्रियाकलाप ४०: BOP (२७ वटा) को भवन निर्माण गर्ने । | ११.१.२ | १. बोलपत्र आह्वान | | | | | | | | | | | | | सशस्त्र प्रहरी | गृह मन्त्रालय | ५ |
| | | | | | २. सम्झौता र कार्यदेश | | | | | | | | | | | | | | | ५ |
| | | | क्रियाकलाप ४१: डग उप-शाखा (१ वटा) को भवन निर्माण गर्ने । | ११.१.२.३३१ | १. बोलपत्र आह्वान | | | | | | | | | | | | | सशस्त्र प्रहरी | गृह मन्त्रालय | ५ |
| | | | | | २. सम्झौता र कार्यदेश | | | | | | | | | | | | | | | ५ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १३ | ३९२ | अपराध नियन्त्रण गरी शान्ति सुरक्षा कायम गर्न आवश्यक पर्ने हातहतियार, सुरक्षा उपकरण तथा सवारीसाधनको व्यवस्था गरी सुरक्षा निकायलाई सुदृढ र सवलीकरण गरिनेछ । नेपाल प्रहरी र सशस्त्र प्रहरी बलका सकल दर्जाको मनोबल उच्च बनाईराख्न खाईपाई आएको राशनमा १५ प्रतिशतले वृद्धि गरेको छु । सीमा सुरक्षा, अपराध तथा अवैध व्यापार नियन्त्रण गर्न सीमावर्ती क्षेत्रमा सशस्त्र प्रहरी बलका थप १ सय २० बोर्डर आउट पोष्ट स्थापना गरिनेछ । | क्रियाकलाप ४२: अस्पताल *(१ वटा)* को ईमरजेन्सि र ओ.पि.डि.भवन निर्माण गर्ने । | ११.१.२.३७ | १. बोलपत्र आह्वान | | | | | सशस्त्र प्रहरी | गृह मन्त्रालय | ५ |
| | | | | | २. सम्झौता र कार्यदेश | | | | | | | ५ |
| | | | क्रियाकलाप ४३: फिल्ड अस्पताल *(२ वटा)* को भवन निर्माण गर्ने । | ११.१.२ | १. बोलपत्र आह्वान | | | | | सशस्त्र प्रहरी | गृह मन्त्रालय | ५ |
| | | | | | २. सम्झौता र कार्यदेश | | | | | | | ५ |
| | | | क्रियाकलाप ४४: तालिम शिक्षालय *(२ वटा)* को भवन निर्माण गर्ने । | ११.१.२ | १. बोलपत्र आह्वान | | | | | सशस्त्र प्रहरी | गृह मन्त्रालय | ५ |
| | | | | | २. सम्झौता र कार्यदेश | | | | | | | ५ |
| | | | क्रियाकलाप ४५: गण *(३ वटा)* को भवन निर्माण गर्ने । | ११.१.२ | १. बोलपत्र आह्वान | | | | | सशस्त्र प्रहरी | गृह मन्त्रालय | ५ |
| | | | | | २. सम्झौता र कार्यदेश | | | | | | | ५ |
| | | | क्रियाकलाप ४६: गुल्म *(४ वटा)* को भवन निर्माण गर्ने । | ११.१.२ | १. बोलपत्र आह्वान | | | | | सशस्त्र प्रहरी | गृह मन्त्रालय | ५ |
| | | | | | २. सम्झौता र कार्यदेश | | | | | | | ५ |
| | | | क्रियाकलाप ४७: संचार साधन *(१५९ किसिम)* का स्पेयर पार्टस तथा उपकरण खरिद गर्ने । | ११.३.१७.१२ | १. बोलपत्र आह्वान | | | | | सशस्त्र प्रहरी | गृह मन्त्रालय | ५ |
| | | | | | २. सम्झौता र कार्यदेश | | | | | | | ५ |
| | | | क्रियाकलाप ४८ : BOP को लागि मोटरसाईकल *(२१० थान)* खरिद गर्ने । | ११.३.२.८१ | १. बोलपत्र आह्वान | | | | | सशस्त्र प्रहरी | गृह मन्त्रालय | ५ |
| | | | | | २. सम्झौता र कार्यदेश | | | | | | गृह मन्त्रालय | ५ |
| | | | क्रियाकलाप ४९: उन्नत तालिम *(२१५ वटा)* सञ्चालन गर्ने । | २.६.१ | २. तालिम सञ्चालन (त्रैमासिक संख्या) | ५५ | ५५ | ५५ | ५० | सशस्त्र प्रहरी | गृह मन्त्रालय | ६ |
| १४ | ४०० | विपद्जन्य जोखिमको व्यवस्थापन गर्न सरकारी कोषमा परेको चापलाई कम गर्न विपद् जोखिम न्यूनीकरण वित्तीय रणनीति कार्यान्वयन गरिनेछ । विपद्को पूर्वसूचना प्रणाली विकास गरी क्षति न्यूनीकरण गरिनेछ । विपद् पूर्वतयारी, खोज, उद्धार, राहत र पुनर्स्थापनाका कार्यक्रम सञ्चालन गर्न बजेट व्यवस्था गरेको छु । | क्रियाकलाप ५०: विपद् व्यवस्थापन सम्बन्धी तालिम *(१६२ वटा)* सञ्चालन गर्ने । | २.६.१ | २. तालिम सञ्चालन (त्रैमासिक संख्या) | ४१ | ४१ | ४१ | ३९ | सशस्त्र प्रहरी | गृह मन्त्रालय | ६ |
| | | | त्रियाकलाप ५१: अध्यागमन सेवालाई अन्तरराष्ट्रिय स्तरको बनाउन यात्रुको विवरण अग्रिम रुपमा प्राप्त हुने एडभान्स प्यासेन्जर इन्फरमेशन सिस्टम (APIS) लागु गर्ने | ११.६.१५.६० | १. सेवा प्रदायक छनोट गर्ने | | | | | अध्यागमन विभाग | गृह मन्त्रालय | ५ |
| | | | | | २. APIS लाई नेपालीपोर्ट सँग आवद्ध गर्ने | | | | | | | ६ |
| | | | | | ३. परिक्षण र संचालन गर्ने | | | | | | | ६ |
| | | | त्रियाकलाप ५२: त्रि.अ.वि. को आगमन प्रस्थान कक्षमा विधुतीय प्रवेशद्वार (EGate) जडान गर्ने | ११.३.२२.१३४ | १. वोलपत्र आह्वान गर्ने | | | | | अध्यागमन विभाग | गृह मन्त्रालय | ५ |
| | | | | | २. सम्झौता र कार्यदेश | | | | | | | ५ |
| | | | त्रियाकलाप ५३: सबै अध्यागमन कार्यालयहरुबाट क्यू आर कोड सहितको विधुतीय भिसा जारी | ११.३.२२.१३८ | १. बोलपत्र आह्वान गर्ने | | | | | | गृह मन्त्रालय | ५ |

| | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १५ | ३९३ | त्रिभुवन विमानस्थल अध्यागमन सेवालाई अन्तरराष्ट्रिय स्तरको बनाउन यात्रुको विवरण अग्रिम रुपमा प्राप्त हुने एडभान्स प्यासेन्जर इन्फरमेशन सिस्टमको प्रयोग, विधुतीय प्रवेश द्वार सञ्चालन र क्यूआर कोड सहितको विधुतीय भिसा जारी गर्ने | गर्नको लागि आवश्यक मेशिनरी औजार खरिद गर्ने । | | २. सम्झौता र कार्यदेश | | | | | | | | | | | | | अध्यागमन विभाग | | ५ |
| | | | क्रियाकलाप ५४: नेपाल भित्रिने विदेशी नागरिकको बायोमेट्रिक विवरण सहितको अभिलेख विधुतीय प्रणालीमा अध्यावधिक गर्ने कार्यको लागि One to many biometric verification को लाइसेन्स खरिद गर्ने । | ११.६.४.४९ | १. बोलपत्र आह्वान गर्ने | | | | | | | | | | | | | | गृह मन्त्रालय | ५ |
| | | | | | २. सम्झौता र कार्यदेश | | | | | | | | | | | | | अध्यागमन विभाग | | ५ |
| | | | क्रियाकलाप ५५: अध्यागमन कार्यालय त्रि.अ.वि.मा Near line Data centre स्थापना | ११.३.२२.१४६ | १. बोलपत्र आह्वान गर्ने | | | | | | | | | | | | | | गृह मन्त्रालय | ५ |
| | | | | | २. सम्झौता र कार्यदेश | | | | | | | | | | | | | अध्यागमन विभाग | | ५ |

| | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १६ | | | क्रियाकलाप ५६: महिला शान्ति र सुरक्षा सम्बन्धी संयुक्त राष्ट्रसंघ(१३२५,१८२०) दोश्रो राष्ट्रिय कार्ययोजना कार्यान्वयन | 2.7.25.58 | १.कार्ययोजना कार्यान्वयन सम्बन्धी अन्तरक्रिया – २ वटा | | | | | | | | | | | | | विपद् तथा द्वन्द व्यवस्थापन महाशाखा | गृह मन्त्रालय | ६ |
| | | | क्रियाकलाप ५७: दिगो शान्ति प्रवर्द्धन सचेतना गोष्ठी र अन्तरक्रिया | 2.7.8.37 | १. गोष्ठी अन्तरकिया - १ वटा | | | | | | | | | | | | | विपद् तथा द्वन्द व्यवस्थापन महाशाखा | गृह मन्त्रालय | ६ |
| १७ | | विपद्को पूर्वसूचना प्रणाली विकास गरी क्षती न्यूनीकरण गरिनेछ । विपद् पूर्वतयारी, खोज, उद्धार, राहत र पुनर्स्थापनाका कार्यक्रम संचालन गर्ने | क्रियाकलाप ५८: विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना(२०१८-२०३०) को कार्यान्वयन सम्बन्धी अन्तर्क्रिया, सचेतना कार्यक्रम(नीति, रणनीति, ऐन लगायतका विषयमा) | 2.7.25.63 | १. प्रादेशिक गोष्ठी - ४ वटा | | | १ | | | २ | | | ३ | | ४ | | विपद् तथा द्वन्द व्यवस्थापन महाशाखा | गृह मन्त्रालय | ६ |
| | | | क्रियाकलाप ५९: जिल्ला आपतकालिन कार्यसचालन केन्द्र स्थापना हुन बाँकी ११ जिल्लामा आवश्यक मेशिनरी औजार खरिद | 11.3.22.127 | १. बोलपत्र आहवान | | | | | | | | | | | | | विपद् तथा द्वन्द व्यवस्थापन महाशाखा | गृह मन्त्रालय | ५ |
| | | | | | २. सम्झौता र कार्यदेश | | | | | | | | | | | | | | | ५ |

परिच्छेद – पाँच

# गृह प्रशासन सुधार कार्ययोजना, २०७८

## ५.१ पृष्ठभूमि

नेपालको संविधानले स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता र स्वाधीनताको संरक्षण गर्दै नागरिकको जीउ, धन र स्वतन्त्रता तथा समानताको संरक्षण गर्ने विषय उल्लेख गरेकोमा ती कुराहरूको प्रत्याभूति गर्ने गुरुत्तर अभिभारा गृह मन्त्रालयको रहेको छ । सङ्घीय लोकतान्त्रिक शासन प्रणाली बमोजिम सङ्घ, प्रदेश र स्थानीय तहमा आउन सक्ने राष्ट्रिय तथा अन्तराष्ट्रिय सुरक्षा चुनौतीहरूलाई पूर्वानुमान गर्दै त्यसको सामना गर्न प्रभावकारी राष्ट्रिय सुरक्षा प्रणालीको विकास गर्नु अपरिहार्य हुन गएको छ जसबाट शान्ति, सुरक्षा, अमनचयन र विकासका कार्यमा सहजीकरण गर्न सम्भव हुने विश्वास गर्न सकिन्छ।

गृह मन्त्रालयले नेपालको संविधानको धारा ५१(क) बमोजिम  राष्ट्रि एकता तथा राष्ट्रिय सुरक्षा सम्बन्धी नीतिको सम्वोधन गर्ने विषयहरूका साथै राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिवद्धताहरू, गृह प्रशासन सम्बद्ध ऐन, नियम, कानुन र कार्यविधिहरू, नेपाल सरकार कार्य विभाजन नियमावली (२०७४) बमोजिमका क्रियाकलापहरू, आवधिक योजनामा उल्लेख भएका गृह प्रशासन सम्वद्ध क्रियाकलापहरू र नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रम अनुसार तोकिएका क्रियाकलाप तथा जिम्मेवारीहरूको कार्यान्वयन गर्दछ जसको लागि गृह प्रशासनलाई सक्षम, सबल र साधनसम्पन्न बनाएर नागरिकहरूमा शान्ति सुरक्षाको प्रत्याभूति तथा सरकारप्रतिको विश्वासको अनुभूति दिलाउँदै सेवा प्रवाहलाई थप प्रभावकारी बनाउँदै लैजानुका साथै सुशासन कायम गर्नका लागि सबैखाले प्रयत्न र क्रियाशीलता देखाउनु पर्दछ। गृहमन्त्रालयले मातहतका निकायका कार्यालय प्रमुखसँग वार्षिक कार्य सम्पादन सम्झौता गरेर कार्यसम्पादनलाई थप प्रभावकारी र नतिजामुखी बनाउँदै लागेको छ। गृह प्रशासनका आगामी क्रियाकलापहरू थप अनुमानयोग्य र योजनाबद्ध बनाउँदै लैजान यो गृह प्रशासन सुधार कार्ययोजना २०७८ जारी गरिएको छ। यस कार्ययोजनामा गृह प्रशासन सुधार कार्य योजना, २०७४ को समीक्षामा उल्लेख गरिएका भावी कार्यदिशालाई समेत समावेश गरी क्रियाकलापहरूको पहिचान तथा प्राथमिकीकरण गरिएको छ। यस क्रममा नीति अध्ययन प्रतिष्ठान, गृह प्रशासन क्षेत्रको समाचार सम्प्रेषण गर्ने सञ्चारकर्मीहरू तथा सरोकारवाला निकायहरूको प्रत्यक्ष परोक्ष सहभागिता गराइएको छ। परिवर्तित राजनीतिक सन्दर्भमा सङ्घीयताको कार्यान्वयनका लागि सबै तहका सङ्घीय एकाइहरूबीचको थप समन्वय र सहकार्य प्रवर्द्धन गर्दै अघि बढ्ने नीति गृह मन्त्रालयले लिएको छ।

विभिन्न २०६ क्रियाकलापहरूमा वर्गीकरण गरिएको यस कार्ययोजनाको प्रभावकारी कार्यान्वयनबाट शान्ति, सुरक्षा, सुशासन र विकासमा सहजीकरण गर्दै "समृद्ध नेपाल सुखी नेपाली" को राष्ट्रिय लक्ष्य हासिल गर्नमा समेत सहयोग पुग्ने अपेक्षा गरिएको छ।

## ५.२ उद्देश्य

गृह प्रशासनका सबै निकायहरूलाई सवल, सक्षम र व्यवसायिक बनाई प्रभावकारी सेवा प्रवाह, शान्ति, सुरक्षा, सुशासन, विकास र समृद्धिका जनअपेक्षाहरू पुरा गर्नु यस कार्ययोजनाको उद्देश्य रहेको छ।

## ५.३ रणनीतिहरू

- गृह प्रशासनसँग सम्वन्धित नीति, कानुन र सङ्गठनात्मक पक्षमा समसामयिक सुधार गर्ने,
- सुरक्षा निकायलाई समयानुकुल आधुनिक, दक्ष, व्यवसायिक तथा साधन स्रोत सम्पन्न बनाउने,
- अन्താराष्ट्रिय सिमाना, सीमा नाकाको सुरक्षा व्यवस्था र अध्यागमन प्रणालीलाई सुदृढ गर्ने,
- गृह मन्त्रालय अन्तर्गत सेवा प्रवाह गर्ने निकायहरूबाट प्रभावकारी सेवा प्रवाहको लागि जनशक्ति व्यवस्थापन, स्रोत साधनको व्यवस्था र सूचना प्रविधिको अवलम्बन गर्ने
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि संस्थागत क्षमता विकास, स्रोत साधनको व्यवस्था, पूर्वाधार निर्माण र जनशक्तिको क्षमता विकास गर्ने,
- एकीकृत राष्ट्रिय परिचयपत्र व्यवस्थापन सूचना प्रणाली र व्यक्तिगत घटना दर्ता प्रणालीलाई सुदृढीकरण र प्रणालीगत एकीकरण गरी राज्यबाट प्रवाह हुने अन्य सेवा सुविधालाई एकीकृत गर्ने,
- कारागार सुदृढीकरणका लागि भौतिक पूर्वाधार निर्माण, मानवोचित सेवा सुविधा र कैदीबन्दीलाई सीपमूलक तालिमको व्यवस्था गर्ने,
- शान्ति सुरक्षा, सेवा प्रवाह र सुशासनको लागि सङ्घ, प्रदेश र स्थानीय तह बीच समन्वय र सहकार्यलाई सुदृढ बनाउने।

## ५.४ गृह प्रशासन सुधार कार्ययोजना, २०७४ को समीक्षा

राष्ट्रिय एकता र जनसेवाका लागि गृह प्रशासन, विकास र समृद्धिका लागि शान्ति सुरक्षा र सुशासन भन्ने निर्देशक सिद्धान्तको अनुसरण गरी तयार गरिएको गृह प्रशासन सुधार कार्ययोजना, २०७४ कार्यान्वयन भईसकेको छ। कार्ययोजनामा १० वटा विषयक्षेत्र ८२ वटा कृयाकलाप रहेका थिए। जसमा ९० प्रतिशत भन्दा बढी कृयाकलापहरू सम्पन्न भईसकेको माननीय गृहमन्त्रीज्यूको दुई वर्षे कार्यकालको प्रगति समीक्षा तथा भावी कार्यदिशामा उल्लेख गरिएको छ। कार्ययोजनामा समावेश भएका दशवटा विषय क्षेत्रमा भएको प्रगतिको सङ्क्षिप्त समीक्षा गरिएको छ। साथै, गृह प्रशासन सुधार कार्ययोजना, २०७४ मा पूरा हुन नसकेका कृयाकलापहरू यस कार्ययोजनामा निरन्तरता दिइएको छ।

## ५.५ सुधारका क्षेत्र र कार्यदिशा

शान्ति, सुव्यवस्था र सुरक्षाको विश्वसनीय वातावरण सिर्जना सुशासन र विकासका लागि पूर्वशर्त हो। प्रभावकारी सेवा प्रवाह, शान्ति सुव्यवस्था र सुशासनका लागि देहायका विषयमा रहेर कार्ययोजना तयार गरी माननीय गृह मन्त्रीस्तरबाट मिति २०७८ माघ १६ मा स्वीकृत समेत भएको छः

(क) नीतिगत तथा कानुनी सुधार

(ख) शान्ति सुरक्षा र अपराध नियन्त्रण,

(ग) संगठनात्मक सुधार एंव भौतिक पूर्वाधार निर्माण,

(घ) जनशक्ति व्यवस्थापन तथा क्षमता विकास,

(ङ) विपद् व्यवस्थापन,

(च) सेवा प्रवाह र सुशासन,

(छ) अध्ययन, अनुसन्धान तथा सूचना प्रविधिमा आधारित गृह प्रशासन,

(ज) आर्थिक अनुशासन र सदाचार,

(झ) समन्वय तथा सहजीकरण,

(ञ) कार्ययोजना कार्यान्वयन अनुगमन र मूल्याङ्कन।

उपर्युक्त १० क्लष्टरमा वर्गीकृत २०६ वटा गृह प्रशासन सुधारका क्रियाकलापहरूलाई सम्बन्धित आर्थिक वर्षको वार्षिक बजेट तथा कार्यक्रममा समावेश गरी कार्यान्वयन गरिनेछ।

## ५.६ सुधार कार्ययोजना

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समय-सीमा (वर्षमा) | अनुगमन सूचक | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|---|
| **५.६.१ नीतिगत र कानुनी सुधार** | | | | | | |
| १ | नेपाल नागरिकता ऐन, २०६३, नेपाल नागरिकता नियमावली, २०६३, नागरिकताको प्रमाणपत्र वितरण कार्यविधि निर्देशिका, २०६३ र नागरिकता प्रमाणपत्र वितरण टोलीको कार्यसञ्चालन निर्देशिका, २०७० संशोधन गर्ने। | नीति, योजना अनुगमन तथा मूल्याङ्कन महाशाखा | कानुन महाशाखा | २ वर्ष | ऐन, नियमावली, कार्यविधि र निर्देशिका | ऐन, कानुन संशोधन/परिमार्जन भई लागू भएको हुने। |
| २ | लागु औषध नियन्त्रण राष्ट्रिय नीति, २०६३ परिमार्जन गर्ने। | नीति,योजना, अनुगमन तथा मूल्याङ्कन महाशाखा | कानुन महाशाखा | १ वर्ष | संशोधित नीतिको दस्तावेज | लागू औषध नियन्त्रणको लागि मार्गदर्शन प्राप्त हुने। |
| ३ | लागू औषध तथा मनोद्दीपक पदार्थ नियन्त्रण ऐन तर्जुमा गर्ने। | नीति,योजना, अनुगमन तथा मूल्याङ्कन महाशाखा | कानुन महाशाखा | २ वर्ष | ऐन तर्जुमा तथा स्वीकृति | ऐन तर्जुमा भई कार्यान्वयनमा आएको हुने। |
| ४ | विष्फोटक पदार्थ ऐन, २०१८ मा संशोधन गर्ने। | नीति,योजना, अनुगमन तथा मूल्याङ्कन महाशाखा | कानुन महाशाखा | १ वर्ष | संशोधित ऐन | संशोधन भई लागु भएको हुने। |
| ५ | विष्फोटक पदार्थ नियम, २०२० मा संशोधन गर्ने। | नीति,योजना, अनुगमन तथा मूल्याङ्कन महाशाखा | कानुन महाशाखा | १ वर्ष | संशोधित नियम | नियम संशोधन भई लागु भएको हुने। |
| ६ | तेजाब तथा घातक रासायनिक पदार्थ ऐन तथा नियमावली तर्जुमा गर्ने। | नीति,योजना, अनुगमन तथा मूल्याङ्कन महाशाखा | कानुन महाशाखा | १ वर्ष | ऐन नियमालीको तर्जुमा तथा स्वीकृति | ऐन नियमावली तर्जुमा भई कार्यान्वयनमा आएको हुने। |
| ७ | अध्यागमन नीति तर्जुमा गर्ने। | अध्यागमन विभाग | गृह मन्त्रालय | १ वर्ष | नीतिको मस्यौदा तयार तथा स्वीकृति | नीति तर्जुमा तथा कार्यान्वयन भएको हुने। |
| ८ | अध्यागमन ऐन, २०४९ तथा नियमावली, २०५१ मा संसोधन गर्ने। | अध्यागमन विभाग | गृह मन्त्रालय | १ वर्ष | संशोधित मस्यौदा स्वीकृति | ऐन तथा नियमावली संशोधन भएको हुने। |

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समय-सीमा (वर्षमा) | अनुगमन सूचक | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|---|
| ९ | विपद् जोखिम व्यवस्थापनका लागि अन्तर तह समन्वय सम्बन्धी मार्गदर्शन तर्जुमा गर्ने। | विपद् तथा द्वन्द्व व्यवस्थापन महाशाखा | रा. वि. जो. न्यू. तथा व्य. प्राधिकरण सशस्त्र प्रहरी बल, नेपाल | १ वर्ष | मार्गदर्शन तर्जुमा | अन्तर तह समन्वय प्रभावकारी हुने। |
| १० | विपद् व्यस्थापनका सम्बन्धमा नेपाल सरकार सम्बद्ध मन्त्रालय र विभागको भूमिका तथा जिम्मेवारी निर्धारणका लागि ऐन संशोधन तथा मापदण्ड तर्जुमा गर्ने। | विपद् तथा द्वन्द्व व्यवस्थापन महाशाखा | सरोकारवाला मन्त्रालयहरू, रा. वि. जो. न्यू. तथा व्य. प्राधिकरण | १ वर्ष | ऐनमा संशोधन तथा मार्गदर्शन तर्जुमा | सरोकारवाला निकायको भूमिका तथा कानुनी एवं कार्यविधिगत जिम्मेवारी स्पष्ट हुने। |
| ११ | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा राष्ट्रिय पुनर्निमाण प्राधिकरण (NRA) बाट सरी आएको जिम्मेवारी समेत वहन गर्नेगरी निर्देशिका तयार पार्ने। | रा. वि. जो. न्यू. तथा व्य. प्राधिकरण | गृह मन्त्रालय | १ वर्ष | निर्देशिका तर्जुमा | राष्ट्रिय पुनर्निमाण प्राधिकरण (NRA) बाट सरी आएको जिम्मेवारी कार्यान्वयन हुने। |
| १२ | कारागार ऐन, २०१९ तथा नियमावली, २०२० र कारागार व्यवस्थापन कार्यविधि, २०७३ मा संशोधन गर्ने। | कारागार व्यवस्थापन विभाग | गृह मन्त्रालय | १ वर्ष | नियमावली र कार्यविधिको संसोधन | कारागार व्यवस्थापन सुदृढीकरणमा सहयोग पुग्ने। |
| १३ | सशस्त्र प्रहरी ऐन, २०५८ मा संशोधन गर्ने। | सशस्त्र प्रहरी बल, नेपाल | गृह मन्त्रालय | १ वर्ष | ऐनको मस्यौदा | सशस्त्र प्रहरी ऐन परिमार्जन भई लागू भएको हुने। |
| १४ | सीमा सुरक्षा ऐन तर्जुमा गर्ने। | सशस्त्र प्रहरी बल, नेपाल | गृह मन्त्रालय | १ वर्ष | ऐनको मस्यौदा | सुरक्षामा स्पष्ट नीतिगत व्यवस्था भएको हुने। |
| १५ | औद्योगिक सुरक्षा ऐन तर्जुमा गर्ने। | सशस्त्र प्रहरी बल, नेपाल | गृह मन्त्रालय उद्योग मन्त्रालय | १ वर्ष | ऐनको मस्यौदा | औद्योगिक सुरक्षामा स्पष्ट नीतिगत व्यवस्था भएको हुने। |

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समय-सीमा (वर्षमा) | अनुगमन सूचक | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|---|
| १६ | हातहतियार खरखजाना ऐन, २०१९ तथा नियमावली, २०२८ मा संसोधन गर्ने। | सुरक्षा तथा समन्वय महाशाखा | गृह मन्त्रालय | १ वर्ष | ऐन तथा नियमावली तर्जुमा | संशोधित ऐन तथा नियमावली लागू भएको हुने। |
| १७ | सङ्घीय कार्यप्रवाह बमोजिम नेपाल प्रहरी र प्रदेश प्रहरीको परिचालन गर्न प्रहरी ऐन, २०१२ र प्रहरी नियमावली, २०४९ मा संशोधन गर्ने। | नेपाल प्रहरी | गृह मन्त्रालय | १ वर्ष | प्रहरी ऐन तथा नियमावलीको संशोधन र स्वीकृति | प्रहरी ऐन तथा प्रहरी नियमावलीको संशोधन भई कार्य सञ्चालन प्रभावकारी ढङ्गले हुने। |
| १८ | विशेष ब्यूरो (कार्य सञ्चालन) नियमावली र केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशाला (कार्य सञ्चालन) नियमावली तर्जुमा गर्ने। | नेपाल प्रहरी | गृह मन्त्रालय, | १ वर्ष | नियमावली तर्जुमा | विशेष ब्यूरो र विधि विज्ञान प्रयोगशालाको कार्य प्रवाहमा सहजीकरण भएको हुने। |
| १९ | निश्चित प्रकृतिका नागरिकता वितरण प्रकृयालाई स्थानीय तहबाटै हुने व्यवस्था गर्न आवश्यक कानुनी एवं कार्यविधिगत व्यवस्था गर्ने। | नीति, योजना अनुगमन तथा मूल्याङ्कन महाशाखा | कानुन महाशाखा | ६ महिना | कार्यविधि तर्जुमा भएको हुने। | नागरिकहरूले घरदैलोबाटै नागरिकता पाउने अवस्थाको सिर्जना हुने। |
| | **५.६.१(क) कार्यविधि तथा मापदण्डहरू** | | | | | |
| २० | गाँजाको औषधीय प्रयोगका लागि कार्यविधि तर्जुमा गर्ने। | नीति, योजना अनुगमन तथा मूल्याङ्कन महाशाखा | कानुन महाशाखा | ६ महिना | कार्यविधि तर्जुमा भएको हुने। | गाँजाको औषधीय प्रयोगका लागि अनुसन्धान एवं औषधीजन्य उत्पादनको आधारशीला तयार हुने। |
| २१ | राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ तथा नियमावली, २०७७ संशोधन गर्ने तथा व्यक्तिगत घटना दर्ता सम्बन्धी कार्यविधि तर्जुमा। | राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग | गृह मन्त्रालय | ६ महिना | ऐन तथा नियमावली संशोधन भएको तथा कार्यविधि तयार भएको हुने। | जनगुनासो सम्वोधन भएको हुने। |
| २२ | अध्यागमन निर्देशिका/कार्यविधिहरूलाई प्रविधि-तादात्म्य हुने गरी अद्यावधिक गर्ने। | गृह मन्त्रालय | अध्यागमन विभाग | २ वर्ष | निर्देशिका/कार्यविधि तर्जुमा र स्वीकृति | निर्देशिका/कार्यविधि लागू भएको हुने |

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समय-सीमा (वर्षमा) | अनुगमन सूचक | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|---|
| २३ | प्रमुख जिल्ला अधिकारी तथा इलाका प्रशासन कार्यालय प्रमुख खटाउने मापदण्ड निर्माण तथा कार्यान्वयन गर्ने। | प्रशासन महाशाखा | गृह मन्त्रालय | ६ महिना | मापदण्ड तर्जुमा र स्वीकृति | मापदण्ड निर्माण भई कार्यान्वयनमा गएको हुने। |
| २४ | प्रमुख जिल्ला अधिकारीको कार्यसम्पादन दिग्दर्शन तयार गर्ने। | प्रशासन महाशाखा | गृह मन्त्रालय | १ वर्ष | मापदण्ड तर्जुमा र स्वीकृति | मापदण्ड निर्माण भई कार्यान्वयनमा गएको हुने। |
| २५ | दुवै सुरक्षा निकायमा कार्यरत कर्मचारीहरूको नियुक्ति, सरुवा, बढुवा, अवकाश, लगायतको वृत्ति पथ (career plan) पुर्वानुमान योग्य बनाउन मापदण्ड निर्माण तथा कार्यान्वयन गर्ने। | नेपाल प्रहरी र सशस्त्र प्रहरी बल, नेपाल | गृह मन्त्रालय, प्रशासन महाशाखा | १ वर्ष | मापदण्ड तर्जुमा र स्वीकृति | वृत्ति विकास सुनिश्चित भई उत्प्रेरणा बढ्ने। |
| २६ | विपद् व्यवस्थापन सम्बन्धी स्वयंसेवक व्यूरो निर्देशिका तर्जुमा गर्ने। | रा. वि. जो. न्यू. तथा व्य. प्राधिकरण | विपद् तथा द्वन्द्व व्यवस्थापन महाशाखा | २ वर्ष | निर्देशिका तर्जुमा र स्वीकृति | विपद् व्यवस्थापन स्वयंसेवक परिचालनमा सहजीकरण भएको हुने। |
| २७ | उद्धारोत्तर आश्रयस्थल (Evacuation Centre / Rescue centre) स्थापना गर्ने सम्बन्धमा नीतिगत मापदण्ड तर्जुमा गर्ने। | विपद् तथा द्वन्द्व व्यवस्थापन महाशाखा | रा .न्यू .जो .वि . .तथा व्य प्राधिकरण | २ वर्ष | मापदण्ड तर्जुमा र स्वीकृति | मापदण्ड तर्जुमा र स्वीकृत भएको हुने। |
| २८ | मानवीय सहायता स्थल सञ्चालन सम्बन्धी कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याउने। | विपद् तथा द्वन्द्व व्यवस्थापन महाशाखा | रा. वि. जो. न्यू. तथा व्य. प्राधिकरण | १ वर्ष | कार्यविधि तर्जुमा र स्वीकृति | मानवीय सहायता स्थल सञ्चालन व्यवस्थित हुने। |
| २९ | विपद्को अवस्थामा जोखिममा रहेका व्यक्ति तथा समूहको प्राथमिकताका आधारमा व्यवस्थापन गर्न एकीकृत मापदण्ड तयार गर्ने। | विपद् तथा द्वन्द्व व्यवस्थापन महाशाखा | रा. वि. जो. न्यू. तथा व्य. प्राधिकरण | २ वर्ष | मापदण्ड तर्जुमा र स्वीकृति | सुत्केरी, गर्भवती महिला, बालबालिका, जेष्ठ नागरिक तथा अपाङ्ग भएका व्यक्तिहरूले प्राथमिकता पाउने। |

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समय-सीमा (वर्षमा) | अनुगमन सूचक | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|---|
| ३० | विपद् व्यवस्थापनको सम्बन्धमा विशेषज्ञ समिति गठनका लागि कार्यविधि तर्जुमा गर्ने। | विपद् तथा द्वन्द्व व्यवस्थापन महाशाखा | रा. वि. जो. न्यू. तथा व्य. प्राधिकरण | २ वर्ष | कार्यविधि तयार र समिति गठन | कार्यविधि तर्जुमा एवं विशेषज्ञ समिति गठन भएको हुने। |
| ३१ | राष्ट्रिय विपद् उत्थानशीलता कार्यढाँचा (National Disaster Resilience Framework) जारी गरी सो को को कार्ययोजना बनाउने। | रा. वि. जो. न्यू. तथा व्य. प्राधिकरण | विपद् तथा द्वन्द्व व्यवस्थापन महाशाखा | १ वर्ष | राष्ट्रिय विपद् उत्थानशीलता कार्ययोजना निर्माण | राष्ट्रिय विपद् उत्थानशीलता कार्ययोजनाबाट हरित उत्थानशीलता वृद्धि गर्न कार्यक्रमको प्राथमिकीकरण गर्न सकिने। |
| ३२ | राहत सामग्रीको गुणस्तर सम्बन्धी मापदण्ड निर्माण गर्ने। | विपद् तथा द्वन्द्व व्यवस्थापन महाशाखा | रा. वि. जो. न्यू. तथा व्य. प्राधिकरण | १ वर्ष | राहत सामग्रीको गुणस्तर सम्बन्धी मापदण्डको दस्तावेज | विपद्को समयमा वितरण गर्न दिइने तथा प्राप्त हुने राहत सामग्रीको गुणस्तर निर्धारण भएको हुने। |
| ३३ | द्वन्द्व व्यवस्थापन, शान्ति स्थापना र द्वन्द्वोत्तर पुनर्निर्माणमा महिलाको भूमिका सम्बन्धी संयुक्त राष्ट्रसङ्घीय महिला, शान्ति र सुरक्षा सम्बन्धी प्रस्ताव नं १३२५ र १८२० को कार्यान्वयन सम्बन्धी दोश्रो कार्ययोजना तर्जुमा र कार्यान्वयन गर्ने। | विपद् तथा द्वन्द्व व्यवस्थापन महाशाखा | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय<br>महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | २ वर्ष | कार्ययोजना तर्जुमा र स्वीकृति | कार्ययोजना कार्यान्वयन भएको हुने। |
| ३४ | गुनासो व्यवस्थापन निर्देशिका तर्जुमा गरी कार्यान्वयनमा ल्याउने। | प्रशासन महाशाखा | गृह मन्त्रालय | १ वर्ष | निर्देशिका तर्जुमा र स्वीकृति | गुनासो व्यवस्थापनको प्रकृया निश्चित हुने। |
| ३५ | खुला कारागार, सामुदायिक सेवा, प्यारोल एवं प्रोवेशन जस्ता अवधारणाहरूको कार्यान्वयन गर्न मापदण्ड र कार्यविधि तयार गर्ने। | कारागार व्यवस्थापन विभाग | गृह मन्त्रालय | २ वर्ष | मापदण्ड र कार्यविधि तयार र स्वीकृति | खुला कारागार, सामुदायिक सेवा, प्यारोल एवं प्रोवेशन जस्ता अवधारणाहरूको |

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समय-सीमा (वर्षमा) | अनुगमन सूचक | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|---|
| | | | | | | कार्यान्वयन प्रारम्भ भएको हुने। |
| ३६ | कारागारहरूको संरचना र सुविधासम्बन्धी न्यूनतम मापदण्ड तयार गर्ने। | कारागार व्यवस्थापन विभाग | गृह मन्त्रालय | २ वर्ष | कारागारहरूको न्यूनतम मापदण्ड तयार र स्वीकृति | प्रत्येक कारागारहरूको मापदण्डका आधारमा क्षमता एकिन भएको हुने। |
| ३७ | गृह प्रशासनसँग सम्बन्धित कानुन तथा परिपत्रहरूको एकिकृत संगालो प्रकाशन गर्ने। | नीति, योजना, अनुगमन तथा मूल्याङ्कन महाशाखा | गृह मन्त्रालय | १ वर्ष | एकीकृत सँगालो प्रकाशन | ऐनको कार्यान्वयनमा सहजता हुने। |
| ३८ | व्यक्तिगत सुरक्षा अधिकृत (PSO) व्यवस्थाका लागि मापदण्ड अद्यावधिक गर्ने। | सुरक्षा तथा समन्वय महाशाखा | गृह मन्त्रालय | १ वर्ष | मापदण्ड तर्जुमा र स्वीकृति | सुरक्षा निकायको प्रभावकारी परिचालन हुने। |
| ३९ | सूचना सङ्कलन तथा विश्लेषण एकाइ सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि तर्जुमा | सुरक्षा तथा समन्वय महाशाखा | गृह मन्त्रालय | १ वर्ष | मापदण्ड तर्जुमा र स्वीकृति | सूचना सङ्कलन तथा विश्लेषण प्रभावकारी हुने। |
| ४० | अपराधको नक्साङ्कन सहित जिल्ला सुरक्षा योजनाको न्यूनतम मापदण्ड तयार गर्ने। | सुरक्षा तथा समन्वय महाशाखा | गृह मन्त्रालय | १ वर्ष | मापदण्ड तर्जुमा र स्वीकृति | सबै जिल्लाको सुरक्षा योजनामा एकरूपता कायम हुने। |
| ४१ | निजी सुरक्षाकर्मी तालिम तथा परिचालन सम्बन्धी मापदण्ड तयार गर्ने। | सुरक्षा तथा समन्वय महाशाखा | गृह मन्त्रालय | २ वर्ष | मापदण्ड तर्जुमा र स्वीकृति | निजी सुरक्षा सेवा प्रदायबाट सुरक्षा गार्डको तालिम, पोशाक तथा अन्य विषयहरूको नियमन हुने। |
| ४२ | मन्त्रालयको नियन्त्रण कक्ष (Control Room) सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड तर्जुमा तथा कार्यान्वयन गर्ने। | सुरक्षा तथा समन्वय महाशाखा | गृह मन्त्रालय | १ वर्ष | मापदण्ड तर्जुमा र स्वीकृति | मापदण्ड बमोजिमको नियन्त्रण कक्ष सञ्चालन भएको हुने। |

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समय-सीमा (वर्षमा) | अनुगमन सूचक | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|---|
| ४३ | द्विपक्षीय, बहुपक्षीय, राष्ट्रिय तथा अन्ताराष्ट्रिय सभा/सम्मेलन तथा बैठकको सुरक्षा व्यवस्थापन सम्बन्धी कार्यविधि तर्जुमा गर्ने। | आन्तरिक व्यवस्थापन महाशाखा | गृह मन्त्रालय | २ वर्ष | कार्यविधि तर्जुमा र स्वीकृति | सभा सम्मेलन व्यवस्थित हुने। |
| ४४ | सरकारी तथा निजी क्षेत्रका ठूला आयोजनाको सुरक्षा मापदण्ड तर्जुमा गरी कार्यान्वयनमा ल्याउने। | सुरक्षा तथा समन्वय महाशाखा | नेपाल प्रहरी र सशस्त्र प्रहरी बल | २ वर्ष | मापदण्ड तर्जुमा र स्वीकृती | ठूला आयोजनाको सुरक्षा व्यवस्थित हुने। |
| ४५ | लागु औषध नियन्त्रण रणनीति, २०६६ को समसामयिक संशोधन गर्ने। | नीति, योजना, अनुगमन तथा मूल्याङ्कन महाशाखा | कानुन महाशाखा | १ वर्ष | संशोधित रणनीति तर्जुमा र स्वीकृति | लागूऔषध नियन्त्रण नीति कार्यान्वयमा सहजता हुने। |
| ४६ | लागु औषध नियन्त्रण, माग घटाउ राष्ट्रिय रणनीति (National Drug Demand Reduction Strategy ) तर्जुमा गर्ने। | नीति, योजना, अनुगमन तथा मूल्याङ्कन महाशाखा | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय<br>युवा तथा खेलकूद मन्त्रालय | २ वर्ष | रणनीति तर्जुमा र स्वीकृति | रणनीति कार्यान्वयन पश्चात लागु औषध प्रयोगकर्ताको सङ्ख्यामा कमी हुँदै जाने। |
| ४७ | लागु औषध मौखिक प्रतिस्थापन उपचार पद्धति कार्यसञ्चालन निर्देशिका, २०७० मा संशोधन गर्ने। | नीति, योजना, अनुगमन तथा मूल्याङ्कन महाशाखा | कानुन महाशाखा | १ वर्ष | निर्देशिका तर्जुमा र स्वीकृति | निर्देशिका संशोधन भएको हुने। |
| ४८ | विष्फोटक पदार्थको आयात, ओसारपसार, सञ्चय, प्रयोगको इजाजत प्रदानगर्ने सम्बन्धी कार्यविधि, २०७३ मा संशोधन गर्ने। | नीति, योजना, अनुगमन तथा मूल्याङ्कन महाशाखा | कानुन महाशाखा | २ वर्ष | कार्यविधि तर्जुमा र स्वीकृति | कार्यविधि संशोधन भई लागु भएको हुने। |
| ४९ | अवैध मदिरा एवं मदिराजन्य पदार्थको उत्पादन, बिक्री वितरण नियमन तथा | नीति, योजना, अनुगमन तथा मूल्याङ्कन महाशाखा | कानुन न्याय तथा संसदीय मामिला | १ वर्ष | कार्यविधि तर्जुमा र स्वीकृति | कार्यविधि तर्जुमा भई लागु भएको हुने। |

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समय-सीमा (वर्षमा) | अनुगमन सूचक | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|---|
| | हानिकारक सेवन नियन्त्रण कार्यविधि तर्जुमा | | मन्त्रालय/अर्थ मन्त्रालय | | | |
| ५० | लागू औषध उपचार तथा पुर्नस्थापना केन्द्रहरूलाई पुरस्कार वितरण सम्बन्धी मापदण्ड परिमार्जन गर्ने। | नीति,योजना, अनुगमन तथा मूल्याङ्कन महाशाखा | कानुन महाशाखा | १ वर्ष | मापदण्ड परिमार्जन र स्वीकृति | पुरस्कार वितरण मापदण्ड स्तरीकृत भएको हुने। |
| ५१ | लागु औषध उपचार तथा पुर्नस्थापना केन्द्र सञ्चालन सम्बन्धी प्रोटोकल तयार गर्ने। | नीति,योजना, अनुगमन तथा मूल्याङ्कन महाशाखा | कानुन महाशाखा | १ वर्ष | प्रोटोकल तर्जुमा र स्वीकृति | पुर्नस्थापना केन्द्र सञ्चालन प्रोटोकल अनुसार हुने |
| ५२ | लागु औषध रोकथाम तथा नियन्त्रण राष्ट्रिय गुरुयोजना (Nation Master Plan) तर्जुमा गर्ने। | नीति,योजना, अनुगमन तथा मूल्याङ्कन महाशाखा | औषधी व्यवस्था विभाग/ राष्ट्रिय एड्स तथा यौनरोग केन्द्र | १ वर्ष | गुरुयोजनाको दस्तावेज | लागू औषध नियन्त्रण गुरुयोजना बमोजिम वार्षिक कार्यक्रमहरू तर्जुमा हुने। |
| ५३ | राष्ट्रिय परिचयपत्र अभियान सम्बन्धी जागरण सिर्जना गर्ने कार्यक्रमहरू लागू गर्ने। | गृह मन्त्रालय | राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग | अभियान अवधिभर | अभियान सञ्चालनका लागि वार्षिक कार्यक्रम एवं मापदण्ड | सबै नेपाली नागरिकको राष्ट्रिय परिचयपत्र तयार भएको हुने |
| ५४ | राष्ट्रिय परिचयपत्रको उपयोगका लागि सरोकारवाला निकायहरूबीच अन्तर आवद्धता प्रोटोकल तयार गर्ने। | राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग | गृह मन्त्रालय सूचना तथा सञ्चार प्रविधि मन्त्रालय | १ वर्ष | कामको प्रकृति अनुसार सरोकारवालाहरूबीच प्रणाली आवद्धताको प्रोटोकल | अन्तर आवद्धता भई राष्ट्रिय परिचयपत्रलाई आधारभूत परिचय पत्रको रूपमा स्थापित गरिने। |
| **५.६.२ शान्ति सुरक्षा र अपराध नियन्त्रण** | | | | | | |
| ५५ | विद्युतीय प्रणालीद्वारा सिंहदरवार परिसरको सुरक्षा सुदृढीकरण कार्यक्रम लागु गर्ने। | सुरक्षा तथा समन्वय महाशाखा | नेपाल प्रहरी र सशस्त्र प्रहरी | २ वर्ष | विद्युतीय उपकरण तथा प्रविधिको जडान | सिंहदरबार परिसरको सुरक्षा व्यवस्था सुदृढ भएको हुने। |
| ५६ | प्रहरी हिरासतको CCTV अनुगमन गर्न आवश्यक जनशक्ति व्यावस्था गर्ने। | प्रहरी प्रधान कार्यालय | नेपाल प्रहरी, अन्वेषण योजना | १ वर्ष | दरबन्दी सिर्जना/ व्यवस्थापन | २४ सै घण्टा प्रहरी हिरासतको निगरानी हुने, |

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समय-सीमा (वर्षमा) | अनुगमन सूचक | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|---|
| | | | तथा विकास निर्देशनालय | | | हिरासतमा हुने थुनुवाको मृत्यु रोकथाम हुने। |
| ५७ | अपराध अनुसन्धान कार्यलाई थप व्यवसायिक तथा विशिष्टीकृत गर्ने। | नेपाल प्रहरी | गृह मन्त्रालय | निरन्तर | • निर्देशिका परिमार्जन<br>• प्रविधि खरिद<br>• सेवा शर्त र सुविधा सम्बन्धमा विशिष्टीकृत व्यवस्था। | अपराध अनुसन्धानमा व्यवसायिकता आउने। |
| ५८ | हातहतियार, खरखजाना, भीड नियन्त्रणका असवाव आदिलाई समयानुकुल आधुनिकीकरण गर्ने। | नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल | गृह मन्त्रालय | निरन्तर | समयानुकुल आधुनिक हातहतियार, खरखजानाको व्यवस्था | प्रहरीले सम्पादन गर्ने कार्यहरूमा प्रभावकारिता वृद्धि हुने। |
| ५९ | सुरक्षाका महत्वपूर्ण रणनीतिक विन्दुहरूमा डिजिटल निगरानी सहितको चेक प्वाइन्ट स्थापना गर्ने। | नेपाल प्रहरी | गृह मन्त्रालय | निरन्तर | चेक पोइन्ट स्थापना र सञ्चालन | • शान्ति सुरक्षाअपराध , अनुसन्धान तथा नियन्त्रणमा प्रभावकारिता हुने।<br>• सवारी साधनको पहिचानमा सहज हुने। |
| ६० | काठमाडौं उपत्यकामा आधुनिक प्रविधि सहितको ट्राफिक टावर निर्माण गर्ने। | नेपाल प्रहरी | गृह मन्त्रालय | ३ वर्ष | प्रविधि सहितको टावर निर्माण भएको हुने। | उपत्यकाको ट्राफिक व्यवस्थाको प्रभावकारी नियमन हुने। |
| ६१ | राष्ट्रिय राजमार्गहरू, मुख्य व्यापारिक केन्द्र तथा पर्यटकीय क्षेत्रहरूमा आवश्यकता अनुसार CCTV जडान गर्ने तथा CCTV कन्ट्रोल रुम र Provincial Recording System को स्थापना गर्ने। | नेपाल प्रहरी | गृह मन्त्रालय, प्रदेश प्रहरी कार्यालयहरू | १ वर्ष | CCTV जडान, प्रदेश ट्राफिक कार्यालयमा CCTV कन्ट्रोल रुम र | • ट्राफिक व्यवस्थापनमा सुधार हुने।<br>• दुर्घटनामा कमी तथा अनुसन्धान कार्यमा सहजता हुने। |

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समय-सीमा (वर्षमा) | अनुगमन सूचक | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|---|
| | | | | | Provincial Recording Systemको स्थापना | • सवारी साधनहरूको आवतजावतको अभिलेख व्यवस्थित हुने। • व्यापारिक केन्द्र तथा पर्यटकीय क्षेत्रहरूको सुरक्षा प्रवन्ध सुदृढ हुने। |
| ६२ | आवश्यक स्थानमा बि.ओ.पि. स्थापनालाई निरन्तरता दिने। | सशस्त्र प्रहरी बल, नेपाल | गृह मन्त्रालय | निरन्तर | (क) पहिलो चरणमा १७३ एक (ख) दोश्रो चरणमा १२७ | सीमाक्षेत्र थप व्यवस्थित र नियमन भएको हुने। |
| ६३ | सीमा सुरक्षामा खटिने सशस्त्र प्रहरीको अनुपात अन्ताराष्ट्रिय मापदण्ड अनुसार मिल्दोजुल्दो बनाई प्रविधि र बन्दोवस्तीको हिसाबले सुसज्जित बनाउने। | सशस्त्र प्रहरी बल, नेपाल | गृह मन्त्रालय | १ वर्ष | कार्ययोजना निर्माण | सिमा सुरक्षा व्यवस्था थप सुदृढ हुने। |
| ६४ | भौगोलिक विषमता अनुरूप सुरक्षाकर्मीहरूका भवन संरचना तथा लजिस्टिकको मापदण्ड तयार गरी कार्यान्वयनमा ल्याउने। | नेपाल प्रहरी सशस्त्र प्रहरी बल, नेपाल | गृह मन्त्रालय | २ वर्ष | मापदण्ड तर्जुमा | स्तरीकृत भवन तथा लजिष्टिक व्यवस्थापन हुँदै जाने। |
| ६५ | सबै जिल्ला प्रशासन कार्यालयहरूमा लागु औषध सचेतना केन्द्र (Drug Awareness Centres) सञ्चालनमा ल्याउने। | नीति,योजना, अनुगमन तथा मूल्याङ्कन महाशाखा | जिल्ला प्रशासन कार्यालयहरू | १ वर्ष | लागु औषध सचेतना केन्द्रहरूको स्थापना | सचेतना केन्द्रहरू स्थापना र सञ्चालन भएका हुने। |
| **५.६.३ सङ्गठनात्मक सुधार एवं भौतिक पूर्वाधार निर्माण** | | | | | | |
| ६६ | नेपाल प्रहरी र सशस्त्र प्रहरी बल, नेपालको जनशक्तिको क्षमता विकासको लागि ७ वटै प्रदेशमा तालिम केन्द्रहरूको सुदृढीकरण गर्ने। | नेपाल प्रहरी सशस्त्र प्रहरी बल, नेपाल | गृह मन्त्रालय | निरन्तर | तालिम केन्द्र भवनको पूर्वाधार | नेपाल प्रहरी र सशस्त्र प्रहरी बल, नेपालमा कार्यरत जनशक्तिको क्षमता विकासको लागि |

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समय-सीमा (वर्षमा) | अनुगमन सूचक | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|---|
| | | | | | | थप पुर्वाधारयुक्त तालिम केन्द्रहरू। |
| ६७ | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको भवन निर्माण तथा संस्थागत क्षमता सुदृढीकरण गर्ने। | रा. वि. जो. न्यू. तथा व्य. प्राधिकरण। | गृह मन्त्रालय | २ वर्ष | भवन निर्माण कार्य आव. २०८१ असार मसान्तसम्म भवन तयार हुने। | पूर्वाधार र संस्थागत क्षमता सुदृढीकरण भएको हुने। |
| ६८ | जिल्ला आपतकालीन कार्यसञ्चालन केन्द्र (DEOC) को छुटै एकाइ स्थापनाको लागि सङ्गठन तथा व्यवस्थापन सर्भेक्षण गर्ने। | रा. वि. जो. न्यू. तथा व्य. प्राधिकरण। | गृह मन्त्रालय | २ वर्ष | एकाइ स्थापना | जिल्ला प्रशासन कार्यालय भित्रैबाट DEOC सञ्चालन भएको हुने। |
| ६९ | गृह मन्त्रालयको नयाँ भवन निर्माण गर्ने। | गृह मन्त्रालय | अर्थ मन्त्रालय | २ वर्ष | गृह मन्त्रालयको भवन पूर्वाधार | भवन निर्माण भएको हुने। |
| ७० | नेपाल प्रहरी र सशस्त्र प्रहरी बल, नेपालको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्ने। | गृह मन्त्रालय, प्रशासन महाशाखा/ अर्थ मन्त्रालय/ सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | नेपाल प्रहरी र सशस्त्र प्रहरी बल, नेपाल | १ वर्ष | सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन। | सशस्त्र प्रहरी बल, नेपालको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण बाट दरबन्दी पुनर्संरचना भएको हुने। |
| ७१ | जग्गा प्राप्ति सम्बन्धी (सशस्त्र प्रहरी बल,नेपालका बि.ओ.पि. लगायत सम्पूर्ण कार्यालयहरूको लागि जग्गा र भवन निर्माण) | गृह मन्त्रालय | सशस्त्र प्रहरी बल, नेपाल | ३ वर्ष | जग्गा प्राप्ति तथा भवन निर्माण | जग्गा प्राप्ति तथा भवन निर्माण भएको हुने। |
| ७२ | हिमाली,पहाडी,तराई इलाकामा छुट्टाछुट्टै फ्रि स्केलका सामाग्रीको व्यवस्थापन मापदण्ड बमोजिम लागू गर्ने। | गृह मन्त्रालय | सशस्त्र प्रहरी बल, नेपाल | १ वर्ष | हिमाली/पहाडी /तराई इलाकामा छुट्टाछुट्टै फ्रि स्केलका समाग्रीको व्यवस्थापन | फ्रि स्केलका समाग्रीहरूको व्यवस्थापन भएको हुने। |

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समय-सीमा (वर्षमा) | अनुगमन सूचक | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|---|
| ७३ | निर्माणाधीन कारागार भवनहरूको निर्माण कार्य सम्पन्न गर्ने। | शहरी विकास तथा भवन निर्माण विभाग, कारागार व्यवस्थापन विभाग | गृह मन्त्रालय | २ वर्ष | भवन निर्माण सङ्ख्या | न्यूनतम सुविधा सहित कैदीबन्दी राख्ने व्यवस्था भएको हुने। |
| ७४ | जीर्ण अवस्थामा रहेका कारागारहरूको मर्मत तथा नयाँ भवन निर्माण (३० वटा मर्मत र २० वटा नयाँ निर्माण) | शहरी विकास तथा भवन निर्माण विभाग, कारागार व्यवस्थापन विभाग | गृह मन्त्रालय | २ वर्ष | भवन निर्माण सङ्ख्या | नयाँ कारागार भवन निर्माण भई कैदीवन्दीहरूलाई सुरक्षित र क्षमता अनुसार राख्ने प्रवन्ध भएको हुने। |
| ७५ | सबै कारागार परिसरमा Walk Through Gate, X-ray Machine, Metal Detector आदिको व्यवस्था गर्ने। | कारागार व्यवस्थापन विभाग | गृह मन्त्रालय | २ वर्ष | कारागारहरूमा सुरक्षाका प्रविधिजन्य उपायहरू | कारागारहरूको आन्तरिक सुरक्षा मजबुत भएको हुने। |
| ७६ | सबै कारागारहरूमा पुस्तकालय स्थापना र विस्तार गर्ने। | कारागार व्यवस्थापन विभाग | प्रदेश सरकार, स्थानीय तह, अन्य साझेदार संस्थाहरू | निरन्तर | पुस्तकालयको सङ्ख्या | सबै कैदीवन्दीहरूले कारागारभित्र अध्ययनको अवसर प्राप्त गरेको हुने। |
| ७७ | अध्यागमन विभाग अन्तर्गत भिषा सेवा केन्द्र स्थापना गर्ने। | अध्यागमन विभाग | गृह मन्त्रालय | २ वर्ष | भिषा सेवा केन्द्र स्थापना | सेवा प्रवाह सरल, सहज र एकद्वारयुक्त हुने। |
| ७८ | अध्यागमन विभागका लागि भवन निर्माण गर्न जग्गाको पहिचान र प्राप्ति गर्ने। | अध्यागमन विभाग | गृह मन्त्रालय | २ वर्ष | विभागको नाममा जग्गा प्राप्ति | फराकिलो र पार्किङ्ग सहितको अध्यागमन विभाग। |
| ७९ | अध्यागमन कार्यालय बेलहिया रुपन्देहीको भवन निर्माण गर्ने। | अध्यागमन विभाग | गृह मन्त्रालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय | २ वर्ष | निर्मित भवन | अध्यागमन कार्यालय, बेलहियाले आफ्नै भवनबाट सेवा प्रवाह गरिरहेको हुने। |
| ८० | अध्यागमन कार्यालय पशुपतिनगर, रसुवा, कञ्चनपुर, जमुनाहा, मोहना, कोदारी, विराटनगर, हिल्साको लागि जग्गा पहिचान तथा प्राप्ति गर्ने। | अध्यागमन विभाग | गृह मन्त्रालय | २ वर्ष | जग्गाको उपलब्धता | अध्यागमन कार्यालयका लागि भौतिक पूर्वाधार तयार गर्न जग्गा उपलब्ध हुने। |

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समय-सीमा (वर्षमा) | अनुगमन सूचक | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|---|
| ८१ | सिमा नाकामा आवगमनको लागि थप स्थान पहिचान तथा अध्यागमन कार्यालय स्थापनाको सम्भाव्यता अध्ययन गर्ने। | गृह मन्त्रालय | अध्यागमन विभाग | २ वर्ष | सम्भाव्यता अध्ययन प्रतिवेदन | थप १० सिमा नाकाहरू पहिचान भएको हुने। |
| ८२ | पोखरा अन्ताराष्ट्रिय विमानस्थलमा अध्यागमन कार्यालय स्थापना गर्ने। | अध्यागमन विभाग | प्रशासन महाशाखा | ६ महिना | सङ्गठन तथा व्यवस्थापन सर्भेक्षण प्रतिवेदन | अध्यागमन कार्यालय स्थापना हुने। |
| ८३ | जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, इलाका प्रशासन कार्यालय, इलाका प्रहरी कार्यालय, प्रहरी चौकी र प्र.जि.अ. आवासको भवन निर्माणको मापदण्ड तयार गर्ने। | नीति, योजना अनुगमन तथा मूल्याङ्कन महाशाखा | गृह मन्त्रालय, शहरी विकास मन्त्रालय | २ वर्ष | मापदण्ड तर्जुमा र स्वीकृति | भवन निर्माणमा एकरूपता आएको हुने। |
| ८४ | भवन निर्माण हुन बाँकी जिल्ला/इलाका प्रशासन कार्यालयका भवन निर्माण गर्ने। | नीति योजना अनुगमन तथा मूल्याङ्कन महाशाखा | गृह मन्त्रालय | २ वर्ष | भवनको सङ्ख्या | प्रशासन कार्यालयका आफ्नै भवनबाट सेवा प्रवाह भएको हुने। |
| ८५ | प्रहरी कर्मचारी समायोजन ऐन, २०७६ बमोजिम नेपाल प्रहरीको समायोजन गर्ने। | नेपाल प्रहरी | गृह मन्त्रालय | २ वर्ष | प्रहरी कर्मचारीहरू प्रदेशमा समायोजन भई खटिएको सङ्ख्या | प्रहरी कर्मचारीहरू समायोजन भई प्रदेश प्रहरीमा खटिएको हुने। |
| ८६ | प्रहरी समायोजन पश्चात आवश्यकताको आधारमा सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्ने। | नेपाल प्रहरी | गृह मन्त्रालय | २ वर्ष | सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन | सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण बमोजिम जनशक्ति व्यवस्थापन हुने। |
| ८७ | UN Peace Keeping Force मा खटिने प्रहरीको लागि छुट्टै स्तरीकृत तालिमको प्रवन्ध गर्ने। | नेपाल प्रहरी | राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान | १ वर्ष | तालिमको व्यवस्था | UN Peace Keeping Force मा खटिने प्रहरीको क्षमता अभिवृद्धी हुने। |

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समय-सीमा (वर्षमा) | अनुगमन सूचक | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|---|
| | प्रदेश प्रहरी तालिम केन्द्रहरूबाट सञ्चालन गरिने तालिमको प्रभावकारिताको अध्ययन गर्ने, | नेपाल प्रहरी | राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान | २ वर्ष | अध्ययन प्रतिवेदन | प्रहरी कर्मचारीमा ज्ञान, सीप र दक्षता हासिल भई कार्यकुशलतामा अभिवृद्धि हुने। |
| ८८ | तेश्रो त्रीवर्षीय अपराध नियन्त्रण तथा अनुसन्धान रणनीतिक कार्ययोजना (CAP III) सँग तादम्यता हुने गरी राष्ट्रिय अपराध सूचना केन्द्र (National Crime Information Center) स्थापना गरी अन्तर सरकारी निकाय अपराध अभिलेख सञ्जाल स्थापना गर्ने (अपराध संहिता,२०७४ अनुसूची १,२ अन्तर्गतका कसुर सम्बन्धी) | नेपाल प्रहरी | गृह मन्त्रालय | २ वर्ष | राष्ट्रिय अपराध सूचना केन्द्र (National Crime Information Center) स्थापना तथा सञ्चालन | अपराध नियन्त्रण गर्न सहज हुने |
| ८९ | नेपाल प्रहरी केन्द्रीय विधि विज्ञान प्रयोगशालाको स्तरोन्नति गर्ने। | नेपाल प्रहरी | गृह मन्त्रालय | १ वर्ष | प्रयोगशालाको स्तरोन्नति | नेपाल प्रहरी केन्द्रीय विधि विज्ञान प्रयोगशालालाई मापदण्ड अनुरूप सञ्चालन हुने |
| ९० | नेपाल प्रहरी, डिजिटल फरेन्सिक ल्यावलाई स्तरोन्नती गरी प्रादेशिक स्तरमा समेत विस्तार गर्ने। | नेपाल प्रहरी | गृह मन्त्रालय | १ वर्ष | फरेन्सीक ल्याबको स्तरोन्नति, प्रदेश स्तरमा भएका ल्यावको सङ्ख्या | मापदण्ड अनुरूप सञ्चालन, प्रदेश स्तरमा बिस्तार हुने। |
| ९१ | सबै मुद्दा चल्ने एकाइलाई Case File Digitalizationको लागि Digital Scanning Machine को व्यवस्था गर्ने। | नेपाल प्रहरी, प्रदेश प्रहरी कार्यालयहरू | गृह मन्त्रालय, | १ वर्ष | Digital Scanner Machine खरिद तथा वितरण भएको सङ्ख्या | Case File Digitalization भई अभिलेख व्यवस्थापन छिटो छरितो भई सेवा प्रवाहमा चुस्तता आउने। |
| ९२ | नेपाल प्रहरीमा सवारी वर्कशपको स्तरोन्नति तथा प्रदेश प्रहरी | नेपाल प्रहरी, प्रदेश प्रहरी कार्यालयहरू | नेपाल प्रहरी मानवश्रोत एवं प्रशासन विभाग | १ वर्ष | सवारी वर्कसपको स्तरोन्नती र स्थापना | नेपाल प्रहरीमा रहेका सम्पूर्ण सवारी साधनहरू न्यूनतम |

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समय-सीमा (वर्षमा) | अनुगमन सूचक | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|---|
| | कार्यालयहरूमा एक/एक सवारी वर्कशपको स्थापना गर्ने। | | | | | खर्चमा आफ्नै जनशक्ति प्रयोग गरी कम समयमा मर्मत हुने। |
| ९३ | नेपाल प्रहरी अन्तर्गतको विशिष्टिकृत अनुसन्धान ब्यूरोहरू (केन्द्रीय अनुसन्धान ब्यूरो, मानव बेचबिखन अनुसन्धान ब्यूरो, लागू औषध नियन्त्रण ब्यूरो र साईबर ब्यूरो) को लागि जग्गा पहिचान तथा प्राप्ति। | नेपाल प्रहरी | गृह मन्त्रालय | २ वर्ष | जग्गाको पहिचान तथा प्राप्ति | ब्यूरोहरूलाई आफ्नै जग्गा तथा भवन निर्माण गरी स्थानान्तरण भएको हुने, कार्य सञ्चालनमा सहजता हुने |
| ९४ | नेपाल प्रहरी विपद् व्यवस्थापन तालिम केन्द्र स्थापना गर्ने। | नेपाल प्रहरी | गृह मन्त्रालय | २ वर्ष | तालिम केन्द्र स्थापना | प्रभावकारी विपद् व्यस्थापन हुने |
| ९५ | प्रहरी कर्मचारीहरूको ब्यारेक भवनको मापदण्ड निर्माण गरी ब्यारेकमा (Coir Mattress) समेत एक प्रहरी एक खाट अवधारणा पूर्ण रूपमा लागू गर्ने। | नेपाल प्रहरी | नेपाल प्रहरी मानवश्रोत एवं प्रशासन विभाग | निरन्तर | ब्यारेक भवनको मापदण्ड तर्जुमा र स्वीकृति | स्रोत साधनको उपलब्धता भई काम प्रति उत्प्रेरित हुने। |
| ९६ | नेपाल प्रहरी तथा प्रदेश स्तरमा शिशु स्याहार केन्द्र (Child Care Center) स्थापना गर्ने। | नेपाल प्रहरी, प्रदेश प्रहरी कार्यालयहरू | नेपाल प्रहरी मानवश्रोत एवं प्रशासन विभाग | १ वर्ष | शिशु स्याहार केन्द्र स्थापना | अभिभावक प्रहरी कर्मचारीको कार्य सम्पादनमा प्रभावकारिता आउने। |
| ९७ | नेपाल प्रहरी अपराध अनुसन्धान कार्यालयहरूका लागि ३० वटा भवन निर्माण गर्ने। | नेपाल प्रहरी | गृह मन्त्रालय | ४ वर्ष | भवन निर्माण सङ्ख्या | अपराधहरूको अनुसन्धान तहकिकातमा जिल्लास्तर सम्म सहज पहुँच हुने। |
| ९८ | प्रदेश प्रहरी अस्पताल स्थापना हुन बाँकी ३ वटा प्रदेश (प्रदेश नं-१, बागमती र कर्णाली प्रदेश) मा प्रदेश प्रहरी अस्पताल स्थापना गर्ने। | नेपाल प्रहरी, प्रदेश प्रहरी कार्यालयहरू | गृह मन्त्रालय | ४ वर्ष | अस्पतालहरूको सङ्ख्या | प्रदेश स्तरमा प्रहरी कर्मचारी, पूर्व प्रहरी कर्मचारी तथा आश्रित परिवारले सुलभ |

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समय-सीमा (वर्षमा) | अनुगमन सूचक | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|---|
| | | | | | | स्वास्थ्य सेवा प्राप्त गर्न सक्ने। |
| ९९ | रेल्वे सुरक्षा गण स्थापना गर्ने। | गृह मन्त्रालय, सुरक्षा समन्वय महाशाखा | सशस्त्र प्रहरी बल ,नेपाल | २ वर्ष | गण स्थापना | रेलवे सुरक्षा व्यवस्थापनमा प्रभावकारिता हासिल हुने। |
| १०० | प्रति आतङ्कवाद सेल गठन गर्ने। | सशस्त्र प्रहरी बल,नेपाल | गृह मन्त्रालय अन्य सुरक्षा निकायहरू | २ वर्ष | सेल गठन | देशमा हुन सक्ने आतङ्कवादी गतिविधि नियन्त्रण गर्न सहज हुने |
| १०१ | औद्योगिक सुरक्षा गुल्म (४ वटा) स्थापना गर्ने। | गृह मन्त्रालय, सुरक्षा समन्वय महाशाखा | सशस्त्र प्रहरी बल ,नेपाल | ३ वर्ष | गुल्मको सङ्ख्या | औद्योगिक सुरक्षा थप प्रभावकारी भएको हुने। |
| १०२ | सशस्त्र प्रहरी बल नेपालको ७ वटा आश्रित गुल्मलाई अनाश्रित गुल्ममा स्तरोन्नति गर्ने। | गृह मन्त्रालय, सुरक्षा समन्वय महाशाखा | सशस्त्र प्रहरी बल , नेपाल | ३ वर्ष | अनाश्रित गुल्मको सङ्ख्या | शान्ति सुरक्षाको अवस्थामा सुधार हुने। |
| १०३ | सशस्त्र प्रहरी बल नेपालको ६ वटा विशिष्टिकृत तालिम शिक्षालयहरूको स्तरोन्नति गर्ने। | गृह मन्त्रालय, सुरक्षा समन्वय महाशाखा | सशस्त्र प्रहरी बल , नेपाल | ४ वर्ष | स्तरोन्नतिकृत शिक्षालयहरू | जनशक्तिको क्षमता विकास हुने। |
| १०४ | अन्ताराष्ट्रिय सिमाका संवेदनशील नाकाहरूमा Thermal - Customize Tracking Software सहितका C.C. Camera/PTZ Camera र Vehicle Scanner जडान गर्ने। | सशस्त्र प्रहरी बल, नेपाल | गृह मन्त्रालय | १ वर्ष | C.C. Camera/PTZ Camera, Vehicle Scanner जडान भएको सङ्ख्या | सीमा नाकामा हुने अवैध, सीमापार, आपराधिक गतिविधि नियन्त्रणमा सहजता हुने। |
| १०५ | आकस्मिक सुरक्षा व्यवस्थापनका लागि अन्ताराष्ट्रिय विमानस्थलमा सशस्त्र प्रहरी बल, नेपालको तैनाथ रहने व्यवस्था गर्ने (काठमाडौं, भैरहवा, पोखरामा)। | सशस्त्र प्रहरी बल, नेपाल | गृह मन्त्रालय | १ वर्ष | आकस्मिक सुरक्षाका लागि सशस्त्र प्रहरी बल, नेपालको तैनाथी | आकस्मिक सुरक्षा व्यवस्थापन थप प्रभावकारी हुने। |

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समय-सीमा (वर्षमा) | अनुगमन सूचक | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|---|
| १०६ | पर्वतीय उद्धार तालिम शिक्षालयको भौतिक पुर्वाधारको स्तरोन्नति गरी आवश्यक Logistics को समुचित प्रवन्ध गर्ने। | सशस्त्र प्रहरी बल, नेपाल | गृह मन्त्रालय | २ वर्ष | शिक्षालयको स्तरोन्नती, Logistics को प्रवन्ध, उद्धार हेलिकप्टर | तालिम प्राप्त सशस्त्र प्रहरी कर्मचारीहरू उत्पादन भई विपद् व्यवस्थापनमा प्रभावकारी भएको हुने। |
| १०७ | सशस्त्र प्रहरी बल, नेपालका १२ वटा गुल्म र १०० वटा बि.ओ.पि. हरूमा मापदण्ड अनुसार आवश्यक ब्यारेकहरू निर्माण गर्ने। | सशस्त्र प्रहरी बल, नेपाल | गृह मन्त्रालय | २ वर्ष | ब्यारेकहरूको सङ्ख्या | मापदण्ड अनुसारको आवश्यक ब्यारेकहरू निर्माण भएको हुने। |
| १०८ | जिल्ला प्रशासन कार्यालयहरूमा कसुरजन्य सम्पत्ति व्यवस्थापन शाखा गठन गर्ने। | व्यवस्थापन महाशाखा | गृह मन्त्रालय | २ वर्ष | सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण | कसुरजन्य सम्पत्ति व्यवस्थापन एकाइ गठन भएको हुने। |
| १०९ | लागू औषध नियन्त्रण विभागको स्थापनाका लागि अध्ययन गर्ने। | नीति,योजना, अनुगमन तथा मूल्याङ्कन महाशाखा | गृह मन्त्रालय | १ वर्ष | सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण | विभाग स्थापना गर्न आधार स्थापना तयार हुने। |
| ११० | सबै प्रदेशमा सार्वजनिक निजी साझेदारीमा आधारित नमूना लागू औषध उपचार तथा पुर्नस्थापना केन्द्र स्थापना गर्ने। | नीति,योजना, अनुगमन तथा मूल्याङ्कन महाशाखा | प्रदेश आन्तरिक मामिला तथा कानुन मन्त्रालय | २ वर्ष | पुर्नस्थापना केन्द्रको सङ्ख्या | लागु औषध उपचार तथा पुर्नस्थापना केन्द्र स्थापना भई सञ्चालनमा आएको हुने। |
| १११ | उत्तरी र दक्षिणी नाकाका सबै भन्सार बिन्दुमा Drug Detection Device प्रयोग गर्ने। | नीति,योजना, अनुगमन तथा मूल्याङ्कन महाशाखा | गृह मन्त्रालय | १ वर्ष | Drug Detection Device सङ्ख्या | लागु औषध ओसारपसारमा कमी आउने। |
| ११२ | नेपाल प्रहरीका जिल्लास्थित कार्यालयहरूको भौतिक पुर्वाधार सुधार गर्ने। | नेपाल प्रहरी | गृह मन्त्रालय | निरन्तर | भवनको सङ्ख्या | आधारभुत मापदण्ड सहितका भवनहरू निर्माण हुने। |

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समय-सीमा (वर्षमा) | अनुगमन सूचक | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|---|
| **५.६.४ जनशक्ति व्यवस्थापन तथा क्षमता विकास** | | | | | | |
| ११३ | गृह प्रशासन अन्तर्गतका निजामती कर्मचारीहरूलाई तालिम आवश्यकताको पहिचान गरी तालिम कार्यक्रम कार्यान्वयन गर्ने। | प्रशासन महाशाखा | नीति योजना तथा कार्यक्रम महाशाखा/ प्रतिष्ठान/ तालिम केन्द्र | निरन्तर | प्र. जि. अ, स. प्र. जि. अ., जिल्ला प्रशासन कार्यालयका मुद्दा शाखाका कर्मचारीहरूको लागि न्यायिक क्षमता अभिवृद्धि तालिम कार्यक्रमहरू | कर्मचारीहरूको क्षमता अभिवृद्धि हुने तथा मनोबल उच्च हुने। |
| ११४ | जिल्ला तथा इलाका प्रशासन कार्यालयका कर्मचारीहरूलाई सूचना प्रविधि तथा योजना तर्जुमा र LMBIS सम्बन्धी अभिमुखीकरण तालिम सञ्चालन गर्ने। | नीति, योजना, अनुगमन तथा मूल्याङ्कन महाशाखा | व्यवस्थापन महाशाखा | निरन्तर | अभिमुखीकरण तालिम कार्यक्रम | क्षमता अभिवृद्धि भएको हुने। |
| ११५ | मन्त्रालय र प्रहरी समेत मातहत कार्यालहरूको सङ्गठन तथा व्यवस्थापन सर्भेक्षण गरी सूचना प्रविधि सम्बन्धी जनशक्ति र तालिमको व्यवस्थापन गर्ने। | गृह मन्त्रालय प्रशासन महाशाखा | अर्थ मन्त्रालय र सामान्य प्रशासन | २ वर्ष | सङ्गठन तथा व्यवस्थापन सर्भेक्षण | बदलिँदो आवश्यकतासँगै आवश्यक सूचना प्रविधि सम्बन्धी जनशक्ति पूर्ति हुँदै जाने। |
| ११६ | मन्त्रालय मातहतका निकायहरूमा कार्यसम्पादन प्रणालीमा आधारित प्रोत्साहन प्रणाली लागू गर्ने। | प्रशासन महाशाखा | अर्थ मन्त्रालय | निरन्तर | कार्यसम्पादन प्रणालीमा आधारित प्रोत्साहन प्रणाली | कर्मचारीहरूको उत्प्रेरणा, मनोबल र सेवाभाव वृद्धी भई सार्वजनिक सेवा प्रवाहमा प्रभावकारी सुधार आएको हुने। |
| ११७ | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी तीनै तहमा समान बुझाइका लागि अध्ययन, अनुसन्धान र क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने। | विपद् तथा द्वन्द्व व्यवस्थापन महाशाखा र रा. वि. जो. न्यू. तथा व्य. प्राधिकरण | गृह मन्त्रालय | निरन्तर | प्रशिक्षण कार्यक्रम | विपद् व्यवस्थापनमा समान बुझाई र सामञ्जस्यपूर्ण तथा समन्वयात्मक क्रियाकलापहरू सम्पादन हुने। |

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समय-सीमा (वर्षमा) | अनुगमन सूचक | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|---|
| ११८ | कैदीवन्दीहरूलाई उत्पादन र आयआर्जनका क्रियाकलापमा संलग्न गराई अनुभवको प्रमाणपत्र उपलब्ध गराउने व्यवस्था गर्ने। | कारागार व्यवस्थापन विभाग | गृह मन्त्रालय, उद्योग मन्त्रालय | निरन्तर | तालिमको सङ्ख्या | सबै कैदीवन्दीहरू कुनै न कुनै सीप र आर्यआजर्नका कार्यमा संलग्न हुने र प्रमाणपत्र पाउने। |
| ११९ | अध्यागमन कार्यालय, त्रिभुवन अन्ताराष्ट्रिय विमानस्थलका कर्मचारीहरूलाई प्रोत्साहन प्रणाली लागु गर्ने। | गृह मन्त्रालय | अर्थ मन्त्रालय | ६ महिना | प्रोत्साहन प्रणालीको विषयमा अध्ययन/ छलफल/निर्णय भएको | प्रोत्साहन प्रणाली लागु भै सेवा प्रवाहमा थप कार्यदक्षता एवं सत्यनिष्ठा कायम भएको हुने। |
| १२० | अध्यागमन सम्वद्ध उजुरी/गुनासो व्यवस्थापन प्रणालीको परिमार्जन र सञ्चालन गर्ने। | अध्यागमन विभाग | गृह मन्त्रालय | १ वर्ष | गुनासो व्यवस्थापनका प्रयोगकर्ता मैत्री प्रणालीहरू | अध्यागमन सम्वद्ध सबै उजुरी तथा गुनासाहरू सम्वोधन भएको हुने। |
| १२१ | राष्ट्रिय परिचयपत्र, व्यक्तिगत घटना दर्ता र सामाजिक सुरक्षासँग सम्बद्ध सबै निकायको संस्थागत क्षमता विकास गर्ने। | राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग | गृह मन्त्रालय | निरन्तर | क्षमता विकास कार्यक्रम | एकीकृत र सरलीकृत सेवा प्रवाह हुने। |
| १२२ | जिल्ला/ईलाका/सीमा प्रशासन कार्यालयमा कार्यरत जनशक्तिलाई क्षमता विकास र उत्प्रेरणा गर्ने (मौद्रिक तथा गैरमौद्रिक)। | प्रशासन महाशाखा | अर्थ मन्त्रालय | निरन्तर | क्षमता विकास कार्यक्रम | कार्यक्रम सञ्चालन भएको हुने। |
| १२३ | साइबर ब्यूरोको क्षमता विकास गरी थप प्रविधियुक्त बनाई Cyber Forensic Unit (एकाइ)र प्रहरी कर्मचारीको क्षमता अभिवृद्धि गर्ने। | नेपाल प्रहरी | नेपाल प्रहरी प्र.प्र.का.अ.अ. एवं कार्य विभाग | निरन्तर | प्रहरी कर्मचारीहरूलाई तालिम, Cyber Forensic Unit को आधुनिकीकरण | साईबर सुरक्षा र अपराध अनुसन्धानमा सफलता हासिल हुने दरमा वृद्धि हुने। |
| १२४ | समुदाय प्रहरी साझेदारीको अवधारणा बमोजिम समुदाय केन्द्रित कार्यक्रमहरू सञ्चालन गर्ने। | नेपाल प्रहरी, प्रदेश प्रहरी कार्यालयहरू | जिल्ला प्रशासन कार्यालयहरू | निरन्तर | कार्यक्रम सञ्चालन सङ्ख्या | नागरिक र प्रहरी बीचको सम्बन्ध सुदृढ हुने र अपराध न्यूनीकरणमा सहयोग पुग्ने। |

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समय-सीमा (वर्षमा) | अनुगमन सूचक | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|---|
| १२५ | नेपाल प्रहरीमा हाल प्रयोगमा रहेका पूराना सवारी साधनहरूको प्रतिस्थापन योजना (replacement plan) अनुसार क्रमशः प्रतिस्थापन गर्दै लगिने। | नेपाल प्रहरी | नेपाल प्रहरी, सवारी महाशाखा | निरन्तर | प्रतिस्थापन भएका सवारी सङ्ख्या | गुणस्तरीय एवं कार्यदक्षतायुक्त सवारी साधनको व्यवस्था भएको हुने। |
| १२६ | विशिष्ट व्यक्तिको सुरक्षामा प्रयोग भइरहेको सञ्चार प्रविधि र प्रणालीको स्तरोन्नति र आधुनिकीकरण गरी Digital Trunking System विस्तार गर्ने। | नेपाल प्रहरी | नेपाल प्रहरी, संचार निर्देशनालय | निरन्तर | Digital Trunking System सञ्चालन | विशिष्ट व्यक्तिको सुरक्षा थप प्रभावकारी हुने। |
| १२७ | ट्राफिक Surveillance Vehicle खरिद तथा सञ्चालन गर्ने। | नेपाल प्रहरी | नेपाल प्रहरी, राजमार्ग सुरक्षा तथा ट्राफिक महाशाखा | २ वर्ष | Surveillance Vehicle खरिद | ट्राफिक दुर्घटनामा न्यूनीकरण हुने। |
| **५.६.५ विपद् व्यवस्थापन** | | | | | | |
| १२८ | प्रकोपजन्य जोखिम न्यूनीकरण तथा प्रतिकार्यका लागि Risk Assessment Platform तयार गर्ने। | रा. वि. जो. न्यू. तथा व्य. प्राधिकरण | विपद् तथा द्वन्द्व व्यवस्थापन महाशाखा | २ वर्ष | Risk Assessment Platform | Platform तयार भइ कार्यान्वयनमा आएको हुने |
| १२९ | मनसुनजन्य विपद् प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापना कार्य सम्पन्न गर्ने। | रा. वि. जो. न्यू. तथा व्य. प्राधिकरण | गृह मन्त्रालय | 1वर्ष | निजी आवास पुनर्निर्माण | मनसुनजन्य घटनाबाट प्रभावित निजी आवासहरूको पुनर्निर्माण तथा पुनर्स्थापना भएको हुने। |
| १३० | विपद्को समयमा खोज तथा उद्धार कार्यमा खटिने जनशक्तिको जोखिम बीमा सम्बन्धी नीतिगत व्यवस्था गरी कार्यान्वयनमा ल्याउने। | रा. वि. जो. न्यू. तथा व्य. प्राधिकरण | गृह मन्त्रालय | २ वर्ष | बीमा सम्बन्धी नीति | नीति तर्जुमा भई जनशक्तिको बीमा गरिएको हुने। |

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समय-सीमा (वर्षमा) | अनुगमन सूचक | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|---|
| १३१ | विपद् व्यवस्थापन सम्बन्धमा विशेष योगदान पुऱ्याउने संस्था तथा व्यक्तिलाई सम्मान स्वरूप पुरस्कृत गर्न मापदण्ड तयार गरी कार्यान्वयनमा ल्याइने। | | विपद् तथा द्वन्द्व व्यवस्थापन महाशाखा | निरन्तर | मापदण्ड तयारी | विपद् व्यवस्थापनमा योगदान पुऱ्याउन थप प्रोत्साहन मिल्ने। |
| १३२ | जिल्ला आपतकालीन कार्य सञ्चालन केन्द्र स्थापना हुन बाँकी १५ वटा जिल्लाहरूमा आपतकालीन कार्य सञ्चालन केन्द्र स्थापना एवं सबै जिल्लाहरूमा आपतकालीन कार्य सञ्चालन केन्द्र सुदृढीकरण र सञ्चालन गर्ने। | रा. वि. जो. न्यू. तथा व्य. प्राधिकरण | प्रदेश सरकार | निरन्तर | जिल्ला आपतकालीन कार्य सञ्चालन केन्द्र स्थापना हुने र तिनको सुदृढीकरण। | सबै जिल्लाहरूमा आपतकालीन कार्यसञ्चालन केन्द्र स्थापना भई न्यूनतम सुविधा (सञ्चार सामाग्री, प्रविधि जनशक्ति, खोज तथा उद्धार, स्रोत सामाग्री) सहित सञ्चालन भएको हुने। |
| १३३ | हलुका र मध्यम तहको खोज तथा उद्धारका लागि आवश्यक उपकरण सहितको तुरुन्तै परिचालन हुने स्वयंसेवक सहितको विशेष टोली (First Responder/Flying Squad) को व्यवस्था गर्ने। | विपद् तथा द्वन्द्वव्यवस्थापन महाशाखा | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण | २ वर्ष | विशेष टोली ( First Responder/Flying Squad) को व्यवस्था | केन्द्र तथा सबै जिल्लाहरूमा स्वयंसेवक सहितको विशेष टोली गठन भएको हुने,। |
| १३४ | अन्तराष्ट्रिय खोज तथा उद्धार सहयोगी समुह (International Search and Rescue Advisory Group - INSARAG) को Accreditation प्राप्त गर्ने। | विपद् तथा द्वन्द्वव्यवस्थापन महाशाखा | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण | २ वर्ष | Accreditation प्राप्त भएको | शहरी खोज तथा उद्धारका लागि मध्यम तहको उपकरण र तालिम प्राप्त जनशक्तिको विकास गरी INSARAG को Accreditation प्रक्रिया सम्पन्न हुने। |

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समय-सीमा (वर्षमा) | अनुगमन सूचक | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|---|
| १३५ | राष्ट्रिय कृत्रिम अभ्यास National Simulation Exercise (SIMEX) Guiding सम्बन्धी दिग्दर्शन र Drill तर्जुमा गरी कृत्रिम अभ्यास कार्यक्रम सञ्चालन गर्ने। | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण | विपद् तथा द्वन्द्व व्यवस्थापन महाशाखा | निरन्तर | कृत्रिम अभ्यास कार्यक्रम | सातै वटा प्रदेश समावेश हुने गरी कृत्रिम अभ्यास निरन्तर सञ्चालन हुने। |
| १३६ | विपद् पूर्वतयारीका लागि स्थानीय तहसम्म खुल्ला क्षेत्रहरूको विवरण अद्यावधिक एवं प्रकाशन गर्ने। | विपद् तथा द्वन्द्व व्यवस्थापन महाशाखा | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण | १ वर्ष | खुल्ला क्षेत्र सम्बन्धी विवरण सङ्कलन दस्तावेज | ७७ वटै जिल्लाहरूमा रहेका खुल्ला क्षेत्रहरूको Geo-coding सहितको विवरण प्रकाशन भएको हुने। |
| १३७ | प्रकोपको प्रकृति अनुरूप सम्मुखता , संकटउन्मुखता र जोखिमको आँकलन तथा नक्साङ्कन गर्ने। | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण | विपद् तथा द्वन्द्व व्यवस्थापन महाशाखा | निरन्तर | जोखिम क्षेत्रको नक्साङ्कन विवरण | बाढी, पहिरो, हिमपात, हिमपहिरो तथा हिमताल विस्फोटन जोखिम आँकलन भएको हुने। |
| १३८ | प्रहरीको चौकीस्तरसम्म विपद् उद्धारका सामग्रीहरूको व्यवस्था गर्ने। | नेपाल प्रहरी, प्रदेश प्रहरी कार्यालयहरू | राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण र गृह मन्त्रालय | निरन्तर | उद्धारका सामग्रीहरूको उपलव्धता | प्रहरीको चौकीस्तरसम्मका एकाइहरूमा विपद् उद्धारका सामग्रीहरू (कम्तीमा स्ट्रेचर, Dead Body Bag, Personal Protective Equipment (PPE) उपलब्ध भएको हुने। |
| १३९ | विपद् व्यवस्थापन डाटाबेस प्रणाली (Disaster Management database system) को स्थापना गर्ने। | नेपाल प्रहरी | गृह मन्त्रालय / राष्ट्रिय विपद् जोखिम न्यू. तथा व्य. प्राधिकरण | निरन्तर | सफ्टवेरको उपलब्धता | विपद्जन्य घटनाको प्रभावकारी अभिलेखीकरण हुने। |
| १४० | विपद् व्यवस्थापनमा खटिने जनशक्तिको क्षमता विकास गर्ने। | नेपाल प्रहरी र सशस्त्र प्रहरी बल, नेपाल | गृह मन्त्रालय / राष्ट्रिय विपद् | निरन्तर | तालिम प्राप्त जनशक्तिको सङ्ख्या | जनशक्तिको क्षमता अभिबृद्धि भएको हुने। |

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समय-सीमा (वर्षमा) | अनुगमन सूचक | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|---|
| | | | जोखिम न्यू. तथा व्य. प्राधिकरण | | | |
| **५.६.६ सेवा प्रवाह र सुशासन** | | | | | | |
| १४१ | गुनासो व्यवस्थापन संयन्त्रको संस्थागत सुदृढीकरण गर्ने। | प्रशासन महाशाखा | मन्त्रालय र अन्तरगतका निकायहरू | १ वर्ष | Nodal Officer का लागि मोबाइल नम्बर, टोल फ्रि नम्वर, क्षमता अभिबृद्धि कार्यक्रम, नियमित प्रगति प्रतिवेदन | प्रभावकारी रूपमा गुनासो फर्छ्यौट तथा व्यवस्थापन भएको हुने। |
| १४२ | राष्ट्रिय पर्व तथा उत्सवहरूको एकीकृत आन्तरिक व्यवस्थापन ढाँचा तथा वार्षिक क्यालेन्डर तयार गर्ने। | आन्तरिक व्यवस्थापन महाशाखा | सुचना प्रविधि शाखा | १ वर्ष | राष्ट्रिय पर्व र उत्सवमा एकीकृत व्यवस्थापन तथा सरकारी कार्यालयहरूले सम्पादन गर्नु पर्ने भूमिकाको ढाँचा | पर्व र उत्सवमा सार्वजनिक बिदाका आधार तथा सरकारी कार्यालयहरूले सम्पादन गर्नु पर्ने भूमिका स्पष्ट हुने। |
| १४३ | कैदीवन्दीहरूसँगको भेटघाटको कार्यविधि तथा मापदण्ड तयार गर्ने। | कारागार व्यवस्थापन विभाग, कारागार कार्यालयहरू | गृह मन्त्रालय | निरन्तर | भेटघाटको मापदण्ड | कैदीवन्दीहरूको वाह्य भेटघाट व्यवस्थित भएको हुने। |
| १४४ | राष्ट्रिय परिचयपत्र अभियान सम्बन्धी जागरण सिर्जना। | गृह मन्त्रालय | राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग | अभियान अवधिभर | अभियान सञ्चालनका लागि वार्षिक कार्यक्रम एवं मापदण्ड | सबै नेपाली नागरिकको राष्ट्रिय परिचयपत्र तयार भएको हुने |
| १४५ | परिचयपत्र पाउन योग्य सबै नागरिकको राष्ट्रिय परिचयपत्रको लागि विवरण सङ्कलन गर्ने। | राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग | गृह मन्त्रालय, जिल्ला प्रशासन कार्यालयहरू | २ वर्ष / तत्पश्चात योग्य हुनेको निरन्तर | विवरण सङ्कलन सख्या | राष्ट्रिय परिचयपत्र वितरणका लागि विवरण सङ्कलन भएको हुने। |

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समय-सीमा (वर्षमा) | अनुगमन सूचक | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|---|
| १४६ | १ (एक) करोड नागरिकलाई राष्ट्रिय परिचयपत्रको वितरण गर्ने। | राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग | गृह मन्त्रालय, जिल्ला प्रशासन कार्यालयहरू | २ वर्ष | परिचयपत्र वितरण सङ्ख्या | लक्ष्य अनुरूप राष्ट्रिय परिचयपत्र वितरण भएको हुने। |
| १४७ | व्यक्तिगत घटना दर्ताको पहुँच विस्तार गरी ८० प्रतिशत पुऱ्याउने। | राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग | गृह मन्त्रालय, जिल्ला प्रशासन कार्यालयहरू | २ वर्ष | घटना दर्ताको पहुँच प्रतिशत | व्यक्तिगत घटना दर्तामा नागरिकको पहुँच अभिवृद्धि हुने। |
| १४८ | अनलाइन व्यक्तिगत घटना दर्ता सबै वडा सम्ममा पुऱ्याउने। | राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग | गृह मन्त्रालय, जिल्ला प्रशासन कार्यालयहरू | २ वर्ष | वडा सख्या | अनलाइन व्यक्तिगत घटना दर्ताको विस्तार हुने। |
| १४९ | सबै स्थानीय तहबाट सामाजिक सुरक्षा भत्ता बैंकिङ्ग प्रणाली मार्फत वितरण गर्न व्यवस्था मिलाउने। | राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग | गृह मन्त्रालय, जिल्ला प्रशासन कार्यालयहरू | २ वर्ष | बैंकिङ्ग प्रणाली लागु भएका स्थानीय तहको सङ्ख्या | सबै स्थानीय तहबाट सामाजिक सुरक्षा भत्ता बैंकिङ्ग प्रणालीमा मार्फत वितरण भएको हुने। |
| १५० | काठमाडौं उपत्यकाका मुख्य सडकहरूमा थप ट्राफिक लाइटको व्यवस्थापन गर्ने। | नेपाल प्रहरी | गृह मन्त्रालय | १ वर्ष | १५ स्थानमा Intelligent Traffic Light System जडान | काठमाडौं उपत्यकाका मुख्य सडकहरूको ट्राफिक व्यवस्थापनमा सुधार हुने। |
| १५१ | मानव अधिकार सम्बन्धित घटनाहरूको द्रुत अनुसन्धान तथा उल्लङ्घनका घटना न्यूनीकरण गर्ने। | नेपाल प्रहरी, प्रदेश प्रहरी कार्यालयहरू | गृह मन्त्रालय | निरन्तर | उजुरी फछ्र्यौट सख्या तालिम तथा सचेतना कार्यक्रम | मानव अधिकारका घटना उल्लङ्घनमा तत्काल अनुसन्धान र कारवाही भएको हुने। |
| १५२ | जोखिममा रहेका सेवाग्राहीलाई प्राथमिकतामा राखी प्रहरी सेवा प्रवाह (Priority Police Service) को मापदण्ड तयार तथा कार्यान्वयन गर्ने। | प्रदेश प्रहरी कार्यालयहरू | नेपाल प्रहरी | निरन्तर | मापदण्ड | लक्षित समूहले सहज रूपमा सेवा प्राप्त गर्ने अवस्था सिर्जना हुने। |

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समय-सीमा (वर्षमा) | अनुगमन सूचक | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|---|
| १५३ | नेपाल प्रहरीमा गुनासो व्यवस्थापनको लागि केन्द्रीय तथा प्रदेश स्तरमा संयन्त्र स्थापना गरी प्रभावकारी सञ्चालन गर्ने। | नेपाल प्रहरी, प्रदेश प्रहरी कार्यालयहरू | जिल्ला प्रहरी कार्यालय तथा एकाइहरू | निरन्तर | गुनासो फर्छ्यौट सङ्ख्यामा भएको वृद्धि दर, बेरुजू फछ्यौंट एवं आचार संहिता कार्यान्वयन | प्रभावकारी गुनासो व्यवस्थापन भएको हुने। |
| १५४ | विभिन्न राष्ट्रिय दिवसहरूमा वितरण गरिने विभूषणहरू छनौटको मापदण्डको स्तरीकरण गर्ने। | गृह मन्त्रालय | | निरन्तर | विभूषण छनौट मापदण्ड | राष्ट्रसेवक कर्मचारीहरूको मनोवल उच्च हुने तथा विभूषणको गरिमा कायम हुने। |
| १५५ | ट्राफिक कारबाही तथा जरिवाना प्रयोजनको लागि विद्युतीय भुक्तानी प्रणाली (Digital Payment System) देशभर लागू गर्ने। | नेपाल प्रहरी | नेपाल प्रहरी, राजमार्ग सुरक्षा तथा ट्राफिक महाशाखा | १ वर्ष | Instant Payment System (QR Payment, Mobile Banking) को व्यवस्था | सेवाग्राहीलाई सहज र लागतप्रभावी हुने। |
| १५६ | गृह प्रशासन समूह गठन गर्ने | गृह मन्त्रालय | अर्थ मन्त्रालय सङ्घीय मामिला तथा सा.प्र. मन्त्रालय | २ वर्ष | प्रशासन सेवा गृह प्रशासन समूहको गठन | वृत्तिपथ थप अनुमानयोग्य हुनुका साथै पदनामहरूमा समेत परिवर्तन भएको हुने। |
| १५७ | लागु औषध प्रयोगकर्ताहरूको लागि सञ्चालित उपचार तथा पुर्नस्थापना केन्द्रहरूको प्रभावकारिता अध्ययन गर्ने/गराउने। | नीति,योजना, अनुगमन तथा मूल्याङ्कन महाशाखा | गृह मन्त्रालय | २ वर्ष | अध्ययन प्रतिवेदन | प्रभावकारिता अध्ययनको निष्कर्ष बमोजिम आवश्यक नीतिगत तथा कार्यविधिगत परिवर्तन गर्न सघाउ पुग्ने। |
| १५८ | लागु औषध मौखिक प्रतिस्थापन उपचार पद्धति (OST) को प्रभावकारिता अध्ययन अनुसन्धान गर्ने/गराउने। | जिल्ला प्रशासन कार्यालयहरू | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | २ वर्ष | प्रभावकारीता अध्ययन प्रतिवेदन | प्रभावकारिता अध्ययनको निष्कर्ष बमोजिम आवश्यक नीतिगत तथा कार्यविधिगत परिवर्तन गर्न सघाउ पुग्ने। |

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समय-सीमा (वर्षमा) | अनुगमन सूचक | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|---|
| | | | विश्वविद्यालयहरू, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, नीति अध्ययन प्रतिष्ठान | | | |
| १५९ | लागु औषध प्रयोगकर्ताहरूको जिल्लास्तरीय द्रुततर मूल्याङ्कन सर्वेक्षण (Rapid Assessment Survey) गर्ने। | जिल्ला प्रशासन कार्यालयहरू | गृह मन्त्रालय स्वास्थ तथा जनसङ्ख्या मन्त्रालय | २ वर्ष | द्रुततर मूल्याङ्कन सर्वेक्षण प्रतिवेदन | प्रभावकारिता अध्ययनको निष्कर्ष बमोजिम आवश्यक रणनीति परिवर्तन गर्न सघाउ पुग्ने। |
| **५.६.७ अध्ययन, अनुसन्धान तथा सूचना प्रविधिमा आधारित गृह प्रशासन** | | | | | | |
| १६० | विद्यमान सफ्टवेयरहरूको एकीकरण तथा एकीकृत सूचना व्यवस्थापन प्रणालीको विकास गर्ने। | नीति,योजना, अनुगमन तथा मूल्याङ्कन महाशाखा | सूचना प्रविधि शाखा | २ वर्ष | एकीकृत सफ्टवेयर एवं सूचना व्यवस्थापन प्रणाली | प्रयोगकर्तामैत्री सूचना व्यवस्थापन प्रणाली एवं सफ्टवेयरहरूको स्थापना। |
| १६१ | गृह मन्त्रालय र मातहतका निकायहरूमा कार्यरत कर्मचारीहरूको Employees Record Information System- ERIC सफ्टवेयर अद्यावधिक/स्तरोन्नति गर्ने। | प्रशासन महाशाखा | नीति योजना तथा कार्यक्रम महाशाखा / व्यवस्थापन महाशाखा | १ वर्ष | ERIC सफ्टवेयर | कर्मचारीहरूको अभिलेख व्यवस्थित र पारदर्शी भएको हुने |
| १६२ | सूचना प्रविधि सम्बन्धी उपकरणहरू तथा मौजुदा सफ्टवेयरहरूलाई सुरक्षित र स्तरोन्नति गर्दै लैजाने। | सूचना प्रविधि शाखा | गृह मन्त्रालय मातहतका सबै निकायहरू | निरन्तर | Hardware & Software (CIMS, E-attendance etc.) Upgrade | प्रविधि मैत्री र लागतप्रभावी सेवा प्रवाह हुने। |
| १६३ | मन्त्रालय र मातहत निकाय र कार्यालयबीच नेटवर्क स्थापना, अपग्रेड तथा विस्तार गर्ने। | सूचना प्रविधि शाखा | गृह मन्त्रालय मातहतका सबै निकायहरू | निरन्तर | नेटवर्क स्थापना | सबै कार्यालयहरू मन्त्रालयको केन्द्रीय सर्भरमा जोडिने। |

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समय-सीमा (वर्षमा) | अनुगमन सूचक | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|---|
| १६४ | राष्ट्रिय आपतकालीन कार्यसञ्चालन केन्द्र - National Emergency Operations Centre (NEOC) सञ्चालन कार्यविधि परिमार्जन गर्ने। | विपद् तथा द्वन्द्व व्यवस्थापन महाशाखा | रा. वि. जो. न्यू. तथा व्य. प्राधिकरण र प्रदेश सरकार | २ वर्ष | एकीकृत प्रणाली (PEOC, DEOC, LEOC, HEOC र Forest Fire Emergency Response समेतलाई समावेश गरी) सञ्चालन गर्ने। | केन्द्रदेखि स्थानीय तहसम्मका आपतकालीन सेवा केन्द्रहरूको सुदृढीकरण हुने। |
| १६५ | Office Automation System लाई पूर्ण रूपमा कार्यान्वयनमा ल्याउने। | सुचना प्रविधि शाखा | व्यवस्थापन महाशाखा | १ वर्ष | Office Automation System को प्रयोग | अन्तरशाखा पत्राचार तथा - समन्वयका दैनिक कामहरू Office Automation System मार्फत हुने। |
| १६६ | विपद् व्यवस्थापन सम्बन्धी नीति, कार्यनीति र मापदण्ड तथा विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८-२०३० अद्यावधिक गर्ने तथा प्रगति अनुगमन गर्ने। | विपद् तथा द्वन्द्व व्यवस्थापन महाशाखा | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण | प्रत्येक दुई वर्षमा | विपद् व्यवस्थापन सम्बन्धी नीति तथा विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना अद्यावधिक तथा प्रगतिको अनुगमन प्रतिवेदन | विपद् व्यवस्थापन सम्बन्धी नीति, कार्यनीति र मापदण्ड तथा विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना अद्यावधिक हुने। |
| १६७ | विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना (२०१८-२०३०) को प्रगति अनुगमन गर्न Monitor for Disaster strategic Action plan (MDSA) सफ्टवेयर प्रणाली सञ्चालनमा ल्याउने। | रा. वि. जो. न्यू. तथा व्य. प्राधिकरण | विपद् तथा द्वन्द्व व्यवस्थापन महाशाखा | निरन्तर | अनुगमन सफ्टवेयर | Monitor for Disaster strategic Action plan (MDSA) सफ्टवेयर प्रणाली सञ्चालनमा आई विपद् व्यवस्थापनका सम्बन्धमा भएको क्रियाकलापको विवरण अद्यावधिक भएको हुने। |
| १६८ | द्वन्द्वकालीन समयमा वितरण भएको राहत, क्षतिपूर्ति, आर्थिक सहायता वापत | विपद् तथा द्वन्द्व व्यवस्थापन महाशाखा | गृह मन्त्रालय | २ वर्ष | अभिलेख प्रकाशन | एकीकृत अभिलेख तयार भई प्रकाशन भएको हुने। |

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समय-सीमा (वर्षमा) | अनुगमन सूचक | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|---|
| | वितरण भएको रकम र पुनर्निर्माण भएका योजनाहरूको एकीकृत अभिलेख तयार गरी प्रकाशन गर्ने। | | | | | |
| १६९ | Prisoner Management Information Systemलाई स्तरोन्नति गरी कारागार प्रशासनको सुदृढीकरण गर्ने। | कारागार व्यवस्थापन विभाग, कारागार कार्यालयहरू | गृह मन्त्रालय | निरन्तर | Prisoner Management Information System - PMIS सफ्टवेयर | कैदीवन्दी प्रशासनसँग सम्वन्धित सवै कार्यहरू PMIS मार्फत भएको हुने। |
| १७० | कारागार कार्यालयमा रहेका स्वास्थ्यकर्मीहरूको दरबन्दी गृह मन्त्रालयमा सार्ने। | गृह मन्त्रालय | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, सङ्घीय मा. तथा सा. प्र. मन्त्रालय | १ वर्ष | गृह मन्त्रालयको दरवन्दीबाटै स्वास्थ्यकर्मी परिचालन | कैदीबन्दीहरूका लागि स्वास्थ्यकर्मीको सेवा सहज हुने। |
| १७१ | सबै अध्यागमन कार्यालयहरूमा नेपाली पोर्ट लागू गर्ने। | अध्यागमन विभाग | गृह मन्त्रालय | ६ महिना | नेपाली पोर्टको लागि आवश्यक प्राविधिक पूर्वाधार तयार गरी लागू भएका कार्यालयहरूको सङ्ख्या | नेपाली पोर्ट लागू भएको हुने। |
| १७२ | विदेशीको हकमा अध्यागमन कार्यालयको प्रस्थान कक्ष र नेपालीहरूको हकमा आगमन कक्षमा इ-गेटलागू गर्ने। | अध्यागमन विभाग | गृह मन्त्रालय | २ वर्ष | इ-गेटस्थापना | इ-गेटबाट यात्रुको पहिचान र सुरक्षा व्यवस्था सुदृढ भएको हुने। |
| १७३ | इ-भिसा लागू गर्नका लागि कार्ययोजना तर्जुमा तथा कार्यान्वयन गर्ने। | अध्यागमन विभाग | गृह मन्त्रालय, अर्थ मन्त्रालय, राष्ट्र बैंक | १ वर्ष | प्राविधिक पूर्वाधार, कार्ययोजना | इ-भिसा लागू भएको हुने |
| १७४ | सबै अध्यागमन कार्यालयहरूबाट System Generated Printed Visa लागु गरी हस्तलिखित भिसालाई प्रतिस्थापन गर्ने। | अध्यागमन विभाग | गृह मन्त्रालय | १ वर्ष | ऐन, कानुन परिमार्जन नेपाली पोर्ट परिमार्जन | सबै अध्यागमन कार्यालयहरूबाट System |

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समय-सीमा (वर्षमा) | अनुगमन सूचक | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|---|
| | | | | | | Generated Printed Visa लागु हुने। |
| १७५ | Advance Passanger Information System (APIS) तथा विदेशी नागरिकको ट्रयाकिङ समेत लागू गर्ने। | गृह मन्त्रालय | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, अध्यागमन विभाग | १ वर्ष | ट्र्याकिङ्ग सफ्टवेयर | APIS लागू भएको हुने |
| १७६ | त्रिभुवन विमानस्थलको अध्यागमन डेस्कमा Automated Biometric Identification System (ABIS) को स्थापना गर्ने। | अध्यागमन विभाग | गृह मन्त्रालय | ४ वर्ष | ABIS को स्थापना | यात्रुहरूको ट्र्याक रेकर्ड फेला पार्न सजिलो हुनुका साथै सेवा प्रवाह छरितो हुने। |
| १७७ | अनलाइन भिषा आवेदन तथा शुल्क भुक्तानीका लागि International Payment Gateway सञ्चालनमा ल्याउने। | अध्यागमन विभाग | अर्थ मन्त्रालय नेपाल राष्ट्र बैङ्क सेवा प्रदायक संस्था | १ वर्ष | International Payment Gateway को लागि सेवा प्रदायक छनौट | अनलाइन भिसा शुल्क भुक्तानी गर्न सकिने। |
| १७८ | व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन प्रणाली (VERSP-MIS) को निकायगत आवद्धता एवं सुदृढीकरण गर्ने। | राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग | गृह मन्त्रालय र स्थानीय निकाय | | सर्भर तथा Card Reader खरिद | सामाजिक सुरक्षा व्यवस्थापन प्रणाली (VERSP-MIS) लागु भै एकीकृत सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गर्न सकिने। |
| १७९ | CIMS मा आवद्ध गर्न बाँकी रहेका इलाका प्रशासन कार्यालय तथा सीमा प्रशासन कार्यालयहरूबाट (Citizenship Information Management System)- CIMS Software प्रणालीबाट नागरिकता वितरण गर्ने व्यवस्था गर्ने। | नीति, योजना अनुगमन तथा मूल्याङ्कन महाशाखा | व्यवस्थापन महाशाखा, जिल्ला प्रशासन कार्यालयहरू | २ वर्ष | CIMS लागु भएका कार्यालय | सबै इलाका तथा सीमा प्रशासन कार्यालयमा CIMS लागू भएको हुने। |

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समय-सीमा (वर्षमा) | अनुगमन सूचक | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|---|
| १८० | मन्त्रालयमा रहेका नागरिकता प्रमाणपत्रको अभिलेख Digitize गरी Touch to Find को अवधारणा अनुसार व्यवस्थित गर्ने। | नीति, योजना, अनुगमन तथा मूल्याङ्कन महाशाखा | नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखा | २ वर्ष | Digitize भएका अभिलेख | नागरिकता भिडानमा सहजता भई छिटो छरितो सेवा प्रवाह हुने तथा अभिलेखहरू व्यवस्थित भएको हुने। |
| १८१ | प्रविष्ट गर्न बाँकी नागरिकता प्रमाणपत्रका पुराना अभिलेखहरू CIMS मा प्रविष्टि गर्ने। | नीति, योजना, अनुगमन तथा मूल्याङ्कन महाशाखा | नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखा तथा सम्बन्धित कार्यालयहरू | २ वर्ष | CIMS मा हस्त लिखित नागरिकता अभिलेख | नागरिकताका सम्पूर्ण अभिलेखहरू कम्प्युटरमा प्रविष्ट भई पुराना अभिलेखको खोजी सहज भएको हुने। |
| १८२ | नागरिकता जारी हुँदा पेश भएर आउने अनुसूची लगायतका प्रमाणजन्य कागजातहरू अनिवार्य रुपमा CIMS मा अपलोड गर्ने व्यवस्था मिलाउने। | नीति, योजना, अनुगमन तथा मूल्याङ्कन महाशाखा | नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखा तथा सम्बन्धित कार्यालयहरू | २ वर्ष | नागरिकतासँग सम्बन्धित कागजात विद्युतीय प्रणालीमा अभिलेखीकरण | विभिन्न कारणबाट अभिलेख नष्ट हुने अवस्थामा कमी आई अभिलेखको e-copy सुरक्षित रहेको हुने। |
| १८३ | मन्त्रिपरिषदबाट नागरिकता रद्ध/बदर हुने कार्यलाई e-portal मार्फत Tracking गर्न सकिने गरी व्यवस्थित गर्ने। | नीति, योजना, अनुगमन तथा मूल्याङ्कन महाशाखा | नागरिकता तथा राष्ट्रिय परिचयपत्र सम्बन्धित् कार्यालयहरू र सूचना प्रविधि शाखा | १ वर्ष | नागरिकता रद्ध/बदर को e-portal मार्फत Tracking | नागरिकता रद्ध/बदरको प्रणाली व्यवस्थित भएको तथा निवेदकको गुनासो सम्बोधन सहज भएको हुने। |
| १८४ | नागरिकता सूचना व्यवस्थापन प्रणालीमा रहेका तथ्याङ्कको शुद्धीकरण(CIMS Data Purification) कार्य सम्पन्न गर्ने। | नीति, योजना अनुगमन तथा मूल्याङ्कन महाशाखा | नागरिकता तथा राष्ट्रिय परिचयपत्र सम्बन्धित कार्यालयहरू र | २ वर्ष | तथ्याङ्कको शुद्धीकरण | सेवाग्राहीको तथ्याङ्क सही र चुस्तदुरुस्त भएको हुने। |

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समय-सीमा (वर्षमा) | अनुगमन सूचक | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|---|
| | | | सूचना प्रविधि शाखा | | | |
| १८५ | कसुरजन्य सम्पत्ति रोक्का, नियन्त्रण, जफत, र व्यवस्थापन सम्बन्धी केन्द्रीय अभिलेख तयार गर्न सफ्टवेयरको विकास गर्ने। | कसूरजन्य सम्पत्ति व्यवस्थापन विभाग | गृह मन्त्रालय अनुसन्धानकारी निकाय | २ वर्ष | सफ्टवेयर तयार भएको हुने | अनुसन्धानकारी निकायसँगको समन्वय र कसूरजन्य सम्पत्तिको अनुसन्धान प्रभावकारी हुने। |
| १८६ | नेपाल प्रहरीको मौजुदा Personnel Management Information System(PMIS) को स्तरोन्नति गर्ने। | नेपाल प्रहरी | सुरक्षा समन्वय महाशाखा | २ वर्ष | प्रहरी कर्मचारीको अभिलेख | अभिलेख सुरक्षित, व्यवस्थित र भरपर्दो हुने। |
| १८७ | नेपाल प्रहरी रेडियो सञ्चार (Radio Communication)मा Digital Trunking System विस्तार तथा प्रहरी चौकी स्तरसम्म Corporate User Group (CUG) सिमकार्ड सहितको फोनसेट उपलब्ध गराउने। | नेपाल प्रहरी | सुरक्षा समन्वय महाशाखा | निरन्तर | Radio Communication मा Digital Trunking System को कार्यढाँचा, CUG सेवा सहितको फोनसेट वितरण भएको सङ्ख्या | शान्ति सुरक्षा प्रदान गर्ने कार्यमा सूचना प्रवाह छिटो छरितो हुने। |
| १८८ | शान्ति सुरक्षा तथा अपराध नियन्त्रणसँग सम्बन्धित अभिलेख व्यवस्थापन, कार्यान्वयन तथा अनुगमन प्रणालीको विकास गर्ने। | सुरक्षा समन्वय महाशाखा | गृह मन्त्रालय | १ वर्ष | अभिलेख व्यवस्थापन | अभिलेख व्यवस्थापन तथा अनुगमन प्रणाली विकास भएको हुने। |
| १८९ | शान्ति सुरक्षा तथा अपराध नियन्त्रणको समग्र अनुभूति मूल्याङ्कन गर्ने/गराउने। | सुरक्षा समन्वय महाशाखा | विश्वविद्यालयहरू, नीति अध्ययन प्रतिष्ठान | १ वर्ष | सुरक्षा अनुभूति प्रतिवेदन | सुरक्षा अनुभूति प्रतिवेदनका सुझाव कार्यान्वयन हुने। |
| १९० | देशको सबै सीमा स्तम्भहरूको वर्तमान अवस्थाको विवरण (Real Time Base मा) | सुरक्षा समन्वय महाशाखा | गृह मन्त्रालय | २ वर्ष | डिजिटल प्रोफाइल | सीमा स्तम्भको विवरण अद्यावधिक भएको हुने। |

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समय-सीमा (वर्षमा) | अनुगमन सूचक | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|---|
| | अद्यावधिक गर्न सकिने डिजिटल प्रोफाइल तयार गर्ने। | | | | | |
| १९१ | साइबर अपराध नियन्त्रण एवं Digital Platform को दुरुपयोग रोक्ने कार्ययोजना तयार गरी लागू गर्ने। | नीति, योजना, अनुगमन तथा मूल्याङ्कन महाशाखा, साइबर अपराध नियन्त्रण ब्यूरो | सूचना तथा सञ्चार प्रविधि मन्त्रालय गृह मन्त्रालय-सूचना प्रविधि शाखा, सुरक्षा निकायहरू | ६ महिना | साइबर अपराध नियन्त्रण कार्ययोजनाको प्रतिवेदन | साइबर अपराध एवं अनलाइनको दुरुपयोग गर्ने कार्य निरुत्साहित हुने। |
| १९२ | नेपाल प्रहरीका सम्पूर्ण एकाइहरूमा Internet र Intranet सञ्जाल बिस्तार गर्दै लैजाने। | नेपाल प्रहरी | नेपाल प्रहरी, सूचना प्रविधि निर्देशनालय | निरन्तर | Internet र Intranet सञ्जाल बिस्तार | प्रहरी सेवा प्रवाहमा सुधार आउने। |
| **५.६.८ समन्वय तथा सहजीकरण** | | | | | | |
| १९३ | गुनासो व्यवस्थापनलाई विद्युतीय प्रणाली मार्फत सञ्चालन गर्नका लागि हेलो सरकारको पोर्टलसँग आबद्ध गर्ने। | प्रशासन महाशाखा | प्रधानमन्त्रि तथा मन्त्रीपरिषद्को कार्यालय | ६ महिना | प्रणालीगत आवद्धता | गुनासो व्यवस्थापनमा प्रभावकारी समन्वय हुने। |
| १९४ | कारागार कार्यालयहरूभित्र कैदीबन्दीहरूको उद्यमशीलता विकासका लागि उद्यम दर्ता गर्ने व्यवस्था मिलाउने। | कारागार व्यवस्थापन विभाग, कारागार कार्यालयहरू | उद्योग मन्त्रालय | २ वर्ष | उद्यम दर्ता भएका कारागारको सङ्ख्या | कैदीबन्दीहरूको उद्यमशीलता विकास र उत्पादित सामाग्रीहरूको बजारीकरण भएको हुने। |
| १९५ | राष्ट्रिय परिचयपत्र सूचना व्यवस्थापन प्रणाली (NIDMIS) सँग अन्य निकायको सेवा प्रवाह सम्बन्धी रहेका विद्युतीय प्रणालीलाई आवद्ध गर्ने। | राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग | गृह मन्त्रालय सरोकारवाला निकायहरू | २ वर्ष | विद्युतीय प्रणालीमा अन्य सेवा प्रदायक आवद्ध भएको सङ्ख्या | राष्ट्रिय परिचयपत्रको उपयोग गरी एकीकृत सेवा प्रवाह भएको हुने। |
| १९६ | नेपाल प्रहरीको केन्द्रदेखि प्रदेश स्तरसम्मका एकाइहरूको अन्य सेवा | नेपाल प्रहरी, प्रदेश प्रहरी कार्यालयहरू | गृह मन्त्रालय, | २ वर्ष | अध्यागमन, यातायात, निर्वाचन आयोग, राष्ट्रिय | अन्तर संस्थागत सम्बन्ध विकास हुने। |

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समय-सीमा (वर्षमा) | अनुगमन सूचक | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|---|
| | प्रदायक निकायहरूसँग समन्वय गरी सूचना आदान प्रदान गर्ने व्यवस्था मिलाउने। | | | | परिचय पत्र, नेपाल दूरसञ्चार प्राधिकरण, भन्सार, कारागार, राजस्व लगायतका निकाय सँगको पहुँच तथा नेटवर्किङ | |
| १९७ | समुदायस्तरीय लागू औषध नियन्त्रण नमूना परियोजना सञ्चालन गर्ने। | नीति,योजना, अनुगमन तथा मूल्याङ्कन महाशाखा | गृह मन्त्रालय स्थानीय तह | २ वर्ष | नमूना परियोजना लागु भएका सङ्ख्या - पहिलो चरणमा कम्तीमा २ जिल्लामा | लागु औषध कार्यक्रम समुदाय स्तरसम्म विस्तार भएको हुने। |
| १९८ | सरोकारवाला निकायहरूसँग छलफल गरी प्राकृतिक तथा जैविक हिसाबले निषेधित क्षेत्रको पुनरावलोकन गर्ने। | समन्वय तथा सुरक्षा व्यवस्थापन महाशाखा | गृह मन्त्रालय सरोकारवाला निकायहरू | २ वर्ष | अद्यावधिक दस्तावेज | निषेधित क्षेत्रको पुनरावलोकन भएको हुने। |
| **५.६.९ आर्थिक अनुशासन र सदाचार** | | | | | | |
| १९९ | पुराना जिन्सी सामान लिलाम बिक्री गर्ने। | आन्तरिक व्यवस्थापन महाशाखा | सम्पुर्ण महाशाखाहरू | निरन्तर | प्रतिवेदन | जिन्सी सामान सही समयमा व्यवस्थापन भएको हुने। |
| २०० | आर्थिक अनुशासन कायम गर्न आन्तरिक नियन्त्रण निर्देशिका तयार गरी लागू गर्ने | आन्तरिक व्यवस्थापन महाशाखा | मन्त्रालय एवं मातहतका सवै निकायहरू | २ वर्ष | निर्देशिका | आन्तरिक नियन्त्रण प्रणाली मजवुत भई आर्थिक अनुशासन एवं सुशासन प्रवर्द्धनमा सहयोग पुग्ने। |
| २०१ | बेरुजु फछ्यौंट सम्बन्धी कार्यलाई चौमासिक कार्ययोजना बनाई प्रभावकारी रूपमा फछ्यौंट गर्ने/गराउने। | आन्तरिक व्यवस्थापन महाशाखा | मन्त्रालय एवं मातहतका सवै निकायहरू | निरन्तर | बेरुजु फर्छ्यौट प्रतिशत | लक्ष्य एवं कार्य योजना अनुसार बेरुजु फर्छ्यौट भएको हुने। |

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समय-सीमा (वर्षमा) | अनुगमन सूचक | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|---|
| २०२ | मन्त्रालय र मातहत कार्यालयका सबै सवारी साधनहरूको बीमा तथा सवारी ट्र्याकिङको व्यवस्था मिलाउने। | गृह मन्त्रालय | मातहतका सबै विभाग तथा कार्यालयहरू | २ वर्ष | बीमा भएका सवारी साधनको सङ्ख्या र सवारी ट्याकिङ् प्रणाली | सबै साधनहरूको बीमा हुने तथा तिनको परिचालनको ट्र्याकिङ्ग सम्भव हुने। |
| २०३ | प्रहरी कल्याण कोषबाट प्रहरी कर्मचारीहरूलाई प्रदान गरिने सेवा सुविधा को पारदर्शिता एवं प्रभावकारिताका लागि विश्वसनीय लेखा परिक्षण प्रणाली सहितको मापदण्ड/निर्देशिका जारी गर्ने। | नेपाल प्रहरी | नेपाल प्रहरी कल्याण महाशाखा | २ वर्ष | कल्याणकारी कोष निर्देशिका तयार | कल्याणकारी कोषको परिचालनमा पारदर्शिता र विश्वसनीयता वृद्धि हुने। |
| २०४ | गृह मन्त्रालयका सबै एकाइहरूको लागि सवारी साधन प्रयोगको मापदण्ड तर्जुमा गरी सवारी साधन उपलब्ध गराउने। | गृह मन्त्रालय | मातहतका सबै विभाग तथा निकायहरू | २ वर्ष | सवारी साधनको मापदण्ड | सवारी साधनको मापदण्डको प्रभावकारी कार्यान्वयन भएको हुने। |
| **५.६.१० कार्ययोजना कार्यान्वयन, अनुगमन र मूल्याङ्कन** | | | | | | |
| २०५ | मन्त्रालय र मातहतका विभाग तथा कार्यालयहरूको एकीकृत अनुगमन तथा मूल्याङ्कन कार्यढाँचा तयार गर्ने। | नीति, योजना, अनुगमन तथा मूल्याङ्कन महाशाखा | गृह मन्त्रालय | ६ महिना | अनुगमन र मूल्याङ्कन कार्य योजना | मन्त्रालय र मातहतका कार्यालयहरूको कार्यसम्पादनमा प्रभावकारिता वृद्धि हुने। |
| २०६ | गृह मन्त्रालय मातहतका दुवै सुरक्षा निकायको लागि एकीकृत अनुगमन तथा मूल्याङ्कन कार्यढाँचा तयार गर्ने। | सुरक्षा समन्वय महाशाखा | गृह मन्त्रालय | ६ महिना | नेपाल प्रहरी र सशस्त्र प्रहरी बल, नेपालको एकीकृत अनुगमन र मूल्याङ्कन कार्यढाँचा | सुरक्षा निकायहरूको कार्यसम्पादनमा प्रभावकारिता वृद्धि हुने। |

## अनुसूचीहरू

### अनुसूची -१: वि.सं. २०४७ देखि हालसम्मका माननीय गृह मन्त्रीज्यूहरूको नामावली र कार्यकाल

| क.सं. | नाम | कार्यकाल | |
|---|---|---|---|
| | | देखि | सम्म |
| १. | योग प्रसाद उपाध्याय | २०४७/०१/०६ | २०४८/०२/१४ |
| २. | शेर बहादुर देउवा | २०४८/०२/१५ | २०५१/०८/१३ |
| ३. | के.पी. शर्मा ओली | २०५१/०८/१४ | २०५२/०६/०५ |
| ४. | खुम बहादुर खड्का | २०५२/०६/०५ | २०५३/११/२८ |
| | | २०५४/०८/१८ | २०५५/०१/०७ |
| | | २०५८/०४/११ | २०५९/०६/१८ |
| ५. | वामदेव गौतम | २०५३/११/२९ | २०५४/०६/२६ |
| | | २०६५/०५/१५ | २०६६/०२/०८ |
| | | २०७०/१०/२९ | २०७२/०६/२५ |
| ६. | बुद्धिमान तामाङ | २०५४/०६/२७ | २०५४/०८/१७ |
| ७. | गोविन्दराज जोशी | २०५५/०१/०८ | २०५६/०३/१५ |
| ८. | पूर्ण बहादुर खड्का | २०५६/०३/१६ | २०५६/१२/०७ |
| ९. | रामचन्द्र पौडेल | २०५६/१२/०८ | २०५८/०४/१० |
| १०. | धर्म बहादुर थापा | २०५९/०६/२५ | २०६०/०२ |
| ११. | कमल थापा | २०६०/०२ | २०६०/१२ |
| | | २०६२/०८/०४ | २०६३/०१/१७ |
| १२. | दान बहादुर शाही | २०६१/०१/२० | २०६२/०८/०३ |
| १३. | कृष्ण प्रसाद सिटौला | २०६३/०१/१२ | २०६५/०५/०५ |
| १४. | भीम बहादुर रावल | २०६६/०३/०३ | २०६७/१०/२२ |
| १५. | कृष्णबहादुर महरा | २०६८/०१/२० | २०६८/०४/१५ |
| १६. | नारायणकाजी श्रेष्ठ | २०६८/०४/१६ | २०६८/०५।/०३ |
| १७. | विजय कुमार गच्छदार | २०६८/०५/१२ | २०६९/११/३० |
| १८. | माधव प्रसाद घिमिरे | २०६९/१२/०४ | २०७०/१०/२७ |
| १९. | शक्ति बहादुर बस्नेत | २०७२/०७/०१ | २०७३/०४/२० |
| २०. | विमलेन्द्र निधी | २०७३/०४/२० | २०७४/०२/२४ |
| २१. | जनार्दन शर्मा | २०७४/०३/१२ | २०७४/०६/३१ |
| २२. | राम बहादुर थापा बादल | २०७४/११/१४ | २०७८/०२/०६ |
| २३. | बालकृष्ण खाँण | २०७८/०३/२९ | हालसम्म |

**अनुसूची -२ : वि.सं. २००७ देखि हालसम्मका गृह सचिवज्यूहरूको नामावली र कार्यकाल**

| क्र.सं. | नाम | कार्यकाल | |
|---|---|---|---|
| | | देखि | सम्म |
| १. | गुञ्जमान सिंह | २००७ | |
| २. | मेघ नरसिंह प्रधान | २००९ | |
| ३. | यदुनाथ खनाल | २०१२।१०।१३ | |
| ४. | लक्ष्मी नाथ गौतम | २०१३। | २०१५/०२ |
| ५. | जीवनाथ लोहनी | २०१५।०२।१९ | २०१६।०४ |
| ६. | प्रेमनरसिंह प्रधान | २०१६।०४ | २०१७।१० |
| ७. | क्षेत्र विक्रम राणा | २०१७।१० | २०२०।१२ |
| ८. | विष्णुमणी आचार्य | २०२०।१२ | २०२३।०४ |
| ९. | क्षेत्र विक्रम राणा | २०२३।०५ | २०२४।०२ |
| १०. | सुन्दर प्रसाद शाह | २०२४।०२ | २०२९।१२ |
| ११. | शेरबहादुर शाही | २०३०।०१ | २०३५।१२ |
| १२. | सूर्यप्रसाद श्रेष्ठ | २०३६।०१ | २०३६।०४ |
| १३. | कणर्ध्वज अधिकारी | २०३६।०५ | २०३८।०५ |
| १४. | विष्णुप्रताप शाह | २०३८।०५ | २०३९।०६ |
| १५. | वीरबहादुर शाही | २०३९।०६ | २०४५।०७।३० |
| १६. | भक्त बहादुर कोईराला | २०४५।०८।०१ | २०४७।१०।१९ |
| १७. | रामचन्द्र शर्मा पौडेल | २०४७।१०।२० | २०४८।०६।०३ |
| १८. | योगेन्द्रनाथ ओझा | २०४८।०६।०४ | २०४९।०७।२१ |
| १९. | भोजराज पोखरेल | २०४९।०७।२२ | २०५१।११।०७ |
| २०. | रेवतीरमण पोखरेल | २०५१।११।१८ | २०५२।०७।०२ |
| २१. | पदम प्रसाद पोखरेल | २०५२।०७।१३ | २०५३।११।०२ |
| २२. | खेमराज रेग्मी | २०५३।११।१० | २०५३।१२।०६ |
| २३. | रेवतीरमण पोखरेल | २०५३।१२।०७ | २०५४।१०।०२ |
| २४. | शरद कुमार भट्टराई | २०५४।१०।०२ | २०५५।०१।१४ |
| २५. | पदम प्रसाद पोखरेल | २०५५।०१।१५ | २०५७।०७।०१ |
| २६. | श्रीकान्त रेग्मी | २०५७।०७।०२ | २०५८।०७।२१ |
| २७. | केशवराज राजभण्डारी | २०५८।०७।२१ | २०५८।१२।१९ |
| २८. | बिजयराज भट्टराई | २०५८।१२।२२ | २०५९।०३।०७ |
| २९. | टिकादत्त निरौला | २०५९।०३।०७ | २०६०।०४।२६ |
| ३०. | अनन्तराज शर्मा पाण्डे | २०६०।०४।२७ | २०६१।०६।१४ |

| | | | |
|---|---|---|---|
| ३१. | चण्डीप्रसाद श्रेष्ठ | २०६१।०६।१४ | २०६२।०७।१० |
| ३२. | वालकृष्ण प्रसाई | २०६२।०७।१४ | २०६३।०१।२४ |
| ३३. | उमेश प्रसाद मैनाली | २०६३।०१।२४ | २०६५।०५।२३ |
| ३४. | डा. गोविन्द प्रसाद कुसुम | २०६५।०५।२४ | २०६८।०२।०१ |
| ३५. | लिलामणी पौडेल | २०६८।०२।०२ | २०६८।०६।०१ |
| ३६. | सुशिल जङ्गबहादुर राणा | २०६८।०६।०२ | २०६९।०४।१७ |
| ३७. | नवीन कुमार घिमिरे | २०६९।०४।२८ | २०७०।०५।२८ |
| ३८. | जनार्दन नेपाल | २०७०।०५।३० | २०७१।०१।०२ |
| ३९. | सूर्य प्रसाद सिलवाल | २०७१।०१।०३ | २०७२।०८।०६ |
| ४०. | नारायण गोपाल मलेगो | २०७२।०८।०६ | २०७३।०५।१९ |
| ४१. | लोकदर्शन रेग्मी | २०७३।०५।१९ | २०७४।०७।०७ |
| ४२. | मोहनकृष्ण सापकोटा | २०७४।०८।०७ | २०७४।१२।२५ |
| ४३. | प्रेमकुमार राई | २०७४।१२।२५ | २०७६/१०/१९ |
| ४४. | महेश्वर न्यौपाने | २०७६/१०/२० | २०७८/०४/२६ |
| ४५. | टेकनारायण पाण्डे | २०७८/०४/२७ | हालसम्म |

## अनुसूची -३: आ.व. २०७७/७८ को वार्षिक कार्यसम्पादन सम्झौता मूल्याङ्कनको नतिजा

जिल्ला प्रशासन कार्यालयको समग्र कार्यसम्पादन स्तरमा वृद्धि गरी नतिजामुखी बनाउन आ.व. ०७५/०७६ देखि गृह सचिव र प्रमुख जिल्ला अधिकारीबीच वार्षिक कार्यसम्पादन सम्झौता (Performance Contract) भई कार्यान्वयन भइरहेको छ। सोही व्यवस्थालाई आ.व. २०७७/७८ मा समेत निरन्तरता दिदैं गृह सचिव र सबै प्रमुख जिल्ला अधिकारीहरूसँग वार्षिक कार्यसम्पादन सम्झौता कार्यान्वयन भई मन्त्रालयको नीति, योजना, अनुगमन तथा मूल्याङ्कन महाशाखाबाट सोको मूल्याङ्कन कार्य सम्पन्न भएको छ। मूल्याङ्कन गर्दा कार्यसम्पादन सम्झौताको ६ वटा विषयगत क्षेत्रहरूः शान्ति सुरक्षा र अपराध नियन्त्रण, सुशासन र सेवा प्रवाह, लागु औषध नियन्त्रण, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन, विकास निर्माण अनुगमन र समन्वय/सदाचार र आर्थिक अनुशासनसँग सम्वन्धित कार्यसम्पादनको समग्र मापनका आधारमा गरिएकोमा जिल्लाहरूको कार्यसम्पादन स्तर देहाय बमोजिम रहेको छ।

| कार्यसम्पादन स्तर | जिल्ला | सङ्ख्या |
|---|---|---|
| अति उत्कृष्ट ($A^+$) | झापा, अर्घाखाँची, रुकुम (पूर्व) | ३ |
| उत्कृष्ट (A) | ललितपुर, रुकुम(पश्चिम), गुल्मी, स्याङ्जा, सोलुखुम्बु, लमजुङ, बाग्लुङ, गोरखा, जाजरकोट, हुम्ला, कालिकोट, चितवन, पर्वत, संखुवासभा | १४ |
| उत्तम ($A^-$) | सुर्खेत, रौतहट, धनकुटा, सिन्धुली, मकवानपुर, रामेछाप, तनहुँ, भोजपुर, खोटाङ, नुवाकोट, इलाम, रसुवा, जुम्ला, मनाङ, ओखलढुङ्गा, ताप्लेजुङ, पाँचथर, उदयपुर | १८ |
| मध्यम ($B^+$) | सल्यान, सुनसरी, म्याग्दी, प्यूठान, बारा, कास्की, दाङ्ग, दार्चुला, सिरहा, महोत्तरी, रुपन्देही, रोल्पा, मुगु, अछाम, बझाङ्ग, मुस्ताङ, बैतडी, नवलपरासी (सुस्ता पुर्व), धनुषा, भक्तपुर, धादिङ | २१ |
| न्यून (B) | पाल्पा, दोलखा, कञ्चनपुर, बर्दिया, सिन्धुपाल्चोक, कैलाली, डोटी, सप्तरी, बाँके, काठमाडौं, नवलपरासी (सुस्ता पश्चिम), कपिलवस्तु, पर्सा, काभ्रेपलाञ्चोक, मोरङ, बाजुरा, दैलेख, डडेलधुरा, डोल्पा, तेह्रथुम, सर्लाही। | २१ |

प्रथमः झापा, अर्घाखाँची, रुकुम (पूर्व), द्वितीयः ललितपुर, रुकुम(पश्चिम), तृतीयः गुल्मी

**अनुसूची -४: गृह मन्त्रालयका सचिवालय,महाशाखा तथा शाखाहरूको सम्पर्क नम्बरहरू**

| सि.नं | महाशाखा/शाखा | टेलिफोन नं |
|---|---|---|
| १ | मा. मन्त्रीज्यू को सचिवालय | ०१-४२११२२९ |
| २ | श्रीमान् सचिवज्यूको सचिवालय | ०१-४२११२०३ |
| ३ | सुरक्षा तथा समन्वय महाशाखा | ०१-४२११२०५ |
| ४ | प्रशासन महाशाखा | ०१-४२११२५१ |
| ५ | विपद् तथा द्वन्द्ध व्यावस्थापन महाशाखा | ०१-४२११२६३ |
| ६ | आन्तरिक व्यावस्थापन महाशाखा | ०१-४२११२४१ |
| ७ | नीति,योजना,अनुगमन तथा मूल्याङ्कन महाशाखा | ०१-४२११२४८ |
| ८ | कानुन महाशाखा | ०१-४२११२३० |
| ९ | योजना अनुगमन तथा मुल्याङकन शाखा | ०१-४२११२७७ |
| १० | निजामति कर्मचारी प्रशासन शाखा | ०१-४२११२२० |
| ११ | शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा | ०१-४२११२३६ |
| १२ | शान्ति प्रवर्द्धन शाखा | ०१-४२००६६६ |
| १३ | विपद् अध्यायन जोखिम न्यूनीकरण तथा पुनर्लाभ शाखा | ०१-४२११२१९ |
| १४ | सीमा तथा अध्यागमन शाखा | ०१-४२११२७६ |
| १५ | लागु औषध नियन्त्रण शाखा | ०१-४२११२३७ |
| १६ | कार्यालय व्यवस्थापन तथा जिन्सी शाखा | ०१-४२११२६४ |
| १७ | मानव अधिकार प्रवर्द्धन शाखा | ०१-४२११२७९ |
| १८ | राहत तथा तथ्याङ्क व्यावस्थापन शाखा | ०१-४२११२५८ |
| १९ | विभुषण तथा समारोह प्रबन्ध शाखा | ०१-४२११२७१ |
| २० | विपद् पूर्वतयारी तथा प्रतिकार्य (NEOC) शाखा | ०१-४२००२५७ |
| २१ | गुनासो व्यावस्थापन शाखा | ०१-४२११२६१ |
| २२ | स्थानीय प्रशासन तथा प्रदेश समन्वय शाखा | ०१-४२११२०६ |
| २३ | कानुन तथा फैसला कार्यान्वयन शाखा | ०१-४२११२६८ |
| २४ | सूचना प्रविधि शाखा | ०१-४२१०६२३ |
| २५ | आन्तरिक प्रशासन, सवारी तथा समारोह व्यवस्थापन शाखा | ०१-४२११००२ |
| २६ | प्रहरी कर्मचारी शाखा | ०१-४२११२२३ |
| २७ | आर्थिक प्रशासन शाखा | ०१-४२००५९४ |
| २८ | नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखा | ०१-४२११२३९ |
| २९ | नेपाल हज समिति | ०१-४२११२३५ |

## अनुसूची -५: जिल्ला प्रशासन कार्यालय र प्रमुख जिल्ला अधिकारीहरूका फोन नम्बरहरू

### प्रदेश नं १

| सि.नं | जिल्ला | कार्यालय | मोबाइल नं |
|---|---|---|---|
| १ | ताप्लेजुङ | ०२४-४६०१२४ | ९८५२६३७७७७ |
| २ | पाँचथर | ०२४-५२०१३३ | ९८५२६२७७७७ |
| ३ | इलाम | ०२७-२५०५५५ | ९८५२६०७७७७ |
| ४ | संखुवासभा | ०२९-५६०१३३ | ९८५२०७७७७७ |
| ५ | तेह्रथुम | ०२६-४६०१३३ | ९८५२०९७७७७ |
| ६ | धनकुटा | ०२६-५२०१३२ | ९८५२०३७७७७ |
| ७ | भोजपुर | ०२९-५२००३३ | ९८५२०१७७७७ |
| ८ | सोलुखुम्बु | ०३८-५२०१३३ | ९८५२८२७७७७ |
| ९ | ओखलढुङ्गा | ०३७-५२०१३३ | ९८५२२८७७७७ |
| १० | उदयपुर | ०३५-४२०१३३ | ९८५२८१७७७७ |
| ११ | झापा | ०२३-४५५१२५ | ९८५२६१७७७७ |
| १२ | मोरङ | ०२१-५२८५२५ | ९८५२०५७७७७ |
| १३ | सुनसरी | ०२५-५६१८७९ | ९८५२०८७७७७ |
| १४ | खोटाङ | ०३६-४२०१३३ | ९८५२८०७७७७ |

### प्रदेश नं २

| सि.नं | जिल्ला | कार्यालय | मोबाइल नं |
|---|---|---|---|
| १ | सप्तरी | ०३१-५२०१४७ | ९८५२८५७७७७ |
| २ | सिराहा | ०३३-५२०१२१ | ९८५२८३७७७७ |
| ३ | धनुषा | ०४१-५२००७५ | ९८५४००७७७७ |
| ४ | महोत्तरी | ०४४-५२००५५ | ९८५४०२७७७७ |
| ५ | सर्लाही | ०४६-५२०१७७ | ९८५४०७७७७७ |
| ६ | रौतहट | ०५५-५२००३३ | ९८५५०३७७७७ |
| ७ | बारा | ०५३-५५०१३३ | ९८५५००७७७७ |
| ८ | पर्सा | ०५१-५२२११० | ९८५५०७७७७७ |

### बागमति प्रदेश

| सि.नं | जिल्ला | कार्यालय | मोबाइल नं |
|---|---|---|---|
| १ | दोलखा | ०४९-४२११३३ | ९८५४०१७७७७ |
| २ | रामेछाप | ०४८-५४०३३३ | ९८५४०५७७७७ |

| | | | |
|---|---|---|---|
| ३ | सिन्धुली | ०४७-५२०५३३ | ९८५४०६७७७७ |
| ४ | काभ्रेपलान्चोक | ०११-४९०१२३ | ९८५१२३७७७७ |
| ५ | सिन्धुपाल्चोक | ०११-६२०१०६ | ९८५१२५७७७७ |
| ६ | रसुवा | ०१०-५४०१३३ | ९८५१२७७७७७ |
| ७ | नुवाकोट | ०१०-५६०३३३ | ९८५११४७७७७ |
| ८ | धादिङ | ०१०-५२०१३३ | ९८५१२४७७७७ |
| ९ | चितवन | ०५६-५२१९२४ | ९८५५०१७७७७ |
| १० | मकवानपुर | ०५७-५२०४९५ | ९८५५०२७७७७ |
| ११ | भक्तपुर | ०१-६६१४४३७ | ९८५१२१७७७७ |
| १२ | ललितपुर | ०१-५५५५४७५ | ९८५१२२७७७७ |
| १३ | काठमाण्डौ | ०१-४२६२४७८ | ९८५१२०७७७७ |

**गण्डकी प्रदेश**

| सि.नं | जिल्ला | कार्यालय | मोबाइल नं |
|---|---|---|---|
| १ | गोरखा | ०६४-४२०१३३ | ९८५६०५७७७७ |
| २ | लमजुङ | ०६६-५२०१३३ | ९८५६०१७७७७ |
| ३ | तनहुँ | ०६५-५६०१३३ | ९८५६०६७७७७ |
| ४ | मनाङ | ०६६-४४०१३३ | ९८५६०३७७७७ |
| ५ | कास्की | ०६१-४६३०७६ | ९८५६००७७७७ |
| ६ | स्याङ्जा | ०६३-४२०१३३ | ९८५६०४७७७७ |
| ७ | मुस्ताङ | ०६९-४४००३३ | ९८५७६३७७७७ |
| ८ | म्याग्दी | ०६९-५२०३४३ | ९८५७६२७७७७ |
| ९ | पर्वत | ०६७-४२०१३३ | ९८५७६१७७७७ |
| १० | वाग्लुङ | ०६८-५२०३२२ | ९८५७६०७७७७ |
| ११ | नवलपरासी(वर्दघाट सुस्ता पुर्व) | ०७८-५४०६१७ | ९८५७०८७७७७ |

**लुम्बिनी प्रदेश**

| सि.नं | जिल्ला | कार्यालय | मोबाइल नं |
|---|---|---|---|
| १ | पाल्पा | ०७५-५२०१२३ | ९८५७०५७७७७ |
| २ | रुपन्देही | ०७१-५२०१५९ | ९८५७०७७७७७ |
| ३ | गुल्मी | ०७९-५२०१३३ | ९८५७०१७७७७ |
| ४ | अर्घाखाँची | ०७७-४२०१३३ | ९८५७००७७७७ |
| ५ | कपिलवस्तु | ०७६-५६०१५९ | ९८५७०३७७७७ |
| ६ | पुर्वि रुकुम | ०८८-४१३०८३ | ९८५१०९२२२५ |

| | | | |
|---|---|---|---|
| ७ | रोल्पा | ०८६-४४०१३३ | ९८५७८२७७७७ |
| ८ | प्युठान | ०८६-४२००३३ | ९८५७८१७७७७ |
| ९ | दाङ | ०८२-५६०१३३ | ९८५७८०७७७७ |
| १० | बाँके | ०८१-५२०१८८ | ९८५८०२७७७७ |
| ११ | नवलपरासी (वर्दघाट सुस्ता पश्चिम) | ०७८-५२०१३३ | ९८५७०४७७७७ |
| १२ | बर्दिया | ०८४-४२०१३३ | ९८५८०३७७७७ |

## कर्णाली प्रदेश

| सि.नं | जिल्ला | कार्यालय | मोबाइल नं |
|---|---|---|---|
| १ | सल्यान | ०८८-५२०१३३ | ९८५७८४७७७७ |
| २ | डोल्पा | ०८७-५५००३३ | ९८५८३०७७७७ |
| ३ | मुगु | ०८७-४६०२०० | ९८५८३४७७७७ |
| ४ | हुम्ला | ०८७-६८००३३ | ९८५८३१७७७७ |
| ५ | जुम्ला | ०८७-५२००१२ | ९८५८३२७७७७ |
| ६ | कालिकोट | ०८७-४४०११२ | ९८५८३३७७७७ |
| ७ | जाजरकोट | ०८९-४३०१३० | ९८५८०४७७७७ |
| ८ | दैलेख | ०८९-४२०११२ | ९८५८०१७७७७ |
| ९ | रुकुम पश्चिम | ०८८-५३००४० | ९८५७८३७७७७ |
| १० | सुर्खेत | ०८३-५२०१२३ | ९८५८००७७७७ |

## सुदुरपश्चिम प्रदेश

| सि.नं | जिल्ला | कार्यालय | मोबाइल नं |
|---|---|---|---|
| १ | बाजुरा | ०९७-५४११२५ | ९८५८४४७७७७ |
| २ | बझाङ | ०९२-४२१०१३ | ९८५८४१७७७७ |
| ३ | अछाम | ०९७-६२०१३७ | ९८५८४०७७७७ |
| ४ | डोटी | ०९४-४२०१३३ | ९८५८४३७७७७ |
| ५ | कैलाली | ०९१-५२१३०१ | ९८५८४२७७७७ |
| ६ | दार्चुला | ०९३-४२०१३३ | ९८५८७२७७७७ |
| ७ | बैतडी | ०९५-५२०१३३ | ९८५८७०७७७७ |
| ८ | डडेल्धुरा | ०९६-४२०१३३ | ९८५८७१७७७७ |
| ९ | कञ्चनपुर | ०९९-५२११०९ | ९८५३७३७७७७ |